# आर्थिक वर्ष २०७९/८० को
# बजेटको वार्षिक प्रगति मूल्याङ्कन प्रतिवेदन


नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
२०८० कार्तिक

# आर्थिक वर्ष २०७९/८० को
# बजेटको वार्षिक प्रगति मूल्याङ्कन प्रतिवेदन

(आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा (५) बमोजिम तयार पारिएको वार्षिक प्रगति मूल्याङ्कन प्रतिवेदन, २०८०)

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
२०८० कार्तिक

## मन्तव्य

आर्थिक वर्ष २०७९/८० को बजेटको कार्यान्वयन, राजस्व संकलनको विश्लेषणात्मक समीक्षा, वित्त व्यवस्थापनको क्षेत्रमा गरिएका उल्लेखनीय सुधार, मन्त्रालयगत मुख्य प्रगति तथा सार्वजनिक वित्त व्यवस्थापनमा विद्यमान समस्या र समाधानका लागि आगामी दिनमा अवलम्वन गर्नुपर्ने विषयवस्तु समेटी प्रस्तुत वार्षिक प्रगति मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ। साथै, सार्वजनिक खर्च व्यवस्थापन र आयोजनाको प्रभावकारी एवम् गुणात्मक कार्यान्वयन तथा खरिद व्यवस्थापनमा देखिएका समस्या समेत प्रस्तुत प्रतिवेदनमा समेटिएको छ।

विश्व आर्थिक परिवेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण, स्रोत संकलन एवम् परिचालनमा देखिएका समस्या, पेट्रोलियम पदार्थ लगायत अन्य मुख्य औद्योगिक कच्चापदार्थको मूल्यवृद्धि, निर्यातमा संकुचन, अमेरिकी डलरको विनिमयमा देखिएको उतारचढाव, रुस-युक्रेन युद्ध लगायतका कारण नेपालको अर्थ व्यवस्थामा प्रभाव पर्न गई अपेक्षित रूपमा राजस्व परिचालन हुन नसकेको अवस्था छ। आर्थिक वर्ष २०७९/८० मा तीनै तहका सरकारको निर्वाचन सम्पन्न भएको, सामाजिक सुरक्षा, वित्तीय हस्तान्तरण ऋणको ब्याज भुक्तानी लगायतका अन्य अनिर्वाय दायित्वका शिर्षकमा खर्च कटौती हुन नसकेको कारण चालु खर्च अपेक्षित रूपमा घटाउन सकिएको छैन। पर्याप्त पूर्व तयारी बिनाका आयोजाना बजेटमा समावेश हुन, पर्याप्त बजेट विनियोजन नहुनु, निर्माण व्यवसायीबाट ढिलासुस्ती लगायतका परम्परागत कारणहरुबाट पूँजीगत खर्चमा पनि उल्लेख्य सुधार नभएको देखिन्छ।

प्रभावकारी राजस्व परिचालन, आन्तरिक ऋण एवम् वैदेशिक ऋण तथा अनुदान समेतको परिचालनबाट आर्थिक क्रियाकलाप चलायमान बनाउने प्रयासको बाबजुद सरकारको आम्दानी र खर्च अपेक्षित हुन नसके पनि आर्थिक वर्ष २०७९/८० वित्तीय अनुशासनको हिसाबले महत्वपूर्ण रह्यो। प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणको अंश बढ्दै गएको, प्रदेशको कार्यक्षमता एवम् विकासप्रतिको लगावका साथै सार्वजनिक खर्चको गुणात्मक उपयोग हुने वातावारण तयार भएको, आवधिक चुनाव पश्चात् स्थायी सरकार निर्माण भएको, विकासप्रतिको नागरिकको चासो बढेको, विप्रेषण प्राप्ति बढ्दै गएको र विकास साझेदारहरूको महत्वपूर्ण सहयोगमा निरन्तरताका कारण आगामी दिनमा विकासका गतिविधिले सही दिशा लिने अपेक्षा गरेको छु।

अन्त्यमा, प्रस्तुत प्रतिवेदनका लागि आवश्यक तथ्याङ्क एवम् सूचना उपलब्ध गराउने सबै निकाय र प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न मन्त्रालयका सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

डा.प्रकाशशरण महत
अर्थमन्त्री

## विषय सूची


विषय पाना नं.

परिच्छेद एक

देशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

१.१ वास्तविक क्षेत्र ........ १
१.२ मुद्रास्फिति ........ २
१.३ बाह्य क्षेत्र ........ २
१.४ सरकारी वित्त स्थिति ........ ५
१.५ मौद्रिक स्थिति ........ ६
१.६ पुँजी बजार ........ ९
१.७ बीमा ........ ९

परिच्छेद - दुई

राजस्व परिचालन

२.१ राजस्व संकलन ........ १२
२.२ कर राजस्वको शीर्षकगत विश्लेषण ........ १३
२.३ गैरकर राजस्व ........ १६
२.४ करको दायरा विस्तार ........ १७
२.५ आर्थिक वर्ष २०७९/८० मा सम्पादन गरिएका मुख्य कामहरू ........ १८

परिच्छेद तीन

बजेट विनियोजन र खर्च स्थिति

३.१ पृष्ठभूमि ........ १९
३.२ आन्तरिक र वैदेशिक सहायतातर्फ खर्चको स्रोतगत विश्लेषण ........ २०
३.३ शीर्षकगत खर्चको स्थिति ........ २१
३.४ कार्यगत खर्च स्थिति ........ २३
३.५ विगत पाँच आर्थिक वर्षको चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ बजेट विनियोजन र खर्चको विवरण ........ २३
३.६ मन्त्रालयगत विनियोजन र खर्चको स्थिति ........ २४
३.७ लैङ्गिक उत्तरदायी बजेट तथा खर्च ........ २५
३.८ जलवायु परिवर्तन बजेट तथा खर्च ........ २६
३९. सार्वजनिक ऋणः ........ २७
३.१० नेपाल सरकारको केन्द्रीय कोषको स्थिति ........ २७
३.११ निष्कर्ष ........ २७

परिच्छेद चार

प्रदेश र स्थानी तहमा वित्तीय हस्तान्तरण

४.१ पृष्ठभूमि ........ २८
४.२ वित्तीय हस्तान्तरणका प्रमुख औजारहरू ........ २८

४ ३. वित्तीय हस्तान्तरण सम्बन्धी विवरणः ..................................................... ३०
४ ४. अन्तर सरकारी वित्तीय हस्तान्तरणमा देखिएका चुनौती र समाधानका उपायः............ ३१

परिच्छेद पाँच

राष्ट्रिय गौरवका आयोजनाको प्रगति विवरण

५.१ सिक्टा सिँचाइ आयोजना............................................................ ३८
५.२ बबई सिँचाइ आयोजना ........................................................... ३८
५.३ रानी जमरा कुलरीया सिँचाइ आयोजना ............................................ ३९
५.४ भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना........................................ ४०
५.५ माथिल्लो तामाकोशी जलविद्युत आयोजना .......................................... ४०
५.६ बुढीगण्डकी जलविद्युत आयोजना.................................................. ४१
५.७ पश्चिम सेती जलविद्युत आयोजना ................................................. ४१
५.८ सुनकोशी मरिन डाइभर्सन बहुउद्देशीय आयोजना ................................... ४१
५.९ महाकाली सिँचाइ आयोजना........................................................ ४३
५.१० दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना (गौतम बुद्ध अन्तर्राष्ट्रिय बिमानस्थल). ४३
५.११ पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थल .............................................. ४४
५.१२ निजगढ अन्तर्राष्ट्रिय बिमानस्थल.................................................... ४५
५.१३ पशुपति क्षेत्र विकास कोष............................................................ ४५
५.१४ लुम्बिनी क्षेत्र विकास कोष........................................................... ४६
५.१५ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग..................................................... ४७
५.१६ हुलाकी राजमार्ग........................................................................ ४७
५.१७ उत्तर दक्षिण लोकमार्ग (कोशी) ..................................................... ४८
५.१८ उत्तर दक्षिण लोकमार्ग (कालीगण्डकी कोरिडोर) ..................................... ४८
५.१९ उत्तर दक्षिण लोकमार्ग (कर्णाली कोरिडोर)......................................... ४९
५.२० गल्छीरसुवागढी-स्याफ्रुवेशी-मैलुङ्ग-त्रिशुली- सडक आयोजना.......................... ५०
५.२१ रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना...................................... ५०
५.२२ मेलम्ची खानेपानी आयोजना......................................................... ५१
५.२३ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम....................................................... ५३
५.२४ विद्युत प्रशारण आयोजना (मिलिनियम च्यालेन्ज) ................................... ५५
५.२५ काठमांडौतराई- मधेश फाष्ट ट्र्याक ................................................. ५५

परिच्छेद छ

क्षेत्रगत मन्त्रालय/निकायको प्रगतिको अवस्था

६.१ अर्थ मन्त्रालय ........................................................................ ५७
६.२ उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय................................................. ५७
६.३ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ............................................. ५९
६.४ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय........................................ ६०

६.५ कृषि तथा पशुपन्छी विकास मन्त्रालय ........ ६१
६.६ खानेपानी मन्त्रालय ........ ६३
६.७ गृह मन्त्रालय ........ ६४
६.८ परराष्ट्र मन्त्रालय ........ ६६
६ ९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ ६७
६.१० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ........ ६८
६.११ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ........ ६८
६.१२ महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय ........ ७०
६.१३ युवा तथा खेलकूद मन्त्रालय ........ ७१
६.१४ रक्षा मन्त्रालय ........ ७४
६.१५ राष्ट्रिय योजना आयोग ........ ७४
६.१६ वन तथा वातावरण मन्त्रालय ........ ७५
६.१७ शहरी विकास मन्त्रालय ........ ७६
६.१८ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ........ ७८
६.१९ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ........ ८०
६.२० स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ........ ८३
६.२१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ........ ८४
६.२२ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ........ ८६

परिच्छेद सात

बजेट तर्जुमा तथा कार्यान्वयनमा देखिएका समस्या र समाधानका सुझाव

७.१ बजेट तर्जुमाका चरणमा देखिएका समस्या ........ ८८
७.२ बजेट कार्यान्वयनका चरणमा देखिएका समस्याः ........ ९०
७.३ लेखा प्रणाली तथा अभिलेख व्यवस्थापनका समस्या ........ ९१
७.४ बजेट तर्जुमाका चरणमा गर्नुपर्ने सुधार ........ ९१
७.५ बजेट कार्यान्वयनमा गर्नुपर्ने सुधारः ........ ९३
७.६ राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनका समस्या र समाधानका उपाय ........ ९४
निष्कर्ष ........ ९७

अनुसूचीहरू

१. आर्थिक वर्ष २०७९/८० को राजस्वको लक्ष्य तथा असुली विवरण
२. आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को राजस्व असुलीको तुलनात्मक विवरण
३. चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ कुल विनियोजन र खर्चको विवरण
४. आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को कुल खर्चको तुलनात्मक विवरण
५. आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को तुलनात्मक खर्च विवरण
६. आर्थिक वर्ष २०७९/८० को आर्थिक वर्गीकरण अनुसार शीर्षकगत खर्चको विवरण

७. आर्थिक वर्ष २०७९/८० को नेपाल सरकार र बैदेशिक स्रोततर्फको खर्चको विवरण
८. आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को शीर्षकगत खर्चको तुलनात्मक विवरण
९. आर्थिक वर्ष २०७९/८० को कार्यगत खर्च विवरण
१०. आर्थिक वर्ष २०७९/८० को मन्त्रालय/आयोग/निकायगत विनियोजन र खर्च विवरण
११. आर्थिक वर्ष २०७९/८० को मन्त्रालय/निकायगत चालु, पुँजीगत र वित्तीय व्यवस्थाको विनियोजन र खर्चको विवरण
१२. आर्थिक वर्ष २०७९/८० को राष्ट्रिय गौरवका आयोजनाहरूको विनियोजन र खर्च विवरण
१३. आर्थिक वर्ष २०७९/८० को लैङ्गिक उत्तरदायी बजेटको सेवा तथा कार्यगत खर्चको विवरण
१४. आर्थिक वर्ष २०७९/८० को गरिवी न्यूनीकरण बजेटको सेवा तथा कार्यगत खर्चको विवरण
१५. आर्थिक वर्ष २०७९/८० को जलवायु परिवर्तन बजेटको सेवा तथा कार्यगत खर्चको विवरण
१६. अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिवद्धता - क्षेत्रगत विवरण
१७. अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिवद्धता - परियोजनागत विवरण
१८. अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिवद्धता - दातृ निकायगत विवरण

# परिच्छेद एक
# देशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

## १.१ वास्तविक क्षेत्र

- राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा १.८६ प्रतिशत आर्थिक वृद्धि भएको अनुमान छ। कृषि क्षेत्रको वृद्धि २.७३ प्रतिशत, उद्योग क्षेत्रको ०.५९ प्रतिशत र सेवा क्षेत्रको वृद्धि २.३३ प्रतिशत रहेको अनुमान छ। अघिल्लो आर्थिक वर्षमा उच्च शोधनान्तर घाटाले आन्तरिक तरलता प्रशोचन गरेको र समयमा नै लक्ष्य अनुसार पुँजीगत खर्च हुन नसकेका कारण निर्माण, खानी तथा उत्खनन, उत्पादनमूलक र थोक तथा खुद्रा व्यापार क्षेत्र बढी प्रभावित भएकोले यी क्षेत्रको वृद्धिदर ऋणात्मक रहेको अनुमान छ।
- आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २४.१२ प्रतिशत, १३.४५ प्रतिशत र ६२.४३ प्रतिशत रहेको छ। (तालिका १)।
- आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ६.४१ प्रतिशत रहेको छ। कुल स्थिर पुँजी निर्माण र कुल राष्ट्रिय बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः २५.२१ प्रतिशत र ३१.६६ प्रतिशत रहेको छ।
- आर्थिक वर्ष २०७९/८० मा कुल विद्युत जडित क्षमता वृद्धि भई २६८४.४ मेगावाट पुगेको छ। जसमध्ये जलविद्युत २५३७.९ मेगावाट, सोलार ८७ मेगावाट, मिश्रित (कोजेनेरेसन) ६ मेगावाट र थर्मलतर्फ ५३.४ मेगावाट विद्युत जडित क्षमता रहेको छ।
- आर्थिक वर्ष २०७९/८० मा कुल पर्यटक आगमन संख्यामा उल्लेख्य वृद्धि भएको छ। समीक्षा अवधिमा पर्यटक आगमन संख्या ८,६२,९९२ रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा उक्त संख्या ३,७४,१४७ रहेको थियो।

**तालिका १.१ कुल गार्हस्थ्य उत्पादनमा विगत ३ वर्षको क्षेत्रगत योगदान** (प्रतिशतमा)

| क्षेत्र | आर्थिक वर्ष२०७७/७८ | आर्थिक वर्ष२०७८/७९ सं. | आर्थिक वर्ष२०७९/८० प्रा. |
|---|---|---|---|
| कृषि* | २५.८० | २४.६७ | २४.१२ |
| उद्योग | १३.८२ | १४.०९ | १३.४५ |
| सेवा | ६०.३८ | ६१.२४ | ६२.४३ |



| यथार्थ कुल गार्हस्थ्य उत्पादनको आर्थिक वृद्धिदर | | | |
|---|---|---|---|
| आर्थिक वृद्धिदर | ४.८४ | ५.६१ | १.८६ |
| कृषि | २.८५ | २.२४ | २.७३ |
| उद्योग | ६.९५ | १०.८० | ०.५९ |
| सेवा | ४.७१ | ५.३२ | २.३३ |

कृषि, वन तथा मत्स्यपालन

प्रा. प्रारम्भिक अनुमान

सं. संशोधित अनुमान

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय

## १.२ मुद्रास्फिति

### उपभोक्ता मुद्रास्फिति

- आर्थिक वर्ष २०७९/८० मा वार्षिक औसत उपभोक्ता मुद्रास्फिति ७.७४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फिति ६.३२ प्रतिशत रहेको थियो।
- २०८० असार महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ७.४४ प्रतिशत रहेको छ। २०७९ असार महिनामा यस्तो मुद्रास्फिति ८.०८ प्रतिशत रहेको थियो।

**तालिका १.२ वार्षिक औसत उपभोक्ता मुद्रास्फिति** (प्रतिशतमा)

| विवरण | आर्थिक वर्ष२०७७/७८ | आर्थिक वर्ष२०७८/७९ | आर्थिक वर्ष२०७९/८० |
|---|---|---|---|
| समग्र मुद्रास्फिति | ३.६० | ६.३२ | ७.७४ |
| खाद्य तथा पेय पदार्थ | ५.०० | ५.६९ | ६.६२ |
| गैर-खाद्य तथा सेवा | २.५१ | ६.८३ | ८.६२ |

स्रोतः नेपाल राष्ट्र बैंक

### थोक मुद्रास्फिति

- आर्थिक वर्ष २०७९/८० मा वार्षिक औसत थोक मुद्रास्फिति ८.४७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फिति ९.५१ प्रतिशत रहेको थियो।
- २०८० असार महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फिति ४.९८ प्रतिशत रहेको छ। २०७९ असार महिनामा यस्तो मुद्रास्फिति १२.७४ प्रतिशत रहेको थियो।

## १.३ बाह्य क्षेत्र

### १.३.१ वैदेशिक व्यापार

- आर्थिक वर्ष २०७९/८० मा कुल वस्तु निर्यातमा २१.४ प्रतिशतले कमी आई रू.१ खर्ब ५७ अर्ब १४ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो निर्यात ४१.७ प्रतिशतले बढेको थियो। गन्तव्यका आधारमा भारततर्फ भएको निर्यात ३१.३ प्रतिशतले घटेको छ भने चीन तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः ११८.३ प्रतिशत र १०.७ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा जिंक शिट, पार्टिकल बोर्ड, अलैंची, ऊनी गलैंचा, पोलिष्टर धागो लगायतका

वस्तुको निर्यात बढेको छ भने सोयाबिन तेल, पाम तेल, पिना, लत्ताकपडा, सुन चाँदीका सामान तथा गरगहना लगायतका वस्तुको निर्यात घटेको छ।

- समीक्षा अवधिमा कुल वस्तु आयातमा १६.१ प्रतिशतले कमी भई रू.१६ खर्ब ११ अर्ब ७३ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो आयात २४.७ प्रतिशतले बढेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः १४.४ प्रतिशत, १५.९ प्रतिशत र २०.७ प्रतिशतले घटेको छ। वस्तुगत आधारमा स्पोन्ज आइरन, रासायनिक मल, अन्य स्टेशनरी सामान, अलकत्रा र कागज लगायतका वस्तुको आयात बढेको छ भने सवारी साधन तथा स्पेयर पार्टस, एम.एस.विलेट, औषधि, पेट्रोलियम पदार्थ, कच्चा भटमासको तेल लगायतका वस्तुको आयात घटेको छ।

- समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा १५.५ प्रतिशतले कमी भई रू.१४ खर्ब ५४ अर्ब ५९ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो घाटा २३ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ९.७ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात १०.४ प्रतिशत रहेको थियो।

**तालिका १.३ वैदेशिक व्यापार स्थिति**

(कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात (प्रतिशतमा)

| विवरण | आर्थिक वर्ष २०७७/७८ | आर्थिक वर्ष २०७८/७९ सं | आर्थिक वर्ष २०७९/८० प्रा. |
|---|---|---|---|
| वस्तु निर्यात | ३.२ | ४.१ | २.९ |
| वस्तु आयात | ३५.४ | ३८.९ | ३०.० |
| व्यापार घाटा | ३२.१ | ३४.९ | २७.० |
| कुल वस्तु व्यापार | ३८.६ | ४३.० | ३२.९ |

स्रोतः नेपाल राष्ट्र बैंक



### १.३.२ विप्रेषण आप्रवाह

- आर्थिक वर्ष २०७९/८० मा विप्रेषण आप्रवाह २१.२ प्रतिशतले वृद्धि भई रू.१२ खर्ब २० अर्ब ५६ करोड पुगेको छ। अघिल्लो वर्ष विप्रेषण आप्रवाह ४.८ प्रतिशतले बढेको थियो। विप्रेषण आप्रवाहको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात अघिल्लो वर्ष २०.४ प्रतिशत रहेकोमा समीक्षा अवधिमा २२.७ प्रतिशत रहेको छ। समीक्षा अवधिमा खुद ट्रान्सफर २०.६ प्रतिशतले वृद्धि भई रू.१३ खर्ब ४८ अर्ब ४८ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो ट्रान्सफर ४.३ प्रतिशतले बढेको थियो।
- समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत- नयाँ) लिने नेपालीको संख्या ४०.३ प्रतिशतले वृद्धि भई ४९७,७०४ पुगेको छ। अघिल्लो वर्ष यस्तो संख्या ३९२ प्रतिशतले बढेको थियो। त्यसैगरी वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा १.८ प्रतिशतले कमी आई २७७,२७२ पुगेको छ। अघिल्लो वर्ष यस्तो संख्या १९८.५ प्रतिशतले बढेको थियो।

### १.३.३ चालु खाता एवम् शोधनान्तर स्थिति

- आर्थिक वर्ष २०७९/८० मा चालु खाता रू.७२ अर्ब १६ करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष चालु खाता रू.६ खर्ब २३ अर्ब ३८ करोडले घाटामा रहेको थियो।
- समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर २४.५ प्रतिशतले कमी आई रू.७ अर्ब ५४ करोड रहेको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रू.५ अर्ब ९६ करोड रहेको छ। अघिल्लो वर्ष पुँजीगत ट्रान्सफर रू.९ अर्ब ९९ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रू.१८ अर्ब ५६ करोड रहेको थियो।
- समीक्षा अवधिमा शोधनान्तर स्थिति रू.२ खर्ब ९० अर्ब ५२ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रू.२ खर्ब ५५ अर्ब २६ करोडले घाटामा रहेको थियो।

तालिका १.४ बाह्य क्षेत्रको स्थिति (चालु खाता एवम् शोधनान्तर स्थिति)

(कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात)

| विवरण | आर्थिक वर्ष २०७७/७८ | आर्थिक वर्ष२०७८/७९ सं. | आर्थिक वर्ष२०७९/८० प्रा. |
|---|---|---|---|
| भ्रमण आय | ०.२ | ०.७ | १.१ |
| विप्रेषण आप्रवाह | २१.१ | २०.४ | २२.७ |
| चालु खाता सन्तुलन | -७.७ | -१२.६ | -१.३ |
| विदेशी विनिमय सञ्चिति | ३२.१ | २४.६ | २८.६ |

स्रोत- नेपाल राष्ट्र बैंक

### १.३.४ विदेशी विनिमय सञ्चिति

- २०७९ असार मसान्तमा रू.१२ खर्ब १५ अर्ब ८० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २६.६ प्रतिशतले वृद्धि भई २०८० असार मसान्तमा रू.१५ खर्ब ३९ अर्ब ३६ करोड पुगेको छ।

- कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७९ असार मसान्तमा रू.१० खर्ब ५६ अर्ब ३९ करोड रहेकोमा २०८० असार मसान्तमा २७.४ प्रतिशतले वृद्धि भई रू.१३ खर्ब ४५ अर्ब ७८ करोड कायम भएको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७९ असार मसान्तमा रू.१ खर्ब ५९ अर्ब ४१ करोड रहेकोमा २०८० असार मसान्तमा २१.४ प्रतिशतले वृद्धि भई रू.१ खर्ब ९३ अर्ब ५९ करोड पुगेको छ। २०८० असार मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.५ प्रतिशत रहेको छ।

- आर्थिक वर्ष २०७९/८० को आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ११.७ महिनाको वस्तु आयात र १० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। २०८० असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगको अनुपात क्रमशः २८.६ प्रतिशत, ८३.० प्रतिशत र २५.१ प्रतिशत रहेका छन्। २०७९ असार मसान्तमा यी अनुपातहरू क्रमशः २४.६ प्रतिशत, ५७.८ प्रतिशत र २२.१ प्रतिशत रहेका थिए।

## १.४ सरकारी वित्त स्थिति

### संघीय सरकार

### वित्त घाटा/बचत

- आर्थिक वर्ष २०७९/८० मा बैंकिङ्ग कारोबारमा आधारित नेपाल सरकारको वित्त स्थिति रू.४ खर्ब ८६ अर्ब ८९ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा सरकारी वित्त स्थिति रू.२ खर्ब ६३ अर्ब ६७ करोडले घाटामा रहेको थियो।

### १.४.१ खर्च तथा राजस्व

- महालेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०७८/७९ मा नेपाल सरकारको कुल खर्च रू.१२ खर्ब ९६ अर्ब २४ करोड रहेकोमा आर्थिक वर्ष २०७९/८० मा रू.१४ खर्ब २९ अर्ब ५६ करोड रहेको छ। जसमा चालु खर्च रू.१० खर्ब ५ अर्ब ७६ करोड, पुँजीगत खर्च रू.२ खर्ब ३३ अर्ब ७० करोड र वित्तीय व्यवस्थातर्फ रू.१ खर्ब ९० अर्ब ११ करोड रहेको छ।

- आर्थिक वर्ष २०७९/८० मा राजस्व संकलन (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकमसमेत) रू.९ खर्ब ५७ अर्ब १५ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल राजस्व संकलन रू.१० खर्ब ६७ अर्ब ९६ करोड रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा अन्य प्राप्ति समेत गरी नेपाल सरकारले रू.१० खर्ब १० अर्ब ३९ करोड ४२ लाख स्रोत परिचालन गरेको छ।

### ऋण परिचालन

- आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारले रू.२ खर्ब ५६ अर्ब आन्तरिक ऋण परिचालन गरेको छ भने रू.१ खर्ब १५ अर्ब ९ करोड साँवा भुक्तानी गरेको छ। यसर्थ, यस अवधिमा रू.१ खर्ब ४० अर्ब ९० करोड खुद आन्तरिक ऋण परिचालन भएको छ। यो रकम कुल गार्हस्थ्य उत्पादनको २.६ प्रतिशत हुन आउँछ। यस अवधिमा नेपाल सरकारले रू.१ खर्ब २ अर्ब १२ करोड वाह्य ऋण परिचालन गरेको छ।

- २०८० असार मसान्तमा नेपाल सरकारको कुल तिर्न बाँकी ऋण रू.२२ खर्ब १८ अर्ब ५४ करोड पुगेको छ। जसमध्ये, वाह्य ऋण रू.१० खर्ब ९३ अर्ब ३५ करोड र आन्तरिक ऋण रू.११ खर्ब २५ अर्ब १९ करोड रहेको छ। आर्थिक वर्ष २०७९/८० मा कुल सार्वजनिक ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४१.२ प्रतिशत पुगेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ४०.७ प्रतिशत रहेको थियो (तालिका ५)।

**तालिका-१.५ सरकारी ऋणको स्थिति**

| तालिका ५: सार्वजनिक ऋणको स्थिति | | | | | | |
|---|---|---|---|---|---|---|
| | रकम (रु.अर्बमा) | | | कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात | | |
| शीर्षक | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| बाह्य ऋण | ९३४.७० | १०२५.८५ | १०९३.३५ | २१.५ | २०.८ | २०.३ |
| आन्तरिक ऋण | ८००.३२ | ९८४.२९ | ११२५.१९ | १८.४ | २०.० | २०.९ |
| कुल ऋण | १७३५.०२ | २०१०.१३ | २२१८.५४ | ३९.९ | ४०.७ | ४१.२ |

स्रोतः नेपाल राष्ट्र बैंक

**नगद मौज्दात**

- २०८० असार मसान्तमा नेपाल राष्ट्र बैंकमा रहेका सरकारका विभिन्न खातामा रू.७१ अर्ब ९८ करोड (प्रदेश सरकार तथा स्थानीय तहको खातामा रहेको रकमसमेत) नगद मौज्दात रहेको छ।

## १.५ मौद्रिक स्थिति

### १.५.१ मुद्राप्रदाय

- २०७९ असार मसान्तमा रू.५५ खर्ब ५ अर्ब ४० करोड रहेको विस्तृत मुद्राप्रदाय आर्थिक वर्ष २०७९/८० मा ११.४ प्रतिशतले वृद्धि भई २०८० असार मसान्तमा रू.६१ खर्ब ३० अर्ब ४८ करोड पुगेको छ। अघिल्लो वर्ष उक्त मुद्राप्रदाय ६.८ प्रतिशतले बढेको थियो।
- समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा-नोक्सान समायोजित) रू.२ खर्ब ९० अर्ब ५२ करोड (२६.१ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्ष उक्त सम्पत्ति रू.२ खर्ब ५५ अर्ब २६ करोड (१९.१ प्रतिशत) ले घटेको थियो।
- समीक्षा अवधिमा सञ्चित मुद्रा १०.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो सञ्चित मुद्रा ११.४ प्रतिशतले घटेको थियो।

### १.५.२ कुल आन्तरिक कर्जा

- २०७९ असार मसान्तमा रू.५६ खर्ब ७३ अर्ब ५७ करोड रहेको कुल आन्तरिक कर्जा आर्थिक वर्ष २०७९/८० मा ८.७ प्रतिशतले वृद्धि भई २०८० असार मसान्तमा रू.६१ खर्ब ६८ अर्ब ९१ करोड पुगेको छ। अघिल्लो वर्ष उक्त कर्जा १४.५ प्रतिशतले बढेको थियो।
- २०७९ असार मसान्तमा रू.४६ खर्ब ८९ अर्ब रहेको मौद्रिक क्षेत्रको निजी क्षेत्र माथिको दावी आर्थिक वर्ष २०७९/८० मा ४.६ प्रतिशतले वृद्धि भई २०८० असार मसान्तमा रू.४९

खर्ब ३ अर्ब ३५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो दावी १३.३ प्रतिशतले बढेको छ।

### १.५.३ निक्षेप परिचालन

- बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप २०७९ असार मसान्तमा रू.५० खर्ब ८२ अर्ब ७७ करोड भएकोमा आर्थिक वर्ष २०७९/८० मा १२.३ प्रतिशतले वृद्धि भई २०८० असार मसान्तमा रू.५७ खर्ब १० अर्ब २ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप ९ प्रतिशतले बढेको थियो।
- २०८० असारमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः ७.७ प्रतिशत, २६.६ प्रतिशत र ५८.९ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमशः ८.९ प्रतिशत, २७.६ प्रतिशत र ५५.८ प्रतिशत रहेको थियो।

### १.५.४ कर्जा प्रवाह

- बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा २०७९ असार मसान्तमा रू.४६ खर्ब २१ अर्ब १० करोड भएकोमा आर्थिक वर्ष २०७९/८० मा ३.८ प्रतिशतले वृद्धि भई २०८० असार मसान्तमा रू.४७ खर्ब ९७ अर्ब ३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जा १३.१ प्रतिशतले बढेको थियो।
- समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह ३.५ प्रतिशतले, विकास बैंकहरूको कर्जा प्रवाह ७.६ प्रतिशतले र वित्त कम्पनीहरूको कर्जा प्रवाह ०.६ प्रतिशतले बढेको छ।
- आर्थिक वर्ष २०७९/८० मा बैंक तथा वित्तीय संस्थाहरूको कृषि क्षेत्रतर्फको कर्जा ६.८ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ८.३ प्रतिशतले, निर्माण क्षेत्रतर्फको कर्जा ६.७ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा २१ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा ३.९ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ३.७ प्रतिशतले बढेको छ।
- समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित आवधिक कर्जा ३२ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ५.६ प्रतिशतले र हायर पर्चेज कर्जा १.३ प्रतिशतले बढेको छ भने ओभरड्राफ्ट कर्जा ६७.७ प्रतिशतले, डिमान्ड तथा चालु पूँजी कर्जा १३.२ प्रतिशतले, ट्रष्ट रिसिट (आयात) कर्जा ६.२ प्रतिशतले र मार्जिन प्रकृति कर्जा ५.२ प्रतिशतले घटेको छ।

### १.५.५ तरलता व्यवस्थापन

- आर्थिक वर्ष २०७९/८० मा रिभर्स रिपोमार्फत रू.८८ अर्ब २० करोड र निक्षेप संकलन बोल कबोलमार्फत रू.२० अर्ब गरी कुल रू.१ खर्ब ८ अर्ब २० करोड तरलता प्रशोचन गरिएको छ। अघिल्लो वर्ष रू.६० अर्ब तरलता प्रशोचन भएको थियो।
- आर्थिक वर्ष २०७९/८० मा रिपोमार्फत रू.४ खर्ब १४ अर्ब ४७ करोड, सोझै खरिदमार्फत रू.८९ अर्ब ७० करोड, स्थायी तरलता सुविधामार्फत रू.२७ खर्ब २७ अर्ब ११ करोड र ओभरनाइट तरलता सुविधामार्फत रू.२२ खर्ब ८६ अर्ब ९० करोड गरी कुल रू.५५ खर्ब

१८ अर्ब १९ करोड (कारोबारमा आधारित) तरलता प्रवाह गरिएको छ। अघिल्लो वर्ष रू.९७ खर्ब २ अर्ब ४१ करोड तरलता प्रवाह भएको थियो।

- समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ५ अर्ब ४५ करोड खुद खरिद गरी रू.७ खर्ब १२ अर्ब ५० करोड तरलता प्रवाह भएको छ। अघिल्लो वर्ष विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब ९१ करोड खरिद गरी रू.३ खर्ब ५५ अर्ब ५७ करोड तरलता प्रवाह गरिएको थियो।
- समीक्षा अवधिमा अमेरिकी डलर ४ अर्ब ५६ करोड बिक्री गरी रू.५ खर्ब ९६ अर्ब ३७ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ। अघिल्लो वर्ष अमेरिकी डलर ४ अर्ब ९२ करोड लगायत अन्य विदेशी मुद्रा बिक्री गरी रू.५ खर्ब ९५ अर्ब २३ करोड बराबरको भारतीय रुपैंया खरिद भएको थियो।

### १.५.६ पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र व्यवसाय निरन्तरता कर्जा

- आर्थिक वर्ष २०७९/८० मा नेपाल राष्ट्र बैंकबाट सहुलियत ब्याजदरमा प्रदान गरिने पुनरकर्जा कुल रू.१ अर्ब ४५ करोड ८२ लाख स्वीकृत भएकोमा २०८० असार मसान्तमा रू.१ अर्ब ५० करोड लगानीमा रहेको छ।
- उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशिलता विकासका लागि नेपाल सरकारको ब्याज अनुदानमा सञ्चालित सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तर्गत २०८० असार मसान्तमा कुल १ लाख ४५ हजार ७ सय ७८ ऋणीलाई प्रवाह भएको रू.१ खर्ब ९७ अर्ब ६ करोड कर्जा बक्यौता रहेको छ। यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत ६० हजार ३ सय ५० ऋणीलाई प्रवाह भएको रू.१ खर्ब ३५ अर्ब ७६ करोड कर्जा रहेको छ भने महिला उद्यमशील कर्जा अन्तर्गत ८२ हजार ७ सय १८ महिला उद्यमीलाई प्रवाह भएको रू.५८ अर्ब ३८ करोड कर्जा रहेको छ। सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २ हजार ७ सय १० ऋणीको रू.२ अर्ब ९१ करोड कर्जा लगानीमा रहेको छ।
- "व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७" बमोजिम कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि व्यवस्था गरिएको कर्जा २०८० असार मसान्तसम्ममा रू.७४ करोड १३ लाखको स्वीकृत सीमा रहेकोमा रू.७० करोड ९४ लाख बक्यौता भएको छ।

### १.५.७ ब्याजदर

- २०७९ असारमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर १०.६६ प्रतिशत रहेकोमा २०८० असारमा ६.३५ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरू बीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७९ असारमा ६.९९ प्रतिशत रहेकोमा २०८० असारमा २.९८ प्रतिशत रहेको छ। मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा लिइने औसत अन्तर-बैंक ब्याजदर २०८० असारमा ३.१४ प्रतिशत रहेको छ।
- वाणिज्य बैंकहरूको औसत आधार दर २०७९ असारमा ९.५४ प्रतिशत रहेकोमा २०८० असारमा १०.०३ प्रतिशत कायम भएको छ। २०८० असारमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ७.८६ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १२.३० प्रतिशत

रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्ता दरहरू क्रमशः ७.४१ प्रतिशत र ११.६२ प्रतिशत रहेका थिए।

#### १.५.८ वित्तीय पहुँच

- आर्थिक वर्ष २०७९/८० मा वित्तीय पहुँच विस्तार भएको छ। बैंक तथा वित्तीय संस्थाहरूको शाखा संख्या २०७९ असार मसान्तसम्ममा ११ हजार ५ सय २८ रहेकोमा २०८० असार मसान्तसम्ममा ११ हजार ५ सय ८९ पुगेको छ। उक्त अवधिमा जनसंख्या प्रति बैंक शाखा २ हजार ५ सय ३२ बाट घटेर २ हजार ५ सय १७ कायम भएको छ।

### १.६ पुँजी बजार

- २०७९ असार मसान्तमा २००९.४७ रहेको नेप्से सूचकाङ्क २०८० असार मसान्तमा २०९७.१० पुगेको छ। २०८० असार मसान्तमा धितोपत्र बजार पूँजीकरण रू. ३० अर्ब ८२ करोड पुगेको छ। २०७९ असार मसान्तमा बजार पूँजीकरण रू. २८ अर्ब ६९ करोड रहेको थियो।
- २०८० असारमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत कम्पनीहरूको संख्या २ सय ५४ पुगेको छ। सूचीकृत कम्पनीहरूमध्ये १ सय ३६ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ७९ जलविद्युत कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ७ होटल तथा पर्यटन, ६ लगानी कम्पनी, ४ व्यापार कम्पनी र ३ अन्य समूहका रहेका छन्। २०७९ असारमा सूचीकृत कम्पनीहरूको संख्या २ सय ३४ रहेको थियो।
- सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ६२.९७ प्रतिशत रहेको छ। त्यसैगरी जलविद्युत कम्पनीको हिस्सा १३.२२ प्रतिशत, लगानी कम्पनीको ७.११ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ४.४४ प्रतिशत, होटेलको हिस्सा ३.४० प्रतिशत, व्यापारीक संस्थाको ०.५० प्रतिशत तथा अन्य समूहका कम्पनीहरूको हिस्सा ८.३७ प्रतिशत रहेको छ।

### १.७ बीमा

- आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्ममा जीवन बीमा १४, निर्जीवन बीमा १४, पुनर्बीमा कम्पनी २ र लघु बीमा कम्पनी ४ वटा गरी नेपालमा कुल ३६ वटा बीमा कम्पनी रहेका छन्।
- आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म कुल सक्रिय जीवन बीमालेख संख्या १ करोड ३० लाख ९९ हजार ६ सय ३२ रहेकोमा आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म १ करोड ४१ लाख ३७ हजार ३ सय २१ रही ७.९२ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी आर्थिक वर्ष २०७८/७९ मा कुल निर्जीवन बीमालेख संख्या २७ लाख ८८ हजार १८ रहेकोमा आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म २७ लाख ९२ हजार ५ सय १६ हुन गई २.६६ प्रतिशतले वृद्धि भएको छ।
- आर्थिक वर्ष २०७८/७९ मा बीमाको दायरामा आएको जनसंख्या ४१.३९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा ४४.३८ प्रतिशत पुगेको छ।
- आर्थिक वर्ष २०७८/७९ मा जीवन बीमातर्फ रू.१ खर्ब ३८ अर्ब ६४ करोड र निर्जीवनतर्फ रू.३९ अर्ब १७ करोड गरी जम्मा रू. १ खर्ब ७७ अर्ब ८१ करोड बीमाशुल्क संकलन भएको थियो भने आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्ममा कुल बीमाशुल्क संकलन जीवन बीमातर्फ २.८४

प्रतिशत वृद्धि भई रू. १ खर्ब ४२ अर्ब ५७ करोड पुगेको छ। त्यसैगरी निर्जीवनतर्फ २.९८ प्रतिशत वृद्धि भई रू.४० अर्ब ३४ करोड गरी जम्मा २.८७ प्रतिशतले वृद्धि भई कुल बीमाशुल्क संकलन रू.१ खर्ब ८२ अर्ब ९१ करोड पुगेको छ।

- आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म बीमा क्षेत्रमा प्रत्यक्ष रोजगारीको संख्या १२ हजार ३१ जना रहेकोमा यस आर्थिक वर्ष २०७९/८० मा बीमा कम्पनीहरूको गाभ्ने गाभिने प्रक्रियाले प्रत्यक्ष रोजगारीको संख्या ४.४५ प्रतिशतले घट्न गई आर्थिक वर्ष २०७९/८० मा ११ हजार ४ सय ९६ जना रहेका छन्। आर्थिक वर्ष २०७८/७९ मा सक्रिय बीमा अभिकर्ता संख्या २ लाख ९६ हजार ४ सय ३ रहेकोमा प्राधिकरणले एक जना अभिकर्ताले एक मात्र बीमकमा कार्य गर्नुपर्ने व्यवस्था अनिवार्य गरेकोले अभिकर्ताको दोहोरो गणनामा हटेपछि यस आर्थिक वर्ष २०७९/८० मा ६.३३ प्रतिशतले कमी भई जम्मा २ लाख ७७ हजार ६ सय २६ पुगेको छ। त्यसैगरी आर्थिक वर्ष २०७८/७९ मा दर्ता र नवीकरण भएका सर्भेयर संख्या १ हजार २ सय ४० रहेकोमा यस आर्थिक वर्ष २०७९/८० मा १.८५ प्रतिशतले कम दर्ता र नवीकरण भई जम्मा १ हजार २ सय १७ सर्भेयर प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा रोजगारीमा सहभागी भएका छन्।

## १.८ निक्षेप सुरक्षणतर्फ :

आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्म ६२ वटा बैंक तथा वित्तीय संस्थाहरूबाट ३ करोड ६१ लाख निक्षेपकर्ताहरूको रू.८ खर्ब ७९ अर्ब निक्षेप सुरक्षण गरी रू.१ अर्ब ३७ करोड बराबरको सुरक्षण शुल्क प्राप्त भएकोमा चालु आर्थिक बर्षको सोही अवधिमा ५६ वटा बैंक तथा वित्तीय संस्थाहरूबाट ४ करोड १३ लाख निक्षेपकर्ताहरूको रू.१२ खर्ब ३३ अर्ब निक्षेप सुरक्षण गरी रू.१ अर्ब ८६ करोड बराबरको निक्षेप सुरक्षण शुल्क प्राप्त भई गत बर्षको सोही अवधीको तुलनामा निक्षेप रकममा ४०.२३ प्रतिशतले र सुरक्षण शुल्कमा ३५.९३ प्रतिशतले वृद्धि भएको छ।

**निक्षेप सुरक्षणतर्फ :**

| विवरण | आर्थिक वर्ष२०७८/७९ | आर्थिक वर्ष२०७९/८० | वृद्धि प्रतिशत |
|---|---|---|---|
| बैंक तथा वित्तीय संस्थाको संख्या | ३६१४३३०४ | ४१३८०५५२ | १४.४९ |
| निक्षेपकर्ताहरूको संख्या | ६२ वटा | ५६ वटा | -९.६७ |
| निक्षेप सुरक्षण रकम (रू.लाखमा) | ८७९२१५८ | १२३२९४६९ | ४०.२३ |
| निक्षेप सुरक्षण शुल्क (रू.लाखमा) | १३७४१ | १८६७९ | ३५.९३ |

**कर्जा सुरक्षण तर्फ :**

| विवरण | आर्थिक वर्ष२०७८/७९ (सुरक्षण रकम रू.) | आर्थिक वर्ष२०७९/८० सुरक्षण रकम रू.) | वृद्धि प्रतिशत |
|---|---|---|---|
| पशुधन सुरक्षण क्षेत्र (रू. हजारमा) | १८,९४,५७ | १,६७,१२ | -९१.१८ |
| विपन्न तथा लघु कर्जा (रू. हजारमा) | १,७८,८६,४८,३१ | १,९१,८४,२५,३३ | ७.२६ |
| कृषी कर्जा क्षेत्र (रू. हजारमा) | ७,९१,१९,०९ | ११,१६,९७,३० | ४१.१८ |

| | | | |
|---|---|---|---|
| साना तथा मझौला उद्यम क्षेत्र (रू. हजारमा) | १०,८९,१३,४७ | १३,४२,७४,०९ | २३.२९ |
| शैक्षिक क्षेत्र (रू. हजारमा) | - | - | - |
| सहुलियतक्षेत्र (रू. हजारमा) | ६६,४२,६०,१५ | ५८,११,५३,४४ | -१२.५१ |
| **जम्मा (रु हजारमा)** | २,६४,२८,३५,६२ | २,७४,५७,१७,२९ | |

# परिच्छेद - दुई
# राजस्व परिचालन

## २.१ राजस्व संकलन

आर्थिक वर्ष २०७९/८० मा रू.१४ खर्ब ३ अर्ब १४ करोड ७० लाख राजस्व संकलनको अनुमान गरिएकोमा रू.१० खर्ब १० अर्ब ३९ करोड ४२ लाख राजस्व (अन्य प्राप्तिसमेत) संकलन भएको छ। जुन वार्षिक अनुमानको ७२.०१ प्रतिशत प्रगति हो र गत वर्षको तुलनामा ९.४९ प्रतिशतले कम हुन आएको छ। यस अवधिमा विभिन्न राजस्व शीर्षकहरूमा संकलन भएको राजस्वको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.१ राजस्व संकलन**

(रू.लाखमा)

| क्र.सं. | कर शीर्षक/क्षेत्र | लक्ष्य | असुली | | वृद्धिदर (प्रतिशत) |
|---|---|---|---|---|---|
| | | २०७९/८० को वार्षिक लक्ष्य | आर्थिक वर्ष २०७८/७९ | आर्थिक वर्ष २०७९/८० | |
| १ | भन्सार महशुल | ३,३०५,६८० | २,४१७,८११ | १,८२१,१६३ | -२४.६८ |
| २ | मूल्य अभिवृद्धि कर | ३,९८४,६७९ | ३,१४२,७९१ | २,८६६,३१७ | -८.८० |
| | उत्पादन, बिक्री, सेवा | १,४०२,०४१ | १,१५८,४१९ | १,१७५,५४१ | १.४८ |
| | पैठारी | २,५८२,६३८ | १,९८४,३७२ | १,६९०,७७६ | -१४.८० |
| ३ | अन्तःशुल्क | २,१७२,८२७ | १,६६७,७७७ | १,४३०,६८० | -१४.२२ |
| | आन्तरिक उत्पादन | १३,७३,५२६ | १,०९३,८९७ | १,१०८,८३६ | १.३७ |
| | पैठारी | ७९९,३०१ | ५७३,८८१ | ३२१,८४४ | -४३.९२ |
| ४ | शिक्षा सेवा शुल्क | १४,७८० | १२,४०९ | २०,०३२ | ६१.४४ |
| ५ | आयकर | ३,०७८,२९३ | २,३५३६७८ | २,१८८,९०२ | -७.०० |
| ६ | अन्य कर | ३९७,४९९ | २४७,१७६ | ३२९,१९० | ३३.१८ |
| | कर राजस्व जम्मा | १२,९५३,७५८ | ९,८४१,६४२ | ८,६५६,२८४ | -१२.०४ |
| ७ | गैर कर जम्मा | १,०७७,७१२ | ८३७,९४४ | ९१५,२६२ | ९.२३ |
| | कुल राजस्व जम्मा | १४,०३१,४७० | १०,६७९,५८६ | ९,५७१,५४६ | -१०.३८ |
| ८ | अन्य प्राप्ति | - | ४८४,५९१ | ५३३,०२५ | |
| | जम्मा राजस्व/प्राप्ति | **१४०३१४७०** | **११,१६४,१७७** | **१०,१०४,५७१** | -९.४९ |

स्रोतः राजस्व व्यवस्थापन महाशाखा




## २.२ कर राजस्वको शीर्षकगत विश्लेषण

आर्थिक वर्ष २०७९/८० मा कर राजस्व संकलनतर्फ रू.१० खर्ब १० अर्ब ३९ करोड ४२ लाख असुल भएको छ, जुन लक्ष्यको तुलनामा २७.९९ प्रतिशतले घटी हो। आर्थिक वर्ष २०७८/७९ को संकलनको तुलनामा ७२.०१ प्रतिशतले प्रगति हो। गत आर्थिक वर्षमा विदेशी मुद्रा सञ्चितिका लागि अवलम्वन गरिएको नीतिगत व्यवस्था (आयात प्रतिबन्ध, कोटा र एलसी मार्जिन), पेट्रोलियम पदार्थ लगायत अन्य मुख्य औद्योगिक कच्चापदार्थहरूको मूल्य वृद्धि, निर्यातमा संकुचन, अमेरिकी डलरको विनिमयमा देखिएको उतारचढाव, रुस युक्रेन युद्ध लगायतका कारणहरूले समग्र कर राजस्वको वृद्धिदर ऋणात्मक देखिएको छ।

### २.२.१ आयकर

आर्थिक वर्ष २०७९/८० मा आयकरतर्फ रू.२ खर्ब ५१ अर्ब ७५ करोड ९ लाख संकलन भएको छ। सो रकम गत आर्थिक वर्षको तुलनामा ३.२० प्रतिशतले कम हो भने लक्ष्यको तुलनामा ७२.४५ प्रतिशत हो। आयकरतर्फ क्षेत्रगत विश्लेषण गर्दा संस्थागत आयकरतर्फ अघिल्लो आर्थिक वर्षको तुलनामा ३.३६ प्रतिशतले कम राजस्व संकलन भएको छ, व्यक्तिगत आयकरतर्फ करिब ११.९० प्रतिशतले कम राजस्व संकलन भएको छ। लगानीतर्फको आयकरमा भने अघिल्लो वर्षको तुलनामा २१.०५ प्रतिशतको वृद्धिदर हासिल भएको छ। संस्थागत आयकरतर्फ सरकारी संस्थानहरूले दाखिला गर्ने आयकरमा ३०.३९ प्रतिशतले वृद्धि भएको छ। पब्लिक लिमिटेड कम्पनीतर्फको आयकरमा २.७५ प्रतिशत र प्राइभेट लिमिटेड कम्पनीतर्फको १६.३३ प्रतिशतले ऋणात्मक रहेको छ। अन्य कम्पनीले दाखिला गर्ने आयकरमा भने ३८.०३ प्रतिशतले वृद्धि भएको छ भने पुँजीगत लाभकर तर्फ ४३.३६ प्रतिशतले ऋणात्मक रहेको छ। व्यक्तिगत आयकरतर्फ एकलौटी फर्म तथा व्यक्तिगत आयकरतर्फ सामान्य वृद्धिदर रहेको देखिएको छ। त्यस्तै, लगानीको ब्याजकरतर्फ सन्तोषजनक वृद्धिदर रहेको छ। अन्य आयकरतर्फ केहिमा नकरात्मक तथा केहिमा सकारात्मक वृद्धिदर हासिल भएको छ। आयकरतर्फ संकलन भएको राजस्वको विश्लेषण देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.२ आयकर संकलन विवरण** (रू.लाखमा)

| विवरण | आर्थिक वर्ष २०७८/७९ | आर्थिक वर्ष २०७९/८० | वृद्धिदर |
|---|---|---|---|
| संस्थागत आयकर | १२२९८८८ | ११८८५४७ | -३.३६ |
| व्यक्तिगत आयकर | १००३४५४ | ८८४०९१ | -११.९० |
| लगानीको आयकर | ३६७५१२ | ४४४८७१ | २१.०५ |
| जम्मा | **२६००८५४** | **२५१७५०९** | **-३.२०** |

**तालिका २.३ संस्थागत आयकर संकलन विवरण** (रू.लाखमा)

| संस्थागत आयकर | आर्थिक वर्ष २०७८/७९ | आर्थिक वर्ष २०७९/८० | वृद्धिदर |
|---|---|---|---|
| सरकारी कम्पनी | ६५१६४ | ८४९६८ | ३०.३९ |
| पब्लिक लिमिटेड कम्पनी | ५५८८२३ | ५४३४४९ | -२.७५ |
| प्राइभेट लिमिटेड | ४७९११३ | ४००८७६ | -१६.३३ |
| अन्य कम्पनी | १०७४३३ | १४८२९२ | ३८.०३ |
| पुँजीगत लाभकर | १९३५५ | १०९६२ | -४३.३६ |
| जम्मा | **१२२९८८८** | **११८८५४७** | **-३.३६** |

**तालिका २.४ व्यक्तिगत आयकर संकलन विवरण** (रू.लाखमा)

| व्यक्तिगत आयकर | आर्थिक वर्ष २०७८/७९ | आर्थिक वर्ष २०७९/८० | वृद्धिदर |
|---|---|---|---|
| एकलौटी फर्म तथा व्यक्तिगत आयकर | ३००२५८ | ३०४२८८ | १.३४ |
| पारिश्रमिक कर | ३३७०५९ | ३३७७७१ | ०.२१ |
| पुँजीगत लाभ कर | २८८०४८ | १५५२९२ | -४६.०९ |
| सामाजिक सुरक्षा कर | ७८०८९ | ८६७४० | ११.०८ |
| जम्मा | **१००३४५४** | **८८४०९१** | **-११.९०** |

**तालिका २.५ लगानीको आयकर संकलन विवरण** (रू.लाखमा)

| लगानीको आयकर | आर्थिक वर्ष २०७८/७९ | आर्थिक वर्ष २०७९/८० | वृद्धिदर |
|---|---|---|---|
| घरबहाल | ३१३४९ | ३०५९३ | -२.४१ |
| ब्याज | २४७१७६ | ३२९१६९ | ३३.१७ |
| लाभांश | ६३१६६ | ६१७५० | -२.२४ |
| लगानीको अन्य आय | ५३९२ | ११४४ | -७८.७८ |
| आकस्मिक लाभ | २४३३ | ३५४२ | ४५.५८ |
| अन्य आयकर | १७९९६ | १८६७३ | ३.७६ |
| जम्मा | **३६७५१२** | **४४४८७१** | **२१.०५** |

स्रोतः राजस्व व्यवस्थापन महाशाखा

### २.२.२ मूल्य अभिवृद्धि कर

आर्थिक वर्ष २०७९/८० मा मूल्य अभिवृद्धि करतर्फ रू.२ खर्ब ८६ अर्ब १९ करोड ७८ लाख संकलन भएको छ। यो लक्ष्यको तुलनामा ७१.८२ प्रतिशत हो भने गत आर्थिक वर्षको तुलनामा ८.९४ प्रतिशतले कम हो। आन्तरिक मूल्य अभिवृद्धि करतर्फ रू.१ खर्ब १७ अर्ब ५३ करोड ५० लाख र पैठारीतर्फ रू.१ खर्ब ६८ अर्ब ६६ करोड २९ लाख संकलन भएको छ। आन्तरिक मूल्य अभिवृद्धि करतर्फ १.४६ प्रतिशत वृद्धिदर र पैठारीतर्फ १५ प्रतिशतको ऋणात्मक वृद्धिदर हासिल भएको छ। राजस्व संकलनमा न्यूनता, स्रोतमा परेको चाप, रुस युक्रेन युद्ध लगायतका राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशका कारण वैदेशिक व्यापारमा केही संकुचन देखिएको छ। उपभोक्ताको उपभोगको स्तरसमेतमा कमी भई आधारभूत आवश्यकतामा मात्र सीमित भएकाले विलाशिताका बस्तु तथा सेवाहरूको न्यून पैठारीका कारण भन्सारतर्फको राजस्वमा नकरात्मक प्रभाव परेको छ। नेपालको मू.अ.कर राजस्वको मुख्य स्रोत पैठारी राजस्व रहेकाले आन्तरिक उद्योगहरूमा समेत सोको प्रभावले मू.अ.कर संकलनमा कमी देखिएकाले समग्र राजस्वको वृद्धिदर समेत नकारात्मक रहेको छ। मूल्य अभिवृद्धि करतर्फ संकलन भएको राजस्वको तुलना देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.६ आन्तरिक मूल्य अभिवृद्धि कर संकलनको स्थिति** (रू.लाखमा)

| शीर्षक | आर्थिक वर्ष २०७८/७९ | आर्थिक वर्ष २०७९/८० | वृद्धिदर |
|---|---|---|---|
| उत्पादन | ३७९९४३ | ३७३१७२ | (१.७८) |
| आयात | १९८४३७२ | १६८६६२९ | (१५) |
| बिक्री वितरण | २९२८०५ | २८१५४२ | (३.८५) |
| ठेक्का र परामर्श | २९०२३६ | ३०१६३० | ३.९३ |
| पर्यटन | १२२८४ | २३५९४ | ९७.०७ |
| दूरसंचार, बीमा र अन्य सेवा | १२८०२० | १३२४५७ | ३.४७ |
| बेदर्तावाल (रिभर्स चार्ज) | ५४६१४ | ६२६१९ | १४.६६ |
| बाँडफाँट नहुने मू.अ.कर | ५१७ | ३३५ | (३५.३३) |
| *जम्मा* | ३१४२७९१ | २८६१९७८ | (९.८१) |

स्रोतः राजस्व व्यवस्थापन महाशाखा

### २.२.३ अन्तःशुल्क

आर्थिक वर्ष २०७९/८० मा अन्तःशुल्कतर्फ रू.१ खर्ब ४३ अर्ब ६ करोड ८१ लाख असुल भएको छ। असुल भएको कुल अन्तःशुल्कमध्ये आन्तरिक उत्पादनतर्फ रू.१ खर्ब १० अर्ब ८५ करोड ३७ लाख र पैठारीतर्फ रू.३२ अर्ब १८ करोड ४४ लाख रहेको छ। गत आर्थिक वर्षको तुलनामा आन्तरिक अन्तःशुल्कतर्फ ८.६२ प्रतिशतले वृद्धी भएको देखिन्छ भने पैठारीतर्फ ४३.९२ प्रतिशतको ऋणात्मक छ। समीक्षा अवधिमा चुरोट तथा सूर्तीजन्य पदार्थबाट संकलन भएको अन्तःशुल्क संकलनमा ६.६८ प्रतिशत र वियरमा ५.२७ प्रतिशतको वृद्धिदर रहेको देखिन्छ। मदिरातर्फ १४.५६ प्रतिशतको ऋणात्मक छ भने वियर अन्य उत्पादनतर्फ अघिल्लो आर्थिक वर्षको तुलनामा सकरात्मक वृद्धि देखिन्छ।

**तालिका २.७ अन्तःशुल्कको तुलनात्मक स्थिति**

(रू.लाखमा)

| शीर्षक | आर्थिक वर्ष २०७८/७९ को असुली | आर्थिक वर्ष २०७९/८० को असुली | वृद्धिदर |
|---|---|---|---|
| पैठारी | ५७३८८१ | ३२१८४४ | (४३.९२) |
| चुरोट र सुर्ती | २४५५१८ | २६१९२३ | ६.६८ |
| मदिरा | ३०३३९७ | २५९२२० | (१४.५६) |
| बियर | ३०९८९४ | ३२६२१५ | ५.२७ |
| अन्य उत्पादन | २३५०८८ | २६१४७९ | ११.२३ |
| जम्मा | १६६७७७८ | १४३०६८१ | (३५.३०) |

स्रोतः राजस्व व्यवस्थापन महाशाखा

### २.२.४ भन्सार महसुल

आर्थिक वर्ष २०७९/८० मा भन्सार महसुल रू.१ खर्ब ८२ अर्ब ५३ करोड १२ लाख संकलन भएको छ जुन गत वर्षको तुलनामा २४.५१ प्रतिशतले कम भएको छ भने चालु अवधिको लक्ष्यको तुलनामा ५५.२२ प्रतिशत हो। गत वर्षको तुलनामा समीक्षा अवधिमा आयातमा संकलन भएको भन्सार महसुल २३.८० प्रतिशत, निर्यात तर्फ २१.९९, वैदेशिक व्यापारमा आधारित अन्य करतर्फ २३.६९ प्रतिशत र पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर तर्फ २७.८१ प्रतिशतले ऋणात्मक छ। यस अवधिमा डिजेल, एम.एस.विलेट, भटमासको कच्चा तेल, मोबाइल टेलिफोन, एल पि ग्याँस, पेट्रोल, तयारी कपडा, पोलीथिन दाना, चामल, सुनलगायतका वस्तु प्रमुख पैठारी भएका वस्तुको सूचीमा परेको देखिन्छ। रुस युक्रेन युद्ध लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशका कारण वैदेशिक व्यापारमा केही संकुचन देखिएको छ। जसबाट नेपालको भन्सार महसुल संकलनमा नकारात्मक असर देखिएकाले राजस्व संकलनमा देहाय बमोजिमको न्यूनता रहेको देखियो।

**तालिका २.८ भन्सार महसुल संकलनको स्थिति**

(रू.लाखमा)

| शीर्षक | आर्थिक वर्ष २०७८/७९ को असुली | आर्थिक वर्ष २०७९/८० को असुली | वृद्धिदर |
|---|---|---|---|
| भन्सार महसुल आयात | १८७३११७ | १४२७४०७ | (२३.८०) |
| भन्सार महसुल निर्यात | ३८०७ | २९७० | (२१.९९) |
| वैदेशिक व्यापारमा आधारित अन्य कर | १०८४०५ | ८२७२४ | (२३.६९) |
| पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर | ४३२४८२ | ३१२२११ | (२७.८१) |
| **जम्मा** | **२४१७८११** | **१८२५३१२** | (२४.५१) |

स्रोतः राजस्व व्यवस्थापन महाशाखा

## २.३ गैरकर राजस्व

आर्थिक वर्ष २०७९/८० मा गैरकर राजस्वतर्फ रू.९१ अर्ब ५३ करोड ४१ लाख संकलन भएको छ जुन गत वर्षको तुलनामा ९.२४ भने लक्ष्यको तुलनामा ८४.९३ प्रतिशतमात्र संकलन हो। यस आर्थिक वर्षमा विविध राजस्व तर्फ ५९.३९ प्रतिशत ऋणात्मक छ भने अन्य आयको वृद्धिदर सकरात्मक देखिन्छ। सम्पत्तिवाट प्राप्त आयतर्फको वृद्धिदर १०१.०६ प्रतिशत रहेको देखिन्छ सो मा नेपाल दुरसंचार

प्राधिकरणवाट दाखिला भएको अन्य राजस्व र रोयल्टीको ठुलो अंश समावेश भएको छ। कोभिड-१९ पछि पर्वतारोहण लगायतमा वृद्धि भएको तर बैंक तथा वित्तीय संस्थाको अस्थिर व्याजर दर नीति र सहकारी व्यवसायले आफ्नो मूल्य, मान्यता र नैतिकता गुमाएको कारण घर जग्गा व्यवसायमा शिथिलता देखियो जसबाट गैरकर राजस्व संकलनमा अपेक्षित रुपमा बृद्धि नभएको अवस्था छ।

**तालिका २.९ गैर कर राजस्व संकलनको स्थिति**

(रू.लाखमा)

| शीर्षक | आर्थिक वर्ष २०७८/७९ को असुली | आर्थिक वर्ष २०७९/८० को असुली | वृद्धिदर |
|---|---|---|---|
| सम्पत्तिवाट प्राप्त आय | २०८१४४ | ४१८४९५ | १०१.०६ |
| वस्तु र सेवा बिक्रीबाट प्राप्त रकम | ३३१६७० | ३४९३२७ | ५.३२ |
| दण्ड जरिवाना र जफत | २७७९१ | ३७६७३ | ३५.५५ |
| विविध राजस्व | २७०३३९ | १०९८४६ | -५९.३९ |
| **जम्मा** | ८३७९४४ | ९१५३४१ | ९.२४ |




स्रोतः राजस्व व्यवस्थापन महाशाखा

## २.४ करको दायरा विस्तार

आर्थिक वर्ष २०७९/८० मा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको संख्या १ लाख ४२ हजार ६ सय ९९, व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको संख्या ६ लाख २३ हजार ४ सय ८३ र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नं. सख्या १० हजार २८ मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको संख्या २४ हजार १ सय ८९ र अन्तःशुल्कमा दर्ता रहेका करदाताको सख्या १ लाख १६ हजार ६ सय ७५ रहेको देखिन्छ। स्थायी लेखा नम्वर लिने संख्या हरेक वर्ष वृद्धि हुँदै गएकोमा यस आ.ब.मा भने कोभिड-१९ पछिको अर्थतन्त्रमा परेको असर, अस्थिर बैंक व्याजदर, राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशले आर्थिक कारोवारमा सुस्तता भएकाले व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) लिनेको संख्या करिव ५० प्रतिशतले घटेको देखिन्छ भने करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) लिनेको संख्यामा वृद्धि भएको देखिएता पनि अन्य स्थायी लेखा नं. लिनेको संख्या भने घटेको देखिन्छ।

तालिका २.१० व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | २४५५६१ | २८४४३५ | १४२६९९ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ५१७६१० | ७१८८०० | ६२३४८३ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ४८९३ | ८०९८ | १००२८ |
| मूल्य अभिवृद्धि कर (VAT) | ३७८६८ | ३०९५६ | २४१८९ |
| अन्तःशुल्क (Excise) | १०३४२३ | १३११२७ | ११६६७५ |

स्रोतः आन्तरिक राजस्व विभाग, वार्षिक प्रतिवेदन

## २.५ आर्थिक वर्ष २०७९/८० मा सम्पादन गरिएका मुख्य कामहरू

- यस आर्थिक वर्षमा ७ लाख भन्दा बढी करदातालाई करको दायरामा ल्याइएको ।
- पूर्वानुमानित र कारोवारका आधारमा आय विवरण दाखिला गर्ने करदाताले विद्युतिय माध्यमबाट करचुक्ता प्रमाण पत्र प्राप्त गर्न सक्ने व्यवस्था गरिएको ।
- विद्युतीय भुक्तानी प्रणाली मार्फत जतिसुकै रकम कर दाखिला गर्न सकिने व्यवस्था गरिएको ।
- अन्तःशुल्कजन्य बस्तु उत्पादन गर्ने भौतिक नियन्त्रणमा रहेका प्रतिष्ठानहरुलाई विद्युतीय माध्यमबाट अनुगमन गर्ने प्रणाली विकास गरिएको ।
- ३५ करोड भन्दा बढी कारोवार गर्ने करदातालाई Central Billing Management System (CBMS) र वार्षिक १० करोडभन्दा माथि कारोवार गर्ने करदाताहरूलाई कम्प्युटर विजक अनिवार्य गरिएको,
- डिजिटल सर्भिस टयाक्स लागू गरिएको।
- आर्थिक बर्ष २०७९/८० लाई बजार अनुगमन वर्षका रूपमा मनाउने नीति अनुरुप १७ हजार भन्दा बढी करदाताको स्थलगत रूपमा अनुगमन गरिएको ।
- नयाँ भन्सार ऐनको मस्यौदा तयार गरिएको ।
- सबै भन्सार कार्यालयहरुमा वेवमा आधारित मुद्धा व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याइएको ।
- ६ वटा भन्सार कार्यालयहरुमा मोवाइल एपबाट समेत जाँचपास गर्न सकिने प्रणाली कार्यान्वयनमा ल्याइएको।
- सबै भन्सार कार्यालयहरुमा विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयनमा ल्याइएको ।
- भन्सार विभागमा स्वचालित प्रणालीबाटै Real Time अनुगमन गर्न Wide Area Network (WAN) मार्फत भन्सार कार्यालयहरुको र भन्सार घोषणाको अनुगमनलाई नियमित र प्रभावकारी बनाइएको।
- गुणस्तर नखुलेका, कमसल गुणस्तर भएका र मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने तथा अवैध मालवस्तुको पैठारी नियन्त्रण गर्न आयातकर्ता र बजार वितरकको लेवल अनिवार्य रुपमा लगाउनुपर्ने व्यवस्था कार्यान्वयन गरिएको ।
- राजस्व संकलनको न्यूनता (Gap) पूरा गर्न आन्तरिक राजस्व विभाग र भन्सार विभागबाट बैकल्पिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिएको।
- दुवै विभागबाट सम्पादित कामको नियमित र आवधिक समीक्षा गरी कमजोर देखिएका क्षेत्रमा सुधार गरिएको।

# परिच्छेद तीन
# बजेट विनियोजन र खर्च स्थिति

## ३.१ पृष्ठभूमि

आर्थिक वर्ष २०७९/८० मा स्थिरता, उत्पादनशीलता र रोजगारी वृद्धिः समावेशी विकास, आत्मनिर्भरता र आर्थिक समृद्धि भन्ने ध्येयका साथ उत्पादनमा आधारित अर्थतन्त्रको निर्माण गरी उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने, उपलब्ध स्रोत साधन, श्रम शक्ति, पूँजी र प्रविधिको परिचालनबाट रोगजारी श्रृजना र गरिवी निवारण गर्ने, वित्तीय अनुशासन कायम गर्दै मुद्रास्फिति वाञ्चित सीमाभित्र राखी समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, प्रदेश र स्थानीय तहमा साधन र स्रोतको हस्तान्तरण गरी संघीयता समृद्धिको संवाहकका रुपमा स्थापित गर्ने, आर्थिक तथा सामाजिक रुपान्तरण मार्फत सन्तुलित समावेशी, आत्मनिर्भर एवम् समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने उद्देश्य सहित बजेट प्रस्तुत गरिएको थियो।

बजेटले कृषि क्षेत्रको रुपान्तरण, सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी श्रृजना, गरिवी निवारण, नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास, मानव संसाधन विकास, पूर्वाधार विकास र पूँजी निर्माण, जलविद्युत उत्पादन प्रशारण लाइन विस्तार र ग्रामिण विद्युतीकरण, औद्योगिक विकास, लगानी प्रवर्द्धन र पर्यटन क्षेत्रको पुनःनिर्माण, वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम न्यूनीकरण लगायतका  प्राथमिकता निर्धारण गरेको थियो।

आर्थिक वर्ष २०७९/८० का लागि चालुतर्फ रू.११ खर्ब ८३ अर्ब २३ करोड ५१ लाख, पुँजीगततर्फ रू.३ खर्ब ८० अर्ब ३८ करोड ४५ लाख र वित्तीय व्यवस्थातर्फ रू.२ खर्ब ३० अर्ब २१ करोड ७७ लाख गरी जम्मा रू.१७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख बजेट विनियोजन भएकोमा आर्थिक बर्षको अन्त्यसम्ममा चालुतर्फ रू.९ खर्ब ९१ अर्ब ६७ करोड ६३ लाख अर्थात ८३.८१ प्रतिशत पूँजीगततर्फ रू.२ खर्ब ३४ अर्ब ६१ करोड ९७ लाख अर्थात ६१.६८ प्रतिशत र वित्तियतर्फ रू.१ खर्ब ९५ अर्ब २७ करोड ३९ लाख अर्थात ८४.८२ प्रतिशत गरी कूल रू.१४ खर्ब २१ अर्ब ५६ करोड ९९ लाख गरी समग्रमा ७९.२५ प्रतिशत खर्च भएको छ।

**तालिका ३.१ आर्थिक वर्ष २०७९/८० को विनियोजन र खर्च** (रू.लाखमा)

| विवरण | विनियोजन | विनियोजन प्रतिशत | खर्च | खर्च प्रतिशत | विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| चालु | ११८३२३५१ | ६५.९६ | ९९१६७६३ | ६९.७६ | ८३.८१ |
| पुंजीगत | ३८०३८४५ | २१.२१ | २३४६१९७ | १६.५ | ६१.६८ |
| वित्तीय व्यवस्था | २३०२१७७ | १२.८३ | १९५२७३९ | १३.७४ | ८४.८२ |
| जम्मा | १७९३८३७३ | १०० | १४२१५६९९ | १०० | **७९.२५** |

स्रोत- LMBIS/महालेखा नियन्त्रक कार्यालय

अर्थतन्त्रमा देखिएको शिथिलता तथा बजेट कार्यान्वयनमा रहेका परम्परागत समस्याहरूको समाधान हुन नसक्दा बजेटमा समावेश भएका कार्यक्रम/आयोजनाको कार्यान्वयनमा अपेक्षित सुधार हुन सकेको छैन जसका कारण कुल खर्चमा अपेक्षित सुधार आउन सकेको देखिदैन। आवधिक निर्वाचन, सामाजिक सुरक्षा, वित्तीय हस्तान्तरण, ऋणको व्याज भुक्तानी जस्ता अनिवार्य दायित्वका खर्चहरूमा कटौती नआएका कारण चालु खर्च अपेक्षित रुपले घटाउन सकिएको छैन । खरिद ठेक्का व्यवस्थापन, वन क्षेत्रको प्राप्ति, जग्गा

प्राप्ति, निर्माण सामाग्रीको उपलव्धता, निर्माण व्यवसायीबाट हुने ढिलासुस्ती, आयोजना प्रभावितसँगको विवाद, कानुनी विवाद र दक्ष जनशक्तिको अभाव जस्ता परम्परागत कारणहरूबाट चालु आर्थिक वर्षमा पनि पुँजीगत खर्चमा सुधार नभएको देखिन्छ। पूर्व तयारी नभएका आयोजना बजेटमा समावेश हुनु, पर्याप्त बजेट विनियोजन नहुनु, सम्वद्ध निकायको क्रियाशिलतामा कमी, आयोजना कार्यान्वयन दस्तावेज तयारीमा ढिलाई, कार्यान्वयन प्रक्रिया निर्धारण एवम् कर्मचारी व्यवस्थापनमा देखिने ढिलासुस्ती जस्ता विषयहरू नै वैदेशिक सहायता समावेश भएका आयोजनाहरूमा खर्च नहुने प्रमुख कारण रहेका देखिन्छन्।

## ३.२ आन्तरिक र वैदेशिक सहायतातर्फ खर्चको स्रोतगत विश्लेषण

आर्थिक वर्ष २०७९/८० को कुल विनियोजन रू.१७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाखमध्ये रू.१४ खर्ब २१ अर्ब ५६ करोड ९९ लाख खर्च भएको छ। नेपाल सरकारको स्रोततर्फबाट रू.१४ खर्ब ९६ अर्ब ११ करोड ७९ लाख विनियोजन भएकोमा रू.१२ खर्ब ७४ अर्ब ४७ करोड ८ लाख खर्च, वैदेशिक ऋणतर्फ कुल रू.२ खर्ब ४२ अर्ब २६ करोड ११ लाख विनियोजनमध्ये रू.१ खर्ब २३ अर्ब ५९ करोड ९३ लाख खर्च र वैदेशिक अनुदानतर्फ रू.५५ अर्ब ४५ करोड ८३ लाख विनियोजनमध्ये रू.२३ अर्ब ४९ करोड ९८ लाख खर्च हुँदा विनियोजनको अनुपातमा क्रमशः ८५.१९, ५१.०२ र ४२.३७ प्रतिशत खर्च भएको देखियो। नेपाल सरकार र वैदेशिक स्रोततर्फको खर्चको विवरण अनुसूची ७ मा राखिएको छ।

**तालिका ३.२ आर्थिक वर्ष २०७९/८० को स्रोतगत खर्चको विवरण** (रू.लाखमा)

| स्रोत | कुल विनियोजन | | कुल खर्च | | विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | |
| नेपाल सरकार | १४९६११७९ | ८३.४० | १२७४४७०८ | ८९.६५ | ८५.१९ |
| वैदेशिक अनुदान | ५५४५८३ | ३.०९ | २३४९९८ | १.६५ | ४२.३७ |
| वैदेशिक ऋण | २४२२६११ | १३.५१ | १२३५९९३ | ८.६९ | ५१.०२ |
| जम्मा | **१७९३८३७३** | **१००** | **१४२१५६९९** | १०० | **७९.२५** |

★ आन्तरिक ऋणसमेत समावेश गरिएको।

स्रोत- LMBIS/महालेखा नियन्त्रक कार्यालय

**रेखाचित्र १ खर्चको स्रोतगत अवस्था**




स्रोतः महालेखा नियन्त्रक कार्यालय

## ३.३ शीर्षकगत खर्चको स्थिति

**तालिका ३.३ चालु खर्चको शीर्षकगत विश्लेषण** (रू.लाखमा)

| | खर्च शीर्षक | आर्थिक वर्ष २०७८/७९ | आर्थिक वर्ष २०७९/८० | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | पारिश्रमिक / सुविधा | १३६०६६४ | १५५७२५७ | १४.४५ |
| २ | कर्मचारीको सामाजिक सुरक्षा खर्च | १७०४१ | २०७३९ | २१.७० |
| ३ | सेवा महसुल | २८८९७ | २८९३२ | ०.१२ |
| ४ | पूँजीगत सम्पत्तिको सञ्चालन र सम्भार खर्च | ६७३६१ | ६८०२४ | ०.९८ |
| ५ | कार्यालय सामान तथा सेवाहरू | ३८६६७ | ३३८१० | (१२.५६) |
| ६ | सेवा तथा परामर्श खर्च | ८२६०५ | ९५८०० | १५.९७ |
| ७ | कार्यक्रम सम्वन्धी खर्चहरू | २०८८४१ | २१८८७४ | ४.८० |
| ८ | अनुगमन,मूल्यांकन र भ्रमण खर्च | ३५६२१ | ३९७३९ | ११.५६ |
| ९ | विविध खर्च | १७३१४ | २०४२४ | १७.९६ |
| १० | वैदेशिक ऋणको व्याज | ७५४०९ | ८३९८९ | ११.३८ |
| ११ | आन्तरिक ऋणको व्याज, सेवा शुल्क तथा बैंक कमिसन | ३७६८५० | ६४६३०६ | ७१.५० |
| १२ | सार्वजनिक संस्थानहरूलाई सहायता | १४०७६ | ७९५१ | (४३.५१) |
| १३ | व्यवसायहरूलाई सहायता | १३९३ | १२७८ | (८.२३) |
| १४ | अन्य सहायता | ११६ | १२५ | ८.०२ |
| १५ | अन्तर्राष्ट्रिय संस्थाहरूलाई अनुदान | २२०७ | २८८७ | ३०.८४ |
| १६ | अन्य तहका सरकारहरूलाई अनुदान | ४०६०५७९ | ३९७३६०३ | (२.१४) |
| १७ | सामाजिक सेवा अनुदान | ८७१४४६ | ८९५३०८ | २.७४ |
| १८ | सामाजिक सुरक्षा | ११४५९५० | ११६६५५४ | १.८० |
| १९ | सामाजिक सहायता | २४१२७० | ५६८२७ | (७६.४५) |
| २० | कर्मचारी सामाजिक लाभ सम्बन्धि खर्च | ८६६२९७ | ९६६०१४ | ११.५१ |
| २१ | सम्पत्ति सम्वन्धी खर्च | २८६१३ | २९४४५ | २.९१ |
| २२ | फिर्ता खर्च | १९५२ | २८४० | ४५.५३ |
| | भैपरी आउने चालु खर्च | ० | ३५ | - |
| | जम्मा | ९५४३१६८ | ९९१६७६३ | ३.९१ |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

तालिका नं. ३.३ मा शीर्षकगत चालु खर्च देखाइएको छ। चालु खर्चतर्फ समग्रमा गत आर्थिक वर्षभन्दा ३.९१ प्रतिशत वृद्धि भएको देखिन्छ। कर्मचारी सेवा सुविधा, सामाजिक सुरक्षा खर्च, कार्यक्रम खर्च, विविध खर्च, आन्तरिक ऋणको व्याज,सेवा शुल्क तथा बैंक कमिसन, वैदेशिक ऋणको व्याज, सामाजिक सुरक्षा, सामाजिक सेवा अनुदान, अनुगमन मुल्यांकन जस्ता खर्चमा भएको वृद्धिले चालु खर्च बढेको देखिन्छ। सार्वजनिका ऋण (आन्तरिक तथा बाह्य) मा भएको निरन्तरको वृद्धिले व्याज भुक्तानी प्रत्येक वर्ष बढ्दै गएको देखिन्छ। चालु आर्थिक वर्षमा वैदेशिक ऋणको व्याज करिब ११.३८ प्रतिशत र आन्तरिक ऋणको व्याज करिब ७१.५० प्रतिशतले वृद्धि भएको देखिन्छ। आर्थिक विकास र समृद्धिका लागि लगानीको

न्यूनतालाई पूर्ति गर्न आन्तरिक तथा वैदेशिक ऋणको परिमाण बढ्दै जाँदा ब्याज भुक्तानीको दायित्वसमेत बढ्दै जाने देखिन्छ। तसर्थ, सार्वजनिक ऋणको उत्पादनशील उपयोगमा सम्वेदनशील हुनु पर्ने देखिन्छ। त्यसैगरी, सामाजिक न्याय, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संवैधानिक संकल्पलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै जाने क्रममा वृहत्तर सामाजिक सुरक्षाको प्रबन्ध गर्नुपर्ने नै हुँदा आगामी दिनमा सामाजिक सुरक्षा र सहायता खर्चमा निरन्तर बढोत्तरी हुने नै देखिन्छ। वास्तविक लाभग्राहीको यकिन विवरण र दोहोरो सुविधा वितरणलाई नियन्त्रण गरी सामाजिक सुरक्षा वितरणलाई व्यवस्थित र यथार्थपरक बनाउन आवश्यक देखिएको छ। वित्तीय संघीयता कार्यान्वयनलाई थप प्रभावकारी बनाउन वित्तीय हस्तान्तरणको परिमाणमा वृद्धि गरिदै लगिएको छ। वित्तीय हस्तान्तरणबाट हुने सबै पुँजीगत खर्चसमेत चालु खर्चमा नै वर्गीकरण गर्नुपर्ने स्वीकृत मापदण्डका कारण चालु खर्चमा वृद्धि भएको देखिन्छ। चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्न अवलम्वन गरिएका नीतिगत प्रयासका वावजूद चालु खर्चमा निरन्तर वृद्धि भइरहेको देखिन्छ। बजेट र वित्तीय अनुशासन कायम गर्ने प्रयोजनका लागि चालु खर्चमा थप मितव्ययी हुनु पर्ने देखिन्छ।

**तालिका ३.४ पुँजीगत तथा वित्तीय व्यवस्थातर्फ खर्चको शीर्षकगत विश्लेषण**

**(रू.लाखमा)**

| क्र.सं. | खर्च शीर्षक | आर्थिक वर्ष २०७८/७९ | आर्थिक वर्ष २०७९/८० | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | स्थिर सम्पत्ति प्राप्ति खर्च | २०२४११० | २२९०४९२ | १३.१६ |
| २ | प्राकृतिक सम्पत्ति | १३८००९ | ५५७०५ | (५९.६४) |
| ३ | भैपरी आउने पुँजीगत | ११ | ० | (१००.००) |
| ४ | आन्तरिक वित्तीय सम्पत्ति | ६२५२१८ | ४५३४८२ | (२७.४७) |
| ५ | बाह्य वित्तीय सम्पत्ति | १९५५ | २१३० | ८.९५ |
| ६ | आन्तरिक दायित्व | ४७३३७८ | ११५०९४८ | १४३.१४ |
| ७ | बाह्य वित्तीय दायित्व | २९४१५९ | ३४६१८० | १७.६८ |
| | जम्मा | ३५५६८४१ | ४२९८९३६ | २०.८६ |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

अर्थतन्त्रमा देखिएको शिथिलता र बजेट कार्यान्वयनमा रहेका परम्परागत समस्याहरू तथा वैदेशिक सहायताको उपयोगमा देखिएको न्यूनताका कारण पुँजीगत खर्चमा अपेक्षित सुधार आउन नसक्दा पुँजीगत खर्चमा ८.५१ प्रतिशतले मात्र

वृद्धि भएको देखिन्छ र पूँजीगत खर्च तथा वित्तीय व्यवस्था तर्फको समेत गरी अघिल्लो आर्थिक वर्षको तुलनामा २०.८६ प्रतिशतले वृद्धि भएको देखिन्छ। शीर्षकगत रूपमा हेर्दा आन्तरिक दायित्वतर्फ उच्च वृद्धि भएको देखिन्छ । पछिल्लो समयमा अनुसन्धान तथा विकास र पुँजीगत परामर्शमा बजेट वृद्धि हुँदै गएको छ। जटिल संरचना निर्माण गर्दा यस्तो खर्च आवश्यक भए तापनि अहिले सामान्य कामका लागि समेत परामर्श सेवा लिने प्रवृत्ति बढेको छ। जग्गा प्राप्तिमा हुने विवाद र बजार मूल्यभन्दा अत्याधिक धेरै मुआब्जाको माग समग्र आयोजना व्यवस्थापनमा चुनौतिको रूपमा रहेको देखिन्छ भने ठूला पूर्वाधारका आयोजनाहरूमा अन्तर निकाय समन्वय र स्थानीयको अस्वभाविक माग र अवरोधको व्यवस्थापन पनि निकै चुनौतीपूर्ण हुँदै गएको अवस्था छ।

## ३.४ कार्यगत खर्च स्थिति

**तालिका ३.५ कार्यगत खर्च स्थितिको विवरण** रू.लाखमा

| क्र.सं. | सेवा तथा कार्य | चालु | पुँजीगत | वित्तिय | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सामान्य सार्वजनिक सेवा | ५२०९९६६ | ४८८८२ | १५१८०४३ | ६७७६८९१ | ४७.६७ |
| २ | रक्षा | ५१६३५४ | ८३७८४ | ० | ६००१३८ | ४.२२ |
| ३ | सार्वजनिक शान्ति सुरक्षा | ७१४०६० | ८३५८३ | ० | ७९७६४३ | ५.६१ |
| ४ | आर्थिक मामिला | ७८८६३१ | १४७२७१८ | ४१६८०७ | २६७८१५६ | १८.८४ |
| ५ | वातावरण संरक्षण | ७५६१ | ३६९५७ | ३२३७ | ४७७५४ | ०.३४ |
| ६ | आवास तथा सामुदायिक सुविधा | २६३५१ | ३९६६१२ | १४६५२ | ४३७६१५ | ३.०८ |
| ७ | स्वास्थ्य | ३६३१९४ | १५७४७५ | ० | ५२०६७० | ३.६६ |
| ८ | मनोरंजन, संस्कृति तथा धर्म | ४३३७० | १४७३५ | ० | ५८१०५ | ०.४१ |
| ९ | शिक्षा | ४७७७०८ | ५०९८७ | ० | ५२८६९५ | ३.७२ |
| १० | सामाजिक सुरक्षा | १७६९५६८ | ४६५ | ० | १७७००३३ | १२.४५ |
| जम्मा | | ९९१६७६३ | २३४६१९७ | १९५२७३९ | १४२१५६९९ | १००.०० |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

अन्तर्राष्ट्रिय वित्तीय मानकका आधारमा सार्वजनिक खर्चलाई सामान्य सार्वजनिक सेवा, रक्षा, सार्वजनिक शान्ति सुरक्षा, आर्थिक मामिला, वातावरण संरक्षण, आवास तथा सामुदायिक सुविधा, स्वास्थ्य, मनोरञ्जन संस्कृति तथा धर्म, शिक्षा र सामाजिक सुरक्षा गरी १० प्रकारको कार्यगत खर्चमा वर्गीकरण गरिएको छ। यसरी वर्गीकरण भए अनुसार आर्थिक वर्ष २०७९/८० मा सामान्य सार्वजनिक सेवामा सबैभन्दा बढी कुल खर्चको ४७.६७ प्रतिशत र वातावरणमा सबैभन्दा कम ०.३४ प्रतिशत खर्च भएको देखिन्छ।

## ३.५ विगत पाँच आर्थिक वर्षको चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ बजेट विनियोजन र खर्चको विवरण

**तालिका ३.६ विगत पाँच वर्षको बजेट विनियोजन र खर्चको विवरण** (रू.लाखमा)

| शिर्षक | आर्थिक वर्ष २०७५/७६ | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८ | आर्थिक वर्ष २०७८/७९ | आर्थिक वर्ष २०७९/८० |
|---|---|---|---|---|---|
| बजेट विनियोजन | | | | | |
| चालु | ८४५४४७५ | ९५७१०१४ | ९४८९४०६ | १०६५२९३९ | ११८३२३५१ |
| पुँजीगत | ३१३९९८२ | ४०८००५९ | ३५२९१७५ | ३७८०९७७ | ३८०३८४५ |
| वित्तीय व्यवस्था | १५५७१६० | १६७८५९८ | १७२७८७३ | १८९४३७६ | २३०२१७७ |
| जम्मा | १३१५१६१७ | १५३२९६७१ | १४७४६४५४ | १६३२८२९२ | १७९३८३७३ |
| खर्च | | | | | |
| चालु | ७१६४१७८ | ७८४२९१४ | ८४६१२१७ | ९५४३१७० | ९९१६७६३ |
| पुँजीगत | २४१५६२३ | १८९१४०१ | २२८८५८७ | २१६०८६२ | २३४६१९७ |
| वित्तीय व्यवस्था | १५२४७७० | ११७९०१६ | १२१६२२६ | १३९४७०९ | १९५२७३९ |
| जम्मा | १११०४५७१ | १०९१३३३१ | ११९६६०३० | १३०९८७४१ | १४२१५६९९ |

| क्षेत्रगत खर्च प्रतिशत | | | | | |
|---|---|---|---|---|---|
| चालु | ६४.५२ | ७१.८७ | ७०.७१ | ७२.८६ | ६९.७६ |
| पुँजीगत | २१.७५ | १७.३३ | १९.१३ | १६.५० | १६.५० |
| वित्तीय व्यवस्था | १३.७३ | १०.८० | १०.१६ | १०.६५ | १३.७४ |
| जम्मा | १०० | १०० | १०० | १०० | १०० |
| विगत वर्षको तुलनामा खर्च प्रतिशत | | | | | |
| चालु | | ९.४७ | ७.८८ | १२.७९ | ३.९१ |
| पुँजीगत | | (२१.७०) | २१.०० | (५.५८) | ८.५८ |
| वित्तीय व्यवस्था | | (२२.६८) | ३.१६ | १४.६८ | ४०.०१ |
| जम्मा | | (१.७२) | ९.६५ | ९.४७ | ८.५३ |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

विगत ५ वर्षको कुल विनियोजन र खर्चको अवस्था विश्लेषण गर्दा क्षेत्रगत रूपमा (चालु, पुँजीगत र वित्तीय व्यवस्था) खर्चको प्रवृत्तिमा खासै भिन्नता रहेको देखिदैन। सार्वजनिक खर्चमा ठूलो हिस्सा चालु खर्चले ओगट्नाले अपेक्षित रूपमा पुँजी निर्माणमा कम खर्च हुने अवस्था सिर्जना भएको छ। तलब, भत्ता, सामाजिक सुरक्षा र सहायता खर्च एवम् वित्तीय हस्तान्तरणले गर्दा चालु खर्चको परिमाण कम हुने अवस्था देखिदैन।

गत आर्थिक वर्षको तुलनामा कुल खर्चमा ८.५३ प्रतिशतले वृद्धि भएको छ। पुँजीगत खर्चमा गत आर्थिक वर्षको तुलनामा ८.५८ प्रतिशतले वृद्धि भएको छ भने चालु खर्च ३.९१ प्रतिशतले बृद्धि भएको छ जसले चालु खर्च तर्फ थप मितव्ययी हुनुपर्ने र पुँजिगत खर्च गर्ने क्षमता बढाउनु पर्ने देखिन्छ। सार्वजनिक संस्थानमा लगानी र आन्तरिक तथा बाह्य ऋणको भार बढ्दै जानुका कारण वित्तीय व्यवस्थातर्फ अघिल्लो आर्थिक वर्षको तुलनामा ४०.०१ प्रतिशतको वृद्धि भएको छ।

## ३.६ मन्त्रालयगत विनियोजन र खर्चको स्थिति

निकायगत रूपमा तोकिएको सेवा र कार्यका लागि आर्थिक वर्ष २०७९/८० को स्वीकृत बजेट तथा कार्यक्रमका लागि सम्वद्ध मन्त्रालयहरूले गरेको खर्चको विवरण निम्नानुसार रहेको छ।

**तालिका ३.७ मन्त्रालय/निकायको खुद विनियोजन र खर्चको विवरण (रू.लाखमा)**

| | मन्त्रालय | खुद विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| क | भौतिक पूर्वाधार | | | |
| | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १६८८७६८ | ११२२५६४ | ६६.४७ |
| | शहरी विकास मन्त्रालय | ५९९७७० | ३५०२३८ | ५८.४० |
| | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ४१९६५६ | ३२९४९३ | ७८.५२ |
| | खानेपानी मन्त्रालय | २२२५३३ | १६४८४० | ७४.०७ |
| | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ९१६०६ | ३२३८४ | ३५.३५ |
| | **जम्मा** | ३०२२३३४ | १९९९५१९ | ६६.१६ |
| ख | आर्थिक पूर्वाधार | | | |
| | अर्थ मन्त्रालय | ३५१९०३ | १२४७९९ | ३५.४६ |
| | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १०५०४५ | ४८३४७ | ४६.०३ |

| | | | | |
|---|---|---|---|---|
| | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ५४९९८७ | ४५३९१७ | ८२.५३ |
| | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ६९२६८ | ४९८७१ | ७२.०० |
| | वन तथा वातावरण मन्त्रालय | १३०८९६ | १०४५६३ | ७९.८८ |
| | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७१६५८ | ५४९८१ | ७६.७३ |
| | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ८७५९७ | ६५७६२ | ७५.०७ |
| | **जम्मा** | १३६६३५४ | ९०२२४१ | ६६.०३ |
| ग | सामाजिक विकास | | | |
| | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | १३०८८ | ४७४२ | ३६.२४ |
| | युवा तथा खेलकूद मन्त्रालय | ३०५८२ | १९२५३ | ६२.९६ |
| | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ६५२३०५ | ५२८६९५ | ८१.०५ |
| | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ६४५१२७ | ३९७१५३ | ६१.५६ |
| | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १९६२७ | ११९७२ | ५६.९२ |
| | **जम्मा** | १३६०७२८ | ९६१०१६ | ७०.६३ |
| घ | सार्वजनिक प्रशासन | | | |
| | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४८६१४ | ३९३४४ | ८०.९३ |
| | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ५६०७ | २९९६ | ५३.४४ |
| | गृह मन्त्रालय | २११४४६४ | २०४७७७६ | ९६.८५ |
| | परराष्ट्र मन्त्रालय | ६७१०८ | ५७०३३ | ८४.९९ |
| | रक्षा मन्त्रालय | ६१८३३८ | ६१०२६४ | ९८.६९ |
| | **जम्मा** | २८५४१३१ | २७५७४१३ | ९६.६१ |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

पुँजीगत खर्च गर्ने पूर्वाधारसँग सम्बन्धित मन्त्रालयहरूको खर्चमा अपेक्षित सुधार हुन सकेको देखिदैन। खर्च गर्ने क्षमताको न्यूनताले वैदेशिक सहायता सम्वद्ध आयोजनाहरूको प्रगतिसमेत न्यून हुनाले समग्र पुँजीगत खर्चको अवस्था सन्तोषजनक देखिदैन। पुँजीगत खर्चको हिस्सा ठूलो नहुने सार्वजनिक प्रशासन एवम् सामाजिक विकाससँग सम्बन्धित मन्त्रालयहरूको खर्च तुलनात्मक रूपमा बढी देखिन्छ। आवधिक निर्वाचनका कारण गृह र रक्षा मन्त्रालयको खर्चमा बृद्धि भएको देखिन्छ।

## ३.७ लैङ्गिक उत्तरदायी बजेट तथा खर्च

योजना तर्जुमा र कार्यान्वयनमा महिला सहभागिता, क्षमता अभिवृद्धि, लाभ तथा नियन्त्रण सुनिश्चित, रोजगारी, आय आर्जन अभिवृद्धि र महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी ल्याउने उद्देश्यले लैङ्गिक उत्तरदायी बजेटको व्यवस्था गरिएको छ। लैङ्गिक उत्तरदायी बजेटको विनियोजन तथा खर्च निम्नानुसार रहेको छ।

**तालिका ३.८ लैङ्गिक उत्तरदायी बजेट तथा खर्च** (रू.लाखमा)

| विवरण | विनियोजन | विनियोजन प्रतिशत | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| प्रत्यक्ष लाभ | ७८७५५४८ | ४३.९० | ६५८१६५० | ४६.३० |
| अप्रत्यक्ष लाभ | ५६७१९२६ | ३१.६२ | ३४३०८३४ | २४.१३ |
| तटस्थ | ४३९०८९९ | २४.४८ | ४२०३२१५ | २९.५७ |
| जम्मा | १७९३८३७३ | १०० | १४२१५६९९ | १०० |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष २०६२/६३ देखि प्रारम्भ गरिएको लैङ्गिक उत्तरदायी बजेटको अवधारणा कार्यान्वयनमा रहेको छ। आर्थिक वर्ष २०७९/८० को कुल विनियोजित बजेटमध्ये महिलाहरूले प्रत्यक्ष लाभ पाउने क्रियाकलापमा रू.७ खर्ब ८७ अर्ब ५५ करोड ४८ लाख (४३.९० प्रतिशत) बजेट विनियोजन भएकोमा रू.६ खर्ब ५८ अर्ब १६ करोड ५० लाख (४६.३० प्रतिशत) खर्च भएको र अप्रत्यक्ष लाभ पाउने क्रियाकलापमा रू.५ खर्ब ६७ अर्ब १९ करोड २६ लाख (३१.६२ प्रतिशत) बजेट विनियोजन भएकोमा रू.३ खर्ब ४३ अर्ब ८ करोड ३४ लाख (२४.१३ प्रतिशत) खर्च भएको छ। लैङ्गिक दृष्टिले छुट्याउन नमिल्ने सबैले बराबर लाभ पाउन सक्ने तटस्थमा रू.४ खर्ब ३९ अर्ब ८ करोड ९९ लाख (२४.४८ प्रतिशत) बजेट विनियोजन भएकोमा रू.४ खर्ब २० अर्ब ३२ करोड १५ लाख (२९.५७ प्रतिशत) खर्च भएको छ। लैङ्गिक उत्तरदायी बजेट प्रणालीबाट महिलाहरूको आर्थिक तथा सामाजिक सशक्तिकरण, रोजगारी सिर्जना, आय आर्जन, सीप आर्जन क्षमता अभिवृद्धि तथा जीवनस्तर सुधारमा उल्लेखनीय योगदान पुगेको छ। लैङ्गिक उत्तरदायी बजेटको खर्च स्थितिलाई अनुसूची-१३ मा प्रस्तुत गरिएको छ।

## ३.८ जलवायु परिवर्तन बजेट तथा खर्च

**जलवायु परिवर्तन बजेट तथा खर्च निम्नानुसार रहेको छ।**

तालिका ३.९ जलवायु परिवर्तन बजेट तथा खर्च (रू.लाखमा)

| विवरण | विनियोजन | विनियोजन प्रतिशत | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| प्रत्यक्ष लाभ | १०५८४७४ | ५.९० | ५०५७१७ | ३.५६ |
| अप्रत्यक्ष लाभ | ५०३६३९८ | २८.०८ | ६३७८१०९ | ४४.८७ |
| तटस्थ | ११८४३५०१ | ६६.०२ | ७३३१८७३ | ५१.५८ |
| **जम्मा** | **१७९३८३७३** | १००.०० | **१४२१५६९९** | १००.०० |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

जलवायु परिवर्तन सम्बन्धी अनुकूलन र न्यूनीकरणको अवस्था देखिने गरी बजेट अनुमान र यथार्थ खर्च सम्बन्धी विभिन्न प्रतिवेदन तयार गर्न सकिने पद्दतिको विकास गरिएको छ। आर्थिक वर्ष २०७९/८० मा कुल विनियोजित बजेटमध्ये रू. १ खर्ब ५ अर्ब ८४ करोड ७४ लाख (५.९० प्रतिशत) प्रत्यक्ष लाभ प्राप्त हुने क्रियाकलापमा विनियोजन भएकोमा रू.५० अर्ब ५७ करोड १७ लाख खर्च भएको, अप्रत्यक्ष लाभ

प्राप्त हुने क्रियाकलापमा रू.५ खर्ब ३ अर्ब ६३ करोड ९८ लाख (२८.०८ प्रतिशत) विनियोजन भएकोमा रू.६ खर्ब ३७ अर्ब ८१ करोड ९ लाख खर्च भएको र तटस्थ क्रियाकलापमा रू.११ खर्ब ८४ अर्ब ३५ करोड १ लाख (६६.०२ प्रतिशत) विनियोजन भएकोमा रू.७ खर्ब ३३ अर्ब १८ करोड ७३ लाख खर्च भएको छ। यस प्रकारका खर्चबाट बृहत जलाधार संरक्षण, पानी मुहान संरक्षण, बाढी पहिरो नियन्त्रण, वातावरण संरक्षण एवम् कार्वन उत्सर्जनमा कमी ल्याउनेलगायत जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण सम्बन्धी कार्यहरू सम्पन्न भएका छन्। जलवायु परिवर्तन बजेटको खर्च सम्बन्धी विवरण अनुसूची-१५ मा प्रस्तुत गरिएको छ।

### ३९. सार्वजनिक ऋणः

पछिल्ला वर्षमा सार्वजनिक ऋण क्रमश बढ्दै गएको छ । संघियताको कार्यान्वयनसँगै खर्चको आवश्यकता बढ्दै जानु, राजस्वको वृद्धिदर न्यून हुनु, पूर्वाधारमा लगानी बढ्नु जस्ता कारणले ऋण परिचालन बढ्दै गएको छ, फलस्वरुप आर्थिक वर्ष २०७९/८० सम्म नेपाल सरकारको भुक्तानी गर्न बाँकी कुल सार्वजनिक ऋण दायित्व रू.२२ खर्ब ९७ अर्ब ६७ करोड पुगेको छ। जुन अघिल्लो आर्थिक वर्षसम्म रू.२० खर्व १३ अर्व ३० करोड रहेको थियो ।कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋणको अनुपातः क्रमश ४९.१० प्रतिशत र ५०.९० प्रतिशत रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा सार्वजनिक ऋणको अनुपात आर्थिक वर्ष २०७८/७९ मा ४०.८० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा ४२.७० प्रतिशत रहेको थियो ।

### ३.१० नेपाल सरकारको केन्द्रीय कोषको स्थिति

आर्थिक वर्ष २०७९/८० मा संघीय संचित कोषमा रू.१२ खर्ब ४२ अर्ब १५ करोड ५६ लाख राजस्व प्राप्त भई खर्च रू.१४ खर्ब २१ अर्ब ५६ करोड ९९ लाख हुन गई कोषको अवस्था रू.१ खर्व ७९ अर्ब ४१ करोड ४३ लाखले ऋणात्मक रहेको छ ।

### ३.११ निष्कर्ष

नेपाल सरकारको वजेट विनियोजन र खर्चको स्थितिको विश्लेषण गर्दा पुँजीगत खर्चको तुलनामा चालु खर्चको हिस्सा बढ्दै गएको देखिएको छ। प्रदेश र स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण, कृषि उत्पादन बढाउन प्रदान गरिने अनुदान साथै शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा सञ्चालित अधिकांश कार्यक्रमहरूमा हुने पूर्वाधार निर्माण, मानव पुँजी र सामाजिक पुँजी निर्माण गर्ने प्रकृतिका खर्चलाईसमेत चालुतर्फ लेखाङ्कन गर्ने प्रणालीका कारणसमेत यो स्थिति देखिएको हो । तसर्थ, चालु खर्चतर्फ विनियोजित तर पुँजी निर्माणमा खर्च हुने बजेटलाई छुट्याएर मात्र समग्र खर्चको विश्लेषण गर्न सकिएमा खर्चको यथार्थ अवस्था प्रतिविम्वित हुन सक्ने देखिन्छ। लामो समयदेखि बजेट कार्यान्वयनमा रहेका समस्या समाधान हुन नसक्दा पुँजीगत खर्चमा बृद्धि हुन नसक्नुका साथै वैदेशिक सहायताको उपयोग समेत अपेक्षित रुपमा हुन नसकेको देखिन्छ।

# परिच्छेद चार
# प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण

## ४.१ पृष्ठभूमि

संघीय शासन प्रणालीको प्रमुख आधारस्तम्भमध्ये वित्तीय संघीयता पनि एक हो। नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राजनीतिक संरचना रहेका छन्। तीनै तहको लागि आवश्यक पर्ने स्रोतको पहिचान, राजस्व संकलन र बाँडफाँट, आयोजना तथा कार्यक्रम सञ्चालनका लागि गरिने वित्तीय हस्तान्तरण, खर्च, सोको तथ्याङ्क एवम् अभिलेख व्यवस्थापन, लेखापरीक्षण र तीनै तहको सञ्चित कोष व्यवस्थापनको समग्रतालाई वित्तीय संघीयताको रुपमा बुझिन्छ। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहको आर्थिक अधिकार र खर्च जिम्मेवारी निर्धारण गरेको छ। सात वटै प्रदेश र ७ सय ५३ स्थानीय तहमा आ-आफ्नो आर्थिक कार्य प्रणाली कार्यान्वयनमा छन्। संविधान र अन्य प्रचलित कानून बमोजिम प्रदेश र स्थानीय तहहरूले सम्पादन गर्नुपर्ने प्रशासनिक र विकासजन्य क्रियाकलायहरूको लागि तत् तत् तहका आन्तरिक स्रोतको अतरिक्त वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। साथै, संघीय सरकारले निश्चित स्रोतबाट परिचालन गर्ने राजस्व तीनै तहमा बाँडफाँट हुने व्यवस्था गरिएको छ। वित्तीय संघीयता कार्यान्वयन सम्बन्धी ऐन, कानून र कार्यविधिहरूमा समसामयिक संशोधनको प्रक्रिया अगाडी बढाइएको छ। अन्तरसरकारी वित्त व्यवस्थापनको कार्यान्वयन अवस्था र त्यसमा आईपरेका समस्या सम्बन्धमा छलफल गरी समाधान गर्न नियमित रूपमा अन्तरसरकारी वित्त परिषद्को बैठक आयोजना गर्ने गरिएको छ। प्रदेश र स्थानीय तहहरूको बजेट तर्जुमा, कार्यान्वयन, प्रतिवेदन एवम् तथ्याङ्क व्यवस्थित बनाउनको लागि प्रदेशहरूमा प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) र स्थानीय तहमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) कार्यान्वयमा ल्याइएको छ।

## ४.२ वित्तीय हस्तान्तरणका प्रमुख औजारहरू

क) राजस्व बाँडफाँटः

- मूल्य अभिवृद्धि कर बाँडफाँट,
- अन्तःशुल्क (आन्तरिक उत्पादन) को बाँडफाँट र
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी (पर्वतारोहण, वन, विद्युत, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोत) को बाँडफाँट।

ख) वित्तीय अनुदानः

- वित्तीय समानीकरण अनुदान,
- सशर्त अनुदान,
- समपूरक अनुदान र
- विशेष अनुदान।

**राजस्व बाडँफाँटः**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट संकलन भएको अन्तःशुल्क बापत प्राप्त रकम संघीय विभाज्य कोषमा जम्मा गरी ७० प्रतिशत संघीय सञ्चित कोषमा जम्मा हुने एवम् प्रदेश र स्थानीय तह बीचमा १५/१५ प्रतिशत प्रत्येक महिना बाँडफाँट गर्ने

व्यवस्था गरिएको छ। यसरी बाडँफाँट हुने रकमको हिसाब आर्थिक वर्षको असार मसान्तमा मिलान गरिने व्यवस्था गरिएको छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ बमोजिम पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी संघीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था गरिएको छ। यसरी संघीय विभाज्य कोषमा जम्मा हुने कुल रोयल्टीमध्ये ५० प्रतिशत संघ, २५ प्रतिशत प्रदेश र २५ प्रतिशत स्थानीय तहबीच बाडँफाँट गर्ने व्यवस्था छ।

**वित्तीय समानीकरण अनुदानः**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था गरिएको छ। वित्तीय समानीकरण अनुदान निर्धारण गर्दा प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार विकास जस्ता मानव विकास सूचकाङ्क, प्रदेश र स्थानीय तहको सन्तुलित विकासको अवस्था तथा तहाँ रहेको आर्थिक, सामाजिक विभेदको अवस्था, प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा, प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता, राजस्वको अवस्था र राजस्व संकलन गर्न सक्ने क्षमतालाई आधार लिइएको छ।

**सशर्त अनुदानः**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) मा उल्लेखित विषयलाई आधार लिई सिफारिस गरे बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ। यो अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन सम्बन्धमा शर्त तोक्न सक्ने र प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्त पालना गर्नुपर्ने व्यवस्था रहेको छ।

**समपूरक अनुदानः**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५(संशोधनसमेत) बमोजिम नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्ने व्यवस्था छ। यो अनुदान प्रदान गर्दा योजनाको सम्भाव्यता, योजनाको लागत, योजनाको प्रतिफल/लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय/भौतिक क्षमता वा जनशक्ति, योजनाको आवश्यकता र प्राथमिकतालाई आधार लिने व्यवस्था छ।

**विशेष अनुदानः**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (संशोधनसमेत) बमोजिम नेपाल सरकारले देहायका कुनै उद्देश्य राखी प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजना/कार्यक्रमको लागि विशेष अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ।

- शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,
- दुर्गम तथा आर्थिक रुपले पिछडिएको क्षेत्र लक्षित आयोजना / कार्यक्रम,
- प्रदेश वा स्थानीय तहवीच भौतिक तथा मानवीय विकासको दृष्टिले सन्तुलन कायम गर्न सञ्चालन गरिने आयोजना/कार्यक्रम,
- अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,

- विपद् जोखिम न्यूनिकरण सम्बन्धी आयोजना/कार्यक्रमहरू,
- आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्ने आयोजना/कार्यक्रमहरू,
- आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने आदि।

**४ ३. वित्तीय हस्तान्तरण सम्बन्धी विवरणः**

**तालिका ४.१ आर्थिक वर्ष २०७९/८० को वित्तीय हस्तान्तरण सम्बन्धी विवरणः**

**(क) राजस्व र रोयल्टी बाँडफाँटः**

(रू.अर्बमा)

| सि.नं. | विवरण | संघ | प्रदेश | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|---|
| १. | राजस्व बाँडफाँट | २५१.२० | ५३.८३ | ५३.८३ | ३५८.८६ |
| २. | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट | आर्थिक बर्ष २०७९/८० मा प्राकृति स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट हुन बाँकी रहेको । | | | |

**(ख) अन्तर-सरकारी वित्तीय हस्तान्तरणः**

**(रू.अर्बमा)**

| सि.नं. | विवरण | प्रदेश | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|
| १. | वित्तीय समानिकरण अनुदान | ५३.७५ | ९२.७० | १४६.४५ |
| २. | सशर्त अनुदान | ३७.७६ | १९२.८८ | २३०.६४ |
| ३. | समपूरक अनुदान | ४.८४ | ५.२९ | १०.१३ |
| ४. | विशेष अनुदान | ३.३१ | ६.८३ | १०.१४ |

**२ प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणको विगत तीन आर्थिक वर्षको विवरणः**

**(क) आर्थिक वर्ष २०७८/७९**

राजस्व र रोयल्टी बाँडफाँटतर्फः (रू.अर्बमा)

| सि.नं. | विवरण | संघ | प्रदेश | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|---|
| १. | राजस्व बाँडफाँट | २९८.८३ | ६४.०३ | ६४.०३ | ४२६.८९ |
| २. | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट | २.८६ | १.४३ | १.४३ | ५.७२ |

अन्तर-सरकारी वित्तीय हस्तान्तरणतर्फ (रू.अर्बमा)

| सि.नं. | विवरण | प्रदेश | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|
| १. | वित्तीय समानिकरण अनुदान | ५७.९५ | ९४.५७ | १५२.५२ |
| २. | सशर्त अनुदान | ४३.२९ | १९१.११ | २३४.४० |
| ३. | समपूरक अनुदान | ४.४३ | ४.९८ | ९.४१ |
| ४. | विशेष अनुदान | ३.३७ | ६.३५ | ९.७२ |

**(ख) आर्थिक वर्ष २०७७/७८**

राजस्व र रोयल्टी बाँडफाँटतर्फः (रू.अर्बमा)

| सि.नं. | विवरण | संघ | प्रदेश | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|---|
| १. | राजस्व बाँडफाँट | २६९.५३ | ५७.७६ | ५७.७६ | ३८५.०४ |
| २. | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट | २.४६ | १.२३ | १.२३ | ४.९२ |

अन्तर-सरकारी वित्तीय हस्तान्तरणतर्फ (रू.अर्बमा)

| सि.नं. | विवरण | प्रदेश | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|
| १. | वित्तीय समानिकरण अनुदान | ५५.२० | ९६.२२ | १५१.४२ |
| २. | सशर्त अनुदान | ४४.८१ | १९१.०६ | २३५.८७ |
| ३. | समपूरक अनुदान | ४.४१ | १२.०८ | १६.४९ |
| ४. | विशेष अनुदान | ३.८९ | ८.६७ | १२.५६ |

**(ग) आर्थिक वर्ष २०७६/७७**

राजस्व र रोयल्टी बाँडफाँटतर्फः (रू.अर्बमा)

| सि.नं. | विवरण | संघ | प्रदेश | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|---|
| १. | राजस्व बाँडफाँट | २०७.९१ | ४४.५५ | ४४.५५ | २९७.०१ |
| २. | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट | २.४३ | १.२२ | १.२२ | ४.८७ |

अन्तर-सरकारी वित्तीय हस्तान्तरणतर्फ (रू.अर्बमा)

| सि.नं. | विवरण | प्रदेश | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|
| १. | वित्तीय समानिकरण अनुदान | ५५.३० | ८९.९७ | १४५.२६ |
| २. | सशर्त अनुदान | ४३.९३ | १५१.०१ | १९४.९४ |
| ३. | समपूरक अनुदान | ४.२३ | ४.८४ | ९.०७ |
| ४. | विशेष अनुदान | ३.९५ | ४.७७ | ८.७२ |

**४ ४. अन्तर सरकारी वित्तीय हस्तान्तरणमा देखिएका चुनौती र समाधानका उपायः**

क. **स्थानीय तहको राजस्व स्रोतको उपयोगमा कमी :** प्रदेश र मूलतः स्थानीय तहमा संविधानले निर्धारण गरे अनुसारका क्षेत्रमा आफ्नो स्रोतको राजस्व परिचालन उत्साहजनक देखिएको छैन। स्थानीय स्रोत परिचालनमा बढी ध्यान दिनु पर्नेमा संघप्रतिको निर्भरता बढ्दै गएको देखिन्छ साथै राजस्व संकलनको लागि स्थापित संरचना र जनशक्तिलाई परिचालन तथा व्यवस्थित गर्ने कार्यमा देखिएको अन्यौलताका कारण राजस्व परिचालन अपेक्षित हुन सकेको छैन।

ख. **विभाज्य कोष सञ्चालनः** कतिपय स्थानीय तहमा विभाज्य कोष प्रभावकारी ढंगले सञ्चालनमा आउन सकेका छैनन्। स्थानीय विभाज्य कोषबाट संचित कोषमा जानुपर्ने रकम केही स्थानीय तहले विभाज्य कोषबाटै खर्च गरेको पनि देखिएको छ।

ग. **राजस्व हस्तान्तरणः** स्थानीय तहले उठाउने र सोबाट प्रदेशमा हस्तान्तरण हुनुपर्ने राजस्वको हिस्सा कतिपय स्थानीय तहले हस्तान्तरण नै नगर्ने तथा कतिपयले निर्धारित समयमा हस्तान्तरण नगर्ने

समस्या देखिएको छ। प्रदेशबाट पनि राजस्व बाँडफाट तथा हस्तान्तरणमा ढिलाई हुने गरेको छ। आपसी सद्भभाव एवम् विश्वासमा देखिएको कमीका कारण राजस्व हस्तान्तरण एवम् परिचालन समेतमा चुनौती रहेको छ। यसमा सुधार गरी राजस्व हस्तान्तरण पारदर्शी, अनुमानयोग्य एवम् निर्धारित समयमा हुन जरुरी छ।

घ. **प्रतिवेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ (दफा ४ र ५) अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश अन्तर्गतका स्थानीय तहहरूको एकिकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गर्न सकेको देखिंदैन।

ङ. **समन्वयः** कतिपय प्रदेश र स्थानीय तहको क्षेत्र भित्रका कार्यहरूमा पनि संघीय कानूनहरू बनेको भनी प्रदेश र स्थानीय तहबाट गुनासो गरेको पाइन्छ। प्रदेश र स्थानीय तहका बीचमा पनि त्यस्तै गुनासा सुनिन्छन्। प्रदेश र स्थानीय तहबाट कार्यसम्पादन र वित्तीय प्रतिवेदन समयमा हुन नसकेको, कतिपय प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको अनुदान तोकिएको आयोजना वा कार्यक्रममा उपयोग नगरी भिन्न आयोजना/कार्यक्रममा खर्च हुने गरेको र आर्थिक अनुशासन तथा मितव्ययितालाई प्राथमिकता दिन नसकेको विषय लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएको पाइन्छ। यी विषयहरू वित्तीय संघीयताका चुनौतीका रुपमा रहेका छन्।

**समाधानका उपायहरुः**

१. **संविधान र कानूनको परिपालना ः**

नेपालको संवैधानिक व्यवस्था अनुरुप तहगत सरकारले आवश्यकतानुसार कानूनहरू निर्माण/निर्माणका क्रममा रहेका छन् । वित्तीय संघीयताको सफल कार्यान्वयनका लागि संविधान र कानूनहरूको उचित परिपालना र कार्यान्वयन पूर्व शर्त हो।

२. **कार्यकुशलता अभिवृद्धि ः**

संविधानमा निर्दिष्ट जिम्मेवारीहरू पुरा गर्न साधन स्रोतको महत्तम उपयोग गर्न र सोको लागि साधन परिचालन, बाँडफाँट र उपयोगमा कार्यकुशलता जरुरी हुन्छ। तीनै तहका सरकारहरूले कार्यक्रम छनौट गर्दा, बजेट तर्जुमा गर्दा र सोको कार्यान्वयन गर्दा साधन स्रोतको महत्तम उपयोगलाई जोड दिनु जरुरी छ।

३. **राजस्व परिचालन र बाँडफाँटः**

- प्रदेश र स्थानीय तहले आफ्नो करारोपणको विषयलाई विशेष जोड दिनु पर्ने देखिएको छ। वैधानिक कराधार अनुरुप करारोपण गर्नु र वैज्ञानिक ढंगले दर निर्धारण गर्न जरुरी रहेको देखिन्छ।
- साझा सूचीमा रहेका कर तथा शुल्कहरू कानून अनुसार तोकिएका तहले संकलन गरी समयमै बाँडफाँट एवम् हस्तान्तरण गर्न जरुरी छ।
- ढुँगा, गिट्टी, बालुवाको रोयल्टी स्थानीय तह सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले संकलन गर्दै आएका छन्। यसमा प्रदेशहरूले पनि बाँडफाँट वा हिस्सा पाउनु पर्ने आवाज उठेका छन्। साथै प्राकृतिक स्रोत भएकोले कानून अनुसार बाँडफाँट हुनु पर्ने विषय उठेको

सन्दर्भमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा सो विषयलाई स्पष्ट पार्ने वा अन्तर सरकारी वित्त परिषद्मा छलफल गरी यस विषयलाई निक्यौंल गर्नु जरुरी रहेको छ। नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, स्लेट) को उत्खनन तथा बिक्री र निकासीका सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्नु पर्ने देखिन्छ।

- छ हजार मिटर भन्दा तलका हिमाल आरोहण वापतको रोयल्टी पवर्तारोहण संघले उठाउँदै आएको छ। तीन तहका सरकार बाहेक अन्य निकायले रोयल्टी उठाउने कुरा संविधानमा नभएकोले यसलाई वैधानिक माध्यमवाट व्यवस्थापन गर्नु जरुरी रहेको छ।
- अन्तर प्रदेश तथा अन्तर स्थानीय तह कर तथा गैर करका दरहरूमा एकरुपता कायम गर्न निश्चित आधार र मापदण्ड तोक्न जरुरी छ।
- स्थानीय तहमा कार्यरत कर्मचारी तथा जन प्रतिनिधिहरूलाई राजस्व प्रशासन क्षमता अभिवृद्धिसम्बन्धी तालिम सञ्चालन गर्नु पर्ने देखिन्छ।
- संविधानले तोकेको राजस्वका अधिकारको कार्यान्वयनका लागि न्यूनतम मापदण्ड सहितको एकिकृत कर कानूनको खाका संघले तयार गरी प्रदेश र स्थानीय तहमा पठाउनु पर्ने देखिन्छ।
- राजस्व प्रणालीलाई प्रविधियुक्त बनाई सवै पालिकाहरूलाई महालेखा नियन्त्रक कार्यालयले SuTRA सँग आवद्ध गर्ने व्यवस्था मिलाउनु जरुरी छ।
- जग्गा मूल्याङ्कनका लागि नयाँ आधार तयार गरी कानून जारी गर्नु पर्ने अवस्था छ।

## ४. अनुदान व्यवस्थापन :

- प्रदेश र स्थानीय तहहरूबाट समानीकरण अनुदानको अंश बढ्नुपर्ने माग भएको पाइन्छ। समयसँगै भौतिक वा आर्थिक, सामाजिक र मानवीय सूचकहरू परिवर्तन हुने र विकासको अवस्था पनि परिवर्तन हुने हुँदा सो बिषयमा नेपाल सरकार, प्रदेश र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले समयबद्ध अध्ययन अनुसन्धान गर्नु गराउनु जरुरी छ। कार्य जिम्मेवारीको आधारमा वित्तीय हस्तान्तरणको अंश मिलाउनु जरुरी छ।
- वित्तीय समानीकरण तथा सशर्त अनुदानको आकार निर्धारण गर्ने सम्वन्धमा अध्ययन गरी कानून अध्यावधिक गर्न जरुरी रहेको छ।
- सशर्त अनुदान बाँडफाँट गर्दा तोकिएका आधारहरूलाई मध्यनजर गरी विनियोजन गर्ने संस्कृति विकास गर्नु जरुरी छ। यसरी आधार तोक्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले नेपाल सरकार र प्रदेश सरकारको सुझाव लिनु आवश्यक हुन्छ। सशर्त अनुदानमा हुन सक्ने दोहोरोपना हटाउन तथा आयोजनाहरू पूनःप्राथमिकीकरण गर्ने र यस्ता आयोजनामा बजेट प्रर्याप्त विनियोजन गर्ने व्यवस्था मिलाउनु जरुरी रहेको छ।
- समपूरक अनुदान वा विशेष अनुदान सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुने हुँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले निर्दिष्ट गरेका क्षेत्रहरूमा यी अनुदानहरू परिचालन हुनु जरुरी छ। यी दुई अनुदानबारे दुवै तहका क्षेत्रगत मन्त्रालयहरू पूर्ण रुपमा सूसुचित र सजग हुनु जरुरी छ।

- समपुरक तथा विशेष अनुदानमा सम्बन्धित आयोजना पुरा भएपछि मात्र त्यस्ता अनुदान अन्तर्गत नयाँ आयोजनाका लागि बजेट विनियोजन गर्नेतर्फ ध्यान पुऱ्याउन जरुरी देखिएको छ।

**५. ऋण व्यवस्थापन :**

वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारलाई हुने व्यवस्था नेपालको संविधानको धारा ५९ (७) मा रहेको छ। त्यस्तो सहायता र ऋण लिंदा देशको समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी लिनेतर्फ विशेष सजगता अपनाउन जरुरी देखिएको छ। ऋण व्यवस्थापन सम्बन्धमा निम्न कार्यहरू गर्न जरुरी छः

- प्रदेश र स्थानीय तहहरूको लागि ऋण उठाउने कानूनको खाका तयार गरी सवै प्रदेश र स्थानीय तहहरूलाई उपलव्ध गराउने र सम्बन्धित तहले ऋण व्यवस्था मान्य सिद्धान्तहरूको अधिनमा रही कानुन तर्जुमा गर्ने।
- अब हुने सम्झौताहरूमा त्यस्ता आयोजनाहरूमा नेपाल सरकारले सम्बन्धित प्रदेश र स्थानीय तहसँग छुट्टै ऋण संझौता गरी वैदेशिक ऋण व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

**६. समन्वय :**

नेपालमा संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सह अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने संवैधानिक व्यवस्था छ । वित्तीय संघीयताको कार्यान्वयन पनि तिनै सिद्धान्तहरूमा आधारित हुनु पर्दछ। यसका लागि निम्न संयन्त्रहरूमा निरन्तर छलफल, संवाद र समन्वय गर्नुपर्ने देखिन्छ ।

- नेपाल सरकारको अर्थमन्त्री अध्यक्ष रहने अन्तर सरकारी वित्त परिषद्
- विषयगत मन्त्रालयको मन्त्री संयोजक हुने विषयगत समिति

**७. आर्थिक अनुशासन र बजेटको प्रभावकारी कार्यान्वयनः**

तीनै तहमा आर्थिक अनुशासन र बजेटको प्रभावकारी कार्यान्वयनका लागि निम्न कार्य गर्नु जरुरी छ।

- सम्बन्धित सभाबाट बजेट पारित नगराई खर्च लेख्ने स्थानीय तहका सबै प्रकारका अनुदान रोक्का गर्ने र अनुदानको सही प्रयोग भए नभएको अनुगमन गर्ने विशेष संयन्त्र बनाउन जरुरी छ।
- खर्च नभएको सशर्त अनुदान, समपूरक र विशेष अनुदान आर्थिक वर्षको अन्त्यमा प्रदेश र स्थानीय तहबाट फिर्ता गर्ने कार्यलाई कडाईका साथ लागू गर्नु पर्दछ।
- प्रदेश भित्रका स्थानीय तहहरूको वित्तीय विवरण प्राप्त गरी स्थानीय तहको एकिकृत वित्तीय विवरण प्रदेश लेखा नियन्त्रकले तयार गर्नुपर्ने ।
- स्थानीय तहकालागि खर्चका मापदण्ड लागू गर्नुपर्ने।
- सबै तहका सरकारले कार्यान्वयन गर्ने योजना तथा क्रियाकलापहरूको कार्यात्मक वर्गीकरण एवम् क्रियाकलाप संकेत तयार गर्नुपर्ने।

**८. जनशक्ति व्यवस्थापन :**

- संघ, प्रदेश र स्थानीय तहमा जनशक्ति आपूर्ति र व्यवस्थापन गर्न विशेष पहल गर्नु पर्ने अवस्था देखिएको एवम् संघीयताको प्रभावकारी कार्यान्वयनका लागि संघीय निजामती सेवा ऐन शीघ्र जारी हुनु पर्ने देखिन्छ।

**९. सेवाको प्रभावकारिता :**

जुनसुकै तहको सरकार होस जनताले सेवा पाउनु पर्छ भन्ने संघीयताको मान्यतालाई नेपालमा पनि संवेदनशील रुपमा लागू गर्न जरुरी छ। जनतालाई प्रदान गर्ने सेवा प्रभावकारी रुपमा प्रवाह हुन सकेन भने व्यवस्थाप्रति जनतामा निराशा पैदा हुन्छ। यसले संविधानको मर्म माथि प्रहार गर्दछ। अतः तीनै तहले नेपाली जनतालाई कसरी प्रभावकारी रुपमा कूशलतापूर्वक सेवा प्रभाव गर्न सकिन्छ भनी निरन्तर चिन्तनशील हुनाका साथै आफ्ना प्रयासहरूलाई त्यसतर्फ केन्द्रित गराउन जरुरी छ। वित्तीय संघीयता अर्थात संघीय प्रणालीमा सरकारका तहहरू बीचको वित्तीय अन्तर सम्बन्ध पनि सोही रुपमा प्रयुक्त हुनु पर्दछ। सेवाको प्रभावकारीताको लागि साधन स्रोतको सही रुपमा उपयोग गर्ने तर्फ केन्द्रित हुन पर्दछ।

**१०. अन्तर सरकारी वित्तीय हस्तान्तरणको प्रभावकारी कार्यान्वयनका लागि अवलम्वन गर्नुपर्ने विषयहरुः**

- प्रदेश र स्थानीय तहबीचको वित्तीय हस्तान्तरण कार्यलाई निश्चित अवधिभित्र हस्तान्तरण हुने गरी स्वचालित बनाउनुपर्ने।
- रोयल्टीको दायरामा ल्याईनुपर्ने थप प्राकृतिक स्रोतहरू पहिचान गर्ने।
- वित्तीय हस्तान्तरण बारे सम्बन्धित सबै निकायहरूले जानकारी प्राप्त गर्न सक्ने गरी एकिकृत सूचना प्रणाली विकास गरी लागू गर्नु पर्ने।
- ऐन, नियम, कार्यविधि र मापदण्ड अनुसार वित्तीय हस्तान्तरण र सो सँग सम्बन्धित कार्यक्रमको प्रभावकारी कार्यान्वयन नगर्नेलाई आगामी आर्थिक वर्षमा वित्तीय हस्तान्तरण नगर्ने व्यवस्था प्रभावकारी रुपमा लागू गर्ने र गराउने।

# परिच्छेद पाँच
# राष्ट्रिय गौरवका आयोजनाको प्रगति विवरण

मुलुकको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने वृहत र राष्ट्रिय रणनीतिक महत्वका आयोजनाहरूलाई उच्च प्राथमिकतामा राखी नेपाल सरकारले आर्थिक वर्ष २०६८/६९ देखि विभिन्न १७ वटा आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा वर्गीकरण गरी कार्यान्वयन शुरू गरेकोमा आर्थिक वर्ष २०७९/८० सम्ममा यस्ता आयोजनाको संख्या २१ वटा पुगेको छ। समग्र अर्थतन्त्रलाई गतिशिल बनाई आर्थिक वृद्धि र रोजगारी सिर्जनामार्फत आर्थिक सामाजिक रूपान्तरणमा बहुआयामिक प्रभाव पार्ने हुँदा यी आयोजनाहरू राष्ट्रिय अर्थतन्त्रका मेरूदण्डका रूपमा रहेका छन्। राष्ट्रिय विकास र समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने उर्जा, हवाई मैदान, सडक, रेल, सिँचाइ, खानेपानी र पर्यटन क्षेत्रका आयोजनाहरूलाई उच्च महत्व एवम् प्राथमिकता दिई आवश्यक बजेट विनियोजन गर्ने गरिएको छ।

आयोजनाहरूको सघन अनुगमन गर्ने, राष्ट्रिय योजना आयोगबाट कार्यान्वयनमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने र कार्यान्वयनका क्रममा आइपर्ने समस्याहरूको सम्बन्धमा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट छलफल गरी त्यस्ता समस्या समाधान गर्ने गरिएको छ।

आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय गौरवका आयोजनाहरूको लागि रू.१ खर्ब ६६ अर्ब ६४ करोड ३९ लाख खुद बजेट विनियोजन गरिएकोमा रू.९२ अर्ब ५३ करोड १७ लाख खर्च भई वित्तीय प्रगति ५५.५३ प्रतिशत रहन गयो। विनियोजित बजेट र खर्चको विवरण अनुसूची १२ मा उल्लेख गरिएको छ।
राष्ट्रिय गौरवका आयोजनाहरूको आर्थिक वर्ष २०७९/८० को वार्षिक भौतिक तथा वित्तीय प्रगति विवरण देहाय बमोजिम रहेको छ।

तालिका ५.१ राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति

रू.लाखमा)

| क्र.स. | आयोजना/ कार्यक्रम | खुद बजेट | खर्च | खर्च प्रतिशत | भौतिक प्रगति (%) |
|---|---|---|---|---|---|
| १ | सिक्टा सिंचाइ आयोजना | १७,३७३ | ८,८५९ | ५०.९९ | २७.८३ |
| २ | बबई सिंचाइ आयोजना | १५,३४२ | १५,२१६ | ९९.१८ | ७०.०३ |
| ३ | रानी जमरा कुलरिया सिंचाइ आयोजना ( प्रणाली आधुनिकीकरण समेत) | २८,९६८ | १८,६३४ | ६४.३३ | ६६.९७ |
| ४ | भेरी - ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना | १३,९८० | १०,९७४ | ७८.५० | ६२.०० |
| ५ | बुढी गण्डकी जलविद्युत आयोजना | ३५,२२७ | १३,३८२ | ३७.९९ | १६.८७ |
| ६ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देशिय आयोजना | ५४,१६४ | ५३,९३५ | ९९.५८ | ९९.५८ |
| ७ | महाकाली सिंचाइ आयोजना (कन्चनपुर) | १२,६३० | १२,४४४ | ९८.५२ | १९.२९ |
| ८ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना( गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल) | २२,००० | ८,९१६ | ४०.५३ | ४०.५३ |
| १० | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | ४४,००० | १५,७८३ | ३५.८७ | १००.०० |
| ११ | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बारा | ७०० | ७०० | १००.०० | १००.०० |
| १२ | पशुपति क्षेत्र विकास कोष | २,४०० | २,१३७ | ८९.०४ | ९०.०० |
| १३ | लुम्बिनी विकास कोष | १५,५०० | १५,५०० | १००.०० | ८२.६० |
| १४ | पुष्पलाल राजमार्ग(मध्य पहाडी राजमार्ग) | ७५,८३८ | ६०,०१२ | ७९.१३ | ६४.३१ |
| १५ | हुलाकी राजमार्ग (पुलहरू समेत) | ७०,६८१ | ६९,०५० | ९७.६९ | ९१.०० |
| १६ | उत्तर दक्षिण राजमार्ग (कोशी, कालीगण्डकी र कर्णाली) | ४१,३३५ | ३८,५९४ | ९३.३७ | ९३.४७ |
| १७ | गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडक आयोजना | ७,९०२ | ५,८०२ | ७३.४३ | ७३.४३ |
| १८ | रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना | ४६,४९९ | २९,५५५ | ६३.५६ | ६५.०० |
| १९ | मेलम्ची खानेपानी आयोजना | ८,७७७ | ५,८८६ | ६७.०७ | ९९.५२ |
| २० | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | २१,६६७ | १९,७६४ | ९१.२२ | ९२.२९ |
| २१ | मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | ८९,५४८ | ७,१७५ | ८.०१ | ७.३२ |
| २२ | काठमांडौ-तराई मधेश फाष्ट ट्र्याक | २,११९,३०० | ४६७,६०० | २८.११ | २५.५४ |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

## ५.१ सिक्टा सिँचाइ आयोजना

सिक्टा सिंचाइ आयोजनाको कुल लक्षित सिंचाइ क्षेत्र ४२ हजार ७ सय ६६ हेक्टर मध्ये राप्ती नदीको पश्चिम तर्फ लक्षित ३३ हजार ९ सय ६६ हेक्टरमा सिंचाइ सुविधा विकासको लागि आर्थिक वर्ष २०६२/६३ देखि सिंचाइ संरचनाहरू निर्माण भई हालसम्म ४५.२५ कि.मी. मूलनहर र ३४ कि.मी. शाखा नहर निर्माण सम्पन्न भइसकेको छ। राप्ती पूर्व तर्फ आर्थिक वर्ष २०७४/७५ बाट प्रस्तावित करिव ५३.५ कि.मी. मूल नहर तथा शाखा नहरहरूको निर्माण व्यवसायीसँग निर्माण खरिद सम्झौता भई निर्माण कार्य भईरहेको अवस्था छ। भेरिएसन आदेश अनुसार उक्त ठेक्का बाट ३७+३०० चेनेज सम्म पक्कि संरचना सहितको मूल नहर तथा चेनेज ४४+९०० सम्म माटोको नहर निर्माण, र शाखा नहर (राजकुलो,S१,S२,S३,S४, फत्तेपुर) चालु आर्थिक वर्ष २०७९/०८० को सम्म सम्पन्न भएको देखिन्छ।

बहुवर्षीय रूपमा सञ्चालन हुने यस आयोजनाको शुरू गुरूयोजना (रू.१२ अर्ब ८० करोड) २०६४/८/३ मा आर्थिक वर्ष २०७०/०७१ सम्म सम्पन्न गर्नेगरी स्वीकृत भएको थियो। सो गुरू योजनामा तीन चरण (फेज) मा आयोजना सम्पन्न गर्ने कल्पना गरिएको तर पहिलो र दोस्रो चरण सम्मका कार्यका लागी मात्र १२.८ अर्ब को अनुमान गरिएको र तेस्रो फेजको लागत समावेस नभएको अवस्थामा राप्ती नदी पूर्व ९ हजार हेक्टर थप कमाण्ड एरिया हुने गरी पूर्वी मूलनहर पनि निर्माण गर्ने लगायत अन्य संरचनाहरू समावेश गरि आर्थिक वर्ष २०७६/७७ (१५ बर्ष) मा सम्पन्न गर्ने लक्ष्य सहित रू.२५ अर्ब २ करोड को संसोधित गुरूयोजना आर्थिक वर्ष २०७१/७२ मा स्वीकृत भएको देखिन्छ।

आर्थिक वर्ष २०७६/७७ मा सम्पूर्ण कार्य सम्पन्न गर्ने लक्ष्य सहितको स्वीकृत पछिल्लो खरिद गुरूयोजना अनुसारको लक्ष्य हासिल नभएको अवस्थामा सोहि लागत भित्र रही अध्यावधिक खरिद गुरुयोजनाको म्याद थपको प्रस्ताव पुनः पेश गर्ने निर्देशन/निर्णय भएकोमा आ.ब. २०७८/०७९ को असार मसान्तमा आयोजनाबाट भैरहेको निर्माण कार्यहरूको प्रगति र भविष्यमा गर्नुपर्ने बाँकि कार्यहरूको DPR प्रतिवेदन तथा अनुमानित लेखाजोखा गर्दै अद्यावधिक गरिएको संशोधित गुरुयोजना बमोजिमको लागत अनुमान रू.५२.८९ अर्बको सम्पूर्ण कार्यहरू आर्थिक वर्ष २०८९/९० सम्पन्न गर्ने गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम उर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालयबाट स्वीकृत भएको छ।

हाल सम्म आयोजना अन्तर्गत निर्माण सम्पन्न भएका मुख्य कार्यहरूः

१. ३ सय १२ मिटर लामो मूल बाँध सहितको हेडवर्क्स (Civil and Hydro mechanical works)
२. पश्चिम मूल नहर (४५.२५ कि.मी.)
३. जग्गा अधिग्रहण (११०.५५ हे.)
४. पश्चिम मूल नहरका ३ वटा शाखाहरू (अकलघरवा ४.६ कि मि , गोहवा २.०५ कि मि, प्रसेनीपूर ४.६ कि मि) सम्पन्न भई करिब १७ हजार हेक्टर खेतीयोग्य जमिनलाई सिंचित गरिरहेको छ। आर्थिक वर्ष २०७९/८० को खुद बजेट रू.१ अर्ब ७३ करोड ७३ लाख मध्ये रू.८८ करोड ५९ लाख खर्च भई बार्षिक प्रगति भौतिक २७.८३ प्रतिशत र वितिय प्रगति ५०.९९ प्रतिशत रहेको छ भन्ने आयोजनाको समष्टिगत प्रगति वित्तीय ३८.९६ प्रतिशत र भौतिक प्रगति ३९.७६ प्रतिशत रहेको छ।

## ५.२ बबई सिँचाइ आयोजना

बबई नदीमा बाँध निर्माण गरी बर्दिया जिल्लाका करिब ३६ हजार हेक्टर भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्य रहेको बबई सिँचाइ आयोजना आर्थिक वर्ष २०४५/४६ देखि सुरू भएको थियो। आयोजनाको प्रारम्भिक लागत अनुमान रू.२ अर्ब ८७ करोड रहेको थियो। आर्थिक वर्ष २०८२/८३

सम्म सम्पन्न हुने संशोधित लक्ष्य निर्धारण गरी कुल संशोधित लागत अनुमान रू.१८ अर्ब ९६ करोड कायम गरिएको छ।

आर्थिक वर्ष २०७९/८० मा निम्न बमोजिमका मुख्य क्रियाकलाप भएको छ।

| मुख्य क्रियाकलाप | आर्थिक वर्ष २०७९/८० को उपलब्धी | हालसम्मको उपलब्धी |
|---|---|---|
| जग्गा अधिग्रहण | | ४२३.४७ हे. |
| सिंचित क्षेत्र /बढीबाट क्षतिग्रस्त क्षेत्र तथा संरचना संरक्षण (नदी नियन्त्रण सम्बन्धी कार्य ) | ३.३५ कि.मि. | २५.२५ कि.मि. |
| मूल नहर निर्माण कार्य | ०.६८ कि.मि. | ८१.०८ कि.मि. |
| शाखा/उपशाखा नहर निर्मण कार्य | २६.८३ कि.मि. | २९२.३३ कि.मि. |
| हेडवकर्स निर्माण (सिभिल कार्य) | | १ वटा |
| सिंचित क्षेत्र विकास तथा विस्तार कार्य | १४२० हे. | ३४१० हे. |
| साइफन निर्माण तथा बाढी बाट क्षतिग्रस्त साइफन पुनःनिर्माण | | १०० प्रतिशत |
| बाढीबाट क्षतिग्रस्त संरचना निर्भाण तथा संरक्षण कार्य | | २५.९१ कि.मि. |
| हाल सम्मको वित्तीय प्रगती प्रतिशत | | ६६.८७ प्रतिशत |
| हाल सम्मको भौतिक प्रगती प्रतिशत | | ७०.०३ प्रतिशत |

आर्थिक वर्ष २०७९/८० मा यस आयोजनाको लागि रू. १ अर्ब ५३ करोड ४२ लाख खुद बजेटमा रू.१ अर्ब ५२ करोड १६ लाख खर्च भएको र आयोजनाको लागि हाल सम्म जम्मा रू. १२६७९९.३९ लाख खर्च भई भौतिक प्रगति ७०.०३ प्रतिशत रहेको छ।

## ५.३ रानी जमरा कुलरीया सिँचाइ आयोजना

कैलाली जिल्लाका साविकका ८ वटा गा.वि.स. हालको जानकी गाउँपालिका, लम्कीचुहा न.पा. र टिकापुर नगरपालिकाको कुल २० हजार ३ सय हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने र ४.७ मेघावाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेको आयोजना आर्थिक वर्ष २०६७/६८ बाट शुरु भई संशोधित कार्य तालिका अनुसार आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न हुने लक्ष्य रहेको छ। आयोजनाको

शुरु लागत अनुमान रू.१२ अर्ब ६३ करोड रहेकोमा हाल रू.२७ अर्ब ७० करोड २४ लाख पुग्ने संशोधित अनुमान रहेको छ।

इन्टेकको गेट जडान तथा अटोमेशन कार्य सम्पन्न, जल विद्युत निर्माणतर्फ इलेक्ट्रोमेकानिकल तथा हाइड्रोमेकानिकल कार्यबाहेक अन्य सम्पूर्ण कार्य सम्पन्न, लम्की विस्तार नहरका सम्पूर्ण चेनेजमा नहर निर्माण कार्य सम्पन्न एवम् संरचना निर्माण सम्पन्न, कर्णाली नदीका अति आवश्यक एवम् जोखिमयुक्त ठाउँमा नदी नियन्त्रण कार्य गर्न ठेक्का लगाउने कार्य गरिदै, अन्य नदीहरूमा नदी नियन्त्रण कार्य सम्पन्न (डल्फिन एरियाः१.४३ कि.मी., चोरी, चरेला र रोरा नदीः ७.७८ कि.मी. ) विश्व बैंकको ऋण सहयोगमा संचालित सिंचित क्षेत्र बचावट कार्य अन्तर्गत पथरैया नदी ४.१० कि.मी. कार्य हुदै, कमाण्ड क्षेत्र विकास कार्य र सुपरिवेक्षक कन्सल्टेन्ट कार्यका लागि अन्तराष्ट्रिय स्तरको खरिद कार्य सम्पन्न भएको छ। साथै पथरैया नदीमा पुल निर्माण, कृषि ग्रामीण सडक स्तोरन्नति कार्य, धोबीनी खोला जलाधार क्षेत्र व्यवस्थापन कार्यको ठेक्का सम्झौता भइ निर्माण कार्य द्रुत गतिमा अगाडि बढेको छ।

आर्थिक वर्ष २०७९/८० मा रू.२ अर्ब ८९ करोड ६८ लाख विनियोजन भएकोमा रू.१ अर्ब ८६ करोड ३४ लाख खर्च भएको छ। प्रस्तुत आयोजनाको लागि हालसम्म रू. १८ अर्ब १७ करोड २३ लाख खर्च भई भौतिक प्रगति ६६.९७ प्रतिशत र वित्तीय प्रगति ६४.३३ प्रतिशत रहेको छ।

## ५.४ भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

सुर्खेत जिल्लामा आयोजनास्थल रहेको भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना आर्थिक वर्ष २०६८/६९ मा शुरु गर्ने उल्लेख भएकोमा आर्थिक वर्ष २०७१/७२ बाट निर्माण कार्य शुरु भई आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा संशोधित कार्यतालिका अनुसार बबई मान खोला डाईभर्सन आयोजना समेत आर्थिक वर्ष २०८४/८५ मा सम्पन्न हुने अपेक्षा गरिएको छ। यो आयोजनाबाट बाँके र बर्दिया जिल्लाको थप करिब ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने तथा करिब १ सय ५२ मिटर हेडको सदुपयोग गर्दै नियमित रूपमा ४६.८ मेघावाट जलविद्युत उत्पादन हुनेछ। आयोजनाको शुरू लागत अनुमान रू.१६ अर्ब ४३ करोड रहेकोमा हाल रू.३८ अर्ब ८० करोड ७७ लाख लाग्ने संशोधित अनुमान रहेको छ।

आर्थिक वर्ष २०७५/७६ मा नेपालमा नै प्रथम पटक टनेल बोरिङ्ग प्रविधिको प्रयोगबाट १२.२ कि.मि. शुरुङ्ग ब्रेकथ्रु सम्पन्न भएको थियो। बाँध तथा विद्युत गृहको सिभिलतर्फको निर्माण कार्य भइरहेको छ भने हाइड्रोमेकानिकल र ईलेक्ट्रोमेकानिकल सम्बन्धी कार्यको पनि खरिद सम्झौता सम्पन्न भई हाल कार्यक्षेत्रमा निर्माण व्यवसायीहरूले आफ्नो कार्यहरू गरिरहेको अवस्था छ। बाँध स्थलको जग्गा प्राप्तिको लागि मूल्य निर्धारण भई रैकर जग्गाको मुआब्जा वितरण छिटपुट बाहेक सम्पन्न भैसकेको छ भने ऐलानी जग्गाको हकमा आवश्यक प्रक्रियामा रहेको छ। सामाजिक विकास तथा भेरी करिडोर उप-आयोजना अन्तर्गत सतह सिँचाइ निर्माण तथा पुनर्स्थापना एवम् लिफ्ट सिँचाइसम्बन्धी कार्यहरू भइरहेको छ।

Headworks मा 6 bays Spillways मध्ये 2 bays सम्मको निर्माण कार्य भैरहेको, Settling basin को लागि आर. सि. सि. ढलान कार्य सुचारु रहेको, Headwork Site मा Diversion Road सम्पन्न भएको,चिप्ले खोल्सी Diversion निर्माणको पहिलो चरण सम्पन्न भई दोश्रो चरणको कार्यहरू सुचारु रहेको, पावरहाउस निर्माण स्थलमा Excavation कार्य भईरहेको, Surge Shaft का लागि Access Road निर्माण तथा Excavation का साथै बोर पाईलिङ्गको कार्य भएको छ।

आर्थिक वर्ष २०७९/८० मा रू.१ अर्ब ३९ करोड ८० लाख खुद बजेट रहेकोमा रू.१ अर्ब ९ करोड ७४ लाख खर्च भएको छ। प्रस्तुत आयोजनाको लागि हाल सम्म जम्मा रू.१६ अर्ब ५२ करोड ८१ लाख खर्च भएको र हाल सम्मको भौतिक प्रगति ६२ प्रतिशत र वित्तीय प्रगति ४७.६७ प्रतिशत रहेको छ।

## ५.५ माथिल्लो तामाकोशी जलविद्युत आयोजना

दोलखा जिल्लाको लामाबगरमा निर्माणाधीन यो आयोजना स्वदेशी लगानीमा सम्पन्न हुँदैछ। कुल ४ सय ५६ मेगावाट विद्युत उत्पादन क्षमता रहेको आयोजना आर्थिक वर्ष २०६७/६८ देखि शुरु भई आर्थिक वर्ष २०७२/७३ मा सम्पन्न हुने अनुमान रहेको भएतापनि भूकम्प लगायतका अन्य कारणले आयोजना आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न हुने संशोधित अनुमान थियो। आयोजनाको प्रारम्भिक अनुमानित लागत रू.३५ अर्ब २९ करोड रहेकोमा निर्माण अवधि लम्बिन गई संशोधित लागत करिब रू.५२ अर्ब ८ करोड पुग्ने अनुमान गरिएको छ।

यस आर्थिक वर्ष २०७७/७८ को असाढ मसान्तसम्ममा २ वटा युनिट ७६ मेघावाटका गरी १ सय ५२ मेघावाट राष्ट्रिय प्रशारण ग्रीडमा आबद्ध भई सञ्चालनमा आएको छ। बाँकीका चार युनिट (४×७६=३०४ मेघावाट) तयारी अवस्थामा रहेको छ ।

## ५.६ बुढीगण्डकी जलविद्युत आयोजना

धादिङ्ग र गोरखा जिल्ला भई बग्ने बुढी गण्डकी नदीमा सञ्चालनमा रहेको आयोजनाबाट कुल १ हजार २ सय मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राखिएको थियो। आर्थिक वर्ष २०६९/७० मा शुरू भई आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न हुने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०८३/८४ मा सम्पन्न गर्ने संशोधित तालिका रहेको छ। आयोजनाको अनुमानित कुल लागत रू.२ खर्ब ६० अर्ब रहेको छ।

डुवान क्षेत्रमा पर्ने ५८ हजार १ सय ५३ रोपनी जग्गामध्ये यस आर्थिक वर्षमा ४८ हजार ८ सय ८४ रोपनी जग्गाको मुआब्जा बापत रू.३४ अर्ब २ लाख वितरण भई (८० प्रतिशत) जग्गाको मुआब्जा वितरण सम्पन्न भएको छ। हालसम्म निर्माण कार्यको Modality तय नहुँदा आयोजनाको निर्माणले गति लिन सकेको छैन। साथै, फिल्डबुकमा कायम भएका तर लालपुर्जा नभएका जग्गाको मुआब्जा वितरणमा कठिनाई तथा पुनर्वास/पुनर्स्थापना नीति नहुनु पनि समस्याको रुपमा देखिएका छन्।

आर्थिक वर्ष २०७९/८० को भाद्र महिनामा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट कम्पनी मोडलमा निर्माण गर्ने गरी बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड स्थापना भएको र आर्थिक वर्ष २०८०/८१ को लागि कम्पनीको शेयर पुँजी तथा रजिष्ट्रेशन दस्तुर वापत १ अर्व विनियोजन भएको छ।

## ५.७ पश्चिम सेती जलविद्युत आयोजना

सुदूरपश्चिम प्रदेशको बझाङ्ग, डँडेलधुरा, डोटी र बैतडी जिल्लामा निर्माण हुने पश्चिम सेती जलविद्युत परियोजना हालको अवस्थामा ७ सय ५० मेगावाट जलविद्युत उत्पादन हुने जलाशययुक्त (Reservoir) परियोजना हो। आयोजनाको कुल अनुमानित लागत रू.१ खर्ब ४८ अर्ब ७ करोड रहेको छ। आयोजनाको सम्भाव्यता अध्ययन नै सम्पन्न भई नसकेकाले यसको भौतिक तथा वित्तीय प्रगति प्राप्त हुन सकेको छैन। आयोजनाको निर्माण तथा लगानीका लागि लगानी बोर्डबाट काम अगाडि बढाइएको छ।

## ५.८ सुनकोशी मरिन डाइभर्सन बहुउद्देशीय आयोजना

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना सिन्धुली र रामेछाप जिल्लाको सिमानामा अवस्थित सुनकोशी नदीको पानीलाई बाँध बाँधी १३.३ कि.मी. लामो सुरुङ मार्फत मरिन नदीमा खसाली बागमती नदी हुँदै बागमती सिंचाइ आयोजनामा पुर्याउने र हाल सिंचाइ भइरहेको ४५ हजार ६ सय हेक्टर जमीन सहित धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाहरूको कूल जम्मा १ लाख २२ हजार हेक्टर जमीनमा वर्षैंभरी सिंचाइ सुविधा पुऱ्याउने प्रमुख उद्देश्य रहेको छ। साथै मरिन नदीमा पानी पथान्तरण गरि प्राप्त हुने ६६.२९ मिटरको Gross Head को उपयोगले करिब ३१.०७ मेगावाट जलबिद्युत उत्पादन गर्ने सहायक उद्देश्य समेत रहेको छ। बागमती प्रदेशको सिन्धुली जिल्ला स्थित यस आयोजानाले मधेस प्रदेशको ५ वटा उर्वर भूमि रहेको जिल्लाहरूमा वर्षैंभरी सिंचाइ सुविधा पुऱ्याई कृषि उत्पादकत्वको वृद्धी तथा किसानहरूको जिविकोपार्जनमा उल्लेख्य सुधार गर्नुका साथै जलविद्युत समेत उत्पादन गरि सिंगो देशको अर्थतन्त्रमा टेवा दिनुका साथै प्रादेशिक सन्तुलनमा समेत योगदान दिने यस सुनकोशी मरिन डाइभर्सन

बहुउद्देश्यीय आयोजना राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजनाको रूपमा कार्यान्वयनको चरणमा छ। यस आयोजनाको कुल लागत अनुमान रू.४६ अर्ब १९ करोड ३९ लाख रहेको छ।

यस आयोजना अन्तरगत सिन्धुली जिल्लाको खुर्कोट देखि करिब २ कि. मि. माथि (सुनकोशी र तामाकोशी नदिको दोभान भन्दा करिब ९ सय ५० मि. तल) सुनकोशी गा.पा. वडा नं. ७ कानढुङ्ग्री स्थित सुनकोशी नदीमा बाँध निर्माण हुनेछ भने बिद्युत गृह, सर्जसाफ्ट, स्विचयार्ड लगायत अन्य संरचना सिन्धुली जिल्लाको कमलामाइ न.पा. वडा नं. २ कुसुमटारमा निर्माण हुनेछ। यस आयोजनाको निर्माण कार्य आर्थिक वर्ष २०७७/७८ मा शुरु गरी आर्थिक वर्ष २०८४/८५ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ। सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट निम्नानुसारका उपलब्धिहरू हासिल हुनेछन्।

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्ला अन्तर्गतको कुल १ लाख २२ हजार हेक्टर जमीनमा वर्षैंभरी सिंचाइ सुविधा पुगी कृषि एवम् नगदेवालीको उत्पादन र उत्पादकत्व वृद्धि भै आत्मनिर्भर अर्थतन्त्रमा सघाऊ पुग्नुका साथै ३१.०७ मेगावाट जलविद्युतको उत्पादनबाट औद्योगिक विकासमा टेवा पुग्नुका साथै अन्य आमोद-प्रमोद, पर्यटन तथा वातावरणीय उपलब्धिहरू हासिल हुनेछन्। जिल्लाका कृषियोग्य जमिनमा बाह्रै महिना सिंचाइ सुविधा पुऱ्याउनुको साथै सतह र भूमिगत जलस्रोतको संयोजनात्मक रुपमा उपयोग गरी उर्वर भूमिबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी मद्दत पुऱ्याउनेछ। आयोजनाको विकासबाट जलस्रोत तथा सिंचाइ विभागमा कार्यरत प्राविधिक जनशक्तिको बहुद्देश्यीय तथा अन्तर जलाधार जलस्रोत आयोजनाहरूको विकासको लागि क्षमता अभिवृद्धि हुनुको साथै यस्तै प्रकृतिका अन्य आयोजनाहरू निर्माण गर्न सहयोगी सिद्ध हुनेछ।

यस आयोजनाले मरिन नदी नियन्त्रण तथा मरिन नदी किनार स्थित कृषक कुलोहरूको समेत पुनःस्थापना गर्ने गरि गुरुयोजनामा समेटेको छ। आयोजनाको कार्यान्वयन सँगै सो गुरुयोजनाको समेत कार्यान्वयन हुने र मरिन नदी आसपासका वासिन्दाका आर्थिक समुन्नती हुनेछ। रामेछाप जिल्लाको तामाकोशी नदिमा डुबानमा पर्ने जग्गाको सुरक्षाका साथै हात्तीटार स्थित करिब २५ हेक्टर जग्गाको उकास गरी वर्षौं देखि भोगचलन गरिरहेका माझी समुदायलाई नै हस्तान्तरण गर्ने कार्यले अल्पसंख्यक तथा सिमान्तकृत समुदायको समुत्थानमा सहयोग पुग्नेछ।

आयोजना सञ्चालन पश्चात् सुनकोशी र तामाकोशी क्षेत्रमा बसोवास गर्ने जनसंख्याको वहुआयामिक विकास हुने अपेक्षा गरिएको छ। सो क्षेत्रमा माछा पालनदेखि आन्तरिक तथा बाह्य पर्यटनको उल्लेख्य वृद्धि हुनुका साथै मनोरञ्जन तथा ताल/जलाशयमा पर्यटन व्यवसाय समेत फस्टाउने निश्चित छ। यसले गर्दा यहाँका स्थानिय वासिन्दाको आयआर्जन वृद्धि भई जीवनस्तरमा सुधार हुनेछ।

आयोजनाको पहिलो चरणको कार्य अन्तर्गत सुरुङ निर्माणको लागि निर्माण व्यबसायी M/S China Overseas Engineering Group Co. Ltd., China (COVEC) संग 19th March, 2021 मा निर्माण सम्झौता भएको छ। TBM Inlet Portal, Segment plant, Crushing plant, TBM Platform, Batching Plant, Starter Tunnel को निर्माण कार्य सम्पन्न भएको छ। TBM Re-engineering कार्य सम्पन्न भई TBM को प्रयोगबाट सुरुङ्ग निर्माणको अन्तिम चरणमा रहेको छ। आयोजनाको दोस्रो चरणको कार्य अन्तर्गत बाँध (Barrage), Surge Shaft, बिद्युत गृह र हाइड्रो मेकानिकल लगायतका संरचनाहरूको निर्माण कार्यको साथै बि.पि. राजमार्गको ९ सय ६५ मि. Realignment तथा ७४१० मिटर भूमिगत सुरुङ्ग निर्माण कार्य सम्पन्न भएको, Service road निर्माण कार्य समेत रहेको छ। जग्गा अधिग्रहणको सम्बन्धमा रामेछाप जिल्ला अन्तर्गतको डुवानमा पर्ने जग्गाको मूल्याङ्कन सम्पन्न भइ मुआब्जा वितरणको कार्य भइरहेको छ। सिन्धुली जिल्ला तर्फको जग्गाको मूल्याङ्कन सम्पन्न भइ मुआब्जा वितरणको कार्य सम्पन्न भैसकेको छ।

आ. व. २०७९/८० को खुद बजेट रू. ५ अर्ब ४१ करोड ६४ लाखमा रू.५ अर्ब ३९ करोड ३५ लाख खर्च भई वित्तिय प्रगति ९९.५८ % रहेको छ।

## ५.९ महाकाली सिँचाइ आयोजना

नेपाल भारत बीच सन् १९९६ फेब्रवरी १२ मा भएको महाकाली नदी, शारदा ब्यारेज र टनकपुर व्यारेज तथा पञ्चेश्वर आयोजनासमेत एकीकृत विकास सन्धी अनुसार प्राप्त पानीबाट सुदूरपश्चिम प्रदेशको कञ्चनपुर र कैलाली जिल्लाका ७ वटा नगरपालिकाको ३५ हजार ५ सय २० हेक्टर खेतियोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराई गरिवी निवारणमा टेवा पुऱ्याउने उद्देश्यका साथ आयोजना शुरु गरिएको हो।

आयोजना आर्थिक वर्ष २०६३/६४ देखि शुरूवात गरी आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न गर्ने लक्ष्य भएतापनि आर्थिक वर्ष २०८७/८८ मा सम्पन्न हुने गरी संशोधित कार्यतालिका तय गरिएको छ। आयोजनाको प्रारम्भिक लागत अनुमान रू.११ अर्ब २७ करोड भएतापनि संशोधित लागत अनुमान रू.३५ अर्ब पुगेको छ।आयोजनालाई मिति २०७७/८/३० को निर्णयानुसार राष्ट्रिय गौरवको आयोजनाको रूपमा सूचीकृत गरिएको हो।

आयोजनाबाट १५१.१८ कि.मि मूल नहर, १७२.०३ कि.मि. शाखा नहर, १०२३.५० कि.मि. प्रशाखा नहर, ५१ वटा नहर साइफन, १ सय २२ वटा ड्रेन साइफन, ६ वटा राजमार्ग पुल, १ सय ७४ वटा सडक पुल, ४ सय ३५ वटा ग्रामिण सडक पुल, ६ वटा एक्वाडक्ट, ७२ वटा स्केप स्ट्रक्चर र ३ सय ९४ वटा डप स्ट्रक्चर निर्माण एवम् १२०० हेक्टर जग्गा अधिग्रहण गर्ने लक्ष्य रहेको छ। आयोजनाबाट हालसम्म २६.२० कि.मि. मूल नहर, १४ वटा नहर साइफन, २१ वटा ड्रेन साइफन, ३ वटा राजमार्ग पुल, २ वटा सडक पुल, ३५ वटा ग्रामिण सडक पुल, २ वटा स्केप स्ट्रक्चर र १ वटा डप स्ट्रक्चर निर्माण एवम् १ सय ८५ हेक्टर जग्गा अधिग्रहण गरिएको छ।

यस आयोजनाका लागि आर्थिक वर्ष २०७९/८० मा रू.१ अर्ब २६ करोड ३० लाख विनियोजन भएकोमा रू. १ अर्ब २४ करोड ४४ लाख खर्च भएको हाल सम्म प्रस्तुत आयोजनामा रू.६ अर्ब ५९ करोड ६५ लाख खर्च भइ सोको भौतिक प्रगति १९.२९% प्रतिशत र वित्तीय प्रगति ९९.९६% प्रतिशत रहेको छ।

## ५.१० दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना (गौतम बुद्ध अन्तर्राष्ट्रिय बिमानस्थल)

देशमा रहेको एक मात्र अन्तर्राष्ट्रिय बिमानस्थलको हवाई चापलाई व्यवस्थापन गरी पर्यटन क्षेत्रको प्रवर्द्धन र विकासमा टेवा पुऱ्याउने उद्देश्यले वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थनको निर्माण कार्य शुरु गरिएको हो। लुम्बिनी प्रदेशको रूपन्देही जिल्लास्थित भैरहवामा रहेको आयोजना सन् २०१५ मा शुरु भई सन् २०१७ को डिसेम्बरमा सम्पन्न हुने अपेक्षा गरिएकोमा उक्त अवधिभित्र निर्माण कार्य सम्पन्न हुन नसकेको हुँदा संशोधित कार्यतालिकाअनुसार ३१ मार्च, २०२१ मा सम्पन्न गर्ने लक्ष्य रहेको थियो।

यस आयोजनाको संशोधित लागत रू. ७ अर्ब १४ करोड पुग्ने अनुमान गरिएको छ। निर्माणमार्फत दिगो पर्यटन विकास गर्ने लक्ष्यसहित निर्माण गरिएको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग (१५०० मी. x ३० मी.) स्तरोन्नति गरी (३००० मी. x ४५ मी.) को नयाँ धावनमार्ग निर्माण, अन्तर्राष्ट्रिय भवन, एयरपोर्ट अपरेशन, प्रशासनिक भवन, कन्ट्रोल टावर, अग्नि नियन्त्रण तथा जीवनोद्धार भवनलगायत सञ्चार तथा पथ प्रदर्शक सामग्री जडान गरी अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा स्तरोन्नति गर्ने उद्देश्य रहेको छ।

यस आर्थिक वर्षमा धावन मार्ग, ट्याक्सी वे, पार्किङ्ग क्षेत्र (एप्रोन) को निर्माण कार्य सम्पन्न भई विद्युतीय कामसमेत सम्पन्न भइसकेको छ। प्रशासकीय भवन, कन्ट्रोल टावरको निर्माण कार्य सम्पन्न भई Equipment Installation Work समेत सम्पन्न भएको छ। अन्तर्राष्ट्रिय टर्मिनल भवनमा फिनिसिङ्ग तथा Equipment Installation को काम अन्तिम चरणमा पुगेको छ भने पेरिमिटर रोड, ड्रेनेज, फेन्सिङ्ग, पानी ट्याङ्की, कार पार्किङ्ग, फायर विल्डिङ्ग, पेरिमिटर रोडको कामसमेत भइसकेको छ। टर्मिनल भवनमा सञ्चार उपकरणहरूको जडान गर्ने कार्य सम्पन्न भई सञ्चालनमा आएको छ।

३००० मिटर लम्बाईको धावन मार्ग, ट्याक्सी वे, ५ ओटा अन्तराष्ट्रिय स्तरका जहाज विश्राम गर्न सक्ने पार्किङ्ग क्षेत्र (एप्रोन), अन्तर्राट्रिय टर्मिनल भवन (प्रति घण्टा ५०० यात्रुलाई सेवा दिन सक्ने), प्रशासकिय भवन, कन्ट्रोल टावर, पेरिमिटर रोड, ड्रेनेज, फेन्सिङ्ग, पानी ट्याङ्की, कार पार्किङ्ग,फायर विल्डिङ्ग निर्माण,सञ्चार उपकरण (CNS) आयात, जडान, टेष्टिङ्ग एवम् कमिसनिङ्ग समेतका कार्यहरू सम्पूर्ण रुपमा सकी Calibration Flight पश्चात विमानस्थल सञ्चालन योग्य भएको र May १६, २०२२ देखि विमानस्थल व्यावसायिक रुपमा सञ्चालनमा आएको छ। आयोजनाको भौतिक प्रगति १००% र वित्तिय प्रगति १००% रहेको छ।

## ५.११ पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थल

पोखरामा नयाँ विमानस्थल बनाउनको लागि छिन्नेडाँडामा वि.सं. २०३२ सालमा नै ३१०६ रोपनी जग्गा अधिग्रहण गरिएको। उक्त स्थानमा अन्तराष्ट्रिय विमानस्थल बनाउन नेपाल सरकारबाट निर्णय भए पश्चात् आवश्यक थप जग्गा अधिग्रहण गरि कुल ३८९९ रोपनी जग्गामा यस विमानस्थल क्षेत्र फैलिएको छ। यो नेपालको गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिकाको वडा नं. १४ र १५ मा अवस्थित रहेको छ। ICAO अनुसार 4D Category को विमानस्थल निर्माण गरिएको छ।

- २५०० मिटर को धावनमार्ग, ट्याक्सी वे ,एप्रोन, आइसोलेटेड पार्किङ एवम्म् Access Road तथा विद्युतीकरण सम्बन्धी कार्य सम्पन्न भई Drainage Outlet Structure निर्माण कार्य सम्पन्न भएको।
- अन्तर्राष्ट्रिय टर्मिनल भवन, ह्याङ्गर, प्रशासनिक भवन एवम्म् कन्ट्रोल टावर संरचना निर्माणको कार्य सम्पन्न।
- थप जग्गा अधिग्रहणको मुआब्जा बितरण कार्य ९९.५% सम्पन्न।

देशकै प्रमुख पर्यटकीय क्षेत्रको रुपमा रहेको गण्डकी प्रदेशमा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरी पर्यटन उद्योगको प्रवर्द्धन गर्ने उद्देश्यले कास्की जिल्लाको पोखरा महानगरपालिकामा आयोजनाको निर्माण कार्य शुरु गरिएको हो। आर्थिक वर्ष २०६८/६९ मा चीन सरकारको ऋण लगानीबाट स्रोत व्यवस्थापन गरी प्रारम्भ भएको यस आयोजनालाई आर्थिक वर्ष २०७८/७९ मा सक्ने लक्ष्य रहेको थियो। संशोधित कार्यतालिका अनुसार आर्थिक वर्ष २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। यो आयोजनाको कुल अनुमानित लागत रू.२१ अर्ब ६० करोड रहेको छ।

यस अवधिमा Pavement को Joint मा Sealant, टर्मिनल भवन, ह्याङ्गर, कार्गो भवन, कन्ट्रोल टावरलगायतका सम्पुर्ण १४ वटा भवनहरूको Structural कार्य सम्पन्न Decoration, Finishing, Electrification, MEPF लगायतका कार्यहरू समेत सम्पन्न भएको छ। साथै, Airport Fencing को कार्य सम्पन्न भइसकेको छ भने WAM System ,Glide Path, Localizer जडान कार्य अगाडि बढिहरेको छ। DVOR, DME, CCTV,Public Address System,Flight Information Display System (FIDS)लगायतका Equipment हरू निर्माणस्थलमा आइपुगेको अवस्था छ।

बिमानस्थल क्षेत्र भन्दा बाहिर उत्तर तर्फ करिब ४ कि.मि.मणिपाल ,सेतिनदि, काहुँखोला (देखि करिब ५०० हेक्टर जग्गाको बर्षात को समयमा बग्ने पानी, भित्री सडक र पृथ्वी राजमार्गको नालाबाट र सिचाँइको नहरबाट बगेर आउने पानी एकत्रित भई बिमानस्थल क्षेत्रमा भलबाढी आई नालाहरू भात्काउने तथा पुर्बी भागमा पहिरो समेत गई जग्गा कटान हुने गरेको ।

उक्त समस्याको समाधानको लागि अध्ययन भई प्रतिबेदन समेत तयार भईसकेको अवस्थामा जलस्रोत तथा सिंचाई बिभाग, सडक बिभाग तथा पोखरा महानगरपालिकाबाट कार्यान्वयनमा जानुपर्ने ।

चालु आर्थिक वर्षमा बिमानस्थल निर्माण कार्यको लागि रू.४ अर्ब ४० करोड विनियोजन भएकोमा १ अर्ब ५७ करोड ८३ लाख खर्च भई भौतिक प्रगति १०० प्रतिशत र केही रकम भुक्तानी गर्न बाँकी भएकोले वित्तीय प्रगति ३६ प्रतिशत रहेको छ।

## ५.१२ निजगढ अन्तर्राष्ट्रिय बिमानस्थल

हवाई सेवालाई सुरक्षित, भरपर्दो, स्तरीय, सुलभ, सर्वसाधारणको पहुचयोग्य, दिगो एवम् प्रभावकारी तुल्याउदै उदार आकाश नीतिको अवधारणामा निजी क्षेत्रको समेत सहभागिता अभिवृद्धि गरी हवाई यातायात प्रणालीको विकास गर्ने हवाई नीति २०६३ को लक्ष्य रहेको र उक्त निति बमोजिम नेपालको हवाई यातायात प्रणाली मध्ये हवाई यातायातसँग सम्बन्धीत संरचनाहरूको निर्माण तथा बिस्तार गर्न अति आवश्यक देखिन्छ साथै अन्तर्राष्ट्रिय स्तरको अत्याधुनिक सुबिधा सम्पन्न विमानस्थलको निर्माणका लागि नेपालका प्राकृतिक, सांस्कृतिक, जैविक एवम् मानवनिर्मित सम्पदाहरूको संरक्षण तथा प्रवर्धन गर्दै नेपाललाई विश्व मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्यस्थलको रूपमा विकास गर्नु पर्यटन क्षेत्रको दीर्घकालीन दृष्टिकोण तथा लक्ष्य रहेकोले हवाई यातायात प्रणालीको विकास विना उक्त लक्ष्य हासिल गर्न सकिदैन तसर्थ सुदृढ हवाइ यातायात प्रणालीको विकास गर्न, एक सुबिधा सम्पन्न अन्तर्राष्ट्रिय विमानस्थल निर्माणगर्न कोल्हवी नगरपालिका र जीतपुरसिमरा उ.म.न.पा भित्रको क्षेत्र प्रयोगमा ल्याउने निर्णय सहित अगाडी बढाएको आयोजना हो ।

मुलुकको पर्यटकीय गतिविधि अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको बारा जिल्लामा प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थल आयोजना आर्थिक वर्ष २०७१/७२ मा शुरु भई आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न हुने अपेक्षा गरिएको थियो। तथापी, आयोजना निर्माणको मोडालिटी सम्बन्धमा निर्णय हुन नसक्दा हाल पूर्व तयारीका कार्यहरूमात्र भइरहेको छ। आयोजनाको कुल अनुमानित बजेट रू.१ खर्ब ६५ अर्ब रहेको छ। आयोजनाको मुख्य कामहरू सुरु नभइसकेको हुँदा प्रारम्भिक चरणका नदी नियन्त्रण, मुआब्जा वितरण, Preparation Of Updated Airport Master Plan लगायतका कार्यहरू भइरहेका छन्। आयोजनाका लागि चालु आर्थिक वर्ष २०७८/७९ मा रू.३६ करोड बजेट विनियोजन भएकोमा शत प्रतिशत खर्च भएको छ भने आयोजनाको मुख्य कामहरू सुरु नभएको, पूर्व तयारीको काम भइरहेको।

सम्मानित सर्वोच्च अदालतको मिति २०७९।२।१२ को परमादेश अनुसार दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न मिति २०७९।४।२६ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम गठन भएको विज्ञ समूहको अध्ययन प्रतिवेदन मिति २०७९।५।२९ मा नेपाल सरकारलाई पेश भैसकेकोमा हालसम्म कुनै निर्णय नभएकोले आयोजनाको कुनै निर्माण कार्य अघि नबढेको।

## ५.१३ पशुपति क्षेत्र विकास कोष

पशुपति विकास कोष पशुपति विकास कोष ऐन, २०४४ बमोजिम स्थापित संगठित संस्था हो। पशुपति क्षेत्र भित्रका पुरातात्त्विक सम्पदा संरक्षण सम्वर्द्धन, दर्शनार्थी तीर्थयात्रीको सुविधाका लागि भौतिक पूर्वाधार

विकास, शवदाह गृह सञ्चालन, किरियापुत्री सेवा सञ्चालन तथा वातावरणमा सुधार समेतको वृहत गुरूयोजना तयार गरी कार्यान्वयनमा ल्याउने अपेक्षा राखिएको छ। यस कोषको कार्यालय काठमाडौं महानगरपालिका वडा नं. ८ पशुपतिनाथ मन्दिर परिसरमा रहेको छ। आराध्यदेव भगवान श्री पशुपतिनाथको पवित्र पशुपति क्षेत्रलाई धार्मिक, साँस्कृतिक एवम् पर्यापर्यटनको नमूना क्षेत्रको रूपमा विकास गरी हिन्दुहरूको अन्तर्राष्ट्रिय तीर्थस्थलमा प्रबर्धन गर्ने रहेको छ ।

यो आयोजना आर्थिक वर्ष २०५७/५८ मा शुरू भएकोमा २०७०/७१ देखि मात्र राष्ट्रिय गौरवको आयोजनाको रूपमा कार्यान्वयनमा आएको हो। आर्थिक वर्ष २०७३/७४ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको भएतापनि समयमा नै सम्पन्न हुन सकेको छैन। आयोजनाको शुरु लागत रू.१ अर्ब २७ करोड रहेकोमा संशोधित लागत रू.२ अर्ब २७ करोड पुग्ने अनुमान गरिएको छ।

भगवान् श्रीपशुपतिनाथको नित्य नैमित्तिक पूजा आराधना सहित दर्शनार्थीहरूलाई फर्मायशी पूजा गराई दर्शनार्थी एवम् तीर्थयात्रीहरूलाई शुलभ दर्शनको व्यवस्था मिलाउने, शान्ति सुरक्षाको प्रत्याभूति दिलाउने, घाटमा ल्याउने शवहरूलाई दाह संस्कारको व्यवस्था मिलाउने, किरीयापुत्री सेवा केन्द्र सञ्चालन गरी सेवा दिने, मूर्त र अमूर्त सम्पदाहरूको संरक्षण तथा सम्वर्धन गर्ने, पशुपतिनाथसँग सम्वन्धित जात्रा पर्व एवम् मेलालाई व्यवस्थित रुपमा सञ्चालन गर्ने, शिव पुराण, लिङ्गपुराण, पाशुपत पुराण आदि प्रकाशित गर्ने, पशुपति गुठी जग्गाको संरक्षण एवम् व्यवस्थापन गर्ने, आन्तरिक तथा वाह्य पर्यटक भित्र्याई अर्थतन्त्र मजवुद गराई रोजगारी सृजना गर्ने ध्येय रहेको छ ।

आर्थिक वर्ष २०७९/८० मा कोषको लागि रू.२४ करोड खुद बजेटमा रू.२१ करोड ३७ लाख खर्च भई भौतिक प्रगति ९० प्रतिशत र हाल सम्मको वित्तीय प्रगति ७५ प्रतिशत रहेको छ।

## ५.१४ लुम्बिनी क्षेत्र विकास कोष

भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनी तथा भगवान बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्षरुपमा सम्बन्ध रहन गएका तिलौराकोट (प्रचीन कपिलवस्तु), गोटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, कुदान (कपिलवस्तु), देवदह (रुपन्देही), रामग्राम (नवलपरासी) पुरातात्विक क्षेत्रको अन्वेषण, उत्खनन्, संरक्षण तथा विकास गर्न लुम्बिनी विकास कोष ऐन, २०४२ द्वारा लुम्बिनी विकास कोष गठन भएको हो। ऐनले निर्दिष्ट गरे अनुरुप कोषले कार्यहरू सम्पादन गरिरहेको छ। लुम्बिनीको व्यवस्थित रुपमा विकास गर्न संयुक्त राष्ट्र संघको सहयोगमा सन् १९७८ मा लुम्बिनी गुरुयोजना नेपाल सरकारबाट स्वीकृत भएको हो। सन् १९९५ मा सम्पन्न गर्ने लक्ष्य लिएकोमा लक्षित रकम अभावका कारण हालसम्म लुम्बिनी गुरुयोजना पूर्णरुपमा सम्पन्न हुन सकेको छैन। आर्थिक वर्ष२०७०/७१ देखि नेपाल सरकारले लुम्बिनी गुरुयोजना निर्माण कार्यलाई राष्ट्रिय गौरवका आयोजनामा समावेश गरी प्राथमिकतामा राखेको छ। तत्पश्चात् गुरुयोजनाका केही महत्वपूर्ण कार्यहरू नेपाल सरकारको अनुदानमा सम्पन्न भएका छन्। लुम्बिनी गुरुयोजनाका बाँकी कार्यहरू आगामी २०८३ सालभित्र सम्पन्न गर्ने गरी राष्ट्रिय योजना आयोग र अर्थमन्त्रालयबाट बहुवर्षीय ठेक्का स्वीकृति एवम् स्रोत सुनिश्चितता प्राप्त भई पहिलो चरणको कार्य शुरु भएको छ, आर्थिक वर्ष २०७९/०८० मा दोस्रो चरणको बोलपत्र समेत आव्हान गर्ने तयारीमा रहेको छ। सन् १९७८ मा निर्मित लुम्बिनी गुरुयोजना पुरा गर्ने र लुम्बिनी विकास कोष अन्तर्गत रहेका भगवान बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्षरुपमा सम्बन्ध रहन गएका तिलौराकोट प्राचीन कपिलवस्तु), गोटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, कुदान (कपिलवस्तु), देवदह(रुपन्देही), रामग्राम (नवलपरासी) पुरातात्विक क्षेत्रको अन्वेषण, उत्खनन्, संरक्षण तथा योजनावद्ध विकास गर्ने रहेको छ ।

### ५.१५ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग

राष्ट्रिय यातायात नीति,२०५८ मा पुर्व-पश्चिम राजमार्गको विकल्पको रुपमा नेपालको मध्य-पहाड हुँदै पुर्व देखि पश्चिम सम्म सडक निर्माण गर्ने उल्लेख भएको, सोही बमोजिम नेपाल सरकारबाट पुष्पलाल (मध्यपहाडी) राजमार्ग नामकरण गरी २०६४/६५ बाट आयोजना कार्यान्वयन शुरुभएको। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६५/११/२६ को निर्णयबाट पुष्पलाल राजमार्गको रेखांकन स्वीकृत भएको। मध्य पहाडका २६ जिल्लाहरूका २१५ वस्तीहरू जोड्दै निर्माण हुने यस सडकबाट मध्य-पहाडमा बसोबास गर्ने करीब १ करोड जनता यस आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुनेछन्। आयोजनालाई आर्थिक वर्ष २०६७/६८ देखि २ खण्डमा विभाजन गरी मध्यपहाडी पुर्व खण्ड (करिब ७२१ कि.मि) र मध्यपहाडी पश्चिम खण्ड (करीब ११५८ कि.मि) गरी २ वटा आयोजनाबाट निर्माण कार्य भइरहेकोमा आर्थिक वर्ष २०७५/७६ देखि पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय र निर्देशनालय अन्तर्गत पाँच वटा योजना कार्यालयहरू (पाँचथर, काभ्रे, गोरखा, पर्वत, दैलेख) बाट निर्माण कार्य भैराखेको। आर्थिक वर्ष २०६९/७० देखि नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजना घोषणा गरी प्राथमिकता साथ कार्यान्वयन भैरहेको छ।

प्रस्तुत आयोजनाको शुरु लागत रू.३३३६ करोड रहेकोमा संशोधित लागत रू.८४३३ करोड पुगेको छ। आयोजनाको कुल क्षमता/क्षेत्रः पूर्वको पाँचथर जिल्लाको चियोभन्ज्याङ्ग देखि पश्चिमको बैतडी जिल्लको झुलाघाट सम्म डबल लेन स्तरमा कालोपत्रे सहितको सडक निर्माण गर्ने। १४१७ कि.मि. (मध्य पहाडी राजमार्गको कुल लम्बाई १८७९ कि.मि. मध्ये ४६२ कि.मि. सडक अन्य आयोजनाबाट निर्माण भएको) कालोपत्रे सडक निर्माण गर्ने साथै १३७ वटा पुल निर्माण गर्ने रहेको छ। आयोजनाको आर्थिक वर्ष २०७९/८० को प्रगतिः १४३ कि.मि. कालोपत्रे र ९ वटा पुल निर्माण कार्य भएको। १०३ कि.मि सडक र १० वटा पुलहरूको को ठेक्का व्यवस्थापन भएको। आर्थिक वर्ष २०७९/८० मा यस आयोजनाका लागि रू.७ अर्ब ५८ करोड ३८ लाख खुद बजेटमा रू.६ अर्व १२ लाख खर्च भइ वित्तीय प्रगति ७९.१३ प्रतिशत रहेको छ।

### ५.१६ हुलाकी राजमार्ग

तराई मधेशका २१ जिल्लालाई समेट्ने र करिब ८० लाख जनसंख्यालाई प्रत्यक्ष रूपले लाभान्वित तुल्याउने यस हुलाकी राजमार्गअन्तर्गत पूर्व पश्चिम हुलाकी राजमार्ग र सहायक मार्ग गरी जम्मा १ हजार ७ सय ९२ कि.मि. सडक र २ सय १९ वटा पुलहरू पर्दछन्।आर्थिक वर्ष २०६५/६६ देखि नेपाल सरकारले यस राजमार्गलाई विकास गर्न छुट्टै आयोजना खडा गरी अध्ययन, डिजाइन र निर्माणको काम गराउदै आएको छ। यो आयोजना आर्थिक वर्ष २०७४/७५ मा सम्पन्न हुने अनुमान गरिएकोमा संशोधित कार्य तालिका अनुसार आर्थिक वर्ष २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। हुलाकी राजमार्ग निर्देशनालय अन्तर्गतको नेपालको सम्पूर्ण तराई-मधेसलाई जोड्ने हुलाकी सडकको कुल लम्बाई १८५७.४२ कि.मि.रहेको छ।जसमध्ये पूर्वदेखि पश्चिमतर्फको लम्बाई ९७५ कि.मि.रहेको छ भने उत्तरदेखि दक्षिण जोडिने सहायक सडकहरूको लम्बाई ८८२.४२ कि.मि.रहेको छ।

हुलाकी राजमार्गको संसोधित लागत ६५ अर्ब २० करोड रहेको छ,यस आयोजना अन्तर्गत निर्माण गर्नुपर्ने २५० वटा पुल मध्ये २०८० श्रावण सम्म १३२ वटा पुल र १०३९ कि.मि.सडक सम्पन्न भएको तथा ४०० कि.मि.सडक र ४३ वटा पुल निर्माणाधिन अवस्था रहेको छ। आगामी दिनमा २११.५ कि.मि.सडक र ७५ वटा पुलको ठेक्का व्यवस्थापन हुन बाँकी रहेको छ।

यस आयोजनाको प्रारम्भिक लागत अनुमान रू.४७ अर्ब २४ करोड र संशोधित लागत रू. ६५ अर्ब २० करोड रहेको छ। यस आयोजनाको कूल सडक लम्बाई १८५७ कि.मि. मध्ये १४५० कि.मि. को निर्माण हुलाकी आयोजना निर्देशनालयबाट हुने र बाँकि सडक स्थानीय तह र प्रदेश सरकारबाट निर्माण सम्पन्न भएको छ। त्यसै गरि यस आयोजना अन्तर्गत प्रारम्भिक अनुमान अनुसार २१९ पुल रहेकोमा उक्त संख्या बढेर २५० रहेको छ। आ.ब. २०७९/८० मा १४८ कि.मि. कालोपत्रे सम्पन्न भएको र १६ वटा पुलहरू निर्माण सम्पन्न भएका छन्।

आयोजनाका लागि आर्थिक वर्ष २०७९/८० मा रू.७ अर्ब ६ करोड ८१ लाख खुद बजेटमा कुल रू.६ अर्ब ९० करोड ५० लाख खर्च भइ भौतिक प्रगति ९१ प्रतिशत र वित्तीय प्रगति ९७.६९ प्रतिशत रहेको छ।

## ५.१७ उत्तर दक्षिण लोकमार्ग (कोशी)

भारतको सिमाना जोगवनी देखि बसन्तपुर-खाँदबारी हुँदै नेपालको उत्तरी सिमाना किमाथांका जोड्ने उत्तर दक्षिण (कोशी) लोकमार्गको कुल लम्बाई ३ सय ९० कि.मि रहेको छ। आयोजनाको कार्यक्षेत्र संखुवासभा जिल्लाको खाँदबारी देखि नेपालको उत्तरी सिमा किमाथांका सम्मको कुल लम्बाई १ सय ६२ कि.मि रहेको छ। आर्थिक वर्ष २०६५/६६ देखि सुरु भएको यस आयोजना आर्थिक वर्ष २०८०/८१ सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

उत्तर-दक्षिण (कोशी) सडक योजना कार्यालय अन्तर्गत संखुवासभा जिल्लाको सदरमुकाम खाँदवारी (loving hill) देखिकिमाथांका सम्मको सडक खण्डमा सडक निर्माण तथा स्तरोन्नतीको कार्य सञ्चालनमा रहेको छ।खाँदवारी देखी किमाथांका सिमासम्म जम्मा १६२ किलोमिटर लम्वाई मध्ये १४८ कि.मि. सडकको नयाँ ट्र्याक खोलिसकिएको छ भने बाँकि रहेको १४ किलोमिटर लम्वाईनेपाली सेनाको जिम्मामा नयाँ ट्र्याक खोल्दै सडक निर्माण कार्य भैरहेको छ।उक्त सडक खण्डको कूल लम्वाइ १०.५ कि.मी. कायम हुनेगरी सडक निर्माण कार्य भईरहेको र हालसम्म ७ कि.मी. ट्र्याक खोलिसकिएको छ।यसरी खादँबारी loving hill बाट किमाथांका सम्म कूल १५८.५कि.मी लम्वाइ कायम हुने गरी सडक निर्माण तथा स्तरोन्नती कार्य भैरहेको छ।

आयोजनाको शुरुको लागत अनुमान रू.१६ अर्ब २० करोड रहेको छ। कुल लम्वाई १ सय ६२ कि.मि.मध्ये १५० कि.मि. ट्र्याक खुलिसकेको छ। साथै ५५ कि.मि. ग्राभेल भएको र ८ वटा पुल निर्माण सम्पन्न भईसकेको छ। हाल सम्म रू.५ अर्ब ६ करोड खर्च भइ सकेको र वित्तीय प्रगति ४२ प्रतिशत भौतिक प्रगति ८५ प्रतिशत रहेको छ।

## ५.१८ उत्तर दक्षिण लोकमार्ग (कालीगण्डकी कोरिडोर)

देशको आर्थिक, सामाजिक, साँस्कृत, पर्यटकीय एवम् धार्मिक महत्व बोकेको यस सडकले विशेष गरी दुई छिमेकी मित्रराष्ट्र भारत र चिनबाट प्राप्त हुने व्यापार र त्यसबाट देशलाई प्राप्त हुने Trade Transit मा महत्वपूर्ण भूमिका खेल्ने रहेको छ। गैंडाकोट-रामपुर-राम्दी-रिडी-पूर्तिघाट-बलेवा हुँदै मालढुंङ्गासम्म यस आयोजनाको कार्यक्षेत्र रहेको छ। यस आयोजनाले नवलपुर, पाल्पा, गुल्मी, बाग्लुङ, स्याङ्जा र पर्वत जिल्लाको विभिन्न भुभागलाई समेटेको छ। दिगो, भरपर्दो, कम खर्चिलो, सुरक्षित, सुविधायुक्त एवम् आत्मनिर्भर यातायात प्रणालीको विकास गरी यस भेगको समग्र आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यटकीय क्षेत्रहरूको विकासमा योगदान पुऱ्याउनु रहेको छ।

हालसम्म बेनी जोमसोम कोरला खण्डको १ सय ८६ कि.मि. मध्ये सम्पूर्ण ट्र्याक खोलि सकिएको छ भने २८ कि. मि. कालोपत्रे र ४ वटा पुल सम्पन्न भईसकेको छ। साथै मालढुङ्गा-राम्दी-गैडाकोट खण्डको कुल २ सय ४५ कि.मि. मा समेत सम्पूर्ण ट्र्याक खोलि सकिएको छ भने १०७ कि. मि. कालोपत्रे सम्पन्न भईसकेको छ ।

आयोजनाको गैंडाकोट-राम्दी-मालढुंगा खण्डको शुरु लागत रू.२० अर्व रहेकोमा संशोधित लागत रू.२५ अर्व २२ करोड पुगेको छ।

यस आयोजना अन्तर्गत रहेका ७ वटा पुलहरूको निर्माण कार्य भएको।

- यस आयोजनाको कार्यक्षेत्र भित्र पर्ने ६८ कि.मि. सडक कालोपत्रे निर्माण सम्पन्न भएको
- हर्मिचौर-अर्बेनी-अदुवाबारी-बलेवा सडक (५४ कि.मि.) स्तरोन्नती गर्नको लागि ठेक्का व्यवस्थापन भएको।
- यस आयोजनाको सम्पूर्ण खण्डको Track Opening कार्य सम्पन्न भएको।
- आयोजनाको ३० कि.मि. सडक चौडा गरिएको।

आर्थिक वर्ष २०७९/८० मा रू.६० करोड ८ लाख विनियोजन भएकोमा रू.५१ करोड ४६ लाख खर्च भई भौतिक प्रगति ८९ प्रतिशत र वित्तीय प्रगति ८५.१९ प्रतिशत रहेको छ।

## ५.१९ उत्तर दक्षिण लोकमार्ग (कर्णाली कोरिडोर)

हुम्ला जिल्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्न हिल्सा देखि सल्लिसल्ला सडक खण्डमा ट्र्याक खोल्ने र त्यसको स्तरोन्नती गर्नका लागि आर्थिक वर्ष २०६९/७० मा कार्यलयको स्थापना भएको हो। आयोजनाअन्तर्गत खुलालु-सिमिकोट (हुम्ला) खण्डमा करिब १ सय ७६ कि.मि. र हिल्सा-सिमिकोट खण्डमा (हुम्ला) ८८ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेको छ। आर्थिक वर्ष २०६५/६६ देखि शुरू भई आर्थिक वर्ष २०७०/७१ मा सम्पन्न हुने लक्ष्य राखिएकोमा संशोधित कार्य तालिका बमोजिम आर्थिक वर्ष २०८३/८४ सम्म स्तरोन्नतिको कार्य हुने गरि ठेक्का व्यवस्थापन भएको छ। आयोजनाको कुल लागत रू. ४ अर्ब १० करोड रहेको छ।

योजना कार्यालयको नाम हिल्सा-सिमिकोट सडक योजना (कर्णाली कोरिडोर) रहेको छ ।योजना कार्यालयको स्थापना २०६९ सालमा भएको हो ।यस योजना कार्यालय (कर्णाली कोरिडोर) अन्तर्गत नेपालको हुम्ला, बाजुरा र कालिकोट जिल्लामा सडक निर्माण कार्यक्षेत्र रहेको छ। जसको लम्बाई २६८.६५ कि.मि. रहेको छ। २५५.६५ कि.मि. ट्र्याक निर्माण भईसकेको छ। २ कि.मि. ट्र्याक खोल्न बाँकी रहेको जसमा स्थानियले जग्गाको मुआब्जाको माग राखी पुनः निर्माण कार्य अवरुद्ध गरिएको छ। २६८.६५ कि.मि. मध्ये २५७.६५ कि.मि. ट्र्याक खोलिसकेको र ११ कि.मि. नेपाली सेनालाई ट्र्याक खोल्ने कार्य जिम्मा दिइएको। आयोजना अन्तर्गत हाल जितेगडा देखि सल्लीसल्लासम्म जम्मा १२२.७५ कि.मि. सडक खण्डमा सार्वजनिक यातायातसमेत सञ्चालनमा आएको छ।

हिल्सा सिमिकोट सडक खण्ड अन्तर्गत ९५ किमि मध्ये ९५ कि.मि. नै ट्र्याक खोलीसकेको र सिमिकोट सल्लि सल्ला सडक खण्ड ५० किमि मध्ये ३८ किमि ट्र्याक खोलिसकेको छ र सल्ली सल्ला सडक खण्डको ५० किमि मध्ये लालि बगर देखि छारे सडक खण्डको ११ किमि नेपाली सेनालाई जिम्मामा रहेको र बाँकि ४.५ किमि रहेको सिमिकोट देखि स्याम्ने सडक खण्डमा स्थानिय वासिन्दाहरूले मुआब्जा पाउँ भनी माग राखी विवाद सृजना गरी निर्माण कार्य अवरुद्ध रहेको छ। खुलालु सल्ली सल्ला सडक खण्ड १२२.७५ किमि मध्ये ३५ किमि मा सडक चौडा गर्ने कार्य भइसकेको छ। यस योजना अन्तर्गत ५ वटा (सल्ली खोला पुल, ताग्रु खोला पुल, हेप्का खोला पुल र खार्पु पुल) पुलहरू निर्माणाधीन रहेका छन्। खुलालु

सल्लीसल्ला सडक खण्डमा ९ वटा पुलहरू डिजाइन एण्ड बिल्ट प्रक्रिया बाट निर्माण कार्य हुनेगरी २०७९ असारमा ठेक्का संझौता भई हाल डिजाइन कार्य भईरहेको छ।

आयोजनाका लागि आर्थिक वर्ष २०७९/८० मा रू.३ अर्ब ४६ करोड विनियोजन भएकोमा रू.३ अर्ब १२ करोड खर्च भइ ९२.३४ प्रतिशत वित्तीय प्रगति रहेको छ। उक्त आयोजनामा हाल सम्मको खर्च रू.१ अर्ब ३६ करोड भएको र वित्तीय प्रगति ४१.९७ र भौतिक प्रगति २०.१० प्रतिशत रहेको छ।

## ५.२० गल्छीरसुवागढी-स्याफ्रुवेशी-मैलुङ्ग-त्रिशुली- सडक आयोजना

तत्कालिन समयमा भारतद्वारा गरिएको नाकाबन्दीको समस्या समाधान गर्न मिति २०७२।०८।१७ गते को नेपाल सरकार मन्त्रीपरिषद्को निर्णय अनुसार गल्छी त्रिशुली मैलुंग स्याफ्रुबेशी रसुवागढी सडकलाई सहायक राजमार्ग तोकी राष्ट्रिय गौरवको मान्यता प्रदान गर्दै दुई देश बिचको छोटो दुरीको व्यापारिक मार्गको रुपमा स्थापित भएको।यस आयोजनाको कुल ८२ कि मि लम्बाई लाई विभाजन गरि तिन खण्डमा निर्माण कार्य भइरहेको।

चीनसँगको आर्थिक तथा व्यावसायिक सम्बन्धलाई बढाउन र व्यापार सहजीकरण गर्न महत्त्वपूर्ण रहेको गल्छी-त्रिशुली-मैलुँङ्ग-स्याफ्रुवेसी-रसुवा सडक खण्डलाई गल्छी-मलेखु-भण्डारा हुँदै ठोरीसम्म विस्तार गरी नेपाल-भारत-चीन त्रिदेशीय पारवाहन मार्गका रूपमासमेत निर्माण भइरहेको छ। कुल ८२ कि.मि. लम्वाई र ३० मिटर चौडाइको सडक सीमा कायम गरिएको यस सडकको निर्माण आर्थिक वर्ष २०७९/८० भित्र सम्पन्न गर्ने लक्ष्य रहेको छ। आयोजनाको कुल लागत रू.१५५० करोड (९५० करोड निर्माण र ६०० करोड मुआब्जा/ क्षतिपूर्ति) रहेको मा हाल भौतिक प्रगति ५२.२% रहेको छ|

आर्थिक वर्ष २०७८/७९ मा गल्छी-त्रिशुली-वेत्रावती-मैलुङ्ग खण्डमा ८.३२ कि.मि. सडक कालोपत्रे र ६.९८ कि.मि. ग्राभेल गर्ने कार्य सम्पन्न भएको छ। सडक आयोजनाको हालसम्म २७.३२ कि.मि अस्फाल्ट र ३१.५१ कि.मि. डी.बि.एम. कालोपत्रे सडक निर्माण सम्पन्न भएको छ। मैलुंग-स्याफ्रुवेशी सडक खण्डको १८ कि.मि. सडकको निर्माण कार्य भइरहेको छ।

आयोजनाका लागि आर्थिक वर्ष २०७९/८० मा रू. ७७ करोड ७९ लाख विनियोजन भएकोमा ५७ करोड ०७ लाख खर्च भइ राष्ट्रिय गौरवको मान्यता प्रदान गर्दै दुई देश बिचको छोटो दुरीको व्यापारिक मार्गको रुपमा स्थापित भएको।यस आयोजनाको कुल ८२ कि.मि. लम्बाईलाई विभाजन गरी तीन खण्डमा निर्माण कार्य भइरहेको वित्तीय प्रगति ७३.३७ प्रतिशत रहेको छ।

## ५.२१ रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना

रेलमार्गको विकासबाट देशको आर्थिक, सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्यसहित आर्थिक वर्ष २०६६/६७ देखि कार्यान्वयनमा आएको रेल तथा मेट्रो रेल विकास आयोजना मुलतः पूर्व-पश्चिम रेलमार्ग र सोको लिंक, केरूङ्ग-काठमाण्डौ-पोखरा रेलमार्ग, काठमाडौं-वीरगंज रेलमार्गलगायत अन्य रेलमार्ग एवम् मुख्य-मुख्य शहरहरूमा मेट्रो रेलको अध्ययन तथा निर्माण गर्ने गरी विभिन्न ६ स्थानमा अन्तरदेशीय रेलमार्ग निर्माणमा केन्द्रित रहेको छ।

रेलमार्गतर्फ बर्दिवास-निजगढ खण्ड (७० कि.मि.) को ५३ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको छ। मेची महाकाली रेलमार्ग (९सय ४५ कि.मि., लिंकसहित १ हजार २६ कि.मि.) को विस्तृत अध्यन प्रतिवेदन तयार भएको छ र उक्त रेलमार्गको राष्ट्रिय निकुञ्जबाट जाने खण्डको पुनः अध्ययन कार्यको सुरुवात, निर्माणाधिन जयनगर-जनकपुर-बर्दिबास रेलमार्ग ६९ कि.मि.मध्ये जयनगर जनकपुर कुर्ता खण्डको ३५

कि.मि.रेल सेवा सञ्चालनमा छ भने कुर्ता विजलपुरा १७ कि.मि.निर्माण सम्पन्न भई हस्तान्तरणको प्रक्रिया अन्तिम चरणमा पुगेको छ साथै विजलपुरा-बर्दिवास १७ कि.मि. खण्डको जग्गा प्राप्तिको कार्य भैरहेको छ। बर्दिवास निजगढ खण्डको कुल १६ वटा पुलमध्ये ५ सम्पन्न भएको, ११ वटाको निर्माण कार्य हुँदै गरेको छ। काठमाण्डौ मेट्रो रेलको यस अघि नै पूर्व सम्भाव्यता अध्ययन भइसकेका ५ वटा रुटमध्ये नारायणगोपाल चौक- रत्नपार्क-सातदोवाटो खण्डको लागि परामर्शदाता छनौट गरी विस्तृत अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा रहेको छ। प्रस्तुत आयोजनाको हाल सम्मको प्रगति अन्तर्गतःट्राकबेड निर्माण ६.५ कि मि भएको, रेलवे पुल ४ वटा निर्माण सम्पन्न भएको, जयनगर कुर्ता रेलसेवा विस्तार भई विजलपुरा सम्म विस्तार भएको छ।

आयोजनाका लागि आर्थिक वर्ष २०७९/८० मा रू.४ अर्ब ६४ करोड ९९ लाख विनियोजन भएकोमा रू.२ अर्व ९५ करोड ५५ लाख खर्च भई भौतिक प्रगति ६५% प्रतिशत र वित्तीय प्रगति ६३.४६% प्रतिशत रहेको छ।

| सि.नं. | विवरण | वार्षिक लक्ष्य | वार्षिक प्रगति | वार्षिक लक्ष्यको तुलनामा प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | कालोपत्रे स्तरको सडक, कि.मि. (नयाँ) | १३०० | ८२० | ६३.०८% |
| २ | ग्रावेल स्तरको सडक, कि.मि. | १००० | ६२८ | ६२.८०% |
| ३ | माटे सडक, कि.मि. | ५०० | २४३ | ४८.६०% |
| ४ | कालोपत्रे स्तरको सडक पुनः निर्माण तथा पुनर्स्थापना, कि.मि. | ६०० | २४९ | ४१.५०% |
| ५ | आवधिक मर्मत, कि.मि. | ७६१ | ५३८ | ७०.७०% |
| ६ | पुल निर्माण, संख्या | ३०० | २२२ | ७४.००% |
| ७ | रेलवे ट्र्याक निर्माण कि.मि. | १२ | ६.५० | ५४% |

## ५.२२ मेलम्ची खानेपानी आयोजना

सिन्धुपाल्चोकको मेलम्चीस्थित मेलम्ची खोलाको पानी काठमाण्डौमा ल्याई काठमाण्डौ उपत्यकामा प्रतिदिन १७ करोड लिटर खानेपानी वितरण गर्ने उद्देश्यसहित मेलम्ची खानेपानी आयोजना आर्थिक वर्ष २०५५/५६ बाट शुरू गरिएको हो। आयोजनाको मुख्य बाँध, इण्टेक, S4 समेतको कंक्रिटको कार्य सम्पन्न। हेडवर्क्समा नयाँ पक्की पुलसमेत गरि जम्मा 8700 m3 RCC तथा बिभिन्न गेटहरूको Embeded Part को कार्य सम्पन्न। हेडवर्क्समा इनटेक गेट (Gate No. 2A,2B,2C,2D) तथा अन्य Gate no.5, Gate No. 8A, 8B, 8C, 11A, 11B गेटहरूको जडानकार्य सम्पन्न भएको छ।

अम्बाथान, ग्याल्थुम, सिन्धु तथा सुन्दरीजल सुरुङ्गमा बल्कहेड गेट जडानको कार्य गरिएको, उक्त स्थानमा अनुगमन उपकरण हरूसमेत जडान गरिएको। दातृ निकायको समन्वयमा बिज्ञहरूबाट सुरुङ्गको निरिक्षण कार्य गरिएको। विज्ञ समुहको निरिक्षण प्रतिबेदनको सुझावहरूको कार्यान्वयन गरिएको। मुख्य सुरुङ्गको सञ्चालन परीक्षणको कार्यसमेत सुरु गरिएको। सुरुङ्ग परीक्षणको निर्धारित कार्यबिधि तथा कार्य तालीका बमोजिम फागुन १० गतेबाट वैकल्पिक पानी पथान्तरण प्रणाली (कफरड्याम, हेडवर्क्स डाईभर्सन सुरुङ तथा पाईप) मार्फत पानी पथान्तरणको कार्य गरिएको सुन्दरीजल पानी प्रशोधन केन्द्रमा फागुन २२ गते पानी उपलब्ध भएको र फागुन २८ गते देखी पानी प्रशोधन केन्द्रको सञ्चालन को कार्य सुरु गरिएको

छ। चैत १५ गतेदेखि औपचारिक रुपमा काठमाण्डौ उपत्यकामा दैनिक १७ करोड लिटर खानेपानी वितरणका लागि उपलब्ध गराईएको छ ।

शुरुको लागत अनुमान ४६४ मिलियन अमेरिकन डलर रहेकोमा पहिलो संशोधित लागत -३१७ मिलियन अमेरिकन डलर रहेकोमा पुनः हालको संशोधित लागत ३१२.९ मिलियन अमेरिकन डलर (करिव ३१ अर्व ३६ करोड) रहेको छ तर बाढी पश्चात आयोजनाको पुनर्निर्माणका लागि अध्ययन भई रहेकोले आयोजनाको कुल लागत बढ्न जाने देखिन्छ।

प्रस्तुत आयोजनाको लागत तथा स्रोत सम्बन्धमा देहाय बमोजिम रहेको छ।

- नेपाल सरकार : ९५ मिलियन अमेरिकी डलर
- वैदेशिक सहयोग (ADB) १४६.२ मिलियन अमेरिकी डलर
- JICA ४७.५ मिलियन अमेरिकी डलर
- NDF १०.५ मिलियन अमेरिकी डलर
- OPEC १३.७ मिलियन अमेरिकी डलर
- वैदेशिक ऋण जम्मा: २१७.४ मिलियन अमेरिकी डलर
- वैदेशिक सहयोग अनुदान : १०.५ मिलियन अमेरिकी डलर

मेलम्ची आयोजना र सोको उपआयोजना १ प्रथम चरण (सिन्धुपाल्चोक देखि सुन्दरीजल सम्मको कार्यहरू) मा देहाय बमोजिम कार्यहरू भएको छ।

- प्रवेश मार्ग निर्माण ४२ कि. मि - लागत १९१ करोड
- प्रवेश मार्ग स्तर सुधार २७ कि. मि- लागत ६४ करोड
- हेडवर्क्स निर्माण- लागत २८९ करोड
- सुरुङ्ग निर्माण - २७.५८ कि. मि- लागत १०४० करोड
- पानी प्रशोधन केन्द्र निर्माण - लागत ७१९ करोड
- सामाजिक उत्थान कार्यक्रम - १२१ करोड
- वातावरण व्यवस्थापन कार्यक्रम - २२ करोड
- जग्गा प्राप्ती, मुआब्जा र क्षतिपुर्ती वितरण तथा पुनर्वास कार्यक्रम-९५ करोड

आर्थिक वर्ष २०७९/८० को भौतिक प्रगति ९९.५२ र वित्तीय प्रगति ९२.२० रहेको र आयोजनाको आर्थिक वर्ष २०७९/८० मा सम्पन्न भएका मुख्य मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन् ।

- वैकल्पिक सडकको स्तरोन्नोती गरिएको,
- हेडवकर्स सम्मको पहुँचका लागि मूल प्रवेशमार्गको ट्र्याक बनाइएको अस्थायी ऋशिङ्ग निर्माण गरिएको,
- हेडवर्कसको सफाइ गरिएको, मेशिन रुम निर्माण गरिएको, सि.सि. क्यामरा तथा गेटहरूमा हाइड्रोलिक सिस्टम जडान गरिएको,
- २०७९ मंसिर १२ गतेदेखि सुरुङ्ग सञ्चालन गरिएको,
- गेट नं १ सम्मको वाक वे निर्माण गरी गेट नं १ को सुरक्षाको लागि स्टपलग जडान गरिएको,
- गेट नं ९ मर्मत गरिएको र सुरुङ्ग सफाइको लागि च्याम्वर तथा ह्युमपाइपको २०० मिटर लामो संरचना निर्माण गरिएको,

- सुरुङ्गको निरिक्षण गरिएको, VS4 को De aeration Pipe & Anchor Block निर्माण गरिएको, VS1 को सुधार गरिएको
- अम्बाथान अडिटको सुरक्षा संरचना निर्माण गरिएको,
- गेट नं १७ तथा २१ बाट Tunnel Dewatering & Flushing का लागि चेम्बर सहितको ह्युमपाइप निर्माण गरिएको,
- रिवर्मा खोलाको Protection/ River training work गरिएको,
- २०८० असार ७ गतेदेखि नदीमा धमिलोपन बढेकोले सुरुङ्ग सञ्चालन कार्य बन्द गरिएको,
- सुन्दरीजल पानी प्रशोधन केन्द्र सञ्चालन पश्चात फागुन २३ गतेदेखि काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरिएको।

मेलम्ची खानेपानी आयोजनामा लगभग सम्पूर्ण निर्माण कार्य सम्पन्न भई आयोजना नियमित सञ्चालन भएको अवस्थामा २०७८ आषाढ १ मा मेलम्ची नदीमा आएको बाढीका कारण आयोजना क्षतिग्रस्त हुन पुगेकोले आयोजना अस्थायी तवरमा सञ्चालन भईरहेको। २०७८ र २०७९ मा आयोजना मनसुन समयभर बन्द राखी बाँकी अवधिका लागि सञ्चालन गर्ने गरिएको। २०७९ र २०८० को मनसुनले क्षति गरेको संरचनाहरूको मर्मत तथा थुपारेको ग्रेग्रानको व्यवस्थापन पश्चातमात्र मेलम्ची नदीको पानी सुन्दरीजलमा पथान्तरण गरिएको। २०७८ मा क्षति असमान्य थियो भने २०७९ मा क्षति सामान्य रहेको थियो। २०८० असार ७ गतेदेखि नदीमा धमिलोपन बढेको र मनसुन शुरू हुन लागेकोले सुरुङ्ग सञ्चालन कार्य बन्द गरिएको। यस सालको मनसुनले पनि सिन्धुपाल्चोक जिल्लाको अम्बाथानस्थित मेलम्ची हेडवर्क्समा २०७८ सालकै हाराहारीमा क्षति पुर्याएको जानकारी प्राप्त भएको छ। यसपालीको मनसुनले मेलम्चीको हेडवर्क्स क्षेत्रमा करिव १७ मिटर जति ग्रेग्रान थुप्रिएको तथा हेडवर्क्स पुग्ने पहुँच मार्गमा पनि क्षति पुर्याइको छ। पहुँच मार्गको मर्मत तथा पुनर्स्थापना कार्य हेलम्बु गाउँपालिकाबाट भईरहेको छ भने हेडवर्क्सको Restoration कार्यका लागि निर्माण व्यवसायीसँग वार्ता भईरहेको छ। छिट्टै निर्माण व्यवसायी परिचालन हुनेमा मन्त्रालय विश्वस्त छ। निर्माण व्यवसायी परिचालन भएको बढिमा ४५ दिनभित्र मेलम्ची पानी सुन्दरीजलमा पथान्तरण गर्ने मन्त्रालयको लक्ष्य रहेको छ। यो आयोजनामा रू.८७ करोड ७७ लाख खुद विनियोजन भई रू.५८ करोड ८६ लाख खर्च भई ६७.०७ वित्तीय प्रगति र ९९.५२ प्रतिशत भौतिक प्रगति भएको छ।

### ५.२३ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

नेपालमा चुरे अथवा शिवालिक भनेर चिनिने भौगोलिक क्षेत्र हिमालय पर्वत श्रृङ्खलाको महाभारत देखि दक्षिणी भागमा पूर्व-पश्चिम भई फैलिएर रहेको होचो र कमलो पहाड हो। यो पहाड करिव चार करोड वर्ष पहिले गेगर थुप्रिएर Main Frontal Thrust (MFT) र Main Boundary Thrust (MBT) (भौगर्भिक दरारहरूको) बीचमा बनेको भू-भाग हो। चुरे क्षेत्र पूर्व इलाम देखि पश्चिम कन्चनपुरसम्म ३७ जिल्लामा (सुस्ता पूर्व नवलपरासी समेत) फैलिएको छ।

चुरे भूपरिधि प्राकृतिक र पारिस्थितिकीय प्रणालीकी हिसावले अन्य क्षेत्र तथा भू-भाग भन्दा फरक छ। चुरेको भू-बनोट, माटोको प्रकृति, जैविक विविधतामा ह्रास र छोटो समयमा सघन वर्षा आदि कारणले, अति संवेदनशील छ। चुरे भू-बनोटको हिसाबले कमलो भएकोले मानवीय तथा भौगर्भिक कारणले पनि पहिरो तथा भू-क्षय हुने गर्दछ। जनसंख्याको चाप, अवैज्ञानिक खेतीपाती, खुल्ला अतिचरिचरण/छाडा पशुपालन, अव्यवस्थित बसोबासले गर्दा वन विनाश र प्राकृतिक स्रोतको दोहन अत्यधिक हुँदा त्यसको नकारात्मक परिणाम वा प्रतिकुल असर चुरे, दुन लगायत समग्र तराई क्षेत्रमा परिरहेको छ।

चौथो पञ्चबर्षीय योजना देखि पन्ध्रौ आवधिक योजना, वन विकास गुरुयोजना, राष्ट्रिय संरक्षण रणनीति, राष्ट्रिय वन नीति, २०७५ ले चुरेक्षेत्रको संवेदनशीलताको संरक्षण र वातावरणीय सेवा एवम् भूमिगत जलपुर्नरभरण आदिमा पुऱ्याउने योगदानलाइ दृष्टिगत गर्दै कार्यक्रम कार्यान्वयनमा विशेष जोड दिएको पाइन्छ। आर्थिक वर्ष २०६७/०६८ देखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम शुरुवात गर्दै आएकोमा चुरेका समस्या वा विकासका सवालहरू बहुसरोकावालाहरूसंग सम्बन्धित सवै विषयगत र सवै सरोकारवालाहरूसंगको समन्वय र सहकार्य आवश्यक देखिएकाले एकीकृत कार्यक्रम कार्यान्वयन नीति जरुरी देखियो। यसलाई महसुस गरी Multidisciplinary Team रहने संरचना सहित नेपाल सरकारले २०७१ आषाढ २ गते राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरेको र आर्थिक वर्ष २०७१/०७२ मा राष्ट्रिय गौरवको आयोजनाको रुपमा कार्यक्रम सञ्चालन हुंदै आएको छ।

राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको सुरुवाति वर्षहरूमा नेपाल सरकार मातहतका विभिन्न विषयगत कार्यालयहरूबाट कार्यक्रम कार्यान्वयन गरिएको थियो भने आर्थिक वर्ष २०७५/०७६ मा सम्वन्धित स्थानीयतहरू र प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयवाट कार्यक्रम कार्यान्वयन गरिएको थियो। आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लेख भए बमोजिम चुरे क्षेत्रलाइ समेट्ने गरि ५ वटा कार्यक्रम कार्यान्वयन इकाई मार्फत कार्य सञ्चालन हुने गरि नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७६/०४/०६ को निर्णय अनुसार स्थापना भएका समिति अन्तर्गतका ५ वटा कार्यक्रम कार्यान्वयन इकाईहरूबाट कार्यक्रम कार्यान्वयन भइ रहेको छ।

कुल लागत रू.२ खर्ब ४९ अर्ब ७० करोड १ लाख रहेको चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन बीस वर्षीय गुरूयोजना नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यावन्यन भई रहेको छ।

आयोजना आर्थिक वर्ष २०७१/७२ देखि सालवसाली कार्यक्रमको रूपमा शुरु भएको थियो भने संशोधित कार्य तालिका अनुसार २० वर्ष अवधिको चुरे-तराई मधेस संरक्षण तथा व्यवस्थापन गुरूयोजना, २०७४ बमोजिम आर्थिक वर्ष २०७४/७५ देखि आर्थिक वर्ष २०९३/९४ सम्म सालवसाली कार्यक्रमको रूपमा रहने छ।

चालु आर्थिक वर्षमा गल्छी, पहिरो, खहरे रोकथाम कार्य, नदी तथा खोला किनारा व्यवस्थापन, तारबारसहित बाँस तथा अन्य प्रजाति खरिद तथा रोपण, अति संवेदनशील क्षेत्र (HOT SPOT) संरक्षण, क्षतिग्रस्त सार्वजनिक भूमि पुनरुत्थान, नदी उकास जग्गा संरक्षण तथा वृक्षारोपण, नदी किनारा हरित पेटी विकास, नर्सरी मर्मत। सुदृढीकरण तथा व्यवस्थापन, गुणस्तरीय बिरुवा तथा बीउ व्यवस्थापन, बाँसको विरुवा उत्पादन तथा खरिद, बाँस/अम्रिसो/अन्य विरुवा रोपण तथा व्यवस्थापन, भिरालो कृषि भूमिमा बहुवर्षीय बाली विस्तार, विरुवा खरिद तथा वितरण, कृषि वन प्रवर्धन, भूमिगत जल पुर्नभरण, पोखरी निर्माण तथा संरक्षण, तालतलैया तथा सिमसार व्यवस्थापन, रेन वाटर रन अफ हार्वेस्टिंग ड्याम, पर्यापर्यटन प्रवर्धन र विकास, जल पुनर्भरण/संरक्षण पोखरी निर्माण, साना सिँचाइ तथा सहकारी सिँचाइ कार्य सम्पन्न भएका छन्।

कार्यक्रमको लागि आर्थिक वर्ष २०७९/८० मा रू. २ अर्व १६ करोड ६७ लाख खुद बजेटमा रू.१ अर्व ९७ करोड ६४ लाख खर्च भई भौतिक प्रगति ९२.२९ प्रतिशत र वित्तीय प्रगति ९१.२२ प्रतिशत रहेको छ।

## ५.२४ विद्युत प्रशारण आयोजना (मिलिनियम च्यालेन्ज)

नेपाल सरकार र अमेरिकी सरकारी निकाय मिलिनियम च्यालेन्ज कर्पोरेशन (Millennium Challenge Corporation-MCC) बीच सेप्टेम्वर १४, २०१७ मा नेपालमा ऊर्जा र यातायात क्षेत्रका पूर्वाधार विकासका लागि MCC ले ५० करोड अमेरिकी डलर अनुदान सहायता तथा नेपाल सरकारले १३ करोड अमेरिकी डलर लगानी उपलव्ध गराउने सम्बन्धी सम्झौता (Compact Agreement) सम्पन्न भएको थियो। सोको कार्यान्वयनका लागि मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति गठन भएको छ भने हाल नेपाल सरकारको लगानि थप गरि १९।७ करोड अमेरिकी डलर पुगेको छ । उक्त सम्झौता अन्तर्गत निर्माण हुने विद्युत प्रशारण आयोजना राष्ट्रिय गौरवको आयोजनाको रूपमा आर्थिक वर्ष २०७५/७६ देखि सूचिकृत रहेको छ।

करिब ३१५ कि.मी. ट्रान्समिसन लाईनको टावरले चर्चने जग्गाको मुआब्जा निर्धारणको लागि कानूनी प्रक्रिया अगाडि बढेको । यसको लागि १० जिल्लामध्ये ९ वटा जिल्लामा मुआब्जा निर्धारण समितिको बैठकहरू बसी दफा ६ (१) अनुसारको सूचना जारी भै जग्गाको धेरै जसो स्थानमा तिनपुस्ते विवरण संकलन गर्ने कार्य सम्पन्न भएको र तिनवटा जिल्लाहरू क्रमशः चितवन, नवलपरासी (बर्दघाट सुस्ता पूर्ब) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाहरूको ऐनको दफा ८ अनुसारको प्रारम्भिक कारबाहीको प्रतिवेदन (Preliminary Action Report-PAR) मुआब्जा निर्धारण समिति समक्ष पेश गरी सहायक प्रमुख जिल्ला अधिकारीज्यूको संयोजकत्वमा मुआब्जा निर्धारण प्रयोजनार्थ मूल्याङ्कन उप-समिति गठन भई कार्यारम्भ भएको । उल्लेखित तीन जिल्लाहरूको दफा ९ अनुसारको सार्वजनिक सूचना जारी गर्ने तयारी भैरहेको । तत्पश्चात् मात्रै जग्गाको मुआब्जा निर्धारण भई वितरण हुने कानूनी प्रावधान र प्रक्रिया रहेको । तसर्थ मुआब्जा वितरण नै भने शुरु भै नसकेको अवस्था विद्यमान रहेको। त्यसैगरि तिनवटा जिल्लाहरू क्रमशः पाल्पा, सिन्धुपाल्चोक र मकवानपुरको प्रारम्भिक कारबाहीको प्रतिवेदन पेश गर्ने तयारी भैरहेको । मार्गाधिकारको हकमा क्षतिपूर्ती निर्धारण गर्ने कानूनी बाटो र प्रक्रिया नै फरक हुने भएकोले सोको निर्धारण र वितरण टावरले चर्चने जग्गाको मूल्य निर्धारण पश्चात् मात्रै हुने व्यबहारिक अभ्यास रहेको । ट्रान्समिसन लाईन निर्माणका लागि बोलपत्रहरू प्राप्त भई मुल्यांकनको चरणमा रहेको । सव स्टेशन निर्माणका लागि बोलपत्रको सूचना प्रकाशन भईसकेको । रुख गणना तथा कटानका लागि लगत संकलनको लागि परामर्श सेवा सम्झौता हस्ताक्षर भइ सम्बन्धित कार्य शुरु भएको | रातमाटे सव स्टेसन जिविकोपार्जन पुनस्थापना कार्यक्रम निरन्तर कार्यान्वयन भईरहेको । सडक ईन्जिनियरिङ डिजाईन र सुपरिवेक्षण, वातावरणिय प्रभाव मुल्यांकन, पुनर्वास कार्ययोजना सम्बन्धमा वातावरणिय प्रभाव मुल्यांकन, पुनर्वास कार्ययोजना र ईन्जिनियरिङ डिजाईनको प्रतिवेदन प्राप्त भई पुनरावलोकन भईरहेको ।

आर्थिक वर्ष २०७९/८० मा रू.८ अर्ब ९५ करोड ४८ लाख खुद बजेट रू.७१ करोड ७५ लाख खर्च भएको छ। त्यसैगरी यस आयोजनाको समष्टिगत भौतिक प्रगति ७.३२ प्रतिशत र वित्तीय प्रगति ८.०१ प्रतिशत रहेको छ।

## ५.२५ काठमांडौतराई- मधेश फाष्ट ट्र्याक

काठमाण्डौ तराई मधेश द्रुत मार्ग आयोजना राजधानी काठमाण्डौलाई तराई मधेशसँग स्तरीय सडक (Asian Highway Standard Primary Calss A) ले छोटो दुरीमा जोड्ने रणनीतिक महत्वको देशको पहिलो द्रुत मार्ग हो । यस द्रुत मार्गले छोटो दुरीमा राजधानी काठमाण्डौलाई तराईसँग जोडी यात्रा तथा ढुवानी सहज बनाउँदै राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा राखिएको छ।

यस आयोजनको परिमार्जित विस्तृत प्रतिवेदन बमोजिम आयोजनाको कुल लागत रू. २ खर्ब ११ अर्ब ९३ करोड ( Contigency, Physical Contigency  र  Price Escalation सहित ) रहेको छ। आर्थिक वर्ष २०७९/८० सम्म आयोजनाको जम्मा खर्च ४६ अर्ब ७६ करोड भएको छ जसमा यो आयोजना भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत हुँदा  खर्च भएको रु.३ अर्ब ६७ करोड समावेश गरिएको छैन। यस आयोजनाको वित्तीय प्रगति २८.११ प्रतिशत र भौतिक प्रगति २५.५४ प्रतिशत रहेको छ।

# परिच्छेद छ
# क्षेत्रगत मन्त्रालय/निकायको प्रगतिको अवस्था

आर्थिक वर्ष २०७९/८० मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार विभिन्न मन्त्रालयहरूबाट सम्पादित कार्यहरूको मुख्य मुख्य प्रगति विवरणहरू देहाय अनुसार रहेको छ।

## ६.१ अर्थ मन्त्रालय

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ स्वीकृत गराई कार्यान्वयनमा आएको।
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको।
- मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), एकल खाता कोष प्रणाली (TSA) र कम्प्युटराइज सरकारी लेखा प्रणाली (CGAS) बीच रियल टाइम इन्टिग्रेसन हुने व्यवस्था गरिएको।
- २०७९/०५/१३ मा नेपाल सरकार र विश्व बैंक बीच नेपालको हरित उत्थानशीलता र समावेशी विकासका लागि १० करोड अमेरिकी डलसर बराबरको सहुलियत ऋण सम्झौतामा हस्ताक्षर सम्पन्न।
- मिति सेप्टेम्वर १८, २०२२ मा नेपाल सरकार र विश्व बैंकबीच Nepal's Regional Transport and Trade Connectivity (ACCESS) आयोजनामा २७५ मिलियन अमेरिकी डलर बराबरको आयोजनामा हस्ताक्षर सम्पन्न।
- मिति २०७९/०६/०५ मा नेपाल र जापान सरकार बीच तराई सिंचाइ र शहरी प्रशारण प्रणाली सुधार सम्बन्धी सरल व्याजदरमा रू.१४.२ विलियन ऋण सम्झौतामा हस्ताक्षर सम्पन्न।

## ६.२ उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

**तालिका ७.१**

| क्र.स. | क्षेत्रगत कार्यक्रम | इकाई | आर्थिक वर्ष२०७९/८० को लक्ष्य | आर्थिक वर्ष ७९/८० को प्रगति | आर्थिक वर्ष ७९/८० सम्मको प्रगति |
|---|---|---|---|---|---|
| १ | विद्युत उत्पादन क्षमता | मे.वा. | ७३५ | ४९८ | २७६७.६२ |
| २ | प्रसारण लाइन निर्माण (६६ के.भि. भन्दा बढी) | स.कि.मि. | ४४७ | ३९८ | ५४८४ |
| ३ | ३३ के भि प्रसारण लाईन विस्तार | स.कि.मि. | ७०० | ६१७ | ७२३७ |
| ४ | राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत्मा पहुंच प्राप्त गर्ने जनसंख्या | प्रतिशत | ४.४ | ४.४२ | ९८ |
| ५ | प्रतिव्यक्ति विद्युत् खपत | किलोवाट घण्टा | ४९ | २९.८९ | ३८० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | विद्युत निर्यात | गि.वाट.घण्टा | ८८० | १०५८.६४ | १४७८.६४ |
| ७ | विद्युत् चुहावट (प्रसारण तथा वितरण) | प्रतिशत | -०.९ | -१.९२ | १३.४६ |
| ८ | घरेलु सौर्य उर्जा प्रणाली जडान | संख्या (हजारमा) | ५ | १४.१३ | ९९९.१३ |
| ९ | सौर्य विधुत उत्पादन क्षमता | मे.वा. | ४ | १.६ | ४५.९ |
| १० | संस्थागत, सामुदायिक र व्यवसायिक वायोग्यास प्लान्ट निर्माण | संख्या | १० | ३ | ३६१ |
| ११ | सुधारिएको फलामे चुलो | संख्या (हजारमा) | २६ | ३.३४ | १४४.९८ |
| १२ | घरायसी वायोग्यास प्लान्ट निर्माण तथा विद्युतिय चुलो | संख्या (हजारमा) | २० | ३१.०५ | ४७१.०५ |
| १३ | लघु तथा साना जलविद्युत आयोजनावाट विद्युत उत्पादन | मे.वा. | २.३ | १.१०६ | ३८.८४ |

- यस आ.व को बिनियोजित बजेट ३१,६७,५७ लाख ,खर्च २७,८७,८९ लाख बाट करिब २४४३९ हेक्टरमा सिचाई सुबिधा विस्तार तथा ७६ किलोमीटर तटबन्ध निर्माण भएको।
- बागमती सिचाई आयोजनाबाट ७६,५०० हेक्टर जग्गा मा सिचाई विस्तारका लागि अध्ययन कार्य भइरहेको र ४५६०० हेक्टर जमिनमा दिगो र भरपर्दो सिंचाइ सुबिधा पुर्याउन बिभिन्न सिंचाइ संरचना निर्माण तथा water augementation को कार्य भएको।
- सिक्टा सिचाई आयोजनामा पश्चिमी मूलनहरको मर्मत सम्भार, शाखा-प्रशाखा नहर विस्तार, पुर्बी मूल नहरको विभिन्न सिंचाइ संरचना निर्माण गरी ३८ कि. मि. सम्म नहर सञ्चालन गरी थप ३२०० हेक्टर जमिनमा सिंचाइ सुबिधा विस्तार गरिएको।
- नौमुरे बहुउद्देशिय आयोजना,तमोर-चिस्यांग, कालिगण्डकी-तिनाउ diversion आयोजनाहरूको अध्ययन कार्य बढाइएको ।
- सुनसरी मोरंग सिंचाइ आयोजना अन्तर्गत ६८००० हेक्टरमा दिगो र भरपर्दो सिंचाइ सुबिधा पुर्याउन मूल नहर शाखा-प्रशाखा नहर सुधार गरिएको, लोहन्द्र पुल निर्माण सम्पन्न भएको, बुढी खोला aqueduct संरक्षण कार्य सम्पन्न हुने अवस्थामा रहेको ।
- बृहत दाङ्ग उपत्यका सिंचाइ आयोजना अन्तर्गत विभिन्न जलाशय, लिफ्ट, सतह सिंचाइ तथा भूमिगत सिंचाइ मार्फत थप १०७० हेक्टर जमिनमा सिंचाइ सुविधा विस्तार भएको ।
- भूमिगत जलस्रोत तर्फ सम्बृद्ध तराई मधेस सिंचाइ विशेष कार्यक्रम अन्तर्गत २४४ वटा Deep-tubewell तथा ३२४४ वटा shallow tubewell निर्माण गरी थप १६४३० हेक्टर जमिनमा सिंचाइ सुबिधा विस्तार भएको ।
- एकीकृत उर्जा सिंचाइ विषेश कार्यक्रम मार्फत विभिन्न नदी basin अन्तर्गत लिफ्ट सिंचाइ बाट थप २०० हेक्टर जमिनमा सिंचाइ सुबिधा विस्तार भएको ।

- ठुला तथा बृहत सिंचाइ प्रणालीहरूको नियमित मर्मत सुधार तथा पुनर्स्थापना गरी करिब १,७०,१०० हेक्टर जमिनमा दिगो तथा भरपर्दो सिंचाइ सुबिधा पुगेको।

## ६.३ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

तालिका ७.२

| सि.नं. | सूचक | इकाई | आर्थिक वर्ष२०७९/८० को लक्ष्य | आर्थिक वर्ष२०७९/८० को प्रगति |
|---|---|---|---|---|
| १ | थप रोजगारी सिर्जना | हजार | ८० | २४ |
| २ | ठूला उद्योग दर्ता | संख्या | ११० | ६६ |
| ३ | मझौला उद्योग दर्ता | संख्या | ११० | ७० |
| ४ | साना उद्योग दर्ता | संख्या(हजारमा) | ४० | ०.१८६ |
| ५ | लघु उद्यमीको स्तरोन्नती | संख्या(हजारमा) | २९.५ | ५ |
| ६ | लघु उद्यमी श्रृजना | संख्या(हजारमा) | ३५ | ३७ |
| ७ | तोकिएको दुर्गम जिल्लामा खाद्यान्न ढुवानी | मे.टन (हजारमा) | १८ | ३० |
| ८ | राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा खाद्यान्न भण्डार | मे.टन (हजारमा) | २५ | १४ |
| ९ | सार्क खाद्य सुरक्षा बैंकमा खाद्यान्न मौज्दात | मे.टन (हजारमा) | ८ | ८ |
| १० | तोकिएको दुर्गम जिल्लाहरूमा आयोडिनयुक्त नुन ढुवानी | क्वीन्टल | ७३ | ७७.४२५ |
| ११ | निकासी बृद्धि | रू. अर्ब | १९८ | १५७ |
| १२ | निर्यात आयात अनुपात | रू.अर्ब | १:५.५ | १:१०.३ |
| १३ | कुल गार्हस्थ्य उत्पादनमा निकासीको अनुपात | अनुपात | ६.५ | ३.२ |

- दैलेखको पेट्रोलियम अन्वेषण कार्य अन्तर्गतको अन्वेषणात्मक ड्रिलिङ्ग कार्यको लागि ४५ रोपनी जग्गा प्राप्तिको लागि मुआब्जा निर्धारण सम्पन्न गरिएको।
- यार्सा प्रशोधन केन्द्र स्थापना गर्न दार्चुलाको मार्मा गाउँपालिका र निजी क्षेत्र समेतको सहभागितामा जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्न कर्णालीको विरेन्द्रनगर नगरपालिका, सुर्खेतलाई रकम हस्तान्तरण गरिएको।
- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन प्राविधिक सहयोग तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०७९ स्वीकृत भइ कार्यान्वयनमा रहेको।
- Product Certification, System Certification र Calibration प्रयोगशालाको अन्तर्राष्ट्रिय मान्यताको निरन्तरताका लागि Audit कार्य भारतीय संस्था NABL र NABCB बाट सम्पन्न भएको।
- कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका ३ जिल्लाका ७ स्थानीय तहसँग रैथाने बाली खरिदको लागि सम्झौता गरिएको र खरिद गरी विक्रि वितरण भईरहेको।
- नेपाल व्यापार एकीकृत रणनीति (NTIS), २०८० नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०/०१/२६ को निर्णयानुसार स्वीकृत भई कार्यान्वयनमा रहेको।
- सबै सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्वन्धी निर्देशिका, २०७१ को प्रभावकारी कार्यान्वयनका लागि मातहत निकायहरूलाई निर्देशन गरिएको।
- लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन प्राविधिक सहयोग तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०७९ स्वीकृत भइ कार्यान्वयनमा रहेको।

- ५३ विभिन्न वस्तु, सेवा र प्रक्रियामा नेपाल गुणस्तर इजाजत र प्रमाण चिन्ह प्रदान गरिएको। नेपाल सरकार र गैर आवासीय नेपाली संघको लगानीमा स्थापना भएको NRN नेपाल डेभलपमेन्ट फण्ड मार्फत हुने लगानी कम्पनीमा लगानीको सीमा हटाइएको।
- वाणिज्य नीति, २०८० र प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ लाई संशोधन गर्न वनेको विधेयकको मस्यौदा तर्जुमा भएको।
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृत गरिएको।
- एकल विन्दु सेवा केन्द्रबाट सम्पन्न हुने कार्यहरूलाई Full Automation मा लैजान सफ्टवेयर विकास र अभिलेख डिजिटाईजेशन गर्ने कार्यमा Document Scanning र तथ्यांक प्रवृष्टि चरणको कार्य सञ्चालनमा रहेको।
- पाँचखालमा रहेको औद्योगिक ग्रामलाई महिला उद्यमी विशेष औद्योगिक ग्राममा रुपान्तरण गर्ने घोषणा गरिएको।
- दैजी औद्योगिक क्षेत्रको जग्गामा रहेको रुखहरूको छपान, नम्बरिङ्ग र नापजाँचको कार्य सम्पन्न भएको।
- पाटन, बुटवल, पोखरा, हेटौडा र धरान औद्योगिक क्षेत्रको वृहत मर्मत कार्य सम्पन्न गरिएको।
- १५ वटा स्थानीय तहमा नयाँ औद्योगिक ग्राम घोषणा गरिनुका साथै थप ६ वटा औद्योगिक ग्राम घोषणाका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको र हालसम्म १२० वटा स्थानीय तहमा औद्योगिक ग्राम घोषणा गरिएको।
- नमुना औद्योगिक ग्राम निर्माणका लागि सुनसरीको वराहक्षेत्रमा निर्माण कार्यको खरिद सम्झौता सम्पन्न भएको। नवलपरासीको वर्दघाटको वोलपत्र मूल्याङ्कन भइरहेको र डोटीको जोरायल गाउँपालिकाको DPR र IEE सम्पन्न गरिएको।
- भैरहवा विशेष आर्थिक क्षेत्रमा ७ वटा उद्योग सञ्चालनमा रहेका, १० वटा पूर्वाधार निर्माणको चरणमा रहेको र थप १४ वटा उद्योगहरूलाई उद्योग स्थापनाको लागि अनुमति प्रदान गरिएको।
- भैरहवा र सिमरा विशेष आर्थिक क्षेत्रमा कुल ४१ वटा उद्योगमा रु ११ अर्व लगानी प्रस्ताव भई उद्योगहरू स्थापनाको क्रममा रहेको र सञ्चालनमा रहेका उद्योगहरूबाट चालु आवमा रु१.४ अर्वको उत्पादन निर्यात भएको।
- भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा चाँदनी-दोधारा सुख्खा बन्दरगाह र एकीकृत जाँच चौकी निर्माणको लागि भारत सरकारसँग समझदारी पत्रमा हस्ताक्षर गरिएको।
- अमलेखगञ्ज-चितवन पाइपलाईन विस्तार, सिलिगुडि-झापा नयाँ पाइपलाईन निर्माण र ग्रीन फिल्ड टर्मिनल निर्माण गर्न नेपाल सरकार र भारत सरकारका बीच सम्झौतापत्रमा हस्ताक्षर भएको।
- खाद्य सुरक्षा र कृतिम मूल्य वृद्धि नियन्त्रणका लागि सुपथ मुल्य पसल सञ्चालन गरेको जस अन्तरगत ३०४७.५० मे.टन. खाद्यान्न सहुलियत दरमा विक्री गरिएको।
- वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट २ हजार १ सय ३१ नयाँ फर्म/कम्पनी दर्ता गरिएको छ भने ५ हजार २ सय ८१ वटा आयात-निर्यात अनुमती प्रदान गरिएको।
- दुर्गम जिल्लाहरूमा ७७ हजार ४ सय २५ क्वीन्टल नून ढुवानी गरिएको।

## ६.४ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

- विभिन्न कार्ययोजना अन्तर्गतका कानूनी विषयमा शैक्षिक संस्थाहरूमा अन्तरक्रिया तथा कानूनी सचेतना कार्यक्रम १ वटा गरिएको जसमा २०८ जनाले सहभागिता जनाउनु भएको थियो।

- न्यायिक समितिको कार्यसम्पादन प्रभावकारिता सम्बन्धी सर्वेक्षण तथा सुझाव संकलनको लागि मन्त्रालयद्वारा सर्वेक्षण तथा सुझाव संकलन फाराम तयार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहमा प्रेषित गरी सुझाव संकलन गरिएको। सोहि फारामको अध्ययन तथा विश्लेषण गरी आर्थिक वर्ष २०७९/८० मा नवनिर्वाचित न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीको लागि दिइने तालिम तथा प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम तथा तालिमको विषयवस्तुमा एकरुपता कायम गर्न यस मन्त्रालयका सचिवको संयोजकत्वमा "स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धिका लागि एकिकृत तालीम समग्री विकास समिति" गठन भई सो समितिले "स्थानीय तहको न्यायिक समितिका लागि विवाद निरुपण सम्बन्धी प्रशिक्षण सामग्री तथा निर्देशिका, २०७९" तयार गरेको।
- मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ अन्तर्गत आ.व २०७९/८० मा पहिलो पटक मानव अधिकारको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिगत तर्फ कपिल श्रेष्ठ र संस्थागत तर्फ मानव सेवा आश्रमलाई मानव अधिकार पुरस्कार प्रदान गरिएको।
- १६ वटा नयाँ ऐन तर्जुमाको लागि सैद्धान्तिक सहमति, ११ वटा नयाँ विधेयक तर्जुमा सहमति, ३ वटा संशोधन विधेयक सहमति, १ वटा अध्यादेश, ४ वटा नयाँ नियमावली सहमति, २५ वटा नियमावली संशोधन सहमति, ५ वटा गठन आदेश तर्जुमा सहमति, ९ वटा निर्देशिका सहमति, १ वटा कार्यविधि, ३ वटा अनुसूची हेरफेर गरी जम्मा ७८ वटा कानूनको मस्यौदामा तर्जुमा सहमति प्रदान गरिएको छ।
- बेपत्ता पारिएका व्यक्तिको छानवीन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक संसदमा दर्ता भई विचाराधीन अवस्थामा रहेको छ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना २०७६-२०८१ को उद्देश्य नं. २.२.१ अनुरुप कानूनहरूलाई AML/CFT का अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउन कानून मस्यौदा गर्ने कार्यका लागि मन्त्रालयका सचिवको संयोजकत्वमा कानून मस्यौदा गर्न जिम्मेवारी रहेका सम्बन्धित निकायका प्रतिनिधिहरू रहेको कानून मस्यौदा मूल समिति गठन भएको र सो समितिले निर्धारित अवधिभित्र सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा तयार गरेको।
- हेलो सरकारको अनलाईन पोर्टल मार्फत प्राप्त भएका न्यायको क्षेत्रसँग सम्बन्धित जम्मा ४ वटा गुनासो प्राप्त भएकोमा सम्बन्धित निकायमा लेखी पठाएर तथा अनलाईन पोर्टल मार्फत नै समाधान गरी सबै गुनासो फछ्र्यौट गरिएको छ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार ३० वटा निवेदन प्राप्त भएकोमा सो सम्बन्धी सूचना उपलब्ध गराई कार्य फछ्र्यौट गरिएको छ।

### ६.५ कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सञ्चालन गरिएका कार्यक्रमबाट हासिल भएका भौतिक प्रगतिको उपलव्धि सम्बन्धी विवरण

**तालिका ७.३**

| सि.नं | उपक्षेत्रगत कार्यक्रम | इकाई | आ.व २०७९/८० को लक्ष्य | आर्थिक वर्ष २०७९/८० को प्रगति | आर्थिक वर्ष २०७९/८० सम्मको प्रगति |
|---|---|---|---|---|---|
| १ | खाद्यान्न उत्पादन | मे.टन(हजारमा) | १४००० | ११११८६ | ११११८६ |
| २ | धान | मे.टन(हजारमा) | ६००० | ५४८६ | ५४८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मकै | मे.टन(हजारमा) | ४०३७ | ३१०० | ३१०० |
| ४ | गहुँ | मे.टन(हजारमा) | २७८८ | २०९८ | २०९८ |
| ५ | आलु | मे.टन(हजारमा) | ४४९० | ३४८८ | ३४८८ |
| ६ | उखु | मे.टन(हजारमा) | ३२५० | ३०७० | ३०७० |
| ७ | दूध | मे.टन(हजारमा) | २७४८ | २४९८ | २४९८ |
| ८ | माछा | मे.टन(हजारमा) | १२० | ११४ | ११४ |
| ९ | मासु | मे.टन(हजारमा) | ६३३ | ५०६ | ५०६ |
| १० | अण्डा | गोटा(लाखमा) | १७२०० | १४१२८ | १४१२८ |

| कार्यक्रम | उपलब्धि | प्रगति प्रतिशत |
|---|---|---|
| चक्लावन्दी खेती | २१०० हेक्टर | ७९.६ % |
| खाद्यान्न - धान, मकै, गँहु | ४५१६ हे - २६३९ हे, १०३३ हे, ८४४ हे (४१५० हे) यसमध्ये १६६४ हे.मा चैते धानको क्षेत्र विस्तार भएको छ। | ८० % |
| फलफुल - सुन्तलाजात, केरा, आँप, किवि र स्याउ/ओखर | ११४९ हे - ४१० हे, ७० हे, २५० हे, २१ हे, ३९८ हे (११५३ हे) यसमध्ये उच्च घन्नत्व प्रविधिमा आधारित स्याउ खेती ८ हे.मा विस्तार भएको छ। | ७७.८ % |
| तरकारी | ६६८ हे (७१० हे) | ८५.८ % |
| आलु | २८३.५ हे (३८४ हे) | ८९.३ % |
| माछा पोखरी | १२०.५ हे (१९३ हे) | ५५ % |
| कृषि उपजको वजारीकरण सहयोग, भण्डारण पुर्वाधार, प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | चिस्यान घर २४, भण्डारण घर १९, धान मिल ५, चिउरा मिल २, तोरी मिल १, केरा राईपेनिङ्ग च्याम्बर ३, संकलन केन्द्र ८, ढुवानी साधन १०, मकै च्याखला उधोग ३, रष्टिक स्टोर ८ र अन्य उधोग सहित प्याकेजिङ्ग लेबलिङ्गमा सहयोग | ८७ % |
| प्राविधिक शिक्षालय सहयोग | ५५ शिक्षालय र ३१६७ विध्यार्थीलाई सहयोग (४८) | ७८.६४ % |
| स्थानिय तहको लागत सहभागितामा विउ स्रोतकेन्द्र स्थापना | १३ (१२ वटा खाद्यान्न विउ स्रोतकेन्द्र र १ वटा रष्टिक स्टोर) | ९५.८ % |
| नर्सरी स्रोत केन्द्र | ६० वटा (६५) | ६८.५ % |
| बीउ उत्पादन कार्यक्रम | १३० हे (२०० हे.) | ६३.२ % |
| पशु नश्ल सुधार | बाख्रा ४६४, भैसी १३८, बंगुर ८४ र च्याङ्ग्रा २५ गरी जम्मा ७११ | ७४ % |

- बिज वृद्धि गर्ने कृषक समूहहरूलाई १९ मे.टन. मुल बीउ, ३९७ मे.टन उन्नत बीउ र ४२ हजार ७३० सङ्ख्यामा आलुको PBS Tuber वितरण गरिएको।
- ५६५ वटा साना सिँचाइ कार्यक्रम र ९ वटा प्रशोधन संरचनाहरूको निर्माण भएको।
- २५० वटा चक्लाबन्दीमा आधारित खेती कार्यक्रम, २९७ वटा कृषि यान्त्रीकरणको कार्यक्रम, १०२ वटा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण, प्याकेजिङ, लेवलिङ, बजारीकरण सहयोग कार्यक्रम सञ्चालन भएको।
- १३ वटा कस्टम हायरिङ्ग सेन्टर स्थापना भएको।

- ५४१८ हेक्टरमा खाद्यान्न तथा दलहन वाली, ४७१ हेक्टरमा तरकारी वाली, २२७ हेक्टरमा आलुवाली, १३२० हेक्टरमा फलफूल वाली र ३५ हेक्टरमा माछाको क्षेत्रफल विस्तार गरिएको।
- २४२२ वटा साना सिँचाइ निर्माणको काम सम्पन्न भएको।
- १६ वटा पशु नश्ल स्रोतकेन्द्र विकास गरिएको। (मुस्ताङ्ग, अर्घाखाँची)
- राष्ट्रिय पशु प्रजनन् कार्यालय पोखरा, लाहान र नेपालगन्जबाट २८२ हजार लिटर तरल नाइट्रोजन उत्पादन तथा वितरण भएको।
- पि.पि.आर, एच एस./ वि.क्यू लगायत पशुपन्छीका सङ्क्रामक रोगहरूविरूद्धको खोप ५३९ लाख डोज उत्पादन तथा वितरण भएको।
- व्यवसायिक खेतीका लागि ३ करोड ९७ लाख माछा भुरा उत्पादन तथा वितरण भएको। १ करोड ३५ लाख लाख सङ्ख्यामा शुद्ध नश्लका माछाका भुरा उत्पादन तथा वितरण गरिएको।
- बहुवर्षीय तथा वर्षे घाँसको (भुई घाँस/डाले घाँस) २३६ क्वीन्टल मुल बीउ उत्पादन तथा वितरण भएको।
- Rapid Bioassay of Pesticide Residue विधिबाट ६२ हजार ५९२ आयातित खाद्य वस्तुको नमुनामा विषादीको अवशेष परीक्षण भएको।
- हालसम्म ३७ हजार ६१८ नमुनाको आयात निर्यात गुणस्तर प्रमाणीकरण भएको।
- कर्णाली प्रदेशका जिल्लाहरूमा समूह सहकारीमा मूल्य श्रृङ्खलामा आधारित कार्यक्रम अन्तर्गत ४७६ समूह/सहकारीसँग सह-लगानीका लागि सम्झौता भई कार्यक्रम भइरहेको। कर्णाली प्रदेशका जिल्लाहरूमा ५३ वटा सिँचाइ पूर्वाधार विकास भएको।

## ६.६ खानेपानी मन्त्रालय

आर्थिक वर्ष २०७९/८० मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार विभिन्न मन्त्रालयहरूबाट सम्पादित कार्यहरूको मुख्य मुख्य प्रगति विवरणहरू देहाय अनुसार रहेको छ।

**तालिका ७.४**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| आधारभूत स्तरको खानेपानी सेवावाट लाभान्वित जनसंख्या (हालसम्म) | ९६.४४ |
| उच्च मध्यमस्तरको खानेपानी सेवावाट लाभान्वित जनसंख्या (हालसम्म) | २६.९० |
| शहरी क्षेत्रका प्रशोधनसहितका ढल प्रणालीमा जोडिएका जनसंख्या (हालसम्म) | २.३४ |
| आधारभूत सरसफाइ सेवा (हालसम्म) | १०० प्रतिशत |
| आधारभूत खानेपानी सेवाबाट पुन लाभान्वित भएको जनसंख्या | २ लाख ४२ हजार ६५ |
| ढल प्रशोधन तथा दिसाजन्य लेदो व्यवस्थापन आयोजनाबाट लाभांन्वित जनसंख्या | ९४ हजार |

- मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्ससम्मको पहुँचका लागि बैकल्पिक प्रवेशमार्गको मर्मत संभार एवम् २ वटा अस्थाई पुल (क्रसिङ्ग) निर्माण कार्य मार्फत हेडवर्क्स सम्मको पहुँचलाई सहज पारी मुख्य सुरुङ्गको निरीक्षण एवम् आवश्यक मर्मत कार्य सम्पन्न गरी २८ नोवेम्बर २०२२ देखि सुरुङ्गमा पानी राखिएको र ५ डिसेम्बर २०२२ देखि सुरुङ्ग सञ्चालन गरी काठमाडौंमा पानी पथान्तरण गरिएको थियो। जसबाट काठमाडौं उपत्यकामा ७ महिना मेलम्चीको पानी वितरण गरिएकोमा ७ जुलाई २०२३ देखि वर्षायामको जोखिमलाई मध्यनजर गरी सुरङ्ग सञ्चालन कार्य बन्द गरिएको।

- पानी प्रशोधन केन्द्र अन्तर्गतका ठेक्का सम्पन्न गरी प्रशोधन केन्द्र सञ्चालनका लागि काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरिएको।
- वितरण संजाल सुधार (DNI) अन्तर्गत ३३ मध्ये १२ वटा DMA हरूको अन्तिम परिक्षण (Functional Guarantee Test, (FGT)) सम्पन्न गरी ४ वटा DMA हरू गौशाला (DMA २.४), सिनामंगल (DMA ३.५), नरेफाँट (DMA ९.१) र DMA TU को नियमित रुपमा पानी सञ्चालन गर्न काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गरिएको।
- दोश्रो चरणको DNI (GoN) (कलंकी, स्वयम्भु, सामाखुसी, बालुवाटार, धुम्बाराही, कपन, मन्दिखाटार) अन्तर्गत ७६० कि.मी. मध्ये ५८३ कि.मी. सम्पन्न , २५ हजार ३ सय ५६ House Connection सम्पन्न गरिएको।
- प्रधानमन्त्री निवास र बालुवाटार आसपासका क्षेत्रमा बर्षाते पानी व्यवस्थान कार्यको लागि १.२२ कि.मि. ढल निर्माण कार्य सम्पन्न गरिएको छ। त्यसैगरी ललितपुर महानगरपालिकाको दरबार स्क्वायर लगायतका क्षेत्रहरूमा Trunk Sewer Line निर्माणको कार्य सम्पन्न गरिएको छ।
- सहलगानी खानेपानी आयोजना, केन्द्रीय खानेपानी आयोजना, जलवायु खानेपानी आयोजना र शहरी खानेपानी आयोजना तर्फका क्रमशः ५, ५, ६ र ६ गरी जम्मा २२ वटा ठूला तथा मझौला खानेपानी आयोजनाहरू सम्पन्न गरी थप ३ लाख १२ हजार ३ सय ७३ जनसंख्यालाई उच्च तथा मध्यम स्तरको खानेपानी सेवाको पहुँच पुऱ्याइएको छ।
- खानेपानी सेवा विस्तार तथा पुनर्स्थापनातर्फका १५८ वटा आयोजना (स्किम) सम्पन्न गरी २ लाख ४२ हजार ६५ जनसंख्यालाई आधारभूतस्तरको खानेपानी सेवाको पहुँच पुऱ्याइएको छ।
- सतही ढल, प्रशोधन सहितको ढल तथा सरसफाईका ५ वटा आयोजनाहरू सम्पन्न गरी करीब ९४ हजार जनसंख्यालाई सरसफाई सेवा उपलब्ध गराइएको छ।
- काठमाडौं उपत्यकाभित्र २० स्थानमा ढुङ्गेधारा, पोखरी तथा पुराना खानेपानीको स्रोतको संरक्षण गरिएको छ। त्यसैगरी २० स्थानमा वर्षातको पानी संकलन प्रविधि जडान गर्नुका साथै भुमिगत जलस्रोत पुनर्भरणका कार्यक्रम सञ्चालन गरिएको छ।
- काठमाडौं उपत्यकाभित्र थप १० स्थानमा वाटर ए.टि.एम जडान गरी हालसम्म ३१ वाटर ए.टि.एम बाट स्वच्छ खानेपानी उपलब्ध गराइएको छ।

## ६.७ गृह मन्त्रालय

आर्थिक वर्ष २०७८/७९ मा सामाजिक सुरक्षा कार्यक्रमबाट लाभग्राहीको विवरण

**तालिका ७.४**

| क्र.सं. | लाभग्राहीको वर्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक (६८ वर्ष भन्दा माथि) | १६२७८९३ | ४२.८४ |
| २ | जेष्ठ नागरिक (क्षेत्र तोकिएको ६० वर्ष उमेर पुगेका) | १६६२४ | ०.४४ |
| ३ | जेष्ठ नागरिक दलित (६० वर्ष उमेर पुगेका) | १५२८०० | ४.०२ |
| ४ | जेष्ठ नागरिक (एकल महिला) | २१२६५९ | ५.६० |
| ५ | विधवा | ३६११५६ | ९.५० |

| | | | |
|---|---|---|---|
| ६ | पुर्ण अपाङ्गता (क वर्ग) | ६६२८८ | १.७४ |
| ७ | अति अशक्त अपाङ्गता (ख वर्ग) | १३८६९३ | ३.६५ |
| ८ | लोपोन्मुख जाती | २२०१२ | ०.५८ |
| ९ | लोपोन्मुख (बालबालिका) | २७१ | ०.०१ |
| १० | बालबालिका (दलित) | ३८१०५८ | १०.०३ |
| ११ | बालबालिका (क्षेत्र तोकिएको) | ८२०६५४ | २१.६० |
| | **कुल जम्मा** | **३८००१०८** | **१००%** |

- लागु औषध नियन्त्रण शाखाबाट लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना २०७९-२०८४ तर्जुमा गरी कार्यान्वयनमा आएको छ।
- योजना, अनुगमन तथा मुल्याङ्कन शाखाबाट गृह प्रशासन सुधार कार्ययोजना, २०७८ स्वीकृत भई कार्यान्वयनमा आएको छ भने २८ वटा जिल्ला प्रशासन कार्यालयहरूको सूचकमा आधारित एकीकृत अनुगमन तथा मूल्याङ्कन ढाँचा बमोजिम अनुगमन गरी कार्यसम्पादनलाई थप प्रभावकारी बनाइएको छ। आर्थिक वर्ष २०७९/८० को लागि गृहसचिव र प्रमुख जिल्ला अधिकारीबीच हुने कार्यसम्पादन सम्झौता परिमार्जन कार्यदलको प्रतिवेदन, २०७९ स्वीकृत गरी स्वचालित रूपमा कार्यसम्पादन मूल्याङ्कन हुने प्रणाली (CDO Performance Appraisal System (CPAS) को विकास गरिएको छ।
- सूचना प्रविधि शाखाबाट Citizenship Information Management System (CIMS) मार्फत नागरिकता वितरण कार्यलाई ७७ जिल्ला प्रशासन कार्यालय, ७० इलाका प्रशासन कार्यालय, ३ सीमा प्रशासन कार्यालयबाट वितरण हुने गरी विस्तार गरिएको छ।
- राहत तथा तथ्याङ्क व्यवस्थापनबाट उपचार खर्च, राहत तथा आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०७९ नेपाल सरकार (म.प.) बाट स्वीकृति गरी कार्यान्वयनमा ल्याइएको छ।
- स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट कार्य सञ्चालन अनुमति १६, ड्रोन उडान अनुमति ७, सेक्युरिटी क्लियरन्स ६, यात्रा अनुमति पत्र ७६ (१८ भुटानी र ५८ तिब्बतीयन), वाकीटकी अनुमति ३१, संघ संस्था ७ र गैर आवासीय पदमा/राजदूत नियुक्ति राय एवम् सहमति ४३ वटा प्रदान गरिएको छ।
- शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाबाट अफगानिस्तानबाट ८८९ जना नेपाली नागरिकको उद्धार गरी नेपाल ल्याइएको तथा विभिन्न दुर्घटना घाइते, बाढी तथा पहिरोबाट प्रभावितहरूलाई उद्धार तथा राहत सामग्री ढुवानी गर्न नेपाली सेनाको हेलिकप्टरलाई १६७ पटक उडान अनुमति दिइएको छ। पहिचान नभएका तथा वेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८ नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयन भइरहेको र उपचार खर्च, राहत तथा आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०७९ मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनको लागि सबै जिल्ला प्रशासन कार्यालयहरूमा पठाइएको छ।
- सीमा तथा अध्यागमन शाखाबाट निषेधित क्षेत्रमा हेलिकप्टर उडान अनुमति ४३२ पटक, निषेधित क्षेत्रमा निःशुल्क पदयात्रा अनुमति २७ पटक, अन्तर्राष्ट्रिय सीमा सम्बन्धी समन्वय ७७ पटक, ३१५३ विदेशी नागरिकहरूलाई कार्य सहमति र ३७० जना विदेशी नागरिकहरूलाई निष्कासन गरिएको छ।

- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट मल्टिसिटर एम्बुलेन्स र रेस्क्यु भेइकल खरिदको कार्य सम्पन्न भएको, स्वयम्सेवक ब्युरो गठन तथा परिचालन कार्यविधि, २०७८ मिति २०७८/१०/१४ को कार्यकारी समितिको निर्णयबाट स्वीकृत भएको, मनाङको तालगाउँ, सिन्धुपाल्चोकको हेलम्बु र मेलम्ची, डडेलधुराको सिगास तथा बैतडीको गन्यापधुरालगायत बाढी पहिरोग्रस्त क्षेत्रमा भएको क्षतिका सम्बन्धमा प्राविधिक भौगर्भिक अध्ययन कार्य सम्पन्न गरिएको छ।
- अध्यागमन विभागबाट यस आर्थिक वर्षमा इ-भिसा लागू गर्न हालसम्म परम्परागत स्टिकरमा आधारित भिसालाई QR Code सहितको System Generated Visa परिवर्तन गरिएको छ। पर्यटक, गैर पर्यटक, व्यवसायिक लगायत सबै प्रकारका भिसाको आवेदन अनलाईनबाट गर्न सकिने गरी नेपाली पोर्ट प्रणालीको मोडुल प्रयोगमा ल्याइएको छ।
- २०७९ असार मसान्तसम्म अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या ६,२०२, जन्म दर्ता १९,७०,८८७, मृत्यु दर्ता ४,९७,१४५, विवाह दर्ता ७,९२,३६३, सम्बन्ध विच्छेद दर्ता २७,३२५ र बसाइँसराइ दर्ता ४,३३,४३४ रहेको छ।
- नेपाल हज समितिको सचिवालयबाट नेपाल हज समिति तथा उप-समितिको बैठकको निर्णयहरू तथा अन्य महत्वपूर्ण कागजातहरूलाई Digitized गरी विद्युतीय प्रणालीमा सुरक्षित गर्ने हज अभिलेख व्यवस्थापन प्रणाली (Hajj Document Management System) निर्माण गरिएको छ। सन् २०२२ मा नेपालबाट ५५७ जना हज यात्रुहरूको सहभागी भएको छ।

### ६.८ परराष्ट्र मन्त्रालय

- नियोगहरूले सञ्चालन गरेको आर्थिक कूटनीति कार्यक्रमहरूको अनुगमन गर्ने क्रममा यस वर्ष नेपाली राजदूतावासहरू बर्लिन, पेरिस र लण्डनको अनुगमन गर्ने कार्य सम्पन्न गरिएको।
- नियोगहरूबाट पर्यटन प्रवर्द्धन, निर्यात तथा लगानी प्रवर्द्धन, श्रमिक सचेतना र सांस्कृतिक कार्यक्रम सहितको राष्ट्रिय दिवस जस्ता कार्यक्रमहरू सम्पन्न गरिएको।
- गत आर्थिक वर्षको असार मसान्तसम्म विदेशस्थित नेपाली नियोगहरूद्वारा २९ वटा राष्ट्रिय दिवस, ५४ वटा पर्यटन प्रवर्द्धन, ४१ वटा वैदेशिक लगानी, २६ वटा वैदेशिक व्यापार, २३ वटा विप्रेषण सचेतना, १३४ वटा श्रमिक सचेतना तथा अन्य १६ वटा गरी जम्मा ३२३ वटा आर्थिक कूटनीतिसम्बन्धी कार्यक्रमहरू सम्पन्न भएका।
- राहदानी सेवालाई थप प्रभावकारी बनाउन राहदानी विभाग, ७७ जिल्ला प्रशासन कार्यालयहरू, १७ इलाका प्रशासन कार्यालय र ३८ वटा विदेशस्थित नेपाली नियोगहरूबाट मासिक राहदानी आवेदन फारामको कोटा बढाइएको।
- सेवाग्राहीलाई शिघ्र राहदानी वितरणका लागि आवेदन गरेको मितिबाट नजिकका जिल्लाहरूमा १० दिनदेखि १२ दिनभित्र, तराइका जिल्लाहरूमा १२ दिनदेखि १५ दिनभित्र, पहाडका सुगम जिल्लाहरूमा १५ देखि २० दिनभित्र, हिमाली जिल्लाहरूमा २० देखि ३० दिनभित्र र विदेशस्थित नेपाली नियोगहरूमा २० देखि ३५ दिनभित्र विभागबाट राहदानी पुर्याउने व्यवस्था गरिएको।
- विदेशस्थित नियोगहरूको सहप्रमाणित मुलुकहरूमा रहेका नेपालीहरूलाई सेवा प्रवाह गराउन घुम्ती सेवा तथा सूचना प्रविधिको अधिकतम प्रयोग गरिएको।

- आर्थिक वर्ष २०७९/८० मा १४,६४,८४४ विद्युतीय राहदानी जारी गरिएको तथा मिति २०८० असार मसान्तसम्म कुल १९,४२,८३९ विद्युतीय राहदानी वितरण गरिएको।
- नेपालका सवै स्थानहरूवाट कन्सुलर सेवा लिन कन्सुलर सेवा विभाग, काठमाडौ आउनु पर्ने वाध्यात्मक अवस्थालाई समाधान गर्न तथा कन्सुलर सेवा थप सहज, सरल तथा प्रभावकारी बनाउन स्थानीय तहसँग सहकार्य गर्ने यस आर्थिक वर्षको कार्य योजनाअनुसार हाल सम्म ४१ जिल्लाका जिल्ला प्रशासन कार्यालय तथा ११५ स्थानीय तहहरू) यस आर्थिक वर्षको लक्ष्य २० जिल्ला ५० स्थानीय तह (सँग कन्सुलर सेवाको अनलाईन प्रणालीमा जिल्ला प्रशासन तथा स्थानीय तहहरूलाई Online login प्रदान गरी सहकार्य सुरु गरी सकिएको।
- भारतसँग पारवहन सन्धी, दोधारा चाँदनीमा एकीकृत सुरक्षा जाँच चौकी, पेट्रोलियम पूर्वाधार विकास, फुकोटकार्णाली जलविद्युत विकास-, तल्लो अरुण जलविद्युत विकास आयोजना, Cross-border payments सम्बन्धी ८ वटा सन्धी सम्झौता सम्पन्न भएका।
- इटालीसँग Bilateral Consultation Mechanism स्थापना गर्ने MOU सम्पन्न।
- EPS प्रणाली अन्तर्गत भएको Memorandum of Understanding (MoU) को नवीकरण सम्पन्न भएको।
- परराष्ट्र मन्त्रालय र जर्मन राजदूतावासबीच GOETHE-ZENTRUM KATHMANDU सञ्चालनसम्बन्धी संशोधित समझदारीपत्रमा १० फेब्रुअरी २०२३ मा सम्पन्न भएको।
- नेपाल सरकार र बेलायत सरकारबीच बेलायतको स्वास्थ्य सेवामा नेपालबाट स्वास्थ्य जनशक्ति भर्ना गर्ने बारेको समझदारीपत्रमामा श्रम मन्त्रालय मार्फत सम्पन्न भएको।
- मलावी, नाउरु, क्यामरुन र मार्शल आइल्याण्डसँग। यससँगै नेपालको कूटनीतिक सम्बन्ध कायम भएका मुलुकको संख्या १८१ पुगेको।
- संयूक्त राष्ट्रसंघको ७७औं महासभाको उपाध्यक्षमा निर्वाचित।

## ६ ९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

आर्थिक वर्ष २०७९/ ८० मा यस राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सम्पादित प्रमुख कार्यक्रमहरूको संक्षिप्त स्थितिः

- राष्ट्रिय जनगणना २०७८ का राष्ट्रियस्तरको नतिजा तयार भई राष्ट्रिय प्रतिवेदन (अंग्रेजी), संक्षिप्त प्रतिवेदन (नेपाली) र मातृमृत्युदर सम्बन्धी राष्ट्रिय प्रतिवेदन सार्वजनिक गरिएको।
- गाउँपालिका तथा नगरपालिकास्तरको नतिजा; जातजाति, भाषा तथा धर्मको नतिजा र गणना जाँच सर्वेक्षणको नतिजा सेन्सस् वेवपोर्टल मार्फत सार्वजनिक तथा प्रतिवेदनहरू प्रकाशन गरिएको।
- सात प्रदेश र ५७ वटा जिल्ला गरी ६४ स्थानमा जनगणनाको नतिजा सार्वजनिक तथा अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- राष्ट्रिय कृषिगणना २०७८ को Data Coding/Editing/Entry/Validation कार्य सम्पन्न भएको।
- राष्ट्रिय कृषिगणना २०७८ को तथ्यांक विश्लेषण, तालिकीकरण र मस्यौदा प्रतिवेदन लेखन कार्य सम्पन्न भएको।
- नेपाल जीवनस्तर सर्वेक्षण चौथोको स्थलगत तथ्याङ्क संकलन कार्य सम्पन्न भएको।
- छानिएका उद्योगहरूबाट नियमित रुपमा उत्पादन तथा मूल्यसम्वन्धी तथ्यांक संकलन गरी मूल्य तथा उत्पादन सूचकांकहरू निर्माण गरिएको ।

- नेपाल व्यापार सर्वेक्षण २०७८ को Data Processing को कार्य सम्पन्न भएको।
- औद्योगिक सर्वेक्षण,२०७६ को राष्ट्रिय तथा प्रादेशिक नतिजा सातैवटा प्रदेशमा सार्वजनिक कार्य सम्पन्न भएको।
- स्थानीय तहका कर्मचारीका लागि तथ्यांकीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको (५ जिल्लामा)।

## ६.१० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

- राष्ट्रिय जनगणना २०७८ का राष्ट्रियस्तरको नतिजा तयार भई राष्ट्रिय प्रतिवेदन (अंग्रेजी), संक्षिप्त प्रतिवेदन (नेपाली) र मातृमृत्युदर सम्बन्धी राष्ट्रिय प्रतिवेदन सार्वजनिक गरिएको।
- गाउँपालिका तथा नगरपालिकास्तरको नतिजा; जातजाति, भाषा तथा धर्मको नतिजा र गणना जाँच सर्वेक्षणको नतिजा सेन्सस् वेवपोर्टल मार्फत सार्वजनिक तथा प्रतिवेदनहरू प्रकाशन गरिएको।
- सात प्रदेश र ५७ वटा जिल्ला गरी ६४ स्थानमा जनगणनाको नतिजा सार्वजनिक तथा अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- राष्ट्रिय कृषिगणना २०७८ को Data Coding/Editing/Entry/Validation कार्य सम्पन्न भएको।
- नेपाल जीवनस्तर सर्वेक्षण चौथोको स्थलगत तथ्याङ्क संकलन कार्य सम्पन्न भएको।
- कुल गार्हस्थ्य उत्पादन वार्षिक तथा त्रैमासिक लगायतका बृहत आर्थिक सूचकसम्बन्धी अनुमानहरू तयार भएको
- छानिएका उद्योगहरूबाट नियमित रुपमा उत्पादन तथा मूल्यसम्वन्धी तथ्यांक संकलन गरी मूल्य तथा उत्पादन सूचकांकहरू निर्माण गरिएको।
- नेपाल व्यापार सर्वेक्षण, २०७८ को Data Processing को कार्य सम्पन्न भएको।
- औद्योगिक सर्वेक्षण, २०७६ को राष्ट्रिय तथा प्रादेशिक नतिजा सातैवटा प्रदेशमा सार्वजनिक कार्य सम्पन्न भएको।
- दोस्रो आर्थिक गणनाको आर्थिक गणनाको प्रश्नावली परीक्षण, आयोजना दस्तावेजको मस्यौदा र नीति तथा रणनीति प्रतिवेदन तयार भएको।
- स्थानीय तहका कर्मचारीका लागि तथ्यांकीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको (५ जिल्लामा)।

## ६.११ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

**तालिका ७.८**

| सि.न. | विवरण | वार्षिक लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | कालोपत्रे स्तरको सडक, कि.मि. (नयाँ) | १३०० | ८२० | ६३.०८% |
| २ | ग्रावेल स्तरको सडक, कि.मि. | १००० | ६२८ | ६२.८०% |
| ३ | माटे सडक, कि.मि. | ५०० | २४३ | ४८.६०% |
| ४ | कालोपत्रे स्तरको सडक पुनः निर्माण तथा पुनर्स्थापना, कि.मि. | ६०० | २४९ | ४१.५०% |
| ५ | आवधिक मर्मत, कि.मि. | ७६१ | ५३८ | ७०.७०% |
| ६ | पुल निर्माण, संख्या | ३०० | २२२ | ७४.००% |

**राष्ट्रिय राजमार्ग तर्फः**

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७५/७६) | २०७८/७९ | | २०७९/८० | |
|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति |
| १ | राष्ट्रिय राजमार्ग (दुई लेनसम्म कालोपत्रे) | कि.मी. | ५९९४ | ९७९४ | ७२३७ | ११०९४ | ७६७५ |
| २ | राष्ट्रिय राजमार्ग (दुई लेनमाथी द्रुतमार्ग समेत) | कि.मी. | ९६ | ३४५ | २०४ | ७४५ | २३० |
| ३ | राष्ट्रिय राजमार्ग (नयाँ ट्र्याक निर्माण, वार्षिक) | कि.मी. | २६० | ४०० | १४५ | ४०० | ७० |
| ४ | राष्ट्रिय राजमार्ग पुनर्स्थापना तथा पुनर्निर्माण (वार्षिक) | कि.मी. | १८२ | २२५ | १५५ | २५० | २४९ |
| ५ | राष्ट्रिय राजमार्ग आवधिक मर्मत सम्भार (वार्षिक) | कि.मी. | ३२० | ७५० | २५० | ७५० | ५३८ |
| ६ | राष्ट्रिय राजमार्ग नियमित मर्मत सम्भार (वार्षिक) | कि.मी. | ९१५५ | ७२०० | ७८०० | ७२२५ | ७८२१ |
| ७ | सडक पुल निर्माण (वार्षिक) | वटा | ३०० | ३०० | २८२ | ३५० | २२२ |
| ८ | रेलमार्ग (स्तरोन्नति / नयाँ ट्र्याक) | कि.मी. | ४२ | १९० | १११.५ | २६० | १२१ |

- ग्वार्को Flyover को निर्माण कार्यको शुरुवात भएको, सातदोबाटो तथा एकान्तकुनामा Flyover निर्माण कार्यको लागि बहुबर्षीय ठेक्का र स्रोत सुनिस्चितताको लागि सहमति माग गरिएको।
- सिद्धबाबा सुरुङमार्ग EPC मोडेलमा ठेक्का सम्झौता भई निर्माण व्यवसायी द्वारा Tunnel डिजाइन पेश गरेको र हाल निर्माण कार्य शुरु भएको।
- नागढुंगा सुरुङमार्गको कुल सुरुङ्ग लम्बाई ५४९९ मिटर (मुख्य र आपतकालिन सुरुङ गरि) मध्ये ४९३३ मिटर (सुरुङको काम करिब ८९%) सम्पन्न भएको, आपतकालीन सुरुङको excavation कार्य सम्पन्न भई Breakthrough भएको
- पूर्व-पश्चिम राजमार्ग अन्तर्गत नारायणी नदिमा सिग्नेचर पुल निर्माणको लागि ठेक्का सम्झौता भएको छ भने बुटवल-गोरुसिंगे-चन्द्रौटा खण्ड ४/६ लेनमा स्तरोन्नति र तिनाउ नदिमा सिग्नेचर पुल निर्माणको लागि विश्व बैंकको ऋण सहयोगमा ACCESS (पूर्व दक्षिण एसियाको यातायात तथा व्यापार आबद्धता अभिवृद्धि कार्यक्रम) को शुरुवात भएको छ।
- नेपालमा उत्पादन वा जडान भएका सवारी साधनहरूको दर्ता प्रक्रियालाई सहजीकरण गर्न यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० परिमार्जन भएको।
- विशेष सार्वजनिक बस सेवा (Bus Rapid Transit) को अवधारणा अनुरुप परीक्षणको रुपमा भक्तपुरको सूर्यविनायक देखी काठमाण्डौको रत्नपार्क सम्म द्रुतगतिमा बस सेवा सञ्चालन गर्ने गरी कार्य भइरहेको।
- अनलाईन सवारी चालक अनुमतिपत्र प्रणालीलाई नागरिकता प्रमाणपत्र सूचना व्यवस्थापन प्रणाली (CIMS) तथा नागरिक एपसँग अन्तरआवद्ध गरिएको।
- सुनकोशी नदीमा (अरुण दोभानबाट माथि ६८ किमि देखि १५३ किमि सम्म) र तामाकोशी नदीमा (तामाकोशी सुनकोशी दोभानबाट माथि ६३.५ किमि सम्म) जलमार्गको विस्तृत सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको।
- कोशी नदीमा संचालित जलयानहरू अरुण दोभानमा रहेको अवरोधका कारण माथि जान कठिनाई भएको हुँदा उक्त स्थानमा रहेका अवरोधहरू हटाउनका लागि बोलपत्र मार्फत निर्माण व्यवसायी छनौट गरी निर्माण कार्य सम्पन्न भएको।
- पानी जहाज ऐन, २०२७ लाई विस्थापन गर्न तयार गरिएको नयाँ ऐनको मस्यौदालाई पुनरावलोकन गरी पेश गर्न मन्त्रालयको सह-सचिवको संयोजकत्वमा समिति गठन भएकोमा मिति २०७९/०९/१३ मा नयाँ मस्यौदा मन्त्रालयम पेश गरिएको।

- महासन्धीहरूको नेपाली अनुवादका लागि कानुन किताब व्यवस्था समितिमा पठाइएकोमा गत आर्थिक वर्षमा MARPOL को नेपाली अनुवाद भई प्राप्त भएको।

## ६.१२ महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

- दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवति तथा सुत्केरीको हवाइ उद्धार कार्यक्रम (उद्धार,यातायात तथा व्यवस्थापन र अनुगमन सहित ) अन्तर्गत यस आर्थिक वर्षमा १६७ जनाको उद्धार गरिएको।
- अपाङ्गता पुनर्स्थापना केन्द्र संचालक, हेरचाह तथा स्याहारकर्ताहरूलाई Care Giver तालिम मधेश प्रदेशको महोत्तरी जिल्ला, लुम्विनी प्रदेशको रुपन्देही जिल्ला र बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्ला गरी ३ वटा प्रदेशका अभिभावक/ संरक्षक तथा पुनर्स्थापना केन्द्रका संचालकहरू(२५/२५ जनाको दरले ७५ जना) लाई तालिम दिइएको।
- राष्ट्रिय अपाङ्ग महासंघ नेपाल मार्फत कार्यक्रम सञ्चालन १९ जिल्लाका स्थानीय तहका जनप्रतिनिधि हरूलाई अपाङ्गता कानुनी प्रावधान सम्वन्धी अभिमुखीकरण तालिम, दोभाषे सेवा, सूचना तथा परामर्श सेवा कार्यक्रम ,जनचेतनामुलक त्रैमासिक पत्रिका रुपान्तरण प्रकाशन,महासंघका नवनिर्वाचित समितिलाई लैङ्गिक हिंसा तथा न्यायमा पहुँच सम्वन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको ।
- कोशिश नेपालसँगको सहकार्यमा २० जना लैगिंक हिंसाबाट पीडित मानसिक समस्या भएका महिला तथा किशोरीहरू सुरक्षित रुपमा पुर्नस्थापन गरिएको।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी अभियान कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशको सुर्खेत जिल्लामा ९४ जना कोशी प्रदेशको विराटनगरमा ६९ जना र सुदुरपश्चिम प्रदेशको कैलाली जिल्लामा ७४ जनाको उपस्थितीमा कार्यक्रम सम्पन्न गरिएको।
- जोखिममा परेका ८७५ जना बालबालिका(बालक ४२७ र बालिका ४४८) लाई उद्धार गरिएको।
- २०८ जना बालबालिका (बालक ८४ र बालिका १२४) लाई विभिन्न संस्था/बाल गृहमा पुनःस्थापना गरिएको।
- गत आर्थिक वर्ष २०७८/७९ मा अस्थायी संरक्षण सेवा केन्द्रमा रहेकासमेत गरी ६१४ जना बालबालिका(बालक ३०९ र बालिका ३०५)लाई परिवारमा पुनर्मिलन गरिएको।
- बाल गृह अनुगमन र नियमनः काठमाडौं जिल्लामा सञ्चालित ५३, चितवन ३७, कास्की ३६, भक्तपुर १६, ललितपुर १४, झापा ११, कैलाली ९, सुर्खेत ८, कन्चनपुर ५, काभ्रेपलाञ्चोक-२, सुनसरी, सोलुखुम्बु, रुकुम पश्चिम, दोलखा र तनहुँ एक/एक समेत गरी १९५ वटा बाल गृहहरू अनुगमन गरिएको। अनुगमनका आधारमा १२ वटालाई सुधार र ९ वटालाई ऐन र मापदण्ड बमोजिमको कारबाहीका लागि परिषदसँग समन्वय गर्न निर्देशन गरिएको। १५६ बाल गृहबाट १ हजार २११ जना परिवारमा पुनर्मिलन गरिएको, ४५ वटा बाल गृह आफै बन्द सहित ४७ वटा बाल गृह बन्द भएका र २ बाल गृहहरूबाट ३३ जनाको उद्धार गरी पुनर्मिलन तथा पुनस्थापना गरिएको।
- सहायक सामग्री उत्पादन तथा वितरणको लागि संस्थासँग सम्झौता भई कुल ३०८६ जना अपाङ्गता भएका व्यक्तिलाई सहायक सामाग्री वितरण भएको।

- २८ जना सहारा विहिन पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिलाई ४ वटा पुनःस्थापना केन्द्रमा पुनर्स्थापित गरेको।
- नेपाल अपाङ्ग संघ खगेन्द्र नव जीवन केन्द्र, काठमाण्डौ, झापा, धनुषा, बाँकेलाई अनुदान कार्यक्रम भएकोमा सहारा विहिन तथा पूर्ण अशक्त अपाङ्गता भएका ८२ जना व्यक्तिहरूलाई पूर्ण आवासीय पुनर्स्थापना सेवा कार्यक्रम सञ्चालन भईरहेको।
- सिंहदरबार परिसर भित्र र ललितपुरमा दिवा शिशु स्याहार केन्द्र सञ्चालनमा रहेको।
- देशभर हराएका ५८२६ जना बालबालिका खोजतलास गरिएकोमा सोमध्ये ५१५० जना र गत आर्थिक वर्ष २०७८/७९ मा समेत हराएर खोजतलास जारी रहेकामध्ये थप १२८ जना गरी कूल ५२७८ जना बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको।
- वेवारीस फेला परेका ३६२ जना बालबालिका मध्ये २११ जनालाई परिवारमा पुनर्मिलन गरिएको र बाँकी १५१ जना लाई अस्थायी संरक्षणका लागि बाल गृहमा राखिएकोमा ।
- गत आर्थिक वर्ष२०७८/८९ को असार मसान्तसम्म विभिन्न सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र तथा पुनःस्थापना केन्द्रमा आश्रित ३६० समेत गरी हालसम्म ४८६ जना सडक बालबालिकाको संरक्षण तथा व्यवस्थापन गरिकोमा ६९ जनालाई परिवारमा पुनर्मिलन गरिएकोले अस्थायी संरक्षण सेवा केन्दमा बाँकी ४१७ जना रहेका।
- १२६ जना सडक बालबालिकाको उद्धार गरी उद्धार गरिएका मध्ये गत महिनासम्म अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका २ जना गरी ६९ जनालाई परिवारमा पुनर्मिलन गरिएको, १०१ जना बालबालिकालाई अस्थायी संरक्षण सेवा केन्द्रमा संरक्षण व्यवस्थापन गरिएको तथा यस महिना र अगाडिको मध्ये ३ जना बालबालिका संस्थाको संरक्षण केन्द्रबाट भागेको।
- पशुपति बृद्धाश्रममा ८४ जना ज्येष्ठ नागरिकहरू (पुरुष ३० जना र महिला ५४ जना) लाई आवास, भरणपोषण, स्वास्थ्य उपचार सेवा उपलब्ध गराइएको।
- दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवति तथा सुत्केरीको हवाइ उद्धार कार्यक्रम (उद्धार,यातायात तथा व्यवस्थापन र अनुगमन सहित) अन्तर्गत यस आर्थिक वर्षमा १६७ जनाको उद्धार गरिएको।
- ८ लाख ९० हजारका दरले सबै जिल्लाका कम्तीमा २ स्थानीय तह रहने गरी मानव विकास सुचकाँकमा पछाडी परेका जम्मा १११ स्थानीय तहमा जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालनको लागि वित्तीय हस्तान्तरण गरी सम्बन्धित स्थानीय तहमा पठाइएको।
- नमूना बस्तीका दलित, अल्पसंख्यक, अतिसिमान्तकृत, सिमान्तकृत समुदायका, लैंगिक हिंसा र मानव बेचविखनबाट पीडित तथा कोभिड प्रभावित र विपन्न महिलाहरूका लागि रोजगारमूलक तालिम सञ्चालन सशर्त अनुदान ७ प्रदेशको ७ स्थानीय तहमा प्रदान गरिएको।

### ६.१३ युवा तथा खेलकूद मन्त्रालय

- १२०३६ जना स्वरोजगार भएका। हालसम्म १०३,५७९ जना स्वरोजगार भइ सोहि हाराहारीमा अल्पकालीन, मौसमी रोजगारी सिर्जना भएको।

- १००७ जना व्यवसायीहरूलाई ब्याज अनुदानका लागि रू १ करोड ६४ लाख ४१ हजार २ सय १७ रूपैंया प्रदान गरिएको।
- १०१३० जना व्यवसाय र व्यवसायीको बीमा गरिएको।
- कोषले लगानी गरेका ३० जिल्लाका ५९६ सहकारीसस्थाको अनुगमन गरिएको।
- इनोभेटिभ आइडिया भएका १६ जना युवालाई तालिम प्रदान गरिएको।
- हाइ ल्टिच्यूट ट्रेनिङ सेन्टर निर्माणका लागि मनाङ्गको तिमाङमा DPR अनुसार खेलमैदान सम्याउने, मेटलको घेराबार लगाउने र रिटेनिङ वाल लगाउने कार्य भएको। जुम्लामा फिल्ड सम्याउने कार्य सम्पन्न भएको।
- मूलपानी क्रिकेट रङ्गशालामा भीआईपी प्याभिलियन ब्लकमा सम्पूर्ण ढलान कार्य सम्पन्न भई प्लाष्टरको कार्य जारी रहेको, ब्लक ए निर्माणका लागि फर्मा र डण्डीको कार्य भैरहेको। आयोजनाको ३५.००% सम्पन्न भएको।
- गौतमबुद्ध रङ्गशाला निर्माण, चितवन : स्वामित्व ग्रहणको मोडालिटी तयारी र स्वामित्व ग्रहण प्रक्रिया नटुङ्गिएकोले भुक्तानी हुन नसकेको।
- नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना: गण्डकी प्रदेशको पोखरालाई केन्द्र बनाई उक्त प्रदेशका ८ वटा जिल्लामा खेलुकद प्रतियोगिता आयोजना गरिएको।
- क्रिकेट तथा रग्वी खेलको पुर्वाधार निर्माणको लागि फिल्ड सम्याउने कार्य सम्पन्न भएको। आयोजनाको १०.००% सम्पन्न भएको।
- फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समितिको कार्यालय स्थापना भएको।
- कागेश्वरी मनोहरा- ६ मुलपानी, काठमाडौंमा खेलाडी आवासगृह निर्माणका लागि डिपिआर तयार भएको।
- कास्की पोखरा क्रिकेट स्टेडियमको भीआईपी प्याभिलियनको एक भाग प्यारापिट ब्लक स्ट्रक्चर कार्य निर्माण कार्य सुरु भएको। आयोजनाको १०.००% सम्पन्न भएको।
- भैरहवा अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा प्यारापिट ब्लक वी स्ट्रक्चर कार्य सम्पन्न भई रंगरोगन, अल्मुनियमको झ्याल ढोका जडान, टाईल हाल्ने कार्य जारी रहेको। आयोजनाको २२.५% सम्पन्न भएको।
- धनगढी प्रादेशिक रंगशाला निर्माणका लागि ब्लक ९ को वाल लगाउने र प्लाष्टरको कार्य अन्तिम चरणमा र ब्लक १० निर्माण कार्य सुरू भएको। आयोजनाको ४६% सम्पन्न भएको।
- नेपालगञ्ज रङ्गशाला बाँकेमा सेन्थेटिक्स ट्र्याक निर्माणको भित्री ड्रेनको ढलान सम्पन्न भएको आयोजनाको ७७% सम्पन्न भएको।
- धरान रङ्गशाला निर्माण, सुनसरीको थप प्यारापिट निर्माणको आयोजनाको ५४% सम्पन्न भएको।
- सिमरा रंगशाला निर्माण, सिमरा बारामा थप प्यारापिट निर्माणका लागि डिपिसी सम्मको कार्य भरहेको। आयोजनाको ४१% कार्य सम्पन्न भएको।
- फिदिम रंगशाला निर्माण, पाँचथरमा मल्टिपर्पोज सपिङ ब्लकको स्ट्रक्चर कार्य सम्पन्न भएको तथा वाल लगाउने प्लास्टर गर्ने र चेनजिङ रूमको निर्माण कार्य सुरू भएको। आयोजनाको १५.८५% कार्य सम्पन्न भएको।

- पोखरा रंगशालामा बोरिङ्ग तथा पानी ट्याँकी निर्माण पानी ट्याँकी निर्माणको डिपीसी सम्मको कार्यको सम्पन्न भई एक लेबलको बीम ढलान सम्पन्न। आयोजनाको ४०% कार्य सम्पन्न भएको।
- सन् २०२३ को सेप्टेम्बर २३ देखि अक्टोवर ८ सम्म चीनको होन्जाउ शहरमा आयोजना हुने १९ औं एशियाली खेलकुद प्रतियोगितामा सहभागी हुनका लागि २९ खेलका २३४ जना (१०९ जना पुरुष र १२५ जना महिला) खेलाडीलाई बन्द प्रशिक्षणमा राखी विशेष प्रशिक्षण प्रदान गरिएको। गल्फ, टेबल टेनिस, तेक्वान्दो र पौडीका खेलाडीहरूलाई प्रशिक्षणका लागि विदेश पठाइएको।
- भलिबलका १ जना, क्रिकेटका १ जना, खोखोका २ जना, सोतोकान कराँतेका २ जना, फेन्सिङका ३ जना, जुडोका ३ जना, बक्सिङका ५ जना, तेक्वान्दोका १ जना, आइटीएफ तेक्वान्दोका ३ जना र कराँतेका २ जना गरी २३ जना प्रशिक्षकलाई अन्तर्राष्ट्रिय प्रशिक्षण प्रदान गरिएको।
- भलिबल, कबड्डी, खोखो र रग्वी खेलका गरी ७२ जना खेलाडी छनोट गरी छात्रवृत्तीमा खेलकुद प्रशिक्षण प्रदान गरिएको।
- राष्ट्रिय खेलकुद परिषदको समन्वय र सहकार्यमा खेलकुद संघहरू मार्फत राष्ट्रियस्तरका ४८ वटा र अन्तर्राष्ट्रियस्तरका २४ वटा खेलुकद प्रतियोगिता आयोजना सम्पन्न भएको।
- राष्ट्रिय खेलकुद परिषदको समन्वयमा खेलकुद संघहरूले अन्तर्राष्ट्रियस्तरका ६३ वटा खेलुकद प्रतियोगितामा सहभागिता जनाएको।
- कुस्ती खेलका १ जना, कराँते खेलका २ जना र तेक्वान्दो खेलका २ जना गरी ५ जना खेलाडीलाई उपचार गर्न नगद सहयोग गरिएको। दक्षिण एशियाली खेलकुद प्रतियोगितामा स्वर्ण पदक प्राप्त गर्ने र एशियाली खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने १९२ जना खेलाडीलाई मासिक रू. ६ हजार, प्रथम ओलम्पियन ५ जना खेलाडीलाई रू. १० हजार र ओलम्पिकमा सहभागी हुने ५९ जनालाई रू. ४ हजारका दरले निरन्तर मासिक भत्ता उपलब्ध गराईएको
- मदन भण्डारी रंगशाला झापाको ईआईए, त्रि.वि किक्रेट मैदानको माटो परिक्षण, कोहलपुर किक्रेट रंगशालाको ईआईए, मुलपानी छात्रावासको डिपिआर, सुनापाती कभर्डहलको डिपिआर,त्रि.वि किक्रेटको स्कोर्डबोर्डको डिपिआर, चुनिखेल कभर्डहलको डिपिआर, सातदोबाटो फिटनेस हलको डिपिआर गरिएको।
- नारायणी कभर्डहल निर्माणका लागि निर्माण कम्पनीसंग सम्झौता भई ठेक्काको १५% सम्पन्न भएको।
- केन्द्र, प्रदेश र जिल्ला स्तरका विभिन्न खेलमैदान तथा कभर्डहल मर्मत सम्भार कार्य सम्पन्न भएको।
- चुनिखेल इण्डोर कभर्डहल निर्माण तपस्थली ललितपुर म.न.पा.२२ मा डिपिसी सम्मको निर्माण कार्य सम्पन्न। आयोजनाको २०% सम्पन्न भएको। ट्याम्के मैयु वडा नं. ६ खाल्डे भोजपुर खेलमैदान, हलेसी तुवाचुङ न पा ७ खोटाङमा बक्सेवर खेलमैदान स्तरोन्नती, मध्येविन्दु न. पा. ६, नवलपरासी जनता मा. वि. को खेलमैदान निर्माण, लैनचौर खेलकुद परिसरको स्तरोन्नति, कोहलपुर फुटबल एकेडेमी कभर्डहल, बाँकेमा राप्तीसोनपरी ६, फतेपुरमा खेल पूर्वाधार निर्माण, हिमालय किरण पब्लिक क्याम्पस खाँदबारीको बास्केटबल कोर्ट निर्माण, विराटनगर मोरङमा कभर्डहल निर्माण, मोरङको टंकीसुनवारीमा रंगशला निर्माण, चितवनको शारदानगरमा फुटबल मैदान निर्माण, मन्थली, रामेछापमा खेल मैदान निर्माण, तनहुँको मैदीखोलामा खेलमैदान निर्माण, लमजुङको तीनपिप्लेमा टेबुलटेनिस हल निर्माण, ललितपुरको गोदावरी न पा १२ मा खेलमैदान निर्माण, रोल्पा थवाङमा रंगशाला निर्माण, मदाने-४, गुल्मीमा खेलमैदान निर्माण, नुवाकोटमा मानेटार खेलमैदान निर्माण, ललितपुरको बागमती गापा ५ पोखरीडाँडामा खेलमैदान निर्माण, सानीभेरी गा.पा. रूकुमपश्चिममा फुटबल मैदान निर्माण, रूकुमपश्चिम आठबिसकोटमा खेल मैदान निर्माण,

रूकुमपश्चिममा खारानेटा खेल मैदान निर्माण, धादिङ्ग गजुरी ६ भल्टार खेल मैदान निर्माण, , बुढानिलकण्ठ १३, काठमाण्डौमा चुनीखेल क्रिकेट खेल मैदान निर्माण, सुनापानी ३, रामेछापमा राष्ट्रिय स्मृति कभर्डहल निर्माण, मध्यविन्दु न.पा.७ पूर्वी नवलपरासी चोरमारामा कभर्ड हल निर्माण मध्यविन्दु न.पा.१०, पूर्वी नवलपरासीमा रमादेवी स्मृति रंगशाला निर्माण, रामपुर ६, पाल्पामा मिलनचोक रंगशाला निर्माण, विरूवा ६, स्याङ्गजामा छिनेवास खेल मैदान निर्माण, चौकुने गा.पा.८, सुर्खेतमा विशालनगर रंगशाला निर्माण, जाजरकोटमा ऐरेली रंगशाला निर्माण र दशरथ रंगशाला तथा सातदोबाटो परिषरमा मर्मत कार्य भएको।

## ६.१४ रक्षा मन्त्रालय

- सिराहा, सप्तरी, नवलपरासी र दाङ्ग जिल्लाका सामुदायिक वनहरू (९१ हेक्टर क्षेत्रफल) मा १,४५,६०० गोटा बिरुवा वृक्षारोपण सम्पन्न भएको।
- बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ्ग सडकः ३ कि.मि. ट्र्याक निर्माण सम्पन्न, ४ कि.मि. ट्र्याक स्तरोन्नति सम्पन्न।
- खाँदबारी-किमाथाङ्का सडक (च्याम्ताङ्ग-घोडघप्पाः ३.५ कि.मि. ट्र्याक निर्माण सम्पन्न, २.५ कि.मि. ट्र्याक स्तरोन्नति।
- कर्णाली-करिडोर सडकः ६ कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न, १ क्याम्प निर्माण सम्पन्न।
- त्रिभुवन विमानस्थलमा ALERT-4 अन्तर्गतANTI-HIJACKING DEMONSTRATION सञ्चालन भएको।
- ४ वटा हिमालहरूबाट ३५ टन फोहोर सङ्कलन गर्ने लक्ष्य लिइएकोमा ३५.७०८ टन फोहोर सङ्कलन गरी सङ्कलित फोहोरको उचित व्यवस्थापन गरिएको।
- बाढी, पहिरो र डुबानमा परेका ८१ जनाको उद्धार, बाढी तथा पहिरो प्रभावित ४८२० जनाको स्थानान्तरण, भूकम्प पीडित १८ जना (घाइते-११, शव- ७) को उद्धार गरिएको।
- विभिन्न ५८२ स्थानहरूको आगलागी (डढेलो-४३३ र घर/टहरा- १४९ स्थान) नियन्त्रण गरिएको।
- विभिन्न स्थानमा फेला परेका २२९ वटा शङ्कास्पद वस्तु डिस्पोज गरिएको।
- विपद् तथा संकटमा परेका विभिन्न ४७ स्थानका नागरिकलाई राहत वितरण तथा सहयोग गरिएको।
- निकुञ्जभित्र गैर कानूनी कार्यमा संलग्न १०७८० जना व्यक्ति, भरुवा बन्दुक-२४, जाल/पासो-१४३०, घरेलु औजार-२८२५ र आखेटोपहार-७४ नियन्त्रणमा लिई निकुञ्ज प्रशासनलाई बुझाइएको।
- विश्व शान्ति कार्यमा नेपाली सेनाको तर्फबाट ६०७३ जना (५६५ जना महिला सहित) कार्यरत रहेको र २०८० असार मसान्तसम्म १,४५,८१३ जना (२१८९ जना महिला सैनिक सहित) विश्व शान्ति कार्यमा सहभागी भएको।

## ६.१५ राष्ट्रिय योजना आयोग

- पन्ध्रौ आवधिक योजनाको मध्यावधि मूल्याङ्कन सम्पन्न भएको।
- आपूर्ति नीति २०६९, बैदेशिक रोजगार नीति २०६८, र राष्ट्रिय सहकारी नीति २०६९ लाई पुनरावलोकन गरिएको।
- मध्यकालिन खर्च तर्जुमा सम्बन्धि तालिम प्रदान गरिएको।
- विभिन्न १५ आयोजनाहरूको लागि बहुवर्षीय ठेक्काको लागि सहमति प्रदान गरिएको।

## ६.१६ वन तथा वातावरण मन्त्रालय

### तालिका ७.१०

| नतिजा सूचक | एकाई | लक्ष्य २०७९/०८० | प्रगति २०७९/०८० |
|---|---|---|---|
| वन क्षेत्रबाट प्राप्त अनुमानित राजस्व रकम | रू. अर्ब | ५ | ४.७७४ |
| वृक्षारोपण गरिएको क्षेत्रफल | हेक्टर(हजारमा) | २० | २.०२४ |
| बिरुवा उत्पादन (वार्षिक) | संख्या (करोडमा) | २२.५ | १.५९७३ |
| वनजन्य उद्यमको विकास तथा प्रवर्द्धन | संख्या | २००० | ३३०३ |
| गैर काष्ठ वनपैदावारको व्यावसायिक खेती गरिएको कुल क्षेत्रफल | हेक्टर | ४०० | २०० |
| संरक्षित क्षेत्रले ओगटेको क्षेत्रफल | रू. अर्ब | २३.३९ | २३.३९ |
| वनजंगल घनत्व | घन फिट (लाख) | ४४० | ४३० |
| वायु प्रदुषणको औसत मात्रा (पि पि एम २.५) | माइक्रोग्राम प्रति घनमिटर | ४२ | ४३.७१ (रत्नपार्क वायु प्रदुषण मापन केन्द्र) |
| वायुमा सस्पेन्सन पार्टिकुलेटको गाढापन (२४ घण्टाको औषत) | माइक्रोग्राम प्रति घनमिटर | १६० | ७९.९६ (रत्नपार्क वायु प्रदुषण मापन केन्द्र) |
| अनुकूलन योजना तयार भएका स्थानीय तह | संख्या | ४५० | २४१ |
| काठ उत्पादन | घन फिट (लाख | २७५ | ३१८.६२ |
| दाउरा उत्पादन | चट्टा संख्या | ५००० | ४१९९८ |
| पानी मुहान, पोखरी संरक्षण र सिमसार क्षेत्र व्यवस्थापन | संख्या | २५० | ६०६ |
| बस्ती तथा बजार संरक्षण | संख्या | १२० | ३२ |
| वायु गुणस्तर मापन केन्द्र | संख्या | ४२ | २९ |
| जलवायु परिवर्तन अनुकूलन योजना तयारी र कार्यान्वयन भएका स्थानीय तह | संख्या | ६०० | २४१ |

- चुरे क्षेत्रका अति संवेदशील ३३ हेक्टर क्षेत्रफलमा तारवार सहित पुनरुत्पादन संरक्षण तथा व्यवस्थापन गरिएको।
- विभिन्न स्थानमा १८७ कि.मि. पर्यटक पदमार्ग/ गोरेटो वाटो निर्माण र स्तरोन्ती सम्पन्न गरिएको।
- राष्ट्रपति चुरे तराई संरक्षण कार्यक्रम तर्फ १,६५,००० विरुवा उत्पादन/खरीद, ३६ वटा तालतलैया/सिमसार संरक्षण तथा व्यवस्थापन, ९३ वटा गल्छी, पहिरो, खहरे रोकथाम, ९.७२६ कि.मी. नदी तथा खोला किनारा स्थिरीकरण/व्यवस्थापन गरिएको ।
- यसैगरी ३५ स्थानमा भूमिगत जल पूनर्भरण र सतहमुनिको पानी उपयोग, ९१ हेक्टर क्षतिग्रस्त भूमि पुनरुत्थान तथा अन्य संरक्षण, ३३ वटा संरक्षण पोखरी निर्माण तथा संरक्षण, १९ हेक्टर हरित पेटिका निर्माण गरिएको ।

- सम्बृद्धिको लागि वन कार्यक्रम अन्तर्गत वन क्षेत्रमा सुशासन अभिबृदी सम्बन्धि सरोकारवालाहरूसंग अन्तरक्रिया,गोष्ठी,सेमिनार।

## ६.१७ शहरी विकास मन्त्रालय

- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत करिव २ लाख घर परिवारलाई जस्तापाताले प्रतिस्थापन गरिने लक्ष्य लिईएकोमा हाल सम्म ५२ हजार ९ सय ३८ लाभग्राहीको निर्माण कार्य सम्पन्न भएको।
- वस्ती विकास कार्यक्रम अन्तर्गत मुगुको छाँयानाथमा नगरपालिकामा ३४ वटा आवास एकाई निर्माण सम्पन्न र डडेलधुराको परशुराम नगरपालिकामा ३५ वटा आवास एकाईको दोश्रो किस्ता उपलव्ध गराई निर्माण कार्य भईरहेको।
- नयाँ शहरहरूमा यस. आर्थिक वर्षमा पूर्वाधार निर्माण तर्फ सडक स्तरोन्नति गर्ने (सडक चौडा /Gravel गर्ने /कालोपत्रे गर्ने/ढलान गर्ने/ढल तथा नाला निर्माण) सम्बन्धी १२३.३ कि.मि सम्पन्न भएको (सडक कालोपत्रे -१४.८ कि.मि. सम्पन्न, ढलान सडक-१६.८ कि.मि. सम्पन्न, ढल/नाला निर्माण- ३४.३ कि.मि., ट्र्याक खोल्ने/स्तरोन्नति/ग्रावेल सडक- ५७.४ कि.मि.)
- ७ वटा भवन (सभाहल/कभर्ड हल/ सामुदायिक भवन) निर्माण कार्य सम्पन्न, ५ वटा भवनहरू निर्माणाधीन अवस्थामा रहेको, ४ वटा बसपार्क र १ वटा तरकारी बजारको निर्माण कार्य सम्पन्न भएको र २ वटा बसपार्क निर्माणाधीन अवस्थामा रहेको, १ वटा खेल मैदान र ४ वटा मनोरञ्जन पार्कको निर्माण कार्य सम्पन्न भएको र ४ वटा मनोरञ्जन पार्क निर्माणाधीन अवस्थामा रहेको। १ वटा खानेपानी आयोजना निर्माण कार्य सम्पन्न र ४ वटा खानेपानी आयोजना निर्माणाधीन अवस्थामा रहेको।
- काठमाडौं उपत्यकाको स्याटेलाईट शहरहरू विकास गर्ने अवधारणा अनुसार नँया शहर इशानकोण एक लाख रोपनी क्षेत्रफलको डि.पी.आर स्वीकृतीका लागि मन्त्रीपरिषद्मा पेश भएको र बाँकी ३ वटा नयाँ शहरमा (हरित, टोखा; नैरत्य, ललितपुर; आग्नेय , भक्तपुर)१०,००० रोपनी क्षेत्रफलका योजनाहरूका डि.पी.आर भौतिक विकास समितिमा पेश भएको।
- तराई मधेशका सीमामा अवस्थित ६ वटा सीमा क्षेत्र (गौर,सन्दकपुर, जलेश्वर,कोइलाबास, ठोरी र दोधारा चाँदनीमा बेलौरी र सिरहाको भगवानपुर)-पूर्वाधार निर्माण कार्य शुरु भएको र ३ वटा सीमा क्षेत्र (कञ्चनपुरको बेलौरी र सिराहाको ञभगवानपुरको)-स्रोत सुनिश्चिता नभएको।
- एकिकृत रूपमा शहरी पूर्वाधार निर्माण गर्न सघन शहरी विकास कार्यक्रम ५१ वटा नगरपालिकामा विस्तार गरिने कार्यक्रम अन्तर्गत ५१ वटा नगरपालिकाको लागत अनुमान स्वीकृत भई ४८ वटा नगरपालिकाहरूमा कार्यक्रम सम्झौता भई निर्माण कार्य सुरु भएको र बाँकी ३ वटा नगरपालिकामा बोलपत्रको प्राविधिक मुल्यांकन कार्य भईरहेको ।
- वाग्मती नदी र धोबीखोला बहावलाई स्थारीकरण तथा प्रसोधन गर्न सम्बन्धी यस आर्थिक वर्षमा २.५ कि.मि Sewerage कार्य सम्पन्न भई समग्रमा १३.५ कि.मि इन्टरसेप्टर ढल निर्माण कार्य सम्पन्न। साथै यस आर्थिक वर्षमा २.५ कि.मि River Training कार्य सम्पन्न भई समग्रमा १३.५ कि.मि नदी नियन्त्रण कार्य सम्पन्न।
- धरहरा पुनःनिर्माण कार्य (भौतिक प्रगति-यस आर्थिक वर्षमा करिब १८% र समग्रमा हालसम्म ८३%), सिहदरवार पश्चिम लङ्गको प्रवलिकरण कार्य (भौतिक प्रगति-यस आर्थिक वर्षमा करिब ११% र समग्रमा

हालसम्म ९१%), राष्ट्रपतिको कार्यालय शितलनिवास भवन प्रवलीकरण कार्य (भौतिक प्रगति-यस आर्थिक वर्षमा करिब २२% र समग्रमा हालसम्म २२%), केन्द्रिय बाल कल्याण नक्साल काठमाण्डौको भवन प्रवलिकरण कार्य (भौतिक प्रगति-यस आर्थिक वर्षमा करिब १७% र समग्रमा हालसम्म ५७%), केशरमहल, लाजिम्पाटको भवन प्रवलीकरण कार्य (भौतिक प्रगति-यस आर्थिक वर्षमा करिब १०% र समग्रमा हालसम्म ७५%), सडक विभाग कार्यालय रहेको बबरमहल स्थित बबरमहलको भवन प्रवलीकरण कार्य (भौतिक प्रगति-यस आर्थिक वर्षमा करिब १०% र समग्रमा हालसम्म ९५%), सिहदरवार मुख्य प्रवेशद्वार प्रवलिकरण कार्य (भौतिक प्रगति-यस आर्थिक वर्षमा करिब १७% र समग्रमा हालसम्म १७%), घण्टाघर संगै जोडिएको त्रिचन्द्र कलेज भवन प्रवलिकरण कार्य (भौतिक प्रगति-यस आर्थिक वर्षमा करिब १७% र समग्रमा हालसम्म १७%)

- २०७९ असार मसान्त सम्म प्रादेशिक तथा स्थानीयस्तरका कच्ची, ग्रावेल र कालोपत्रे गरी जम्मा ६४ हजार ८ सय ५४ किलोमिटर सडक निर्माण भएकोमा चालू आर्थिक वर्षमा थप १२११ किलोमिटर सडक निर्माण भई समग्रमा ६६ हजार ६५ किलोमिटर सडक निर्माण भएको छ। निर्मित सडकमध्ये कालोपत्रे, ग्रावेल र कच्ची सडकको अंश क्रमशः ७%, २१% र ७२% रहेको छ।
- २०७९ असारसम्म ९७६७ झोलुंगे पुल र ६५३ सडकपुल निर्माण भएकोमा चालु आर्थिक वर्षमा थप ७४१ झोलुंगे पुल र ३२ सडकपुल निर्माण भई जम्मा १०५०८ झोलुंगे पुल र ६८५ सडकपुल निर्माण भएका छन्। पहिचान भएका १४३ तुईन मध्ये १४१ तुईन झोलुंगे पुलद्वारा विस्थापित भएका छन्।
- संघीय संसद भवन निर्माण कार्य (भौतिक प्रगति-यस आर्थिक वर्षमा करिब २१% र समग्रमा हालसम्म ४५%) सम्माननीय प्रधानमन्त्री आवास भवन निर्माण (भौतिक प्रगति-यस आर्थिक वर्षमा करिब ४% र समग्रमा हालसम्म ९६%) प्रदेश प्रमुख तथा मूख्य मन्त्री आवास भवन निर्माण कार्य (भौतिक प्रगति-यस आर्थिक वर्षमा करिब १४% र समग्रमा हालसम्म ८१%) संघीय मन्त्री आवास भवन निर्माण कार्य (भौतिक प्रगति-यस आर्थिक वर्षमा करिब २०% र समग्रमा हालसम्म ७२%)।
- सगरमाथा आधार केन्द्र पदमार्ग, बराह क्षेत्र, अन्नपूर्ण पद मार्ग, मुक्तिनाथ मन्दिर परिसर, जानकी मन्दिर परिसर, पाथिभरा मन्दिर, हलेसी मन्दिर, गुरुद्वारा, बाराको गढिमाई मन्दिर परिसर र पन्च कास्मिरी (ताकिया मस्जिद) मा Internet पहुँच पुगेको।
- मनास्लु सर्किट (Everest Base Camp र Annapurna Circuit) को लागि Wifi Zone सञ्चालनमा ल्याइएको।
- सरकारी निकायका सूचना प्रविधि प्रणालीलाई सुरक्षित, भरपर्दो बनाउन र साइबर सुरक्षाको चुनौती न्यूनीकरण गर्न विभिन्न २५४ सरकारी निकायहरूका ३७८ वटा प्रणालीहरूको Security Audit गरी सुझावसहित प्रतिवेदन दिइएको।
- हुलाकमा ई-कमर्स सेवाको सम्भाव्यता अध्ययन कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको। हुलाक सेवा विभाग र Online Shopping Site दराजसँग फिर्ता हुने सामानको ढुवानी सम्बन्धी सम्झौता भई बबरमहल, ठमेल र बासँवारी ईलाका हुलाक मार्फत काम सुरु भएको।
- हालसम्म देशभित्र ४४ जिल्लाको ६५ स्थान र अन्तर्राष्ट्रियस्तरमा ३९ देशमा EMS सेवा विस्तार भएको।
- मध्यपहाडी लोकमार्ग र आसपासका जिल्ला सदरमुकाम जोड्ने गरी सूचना महामार्ग निर्माण गर्ने कार्य अन्तर्गत आथिक वर्ष २०७९/८० सम्ममा १५००० किलोमिटर अप्टिकल फाइबर विछ्याउने कार्य भएको।

- सबै स्थानीय तहका केन्द्र, ४ हजार ३ सय ९० स्वास्थ्य केन्द्र र ५ हजार ३ सय १८ सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडव्याण्ड इन्टरनेट जडान कार्य सम्पन्न भएको।
- हालसम्म ७७ जिल्लाको ७३९ स्थानीय निकायहरूमा 4G LTE सेवा विस्तार भएको|
- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई ५G परीक्षणको अनुमति प्रदान गरिएको। बबरमहल, सुन्धारा, पोखरा तथा बिरगंजमा जडान तथा internal testing कार्य सम्पन्न भएको।
- रेडियो नेपालको प्रसारण पहुँच विस्तार भई ९२ प्रतिशत जनसङ्ख्यामा पुगेको र नेपाल टेलिभिजनको प्रसारण जनसंख्याको ७२ प्रतिशत पहुँच पुगेको।
- सूचना तथा प्रशारण विभागले प्रसारण संस्थालाई प्रवाह गर्ने सेवालाई सहज र प्रविधिमैत्री बनाउन BRLMS सफ्टवेयर तयार गरी अनलाइन प्रणालीबाट सेवा प्रवाह गरेको।
- बाल चलचित्र समिति (चिल्ड्रेन फिल्म सोसाईटी) गठन गरी बालबालिका लक्षित चलचित्र निर्माण प्रशिक्षणसम्बन्धी तालिमहरू "क्यामेरा सिक", "प्रशिक्षक प्रशिक्षण (Young Film Mentors Training Program)" सञ्चालन गरिएको।
- चलचित्र विकास बोर्डले सूचीकृत गरेका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरूमा प्रतिनिधित्व गर्ने ६ वटा नेपाली चलचित्रहरूलाई प्रोत्साहन स्वरूप आर्थिक सहयोग उपलब्ध गराइएको छ।
- एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS), सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका सबै विभागहरूमा कार्यान्वयनमा रहेको। ८० वटा निकायहरू यस प्रणालीमा आबद्ध भई २७ वटा निकायले प्रणाली मार्फत काम प्रारम्भ गरेका।
- सबै स्थानीय तहका कार्यालयहरू र वडा कार्यालयहरू, १०,१४६ सामुदायिक विद्यालयहरू र ४,३९० सामुदायिक स्वास्थ्य संस्था/अस्पतालहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान कार्य सम्पन्न भएको।

## ६.१८ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

- प्रतिभा डबली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बमोजिम निजामती कर्मचारीमा अन्तर्निहित प्रतिभा प्रस्फुटनको लागि प्रतिभा डबली कार्यक्रम सञ्चालन भएको ।
- "निजामती कर्मचारीका सन्ततीलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७९" स्वीकृत भई निजामती कर्मचारीका ६८७ जना सन्ततीलाई शैक्षिक प्रोत्साहन वृति उपलब्ध गराईएको।
- "निजामती कर्मचारीको सामूहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" स्वीकृत भई कार्यविधि बमोजिम सङ्घीय निजामती सेवाका ३६३१६ स्थायी कर्मचारीहरू रू.१० लाख बीमांकको सामूहिक दूर्घटना बीमा गरिएको।
- तराई मधेश सम्मृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ बमोजिम आ.ब. २०८०/०८१ को लागि २१ जिल्लाका १६९ स्थानीय तहमा २७९ आयोजना सञ्चालनको लागि ६९ करोड ६५ लाख बजेट उपलब्ध गराईएको।
- सङ्घीय निजामती सेवा तथा अन्य सरकार सेवाका कम्तीमा १० प्रतिशत दरवन्दी कटौती गरी १५ दिनभित्र खाका पठाउन मिति २०७९/०४/२२ गतेको निर्णयानुसार सवै निकायहरूलाई परिपत्र गरिएकोमा केही निकायहरूबाट मात्र प्राप्त भएको। अत्यावश्यक वाहेक दरवन्दी थप गर्ने गरी कुनै पनि निकायमा संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरिएको।

- अर्थ मन्त्रालयबाट प्रस्ताव पेस भई नेपाल सरकार (मत्रिपरिषद्)को मिति २०७९/०५/०६ को निर्णयानुसार उच्चस्तरीय तलब सुविधा आयोग गठन उक्त आयोगबाट नेपाल सरकार समक्ष प्रतिवेदन समेत पेश गरिसकेको।
- सरकारी एवम् सार्वजनिक निकायका २२४१ जना अधिकृत कर्मचारीलाई प्रशिक्षण (लामो र छोटो अवधिको समेत) प्रदान गरिएको।
- नेपाल सरकारलाई नीति निर्माणमा सहयोगी हुने, सार्वजनिक नीति, शासकीय व्यवस्थापन र प्रशासन सम्बन्धी २ वटा अनुसन्धान सम्पन्न भई प्रतिवेदन तयार भएको।
- संघ वा अन्तर्गतका सहायक तथा प्रदेश र स्थानीय तहका अधिकृत स्तरका २६१ जनालाई सेवाकालिन र संघ वा अन्तर्गतका सहायक १२४ जना नवनियुक्त कर्मचारीलाई सेवा प्रवेश गरी जम्मा ३८५ जना कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गरिएको।
- ७ वटा स्थानीय तह (नगरपालिका) मा e-building Permit System (EBPS) लागू भएको। उक्त प्रणाली लागू भएका नगरपालिकाहरूमा दातृ निकायको सहकार्यमा सो सम्वन्धी तालिम सम्पन्न भएको।
- स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली लागू गरी ६५१ स्थानीय तहको नतिजा प्रणाली मार्फत प्रकाशित भएको।
- धनकुटा जिल्लाको महालक्ष्मी नगरपालिका लगायत १५ वटा स्थानीय तहमा स्थलगत रुपमा कार्यसम्पादन सहजीकरण सम्पन्न गरिएको।
- अपिहिमाल गाउँपालिका लगायत ११ वटा स्थानीय तहको आवधिक योजनाको मस्यौदा उपर उपर सुझाव तथा पृष्ठपोषण प्रदान गरिएको।
- स्थानीय तह संस्थागत क्षमता स्वःमूल्यांकन कार्यविधि ,२०७७ परिमार्जनको लागि सुझाव सहित प्रतिवेदन प्राप्त भएको।
- आर्थिक वर्ष २०७७/७८ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) नतिजाको गुणस्तर परीक्षण समेतको आधारमा विश्लेषण गरी कमजोर नतिजा आएका र गुणस्तर परीक्षणमा धेरै अंक भिन्नता देखिएका स्थानीय तहहरूलाई पृष्ठपोषण दिईएको। आर्थिक वर्ष २०७८/७९ को नतिजाको विश्लेषण गरी प्रतिवेदन तयार भएको र नमूनाको रुपमा १० वटा स्थानीय तहको आर्थिक वर्ष ०७८/७९ को स्थानीय तह संस्थागत क्षमता स्वःमूल्यांकन (LISA) को नतिजाको गुणस्तर परीक्षण कार्य सम्पन्न भएको।
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई संघीय मामिला प्रशिक्षण प्रतिष्ठानमा रूपान्तरण गर्न विधेयकको मस्यौदा उपर अर्थ मन्त्रालयको सहमति सहित कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने तयारीमा रहेको।
- तीनै तहका उच्च पदस्थ पदाधिकारीको उपस्थितिमा अन्तर सरकार सम्वन्ध सम्वन्धी कार्यशाला गरिएको।
- स्थानीय तह सञ्चालन ऐन २०७४ को संशोधनको मस्यौदा तर्जुमा गरी सहमतिका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाईएको।
- नेपाल सरकार मन्त्रिपरिषद्बाट स्थानीय पूर्वाधार विभाग खारेज गरी शहरी विकास मन्त्रालय अन्तर्गत नयाँ विभाग स्थापना गर्ने निर्णय भएको र विभागमा रहेका प्राविधिक कर्मचारी मध्ये बढीमा १० प्रतिशत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा अन्तर्गत व्यवस्थापन गर्नेगरी संगठन तथा व्यवस्थापन सर्वेक्षण भई सरोकारवाला मन्त्रालयहरूको राय सहमतिको लागि पठाईएको।
- निर्माणजन्य सामग्रीको व्यवस्थापन तथा नियमन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गरी नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गरिएको।

- "ढुङ्गा,गिट्टी,बालुवा उत्खनन्,बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" मा आवश्यक परिमार्जन गरिएको।
- नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०७९ को मस्यौदा तयार भई सहमतिको लागि अर्थ मन्त्रालयमा पठाईएकोमा आर्थिक वर्षको अन्त्य २०८०।०३।२६ मा सुझाव सहित फिर्ता भएको।

## ६.१९ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

**तालिका ७.१४**

| उपक्षेत्रगत कार्यक्रम | इकाई | आर्थिक वर्ष २०७९/८० को लक्ष्य | आर्थिक वर्ष २०७९/८० को प्रगति |
|---|---|---|---|
| पर्यटन आगमन | संख्या (हजार) | १००० | ८१६ |
| पर्यटकको बसाइ अवधि | दिन | १७ | १३.१ |
| प्रति पर्यटन प्रतिदिन खर्च | अमेरिकी डलर | ७० | ४०.५ |
| पर्यटन क्षेत्रबाट थप रोजगारी | संख्या (हजार) | २५ | ५.४ |
| कुल गार्हस्थ्य उत्पादनमा पर्यटनको योगदान | प्रतिशत | १.५ | १.९८ |
| बाह्रै महिना सञ्चालन हुने विमानस्थलको संख्या | संख्या | ४० | ३७ |
| नेपाल आउने अन्तर्राष्ट्रिय विमान | संख्या | ३१ | २९ |

- नारायणी नदी छेउमा walkway सहितको पर्यटकीय पूर्वाधार निर्माण कार्य सम्पन्न भएको।
- मुक्तिनाथ क्षेत्रमा Rescue Center तथा Master Plan बमोजिमका अन्य पर्यटकिय पूर्वाधार निर्माण अन्तर्गत Structure को कार्य सम्पन्न र Finishing को कार्य बाँकी रहेको।
- लाकुरी भन्ज्याङ्ग फुल्चोकी गुर्दुमडाडां महाभारत ट्रेल ७० कि.मि. निर्माण कार्य मध्ये १३ कि.मी. निर्माण कार्य सम्पन्न र बाँकी निर्माण कार्य जारी रहेको।
- खप्तड क्षेत्रमा एकीकृत पर्यटकीय सेवा केन्द्रको DPR तयार गरी ठेक्का आवहान तथा २०% निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा DPR को लागि स्थान छनोट हुन नसकेको।
- पोखरा वरिपरिको अन्नपूर्णमा राउण्ड ४ कि.मी. निर्माण कार्य सम्पन्न र निर्माण कार्य जारी रहेको।
- मुस्ताङ्गको लोमाङ्गथाङ्गमा एकीकृत पर्यटकीय सेवा केन्द्रको DPR तयार गरि ठेक्का आव्हान तथा २०% निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा DPR तयारी कार्य सम्पन्न भएको र Bid Document तयारीको क्रममा रहेको।
- GHT अन्तर्गतका पदमार्ग तथा विश्रामस्थल निर्माण कार्य जारि राख्ने क्रमागत (कन्चनजङ्गा/मकालुवरुण/मेरिपिक/मनासलु/सगरमाथा हेरिटेज/हेलम्बु लाङ्गटाङ्ग/ खारेच्छो रोल्पा/टासि लाप्चापास/रुविसभ्याली गणेश हिमाल/दुधपोखरी /जुगल हिमाल/धौलागिरी राउण्ड/धौलागिरी आइसफल/डोल्पा शे-फोस्कुण्डो यार्सा/अन्नपूर्ण निलगिरी/भैरव कुण्ड पांचपोखरी/गोसाइकुण्ड/ अपि हिमाल/माछापुच्छ्रे मार्दि हिमाल/हेलम्बु ग्रेट ट्रेल/माथिल्लो मुस्ताङ्ग ट्रेल/दामोदर कुण्ड ट्रेल/च्यो हिमाल/शिकलेश कपुचे क्षेत्र) GHT अन्तर्गतका पदमार्ग हालसम्ममा ४१५ कि.मी. सम्पन्न भएकोमा सोमध्ये यस आर्थिक वर्षमा १५० कि.मी. DPR तयारी कार्य सम्पन्न।

- अमूर्त साँस्कृतिक सम्पदा सम्बन्धी राष्ट्रिय सूचीकरण प्रणाली गर्न अमूर्त साँस्कृतिक सम्पदा सम्बन्धी राष्ट्रिय सूची (National Designated Intangible Cultural Heritage) सम्बन्धी निर्देशिका, २०७९ तयार भएको।
- लुम्बिनी गुरुयोजनाका बाँकी कार्यहरू, भवन, स्युरेज, ड्रेनेज, सडक, रिभर डाइभर्सन, ल्याण्डस्केप एण्ड व्युटिफिकेशन, नहर लगायतका कार्यहरूको निर्माण चालु रहने गुरुयोजनाका बाँकी कार्य मध्ये पहिलो फेजमा ४ वटा ठेक्कामार्फत सञ्चालित कार्यहरूको औषत ५५ प्रतिशत प्रगति हासिल भएको।
- लुम्बिनी गुरुयोजनाका बाँकी कार्यहरू, भवन, स्युरेज, ड्रेनेज, सडक, रिभर डाइभर्सन, ल्याण्डस्केप एण्ड व्युटिफिकेशन, नहर लगायतका कार्यहरूको निर्माण शुरु गरिने दोस्रो फेजको बोलपत्र आव्हान भई बोलपत्रको प्राविधिक मूल्याङ्कन सम्पन्न भई आर्थिक प्रस्ताव खोल्ने चरणमा पुनरावेदन परेकोले सार्वजनिक खरिद पुनरावलोकन समितिबाट पुनःबोलपत्रको प्राविधिक मूल्याङ्कन गर्न आदेश दिएकोले पुनः बोलपत्र मूल्याङ्कन भइरहेको।
- गौरीघाटस्थित चौघेरा सत्तल संरक्षण कार्य सम्पन्न भएको।
- विश्वरुपा मन्दिर संरक्षण कार्य जग खन्ने कार्य सम्पन्न, निस्किएका सामानहरूको व्यवस्थापन सम्पन्न भई मन्दिरको पहिलो तलाको कार्य सम्पन्न भई दोस्रो तलाको कार्य चालु रहेको।
- दर्शनमार्ग (आर्यघाट-सुर्यघाट -गौरीघाट) को सम्भाव्यता तथा विस्तृत इन्जिनियरिंग अध्ययन कार्य परामर्श लिने कार्यको लागि सम्झौता भई सम्भाव्यता तथा विस्तृत इन्जिनियरिंग अध्ययनको कार्य चालु रहेको।
- तिलौराकोटको गुरुयोजना तथा तिलौराकोटदेखि वाणगंगा खोला हुँदै सग्रहवासम्म जाने रिभर फ्रन्ट डेभलपमेन्ट प्लान तथा सग्रहवालाई पिस मेमोरियल पार्कको रुपमा विकास गर्ने गुरुयोजना तयार प्रतिवेदन प्राप्त भएको। सग्रहवा पुरातात्विक क्षेत्रको अवधाराणात्मक योजना निर्माण कार्य सम्पन्न भई प्राप्त भएको।
- भुकम्पबाट क्षति भएका सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा पुनर्निर्माण कार्य ९० प्रतिशत सम्पन्न लक्ष्य रहेकोमा हालसम्म ७१० वटा सम्पदाको पुनः निर्माण कार्य सम्पन्न (पुरातत्व विभागतर्फबाट २७ वटा अन्य संघसंस्थाको १२ वटा) भएको, बाँकी सम्पदाहरूको संरक्षण तथा पुनः निर्माण कार्य भईरहेको।
- भुकम्पबाट क्षति भएका साँस्कृतिक सम्पदाहरूमध्ये ९१ वटा सम्पदाहरूको निर्माण कार्य शुरु भै ४० प्रतिशत कार्य सम्पन्न भएको।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट हस्तान्तरण भई आएका १०० वर्ष पुराना २१३ वटा गुम्वाहरूको संरक्षण तथा पुनर्निर्माण कार्यमध्ये आर्थिक वर्ष २०७९/८० मा २६ वटा गुम्वामध्ये २ वटा पुरातत्त्व विभागको कार्यक्षेत्र भित्र नपरेको, अन्यको कार्य ५० प्रतिशत कार्य भैरहेको।
- अनधिकृत रुपमा विभिन्न समयमा नेपाल बाहिर गएका सांस्कृतिक चल सम्पदा (Moveable Cultural Properties) नेपाल फिर्ता ल्याउने सन्दर्भमा हालसम्म ८६ वटा मूर्ति तथा अन्य पुरातात्विक वस्तु फिर्ता गरिएको र अन्य थप ४२ वटा Cultural Properties फर्कने क्रममा रहेको।
- राष्ट्रिय महत्वको अभिलेख संरक्षण एवम व्यवस्थापन गर्ने सम्बन्धमा आर्थिक वर्ष २०७९/८० मा अभिलेखको Digitization-२,५०,००० पन्ना, अभिलेखको रासायनिक तथा भौतिक संरक्षण –४,५०० पन्ना र अभिलेखको विवरणात्मक सूची तयार-५,००० ठेली तयार भएको।
- वायुसेवा कम्पनीहरूलाई इजाजत प्रदान गर्ने, नवीकरण लगायतका कार्यहरूमा ICT को प्रयोग गर्न सफ्टवेयर खरीद गर्ने मन्त्रालयमा सूचीकृत कम्पनीहरूबाट RFP माग गरी मूल्याङ्कनको अन्तिम चरणमा रहेको।

- नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन र नेपाल हवाई सेवा प्राधिकरण ऐन जारी भएपश्चात प्राधिकरणको पुनःसंरचना गरी सेवा प्रदायक र नियामकको रुपमा छुट्टाछुट्टै निकाय स्थापना गरिने। मन्त्रिपरिषद्‌मा स्वीकृतिका लागि पेश गरिएको।
- निजगढ सर्वोच्च अदालतबाट विमानस्थल निर्माण सम्बन्धमा रिट नं. ०७६-WO-०२२३ र ०७६-WO-००४८० दायर भई सो उपर अदालतबाट परमादेश जारी भएको। सो पश्चात मन्त्रिपरिषद्‌बाट मिति २०७९/०४/२६ को निर्णयानुसार गठित विज्ञ समूहद्वारा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसम्बन्धी प्रतिवेदन मिति २०७९/६/२ मा सम्माननीय प्रधानमन्त्रीसमक्ष पेश भएको।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको Construction of Road from Cargo Building to Apron मिति २०८०/२/१४ मा निर्माण व्यवसायीसँग सम्झौता भई निर्माण कार्यको सुरुवात भएको।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको Perimeter Road निर्माण कार्य मिति २०८०/२/१४ मा निर्माण व्यवसायीसँग सम्झौता भई निर्माण कार्यको सुरुवात भएको।
- विमानस्थलको पुरानो Runway लाई Rehabilitation गरी नयाँ Parallel Taxiway निर्माण सम्बन्धमा मिति २०८०/२/१४ मा निर्माण व्यवसायीसँग सम्झौता भई निर्माण कार्यको सुरुवात भएको।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा Surveillance System (Radar) जडान विमानस्थलमा Surveillance System को जडान कार्यको लागि प्राधिकरणबाट अध्ययन कार्य भइरहेको।
- त्रिभुवन विमानस्थलको (ट्याक्सी वे, ह्याङ्गर र एप्रोन निर्माण) स्तरोन्नती कार्य तर्फ (ट्याक्सी वे, ह्याङ्गर र एप्रोन निर्माण) ह्याङ्गर निर्माणको २० प्रतिशत कार्यसम्पन्न गर्नुपर्नेमा ३.४७%, एप्रोन निर्माणको ३५ प्रतिशत कार्यमध्ये हालसम्म २५% र ट्याक्सी वे विस्तार कार्य १५ प्रतिशत कार्यमध्ये ६% भौतिक प्रगति भएको।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको दोस्रो टर्मिनल भवन निर्माण विमानस्थलमा दोस्रो टर्मिनल भवन आवश्यक नभएकाले कार्य अगाडि नबढाइएको।
- धनगढी विमानस्थलको सम्भाव्यता अध्ययन परामर्शदाताबाट final report पेश भई स्वीकृतिको चरणमा रहेको।
- UNDWTO को साझेदारीमा सार्कस्तरीय पर्यटन प्रवर्द्धन कार्यक्रम आयोजना नेपाल सरकार र UNWTO को संयुक्त आयोजनामा मिति २०७९/१२/०१ गते देखि २०७९/१२/०३ गतेसम्म Regional Workshop on Measuring Tourism in Asia and the Pacific (TSA) विषयक ३(तीन) दिने कार्यशाला गोष्ठी सम्पन्न भएको।
- दश पर्यटकीय गन्तब्यमा Free WIFI र Digital Information Display स्थापना तथा सञ्चालन दश गन्तव्य पहिचानको चरणमा रहेको।
- देशभरी रहेका कलावास्तुकलाका नमूना र देशको बहुआयामिक क्षेत्रहरूमा विशिष्ट योगदान पुऱ्याएका राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तित्वहरूको मूर्ति तयार गरी प्रतिमूर्ति संग्रहालयको रुपमा विकास गर्न गुरुयोजना तयारी कार्यका सम्बन्धमा TOR तयार भइसकेको तर गुरुयोजना तयारका लागि बजेट व्यवस्थापन नभएकोले सोका लागि बजेट माग गरिएको।

## ६.२० स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**तालिका ७.१५**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिने | ७९ प्रतिशत |
| परिवार नियोजनको आधुनिक साधन प्रयोग दर | ४३ प्रतिशत |
| औषत आयु | ७१.२ वर्ष |
| दक्ष स्वास्थ्यकर्मी द्वारा प्रसुति सेवा प्राप्त गर्ने | ७९ प्रतिशत |
| स्वास्थ्य वीमामा आवद्ध नागरिक | २५ प्रतिशत |
| आधारभुत खोप पाउने वालवालिका | ८० प्रतिशत |
| दादुरा खोप प्राप्त गर्ने बालबालिका | ९२.८ प्रतिशत |
| बाल मृत्युदर (५ वर्ष मुनिको) | ३३ प्रति हजार |
| नवजात शिशु मृत्युदर | २१ प्रति हजार |
| मातृ मृत्युदर प्रति लाखमा जीवित जन्ममा | १५१ |
| निःशुल्क औषधि उपलब्धता | ७० प्रकार |

- ३६ वटा स्वास्थ्य भवनहरूको निर्माण सम्पन्न भएको ।
- केन्द्रीय र प्रादेशिक अस्पतालहरूबाट आर्थिक वर्ष २०७९/८० मा कुल ३९४०२ जना ज्येष्ठ नागरिकले जेरियाट्रिक सेवा प्रास गरेको
- सबै सरकारी स्वास्थ्य संस्थाहरूबाट ९८ प्रकारका औषधी नियमित रूपमा निःशुल्क उपलब्ध भएको
- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी तथा मेरूदण्ड पक्षघात भएका ४० हजार ५६ बिरामीलाई मासिक ५ हजारका दरले हालसम्म रू. १ अर्व १३ करोड ९२ लाख ५६ हजार औषधी उपचार खर्च बापत उपलब्ध गराईएको।
- मानव विकास सूचाङ्कमा पछि परेका जिल्लाका सुत्केरी महिलालाई एकमुष्ठ रू. ५ हजार पोषण खर्च उपलब्ध गराउन "सुत्केरीलाई पोषण खर्च वितरण कार्यविधि, २०७९" स्वीकृत भएको।
- शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रबाट चालु आर्थिक वर्षमा ३२१ जना बिरामीको मृगौला प्रत्यारोपण र २ जना बिरामीको कलेजो प्रत्यारोपण गरिएको।
- स्वास्थ्य बीमा कार्यक्रम ७७ जिल्लाका ७४९ स्थानीय तहमा विस्तार भएको।
- स्थानीय तहसँगको सहकार्यमा हालसम्म १३५ वटा स्थानीय तहमा नागरिक आरोग्य अभियान तथा सामुदायिक स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको।
- शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रबाट चालु आर्थिक वर्षमा ३२१ जना बिरामीको मृगौला प्रत्यारोपण र २ जना बिरामीको कलेजो प्रत्यारोपण गरिएको।
- स्वास्थ्य बीमा कार्यक्रम ७७ जिल्लाका ७४९ स्थानीय तहमा विस्तार भएको।
- स्थानीय तहसँगको सहकार्यमा हालसम्म १३५ वटा स्थानीय तहमा नागरिक आरोग्य अभियान तथा सामुदायिक स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको।
- १६३ वटा एम्बुलेन्सहरू जि.पि.एस जडान गरी मन्त्रालयको Ambulance Nepal App मा आबद्ध गराइएको

## ६.२१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**तालिका ७.१६**

| उपक्षेत्रगत कार्यक्रम | ईकाइ | आ व २०७९/८० को लक्ष्य | आव २०७९/८० को प्रगति | आव २०७९/८० सम्मको प्रगति |
|---|---|---|---|---|
| दिवा खाजा प्राप्त गर्ने विद्यार्थी कक्षा १ देखि ६ सम्म | संख्या (लाखमा) | ४२.३९ | ३१.१४ | ३१.१४ |
| सामुदायिक विद्यालयका छात्रालाई निःशुल्क स्यानीटरी प्याड वितरण कक्षा ६ देखी १२ सम्म | स्थानीय तह | ७५३ | ७५३ | ७५३ |
| इन्टरनेट पुगेका सामुदायिक विद्यालय | प्रतिशत | ५४ | ५२.८ | ५२.८ |
| नयाँ कक्षाकोठा निर्माण (राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन) | संख्या (हजारमा) | ७.२२ | ६.५६ | ११९.३७ |
| उच्च शिक्षामा सहजै देखिने भर्ना दर | प्रतिशत | २२ | १८ | १८ |
| सीपमूलक तालिम छोटो अवधि | संख्या (हजारमा) | २१ | २४.५० | ५६७.९६ |
| प्राविधिक शिक्षा प्रशिक्षण | संख्या (हजारमा) | ३८.७ | ३८.७ | ५८२.३ |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि प्रशिक्षक प्रशिक्षण | संख्या (हजारमा) | ३ | २.५७ | १४.४७ |
| गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्त क्याम्पस | संख्या | २१ | २८ | ९२ |
| सीप परीक्षण | संख्या (हजारमा) | ४५ | ४७.४८ | ४८९.३३३ |
| प्रदेश तहमा विधि विज्ञान प्रयोगशाला विस्तार | संख्या (प्रदेश) | १ | १ | ४ |
| प्राविधिक शिक्षाको पहूँच विस्तार पहुँच नपुगेका- स्थानीय तहमा साझेदारीमा कार्यक्रम विस्तार | स्थानीय तह (संख्या) | ६६ | ५२ | ६८० |

- विद्यालयमा विस्तार गरी पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरी त्यस्तो कार्यक्रम सञ्चालन भएको विद्यालयको सङ्ख्या २४० पुगेको।

- प्राविधिक धार कक्षा ९–१२ सञ्चालनका लागि थप ३१ विद्यालय छनोट भएको ।प्राविधिक शिक्षाको पहुँच नपुगेको स्थानीय तहका युवाहरूका लागि आवासीय छात्रवृत्तिको व्यवस्था गरिएको ।प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन हुने विद्यालयको सङ्ख्या ६८० पुगेको।
- १००६ ओटा विद्यालयलाई ४ कोठे र १०१६ विद्यालयलाई २ कोठे भवन निर्माण र १४५५ विद्यालयमा ICT ल्याब स्थापनाका लागि गरी जम्मा रू.८ अर्ब ३१ करोड अनुदान वित्तिय हस्तान्तरण गरिएको।
- विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड २०७८ बमोजिम छनोट भएका कक्षा ९ र ११ मा अध्ययनरत ३५१० जना विद्यार्थीलाई छात्रवृत्ति वितरण वापतको रकम वित्तीय हस्तान्तर गरिएको गरिएको।
- नेपाल सरकारको नगद अनुदानबाट ७३ जिल्लामा बालविकास देखि कक्षा ५ सम्म र विश्वखाद्य कार्यक्रम सहयोगका ४ जिल्लामा बालविकास देखि कक्षा ६ सम्म अध्ययनरत विद्यार्थीहरूलाई दिवा खाजा कार्यक्रम कार्यान्वयन गरिएको।
- कार्यसम्पादनमा आधारित अनुदान २०० वटा विद्यालयलाई प्रति विद्यालय ५ लाखका दरले प्रोत्साहन अनुदान प्रदान गरिएको।
- विद्यालय शिक्षकको दरबन्दी पुनरावलोकन नभएको, दरबन्दी मिलानको कार्य जारी रहेको र रिक्त दरबन्दीमा शिक्षक सेवा आयोग मार्फत स्थायी प्रक्रियाबाट १३४९४ जना शिक्षकको स्थायी नियुक्ति सिफारिश भई नियुक्ति गरिएको।
- १७ ओटा आवासीय विद्यालयहरू निर्माणको कार्य प्रदेश मार्फत भैरहेको।
- निर्धारित मापदण्डका आधारमा कक्षा १-१२ सम्म अध्ययनरत विद्यार्थीका लागि आवासीय छात्रवृत्ति प्रति विद्यार्थी ४०,००० र गैरआवासीय छात्रवृत्ति रु ४०० का दरले वितरण भएको।
- गेटा मेडिकल कलेजलाई सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयका रूपमा सञ्चालन गर्ने निर्णय भई २०८० वैशाख १२ मा विधेयक तर्जुमा गर्ने सैद्धान्तिक स्वीकृति प्राप्त भएको र सो मस्यौदा तयारी भैरहेको।
- बुटवल, वर्दिवास, सुर्खेत र गेटा मेडिकल कलेजका लागि सशर्त चालु अनुदान र पूँजीगत अनुदान प्रदान गरेको, बुटवल, बर्दिवास र सुर्खेत मेडिकल कलेजको पूर्वाधार निर्माणका कार्य अगाडि बढ्न नसकेको तर गेटा मेडिकल कलेजको पूर्वाधार निर्माणको कार्य अन्तिम चरणमा पुगेको र गेटा मेडिकल कलेजलाई शहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको रूपमा सञ्चालन गर्ने तयारी शुरु गरिएको ।
- भूकम्पबाट प्रभावित १४ जिल्लामा DRSP बाट १४१ विद्यालयको प्रवलिकरण गर्ने क्रमागत कार्यक्रम मध्ये ४५ सम्पन्नर ९६ निर्माणाधिन रहेका।
- भारतीय अनुदान सहयोगबाट ७ जिल्लामा ७० विद्यालय निर्माणको क्रमागत कार्यक्रमको ९८% निर्माण सम्पन्न- भएको तथा १ पुस्तकालय पुनर्निर्माण गर्ने कार्य ९०% सम्पन्न भएको।
- १९ विद्यालय सम्पन्न भएको ६ वटा विद्यालयको निर्माण कार्य अन्तिम चरणमा रहेको समग्रमा ९६% निर्माण कार्य सम्पन्न भएको।
- सहिद तथा द्वन्द्व पीडित, अपाङ्ग, दलित, विपन्न, मुस्लिम महिला र मुक्त कम्लहरीका लागि स्नातक तहमा ३६१ जना र स्नातकोत्तर तहमा ८८३ जनालाई छात्रवृत्ति उपलब्ध गराइएको।

- नेपाल टेलिभिजनबाट ५० ओटा र रेडियो कान्तिपुरबाट ५२ ओटा विज्ञान प्रविधि सम्बन्धी कार्यक्रम साप्ताहिक कार्यक्रम उत्पादन गरी प्रसारण भएको ।
- माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पदको खुला प्रतियोगिताबाट सफल भएका क्रमश ११८२, १९५९ र १०३५३ उम्मेदवारहरूलाई स्थायी नियुक्तिका लागि सिफारिश गरिएको ।
- निःशुल्क छात्रवृत्तिमा अध्ययन गराए वापत चिकित्सा शिक्षाप्रदायक सार्वजनिक शिक्षण संस्थाहरूलाई उपलव्ध गराउने एकमुष्ठ अनुदानवापतको रकम अन्तरगत सार्वजनिक शिक्षण संस्था/प्रतिष्ठानमा अध्ययनरत ७५ प्रतिशत विद्यार्थीलाई निःशुल्क अध्ययनको व्यवस्था मिलाउन कूल २१ ओटा संस्था/प्रतिष्ठानलाई अनुदान उपलब्ध गराइएको ।
- कक्षा ९ र १० का तीन विषय क्षेत्रका डिजिटल सिकाइ सामग्री विकास भएको ।
- प्राविधिक शिक्षालयहरूको शैक्षिक भवन, प्रशासनिक भवन, प्रयोगशाला र छात्रावास निर्माण तथा मर्मत गर्ने कार्यहरूले निरन्तरता पाएको ।
- ७ वटा नमुना वहुप्राविधिक शिक्षालयहरूको चालु आवका शैक्षक भवन, प्रयोगशालका साथै अन्य भौतिक पूर्वाधार विकासको कार्य जारी रहेको।

## ६.२२ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**तालिका ७.१७**

| सूचक | इकाई | बार्षिक लक्ष्य | कुल उपलब्धि |
|---|---|---|---|
| प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी सिर्जना | संख्या (हजार) | ८६ | ९१ |
| सामाजिक सुरक्षा कोषमा आबद्ध श्रमिक संख्या | संख्या (हजार) | ५०० | ६५.३१ |
| सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाताको संख्या | संख्या (हजार) | ३० | १८.०२२ |
| व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन | संख्या | ३०००० | २१७७७ |
| बालश्रम निरिक्षण | संख्या | २५०० | २८९७ |
| श्रम अडिट | संख्या | ५००० | ३४२३ |
| बालश्रममुक्त स्थानीय तह घोषणााको लागि अनुदान उपलब्ध गराउने। | संख्या | ७० | ३९ |
| योगदानमा आधारित सामाजिक सुरक्षा कोषको रकमबाट श्रमिकको स्वास्थ्य उपचार गर्ने अस्पताल | संख्या | १५० | १५३ |

- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत न्यूनतम १०० दिनको रोजगारी कार्यक्रम सञ्चालन भएको।
- जसमध्ये २ लाख व्यक्तिहरूलाई रोजगारी प्रदान गर्ने लक्ष्य रहेकोमा ९१५८३ जनाले औसत ७८ दिनको रोजगारी प्राप्त गरेका।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहमा सञ्चालित आयोजनामा कार्यरत २ लाख श्रमिकको सामूहिक दुर्घटना बीमा सम्पन्न भएको।

- स्वीस सरकार विकास सहयोग (SDC) को सहयोगमा Reintegration of Returnees Migrants-ReMi परियोजना लागू हुने वटा स्थानीयमा कार्यक्रम सञ्चालन 20 भईरहेको छ ।
- कोरिया सरकार (KOICA (को सहयोगमा Strengthening Stage wise support system for the Stable Reintegration of Korea Returnee Migrants in Nepal परियोजना सञ्चालन भईरहेको छ ।
- व्यावासायिक तथा सीप विकास तालिम प्रतिष्ठान, वैदेशिक रोजगार वोर्ड र सुरक्षित आप्रवासन परियोजनावाट ३१,३०० जनालाई सिपमुलक तालिम प्रदान गर्ने लक्ष्य रहेकोमा २१,६७७ जना व्यक्तिहरूले सीपमूलक तालिम प्राप्त गरेका छन् ।
- जापानमा नेपालीहरूलाई रोजगारीका लागि नेपाल सरकार र जापान सरकारबीच संयुक्त कार्यसमितिको बैठक काठमाण्डौमा सम्पन्न भएको छ ।
- नेपालसंयुक्त अरब इमिरेट्स (युएई) बीचको संयुक्त कार्यसमितिको बैठक काठमाण्डौमा सम्पन्न- भएको,
- नेपालबाट बेलायतमा स्वास्थ्य क्षेत्रका जनशक्ति पठाउने सम्बन्धी श्रम समझदारीपत्र र Implementation Protocol मा नेपाल सरकार र बेलायत सरकारबीच हस्ताक्षर सम्पन्न भई बेलायतमा पहिलो चरणमा नर्स पठाउनको लागि सूचना जारी गरिएको छ।
- श्रम स्वीकृतिको अवधि २ बर्षबाट बढाएर Contract अवधिको आधारमा गर्ने कार्य शुरु भएको छ ।
- वैदेशिक रोजगारसंग सम्बन्धित राहत उद्दार तथा समन्वय शाखा, मुद्दा शाखा र प्रहरी शाखामा प्राप्त ४,४६४ वटा मुद्दा मध्ये १,७५१ वटा मुद्दाको ५५,६१,३७,५०३ पचपन्न करोड एकसट्ठी लाख) रकम (सैंतिस हजार पाँच सय तीन क्षतिपूर्ति दिई फर्छ्यौट गरिएको छ ।
- वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगारको लागा श्रम स्वीकृति लिनेको संख्या पुरुष ६९९१९३ र महिला ७२१३४ गरी जम्मा ७,७१,३२७ रहेको छ।
- योगदानमा आधारित सामाजिक सुरक्षामा सूचीकृत लाभग्राहीहरूलाई स्वास्थ्य उपचार सुविधा उपलब्ध गराउनको लागि स्वास्थ्य संस्थामार्फत दावी भुक्तानीलाई स्वचालित गर्ने उदेश्यले १५३ वटा अस्पतालसँग MOU सम्पन्न गरि ५५ वटामा LIVE भएको छ ।
- योगदानमा आधारित सामाजिक सुरक्षामा सूचीकृत लाभग्राहीहरूलाई स्वास्थ्य उपचार सुविधा उपलब्ध गराउनको लागि १५० वटा स्वास्थ्य संस्था छनोट गरिएको छ ।
- वैदेशिक रोजगारीमा रहेका नागरिकलाई सामाजिक सुरक्षा कोषबाट सञ्चालित सुरक्षा योजनामा क्रमशः आवद्ध गर्ने सम्बन्धी कार्यविधि मिति २०७९/०८/२५ गते स्वीकृत भएको छ ।
- अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा रहेका श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्न कार्यविधिको स्वीकृति भई कार्यान्वयनको चरणमा रहेको छ ।

## परिच्छेद सात
## बजेट तर्जुमा तथा कार्यान्वयनमा देखिएका समस्या र समाधानका सुझाव

वार्षिक रुपमा सार्वजनिक हुने बजेटलाई देशको समष्टिगत आर्थिक तथा सामाजिक स्थायित्व एवम् रुपान्तरणका लागि आवश्यक साधन र स्रोतको यथार्थपरक अनुमान गरी त्यसको समुचित विनियोजन गर्ने अर्थ राजनीतिक वास्तुकला (Architecture) का रुपमा लिइन्छ। वार्षिक बजेटले सार्वजनिक वित्तको महत्वपूर्ण कार्यात्मक औजारको रूपमा अर्थतन्त्रको गति र दिशालाई निर्दिष्ट गरेको हुन्छ। बजेटले सामान्यतया एक वर्षको सरकारको राजस्व, खर्च र वित्तीय व्यवस्थालाई समेटेको हुन्छ। राजस्व र वैदेशिक अनुदानबाट नपुग हुने खर्च स्रोतलाई वैदेशिक र आन्तरिक ऋणबाट पूर्ति गर्ने गरिन्छ। नेपालको संविधान तथा प्रचलित संघीय कानुनले निर्दिष्ट गरेको आर्थिक कार्यप्रणाली अवलम्बन गर्दै व्यवस्थापिकाबाट बजेट तथा कार्यक्रम पारित हुन्छ। यसरी पारित बजेट तथा कार्यक्रम सरकारका विभिन्न निकायबाट खर्च गरिने र खर्च भएको रकमको महालेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण र महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गरी मूल्याङ्कन र प्रतिवेदन तयार गर्ने गरिएको छ। महालेखा परीक्षकको प्रतिवेदनलाई सार्वभौम सम्पन्न व्यवस्थापिकामा छलफल गरी सार्वजनिक स्रोतको संकलन, विनियोजन र उपयोगमा कार्यकारीउपर जनप्रतिनिधिको नियन्त्रण कायम हुने व्यवस्था गरी सार्वजनिक उत्तरदायित्व र जवाफदेहितालाई सुनिश्चित गर्ने संवैधानिक र कानूनी प्रबन्ध गरिएको छ। वित्त नीतिको रुपमा रहेको वार्षिक बजेटको तर्जुमा तथा कार्यान्वयनमा कौशलता र कार्यदक्षता हुनु आवश्यक रहेको छ। यद्यपि यसको सुधारको गुन्जायस निरन्तर रहने हुँदा बजेट तर्जुमा तथा कार्यान्वयनका चरणमा अनुभूति गरिएका समस्या तथा सुझाव देहाय अनुसार प्रस्तुत गरिएको छ।

### ७.१ बजेट तर्जुमाका चरणमा देखिएका समस्या

**(क) स्रोत अनुमानका विद्यमान समस्याः**

- अनौपचारिक अर्थतन्त्रको बाहुल्यताले अर्थतन्त्रको यथार्थ आकार मापन नहुनु,
- राजस्वको प्रक्षेपण वैज्ञानिक विधिमा आधारित नहुनु,
- आन्तरिक ऋणलाई बजेट घाटा पूर्तिको स्रोत मात्र मानिनु,
- प्रतिवद्धता र सम्झौता नभएको स्रोतसमेतलाई वैदेशिक सहायतातर्फ समावेश गरिनु,
- निश्चित सिद्धान्त, आधार र विधिको अवलम्वन नगरी गैरकर राजस्वको प्रक्षेपण गरिनु,
- मध्यमकालीन खर्च संरचनाको उद्देश्य मुताविक प्रयोग नहुनु,
- वाह्य क्षेत्रको बारेमा न्यून विश्लेषण गरिनु,
- तथ्य र प्रमाणमा आधारित बजार विश्लेषण नगरिनु,
- प्रत्येक आर्थिक वर्षमा स्रोत बृद्धिको तथ्यगत विश्लेषण नगरिनु।

**(ख) स्रोत परिचालनका विद्यमान समस्याः**

- राष्ट्रिय पुँजी निर्माण, औद्योगिकीकरण र वैदेशिक लगानीको न्यूनताले अर्थतन्त्रको क्षमता कमजोर हुनाले कराधारको पर्याप्त विकास हुन नसक्नु ।
- प्राकृतिक साधन र स्रोतको समुचित उपयोग हुन नसक्नु।
- राजस्वको ठूलो हिस्सा वस्तु तथा सेवाको आयातमा निर्भर रहनु ।
- राजस्व संकलनका संभावित नयाँ क्षेत्रको पहिचान र उपयोग हुन नसक्नु तथा करको दायरा विस्तार अपेक्षित रुपमा हुन नसक्नु।
- आन्तरिक मूल्य अभिवृद्धि करलाई राष्ट्रिय कराधार संरक्षण गर्ने गरी सुदृढ बनाउन नसकिनु।
- अन्त:शुल्क उद्देश्य अनुरुप परिचालन गर्न नसकिनु ।
- सार्वजनिक संस्थानबाट नेपाल सरकारको लगानी अनुरूपको प्रतिफल प्राप्त नहुनु।
- गैरकर राजस्व संकलनमा पर्याप्त ध्यान नदिनु।
- प्रविधिमा आधारित वस्तु तथा सेवा व्यवसाय अनुरूप कर कानून र प्रणालीमा सुधार नहुनु।
- राजस्व संकलन गर्ने निकायकाबीचमा सूचना आदानप्रदान र समन्वय सन्तोषजनक नहुनु।
- अध्ययन, अनुसन्धान र विश्लेषण नगरी राजस्व छुट दिने प्रवृत्तिका कारण करको दायरा विस्तार गर्ने नीति प्रभावकारी नहुनु ।
- वैदेशिक सहायताको सम्पूर्ण हिस्सा राष्ट्रिय बजेटमा समावेश नहुनु।

**(ग) विनियोजनमा देखिएका समस्याः**

- बजेट सीमा निर्धारण तथ्य र विश्लेषणमा आधारित नभई बढोत्तरी विधिमा आधारित हुनु।
- बजेट विनियोजनमा कानुनी प्रावधानको पालना कमजोर रहनु।
- आवधिक योजना, मध्यमकालीन खर्च संरचना र कार्यक्रम तथा बजेटबीच तादात्म्यता कायम नहुनु।
- बजेट तर्जुमा कार्यका लागि पर्याप्त गृहकार्य नगर्नु।
- तोकिएको बजेट सीमाभन्दा बढी बजेट प्रस्ताव गर्ने प्रवृत्ति बढ्दै जानु।
- कार्यान्वयन क्षमता नहेरी बजेट प्रस्ताव र विनियोजन गरिनु।
- प्राविधिक अध्ययन र पर्याप्त तयारी विना बजेट माग गर्ने प्रवृत्ति कायम रहनु।
- क्रमागत आयोजनामा भन्दा नयाँ आयोजनालाई विनियोजनमा प्रथामिकता दिईनु।
- संघ, प्रदेश र स्थानीय तहका कार्यक्रममा दोहोरोपना रहनु।
- दीर्घकालिन दायित्वको असर र प्रभावको पर्याप्त विश्लेषण नगरी सामान्य कार्यक्रम तथा आयोजनाका लागि समेत स्रोत सहमति वा सुनिश्चितताको माग तथा सहमति बढ्दै जानु।
- बहुवर्षीय सहमति प्राप्त र स्रोत सहमति वा सुनिश्चितता प्रदान गरिएका कार्यक्रम तथा आयोजनामा बजेट प्रस्ताव नगरी आर्थिक वर्षको बीचमा थप बजेट माग गर्ने र निकासा दिने प्रवृत्तिमा सुधार हुन नसक्नु ।
- स्वीकृत वार्षिक कार्यक्रममा समावेश नभएका आयोजनाका लागि आर्थिक वर्षको बीचमा रकम माग गर्ने प्रवृत्ति कायमै रहनु।
- अवण्डामा बजेट राख्नु र तोकिएको समयमा बाँडफाँट नगरिनु।

- वितरणमुखी, क्षणिक लोकप्रिय कार्यक्रमप्रतिको मोह बढ्दै जानु।

**(घ) आयोजना छनौट र प्राथमिकीकरणमा देखिएका समस्याः**

- मध्यमकालीन खर्च संरचनालाई उद्देश्य अनुसार कार्यान्वयन नगरिनु।
- पूर्व तयारी नभएका कार्यक्रम तथा आयोजनामा बजेट प्रस्ताव र विनियोजन गरिनु।
- हरेक वर्ष स-साना र टुक्रे आयोजना थप्ने प्रवृत्ति बढ्नु एवं योजनामा गोजी प्रवृति हावी हुनु।
- अन्तरनिकाय समन्वय कमजोर हुँदा आयोजनामा दोहोरोपना कायमै रहनु।
- राष्ट्रिय आयोजना बैंकको प्रभावकारी कार्यान्वयन नहुनु।
- राष्ट्रिय आवश्यकता र प्राथमिकता अनुसारका परियोजना विकास नगरी विकास साझेदारसँग आयोजना प्रस्ताव र सम्झौता गरिनु।
- बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्डको पुर्ण पालना नहुनु।
- संघीय इकाईका बीचमा आयोजना तर्जुमा र छनौटका मानक, मापदण्ड र आधारमा एकरूपता नहुनु।
- तीन तहका सरकारबीच आयोजना वर्गीकरण सम्बन्धी मापदण्ड पालना नगरिनु।

## ७.२ बजेट कार्यान्वयनका चरणमा देखिएका समस्याः

- कार्यान्वयन क्षमताको आंकलन नगरी बजेट विनियोजन गरिनु ।
- सामाजिक सुरक्षा खर्च हरेक वर्ष बढ्दै जानुका साथै सामाजिक सुरक्षा खर्चलाई विपन्न र गरिव लक्षित बनाउन नसकिनु ।
- तीन तहका सरकारबीच निकायगत र कार्यक्रमगत दोहोरोपना हुनु ।
- मन्त्रालय/विभागमा आयोजना खडा गरी चालु खर्च बढाउने प्रवृत्ति बढ्दै जानु ।
- विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय परीक्षण, जग्गा प्राप्ति र जग्गाको मुआब्जा वितरण नगरी ठेक्का प्रक्रिया शुरु गर्नु।
- अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामूलक बनाई सुधारको औजारको रूपमा स्थापित गर्न नसक्नु।
- आयोजनामा अपर्याप्त रकम विनियोजन हुँदा समय र लागत दुवै बढ्न गई आयोजना अनुशासन कायम हुन नसक्नु।
- आयोजना कार्यान्वयनका चरणमा आयोजना प्रभावित स्थानीय नागरिकबाट अनावश्यक माग तथा चर्को मूल्यमा मुआब्जा माग गरी अवरोध सिर्जना गर्नु।
- उत्तरदायित्व र जवाफदेहिता बहन गर्ने प्रणाली कमजोर रहनु।
- कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन पद्धतिलाई निजको वृत्ति विकाससँग आवद्ध नगरिनु।
- सडक, नहर जस्ता निर्माणसँग सम्बन्धित आयोजनाको रेखाङ्कन परिवर्तन भइरहनु।
- अन्तर तह तथा अन्तर निकाय समन्वय, सहकार्य तथा सहयोग प्रभावकारी नहुनु।
- निर्माण व्यवसायीको समग्र क्षमताको परीक्षण नगरी ठेक्का दिंदा समयमा काम सम्पन्न नहुनु।

- न्यूनतम रकममा ठेक्का बोल कबोल गर्ने, ठेक्का ओगट्ने र पछि ठेक्का छाड्ने तथा Variation हुने प्रवृत्तिका कारण तोकिएको समय र लागतमा कार्य सम्पन्न नहुनु।
- वैदेशिक सहायता उपयोग गर्ने क्षमतामा बृद्धि हुन नसक्नुका साथै सोधभर्ना प्राप्त गर्ने तर्फ उचित ध्यान पुग्न नसक्नु।
- आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने तथा कार्यान्वयन गर्ने पदाधिकारी फरक फरक हुँदा कार्यान्वयनमा भिन्नता, जटिलता र दुविधा देखिनु।
- खरिद व्यवस्थापन (Procurement Management) तथा करार व्यवस्थापन (Contract Management) कमजोर हुनु।
- आयोजना/परियोजना प्रमुखलाई व्यवस्थापकीय स्वायत्ता नदिनु तथा अनुमानयोग्य सरुवा प्रणाली स्थापित गर्न नसकिनु।
- जटिल प्रकृतिका आयोजनामा काम गर्ने विज्ञ कर्मचारी र कामदारको अभाव हुनु।
- सरल, सहज र नियमित रूपमा निर्माण सामाग्रीको आपूर्ति हुन नसक्नु।
- नियामक निकायको अधिक संलग्नताले निर्णय क्षमतामा संकुचन भई समयमा कार्य सम्पन्न हुन नसक्नु।
- सीमित ठेकेदारले धेरै आयोजना ओगट्ने प्रवृत्ति रहनु।

## ७.३ लेखा प्रणाली तथा अभिलेख व्यवस्थापनका समस्या

- नगदमा आधारित लेखा प्रणालीका कारण सबै आम्दानी खर्च, सम्पत्ति र दायित्वको एकीकृत वित्तीय विवरण बन्न नसक्नु ।
- सूचना प्रविधिमा आधारित प्रणालीमा देखा पर्ने समस्याले समयमा लेखाङ्कन र प्रतिवेदन हुन नसक्नु।
- प्रदेश र स्थानीय तहसमेतको आम्दानी र खर्चको एकीकृत विवरण तयार हुन सक्ने गरी प्रणालीको विकास हुन नसक्नु।
- बजेट तथा सरकारी कोष प्रणाली बाहिर (off Budget and off Treasury) बाट सञ्चालित वैदेशिक सहायताका कार्यक्रम राष्ट्रिय लेखा प्रणालीमा नसमेटिनु ।
- वैदेशिक सहायताको शोधभर्ना समयमा प्राप्त नहुनाले तोकिएको समयमा आयोजनाको लेखा तयार हुन नसक्नु ।
- सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदन समयमै प्राप्त हुन नसक्नु।
- बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन/मूल्याङ्कनमा प्रयोग भइरहेका सूचना प्रविधिमा आधारित समग्र प्रणालीको प्राविधिक लेखा परीक्षण हुन नसक्दा सुधारका क्षेत्र पहिचान हुन नसक्नु।

## ७.४ बजेट तर्जुमाका चरणमा गर्नुपर्ने सुधार

### (क) स्रोत आँकलन र परिचालनलाई वास्तविकतामा आधारित बनाउनेः

- समष्टिगत आर्थिक परिसूचकहरूको आँकलन गर्ने वैज्ञानिक विधि तर्जुमा गरी कुल गार्हस्थ उत्पादनको वास्तविक आकार यकिन गर्ने प्रणालीको विकास गर्ने ।

- दीर्घकालीन सोचसहितको राजस्व नीतिको तर्जुमा गर्ने र राजस्व प्रक्षेपण बढोत्तरीको सिद्धान्तका आधारमा नभई सबै आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने गरी स्वचालित प्रणाली स्थापित गर्ने ।
- विकास सहायतालाई राष्ट्रिय प्राथमिकता र आवश्यकताका क्षेत्रमा केन्द्रित गर्ने।
- मुद्रास्फीति, लागत र तिर्न सक्ने क्षमताका आधारमा गैरकर राजस्वको प्रक्षेपण गर्ने।
- सार्वजनिक ऋण वहन गर्न तथा पुँजी निर्माण गर्ने क्षमताको नियमित विश्लेषण गरी आन्तरिक तथा बाह्य ऋणको हिस्सा तथा प्राप्तिको स्रोत निर्धारण गर्ने।
- आन्तरिक ऋण परिचालका नयाँ उपकरणको खोजी गर्ने।
- वैदेशिक सहायता परिचालनमा बजेट सहायतालाई प्राथमिकता दिनुपर्ने।
- बजेट सीमा निर्धारण तथ्य, प्रमाण र विश्लेषणमा आधारित बनाउने।

**(ख) विनियोजन कुशलता बढाउनेः**

- प्रतिवद्ध खर्चका निम्ति न्यून बजेट विनियोजन गर्ने प्रवृत्तिमा सुधार गरी तथ्य र खर्च विश्लेषणका आधारमा प्रस्ताव गर्ने पद्धतिको अभ्यास गर्ने।
- मध्यम आय हुने राष्ट्रमा स्तरोन्नति, दिगो विकासका लक्ष्यलगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्ने।
- दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक कार्यक्रम तथा बजेट बीचको अन्तरसम्बन्धलाई सुदृढ तुल्याउने।
- सार्वजनिक खर्चलाई संवैधानिक दायित्व पूरा गर्ने र निजी क्षेत्रको लगानीलाई उत्प्रेरित गर्ने गरी व्यवस्थापन गर्ने।
- समग्र अर्थतन्त्रलाई गतिशील बनाई राजस्व परिचालनमा सहयोग पुग्ने गरी राष्ट्रिय पुँजी निर्माणमा योगदान दिने ठूला आयोजनामा लगानी केन्द्रित गर्ने।
- संविधानमा रहेका मौलिक हक, अनुसूची र कार्य विस्तृतीकरण प्रतिवेदनमा उल्लेखित अधिकार क्षेत्र अनुरूप संघ, प्रदेश र स्थानीय तहले कार्यक्रम/आयोजना तर्जुमा गर्ने।
- मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) लाई यथार्थपरक र संस्थागत बनाई त्यसैको आधारमा बजेट तर्जुमा गर्ने।
- विस्तृत परियोजना प्रतिवेदन तयार नभएका र परियोजनाको पूर्व तयारीका कार्य (जग्गा प्राप्ति, वित्तीय व्यवस्था, वातावरणीय परीक्षण, सीमाङ्कन आदि) पूरा नभएका आयोजनामा रकम विनियोजन नै नगर्ने नीति अवलम्वन गरी आयोजना प्रवेशमा गुणस्तर कायम गर्ने।
- सामाजिक सुरक्षाका कार्यक्रममा रहेको तहगत दोहोरोपना हटाई एकीकृत गर्ने। लाभान्वित हुने लाभग्राहीको खण्डीकृत तथ्याङ्क राख्ने प्रणालीको विकास गरी एकद्वार प्रणालीमार्फत कार्यक्रम कार्यान्वयन गर्ने।
- संघीय सरकारबाट वितरण गरिने अनुदान सम्बन्धी एकीकृत नीति बनाउने।
- निरन्तर वृद्धि हुँदै गएका इन्धन, मर्मत, तालिम तथा गोष्ठी, कार्यक्रम, भ्रमण, अनुगमन तथा मूल्याङ्कन, मर्मत, बैठक भत्ता, कार्यालय सञ्चालन र विविध खर्च जस्ता चालु खर्चमा भएको अस्वभाविक वृद्धिलाई नियन्त्रण गर्न खर्चको मापदण्ड प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।

- सवारी साधन, सरकारी भवन, ल्यापटप, फर्निचर फिक्चर्स, सफ्टवेयर निर्माण जस्ता पुँजीगत खर्चमा एकरूपता र मितव्ययिता कायम गर्न खर्चको मापदण्ड तयार गरी कार्यान्वयन गर्ने।
- स्रोत सहमति प्रदान गरिएका कार्यक्रम/आयोजनाको लागि आवश्यक पर्ने पर्याप्त रकम सम्बन्धित निकायले नियमित बजेट सीमाबाट प्रस्ताव गर्ने र त्यसरी प्रस्ताव नगरेमा आर्थिक वर्षको बीचमा सो बापत निकासा नदिने ।
- आयोजनाको पुनरावलोकन गरी संख्या घटाउने। तत्काल नयाँ आयोजना सकेसम्म थप नगर्ने। राष्ट्रिय आयोजना बैंकमा समावेश भएका आयोजनाहरूका लागि मात्र बजेट विनियोजन गरी कार्यान्वयन गर्ने ।
- विभिन्न निकायमा छरिएर रहेका सीप विकास तथा क्षमता विकासका तालीम कार्यक्रम एकीकृत रूपमा सञ्चालन गर्ने।

## ७.५ बजेट कार्यान्वयनमा गर्नुपर्ने सुधारः

- सार्वजनिक उत्तरदायित्व, जवाफदेहिता एवम् वित्तीय अनुशासन पालना गर्ने, गराउने विषयमा अर्थ मन्त्रालयले नेतृत्वदायी भूमिका र उदाहरणीय एवम् अनुकरणीय व्यवहार प्रदर्शन गर्ने ।
- महालेखा परीक्षकको प्रतिवेदनमा उल्लिखित कैफियतलाई कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गराइनु पर्ने।
- अर्थ मन्त्रालयले प्रचलित कानूनले तोकेको मितिभित्र बजेट कार्यान्वयनलाई सहजीकरण हुने गरी बजेट कार्यान्वयन मार्गदर्शन पठाउने ।
- बजेट सार्वजनिक भएपछि पूर्व तयारीका कार्यहरू असार मसान्तभित्रै सम्पन्न गरी आर्थिक वर्षको शुरुवातदेखि नै कार्यान्वयन कार्ययोजनासहित बजेट कार्यान्वयन शुरू गर्ने ।
- स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाका लागि आर्थिक वर्षको बीचमा निकासा दिन निरूत्साहित गर्ने।
- बजेट तर्जुमा गर्दाको उद्देश्य नै परिवर्तन हुने गरी आर्थिक वर्षको बीचमा कार्यक्रम संशोधन नगर्ने।
- ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामग्रीको आपूर्ति व्यवस्थापन सहज बनाउने।
- आयोजना प्रमुखसँग कार्यक्षेत्र, वित्तीय, सञ्चालन र कार्यान्वयन तालिका, वार्षिक खरिद योजना, गुणस्तर र प्रतिफललगायतका शर्तहरू राखी नतिजामूलक कार्यसम्पादन सम्झौता गर्ने।
- जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन र रुख कटानको सुनिश्चितता भएपछि मात्र ठेक्का बन्दोवस्त गर्ने परिपाटी बसाल्ने।
- अर्थ मन्त्रालयको पूर्व सहमति विना कुनै पनि निकायले थप आर्थिक दायित्व सिर्जना नगर्ने विषयमा सम्वेदनशील हुने र अर्थ मन्त्रालयले पनि निकासा नदिने।
- विशेषतः जग्गा बापतको मुआब्जा रकम बजार मूल्य भन्दा अधिक हुँदै गएकोले विकास निर्माणको लागत अत्याधिक बढी भई अर्थतन्त्र नै बोझिलो हुने एवम् लगानीसमेत निरूत्साहित हुनाले प्रचलित कानूनमा संशोधन गरी घरजग्गा रजिष्ट्रेशन, धितो र मुआब्जा लगायतमा स्पष्ट आधार सहितको एउटै मूल्य निर्धारण गर्ने व्यवस्था गर्नुपर्ने।
- अन्तर तह र अन्तर निकाय समन्वयलाई प्रभावकारी बनाई कार्यान्वयनमा तीब्रता दिने।

- आर्थिक वर्षको अन्तमा मात्र भुक्तानी गर्ने प्रचलनलाई निरुत्साहित गरी काम सम्पन्न भएपछि प्राप्त विलको तोकिएकै समयमा भुक्तानी दिने।
- अनुगमन प्रणालीलाई नतिजासूचक तथा माइलस्टोनसँगै तालिकाबद्ध र समयबद्ध बनाई कार्यक्रम कार्यान्वयनको सुधारात्मक औजारको रूपमा विकास गर्ने।
- आयोजनाको अनुगमन र नियमन प्रभावकारी बनाउन प्राविधिक परीक्षण प्रयोगशाला स्थापना गर्ने।
- राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ को उद्देश्य पूरा हुने गरी सूचना प्रविधिमा आधारित एकीकृत अनुगमन मूल्याङ्कन प्रणालीको विकास गर्ने।
- निर्माण सम्पन्न भएका आयोजनाको प्राविधिक लेखापरीक्षणलाई प्रभावकारी बनाउने।
- तीनै तहको सरकारको एकीकृत वित्तीय प्रतिवेदन प्राप्त हुने व्यवस्था गर्ने।
- तोकिए अनुसारका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी संस्थागत संरचनाको सघन क्रियाशीलता, जनशक्ति विकास र परिचालनमा जोड दिने।
- निर्माण व्यवसायीको क्षमता तथा विगतको कार्यसम्पादनको आधारमा मात्र ठेक्का दिने प्रणालीको विकास गर्ने।
- वैदेशिक सहायता परिचालन गर्न सम्झौता गर्दाकै बखत पालना गर्नुपर्ने शर्तका विषयका बारेमा स्पष्ट हुने।
- निर्माण आयोजनाको गुणस्तरमा सुधार ल्याउन निर्माण सम्पन्न भएको कम्तिमा पाँच वर्षसम्मको मर्मतको जिम्मेवारी निर्माण व्यवसायीले नै लिनु पर्ने व्यवस्था गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाले बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा क्रमशः स्थानीय, प्रदेश र राष्ट्रिय बजेटमा समावेश गरी कार्यान्वयन गर्ने।
- आयोजनाको घोषणा तथा शिलान्यासमा होइन उद्घाटनमा प्रतिस्पर्धा गर्ने।

## ७.६ राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनका समस्या र समाधानका उपाय

### ७.६.१ समस्या

- आयोजनाको पहिचान र छनौट निश्चित सिद्धान्त र मापदण्डको आधारमा नभई मनोगत हुनु।
- आयोजना निर्माण गर्ने मोडालिटी, कुल लागत, समयावधि, जग्गा प्राप्ति एवम् मुआब्जा, क्षतिपूर्ति, पुनर्वास र विस्तृत आयोजना प्रतिवेदन जस्ता आयोजना विकासका पूर्व चरण पुरा नगरी आयोजना शुरूवात गर्नाले आयोजना निर्माणमा अन्यौलता र शिथिलता देखिनु।
- विशेषतः सडक आयोजनाको रेखाङ्कन (Alignment) मा बारम्बार परिवर्तन हुँदा लागत अस्वभाविक रूपमा बढनु र निर्माण अवधि अनिश्चित हुनु।
- आयोजनाको समग्र ठेक्का व्यवस्थापनमा नै कमजोरी रहनु।
- दक्ष प्राविधिक कर्मचारी तथा श्रमिक र निर्माण सामाग्रीको अभावका कारण समयमै निर्माण कार्य सम्पन्न नहुनु।
- अन्तर तह र अन्तर निकाय कार्यगत समन्वय प्रभावकारी नहुनु।

- विशेषतः जग्गा बापतको मुआब्जा रकम बजार मूल्य भन्दा अधिक हुँदै गएकोले विकास निर्माणको लागत अत्याधिक बढी भई समग्र अर्थतन्त्र नै बोझिलो हुने अवस्था देखिनु।
- आयोजनाको लागत र समय बढ्ने प्रवृत्तिले गर्दा लगानी निरूत्साहित हुने अवस्था देखिनु ।
- घरजग्गा रजिष्ट्रेशन, धितो र मुआब्जामा फरक फरक मूल्य कायम हुनु।
- आयोजनाबाट प्रभावित बासिन्दाहरूसँग समन्वयको अभावका कारण पटक पटक आयोजना सञ्चालनमा अवरोध सिर्जना हुनु ।
- आयोजना कार्यान्वयन गर्दा कार्ययोजना अनुसार कार्यान्वयन नहुनु र आयोजना शुरू भइसकेपछि कार्यक्षेत्र विस्तार गर्ने प्रवृत्तिका कारण आयोजनाको लागत र समय वृद्धि हुनु।
- निर्माण अवधिमा देखिने भौगर्भिक कठिनाईले आयोजनाको साथर्कतामा नै प्रश्न उठ्ने गरेको छ ।
- वित्तीय र भौतिक प्रगतिलाई मात्र आयोजना सफलताको आधार मानिने प्रचलन हुँदा गुणस्तरमा ध्यान नदिनु।

**७.६.२ समाधानका उपायः**

- आयोजना व्यवस्थापन तथा सञ्चालन सम्बन्धी छुट्टै कानुनी व्यवस्था गर्ने।
- आयोजनाको पहिचान र छनौट निश्चित सिद्धान्त र मापदण्डको आधारमा हुनु पर्ने।
- आयोजना सञ्चालन पूर्वका चरणहरू जस्तैः जग्गा प्राप्ति, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन, रूख कटान, विस्तृत परियोजना प्रतिवेदन, जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरण जस्ता पक्षको निर्धारित समयभित्र टुङ्गो लागेपछि मात्र कार्यान्वयन शुरू गर्ने।
- आयोजना निर्माण तथा कार्यान्वयन ढाँचा निर्धारण गरे पश्चात मात्र बजेटमा समावेश गर्ने।
- मुआव्जा, क्षतिपूर्ति, बस्ती स्थानान्तरण तथा पुनर्बास सम्बन्धी विषयलाई सम्वोधन गर्न जग्गा मूल्याङ्कनको आधारलाई समसामयिक बनाउन नयाँ कानून निर्माण गर्नुपर्ने।
- आयोजना शुरु भएपछि कार्यक्षेत्र विस्तार गर्ने प्रवृत्तिलाई निश्चित मापदण्ड र आधारमा सीमित गर्ने।
- राष्ट्रिय गौरवको आयोजनामा हुने कानुनी विवाद, स्थानीय अवरोध एवम् खरिद सम्बन्धी विषयमा द्रूत निर्णय गर्न सक्ने विधिसहितको छुट्टै कानुनी प्रबन्ध गर्ने।
- आयोजना निर्माण, व्यवस्थापन तथा सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रशासकीय नेतृत्वलाई जिम्मेवार बनाउने। आयोजना क्रियाकलापको नतिजा मापन गर्न स्पष्ट मानक र प्रतिफल सूचकसहित कार्यसम्पादन सम्झौता गरी समीक्षासहित परियोजना व्यवस्थापकलाई Ranking गरी जवाफदेही तुल्याउने,
- निश्चित विधि र मापदण्डको आधारमा सरूवालाई अनुमानयोग्य बनाउने।
- नतिजा खाकामा आधारित अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कानून तर्जुमा गरी विकास परिणामको लागि व्यवस्थापकीय प्रबन्धमा आधारित प्रणाली लागू गर्न लजिकल फ्रेमवर्कको प्रभावकारी कार्यान्वयन गर्ने।
- आयोजनाको पहिलो चरणको निर्माण पूर्ण रूपमा सम्पन्न नहुँदै दोस्रो चरणको निर्माण कार्यमा प्रवेश नगर्ने।
- आयोजनाको लागि विकास सहायता परिचालन गर्ने गरी द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायसँग वार्ता गर्दा प्रतिवद्धता अनुरूप तोकिएकै समयमा सहायता प्राप्त हुने सुनिश्चितता भएपछि मात्र आयोजनाको लागि वैदेशिक स्रोत व्यवस्थापन गर्ने।

- आयोजना निर्माण अवधिभर निर्माणजन्य सामाग्री र जनशक्तिको अभाव हुन नदिने विशेष प्रबन्ध गर्ने।
- आयोजनाको पोर्टफोलियो लगानी ढाँचा सार्वजनिक, निजी र सामुदायिक सम्बन्धका विषयमा आयोजना स्वीकृत पूर्व नै सुनिश्चित हुनुपर्ने।
- ठेक्का सम्झौता भएपछि सरकार र करारको अर्को पक्ष बीच विवाद सिर्जना जस्तैः रनिङ्ग विल ढिला भुक्तानी, निर्माणस्थलको उपलव्धता, सम्बन्धित पक्षवाट अनुमति लिन हुन ढिलाई, निर्माण सामग्री निकाल्ने क्वेरी साईटको अनिश्चितता र तेस्रो पक्ष बीमा विवादका कारण वहस पैरवीमा पर्याप्त प्रमाण र आधार पेश नगर्दा सरकारको विपक्षमा फैसला हुने र मध्यस्थकर्ताको आदेशले भुक्तानी दिनुपर्ने कारणलेसमेत दायित्व बढ्ने गरेकाले यस्ता विषयहरूमा राष्ट्रिय विकास समस्या समाधान समितिवाट विवाद व्यवस्थापन गर्ने उपाय अवलम्वन गर्ने।
- जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन र रूख कटानको सुनिश्चितता भएपछि मात्र ठेक्का बन्दोवस्त गर्ने परिपाटी बसाल्ने आयोजना निर्माण तथा कार्यान्वयन ढाँचा निर्धारण गरे पश्चात मात्र बजेटमा समावेश गर्ने।
- राष्ट्रिय गौरवका आयोजनाका संख्यामा पुनरावलोकन गरी नतिजामा गौरव गर्न योग्य हुने गरी आयोजनाहरूको कार्यान्वयन सुनिश्चित गर्ने।

## निष्कर्ष

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीको प्रभाव अन्त्य हुन नपाउदै रुस युक्रेन युद्ध एवम् अन्तराष्ट्रिय भाईचारा एवम् सहयोगमा कमी हुँदै गएकोले सुधार उन्मुख अर्थतन्त्रमा पुनः आर्थिक शिथिलता तर्फ गएको देखिन्छ । राष्ट्रिय एवम् अन्तराष्ट्रिय परिवेश समेतका आधारमा देशको आर्थिक व्यवस्था कमजोर हुदै गएको छ । अपेक्षेति रुपमा राजस्व संकलन एवम् आर्थिक क्रियाकलापहरू चलायमान हुन नसकेको अवस्थाले कर राजस्व एवम् गैर कर राजस्व संकलन समेतमा न्यूनता देखिएको छ । केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०८९/८० मा नेपालको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा २.१६ प्रतिशत हुने अनुमान छ। विगतका वर्षदेखी नै कुल गार्हास्थ उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमश.. घट्दै, उद्योग तर्फको स्थिर र सेवा क्षेत्रको योगदान बढ्दै गएको छ । चालु आर्थिक वर्षको २०७९/८० कुल गार्हास्थ उत्पादनमा कृषि क्षेत्रको २४.१ उद्योग तर्फ १३.५ र सेवा क्षेत्रको ६२.४ प्रतिशत रहने अनुमान छ ।

अन्तराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मुल्यमा भएको बृद्धि, विश्व आपूर्ति श्रृखलामा देखिएको अवरोध, खाद्य तथा कच्चा पदार्थ लगायत वस्तुको मूल्यमा भएको बृद्धिको असर मूल्यस्तरमा परेको, र मुद्रास्फीतिमा दबाब सिर्जना भएकाले आर्थिक बर्षको फाल्गुण महिना सम्म मुद्रस्फीति ५.५३ प्रतिशतमा सीमित हुन पुगेको छ ।

चालु आ.ब. २०७८/७९ को फाल्गुण महिना सम्म संघीय खर्च १५.५ प्रतिशतले बढेर ७ खर्व ७९ अर्व २३ करोड पुगेको र यस अवधिमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फको खर्च क्रमश.. १३.१ प्रतिशत, ९.२ प्रतिशत र ४६.३ प्रतिशतले बढेको छ ।

आर्थिक वर्ष २०७९/८० को फाल्गुण सम्म ऋण र अनुदान गरी रू.१ खर्च ३७ अर्व १२ करोड बराबरको अन्तराष्ट्रिय विकास सहायता प्रतिवद्धता प्राप्त भएकोमा रू.७२ अर्व ५८ करोड बराबरको सहायता परिचालन भएको छ । सोही अवधि सम्म कुल बस्तु निकासी २९.१ र कुल बस्तु पैठारी १९.१ प्रतिशतले घटेको छ । यस अवधिमा जिंक सिट, अलैची, ऊनी गलैचा लगायतबका बस्तुको निकासी बढेको छ भने पेट्रोलियम पदार्थ, रासायनिक मल, सुन लगायतका बस्तुको पैठकरी बढेको देखिन्छ ।

आर्थिक वर्ष २०७९/८० मा रू.१४ खर्ब ३ अर्ब १४ करोड ७० लाख राजस्व संकलनको अनुमान गरिएको थियो। सो अनुमानबाट संघीय सरकारको सञ्चित कोषमा रू.१० खर्व अर्ब १० करोड ३९ ४२ लाख संकलन भएको छ। आर्थिक वर्ष २०७९/८० मा रू.१० खर्ब १० अर्ब ३९ करोड ४२ लाख राजस्व (अन्य प्राप्तिसमेत) संकलन भएको छ, जुन वार्षिक अनुमानको ७२.०१ प्रतिशत प्रगति हो र गत वर्षको तुलनामा करिब (९.५०) प्रतिशतले कम हो।

आयोजना व्यवस्थापन तथा बजेट कार्यान्वनमा देखिएका परम्परागत समस्याहरूको समाधान हुन नसक्नुका साथै वैदेशिक सहायता उपयोग गर्ने क्षमता बढ्न नसक्दा पूँजीगत खर्चमा गत बर्षको तुलनामा केहि कमी आएको छ। जसले चालु खर्च तर्फ थप मितव्ययी हुनुपर्ने र पुँजिगत खर्च गर्ने क्षमता बढाउनुको विकल्प देखिदैन। राष्ट्रिय एवम् अन्तराष्ट्रिय परिवेश, रुस युक्रेन युद्ध, अन्तराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मुल्यमा भएको बृद्धि, विश्व आपूर्ति श्रृखलामा देखिएको अवरोध, खाद्य तथा कच्चा पदार्थ लगायत वस्तुको मूल्यमा भएको बृद्धि लगायतका कारणबाट गत आर्थिक वर्षको तुलनामा राजस्व संकलनमा ९.५० प्रतिशतले कमी भएको छ ।

कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक क्षेत्रको न्यून योगदान रहनु, राजस्वको ठूलो हिस्सा अप्रत्यक्ष करमा निर्भर रहनु, अनौपचारिक अर्थतन्त्रमा अपेक्षित नियन्त्रण हुन नसक्नु, उपभोग, बचत र लगानी बीच ठूलो

अन्तर कायमै रहनु जस्ता अर्थतन्त्रका संरचनागत समस्याको कारण नेपालको संविधानले परिकल्पना गरेअनुरुप देशको समष्टिगत आर्थिक विकास हासिल गर्ने कार्य चुनौतीपूर्ण देखिछ। तसर्थ, विद्यमान आर्थिक कार्यविधि कानूनको पूर्ण पालना, आयोजना व्यवस्थापनमा सुशासन, दक्ष, सक्षम र प्रभावकारी राजस्व व्यवस्थापन, सार्वजनिक खर्चको उत्पादनशिलता, वित्तीय उत्तरदायित्व र जवाफदेहिताको अवलम्वन एवम् बजेट अनुशासन कायम गर्न सम्वद्ध सबैको प्रतिवद्धता र सोही अनुरूपको कार्यव्यवहारले सार्वजनिक वित्त व्यवस्थापनमा सुधारको ढोका खोल्ने अपेक्षा गर्न सकिन्छ।

अनौपचारिक आर्थिक क्रियाकलापलाई क्रमशः औपचारिक बनाउँदै करको दायरा विस्तार गर्न कार्ड लगायत विद्युतीय माध्यम एवम् चेकबाट भुक्तानी लिने दिने कार्यलाई प्रोत्साहित गर्नुका साथै सरकारबाट हुने भुक्तानी एवम् सरकारले प्राप्त गर्ने कर, दस्तुर, शुल्क विद्युतीय माध्यमबाटै प्राप्त गर्ने, पुँजीगत लाभकरलाई सम्बद्ध निकायको सूचना प्रणाली बीच अन्तरआवद्धता कायम गरी राजस्व चुहावट हुन नदिन नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट पुँजीगत लाभकरको सूचना एवम् विवरण विद्युतीय माध्यमबाट प्राप्त गर्ने प्रणालीको विकास गर्ने, छुट्टै एकीकृत करदाता सूचना व्यवस्थापन प्रणाली (Taxpayer Information Management Systems-TIMS) को विकास गरी आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, भन्सार विभाग, महालेखा नियन्त्रक कार्यालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, यातायात व्यवस्था विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय र नेपाल राष्ट्र बैंक लगायतका नियमनकारी निकायमा रहेका करदाताको विवरणसँग सम्बन्धित दर्ता लगायत आर्थिक तथा वित्तीय कारोबारको सूचनाहरूलाई एकीकृत गर्ने, शैक्षिक परामर्शदाता मार्फत विदेशमा अध्ययन गर्न जाँदा लिइने No Objection Letter र विदेशी विश्वविद्यालयमा बैङ्कबाट विदेशी मुद्रा पठाउँदा शैक्षिक परामर्श कम्पनीको र विदेशी विश्वविद्यालयबाट प्राप्त गर्ने सेवा शुल्कलाई करको दायरामा ल्याउने, विश्वव्यापी रूपमा डिजिटल अर्थतन्त्रमा बढोत्तरी हुँदै गइरहेकाले दायरा विस्तारका लागि अध्ययन गरी नीतिगत व्यवस्था सहित कार्यान्वयन गर्न आन्तरिक राजस्व विभागमा Digital Research Wing स्थापना गर्ने, प्राकृतिक व्यक्तिले गर्ने घर, सरकारी निकायबाट विभिन्न व्यक्ति तथा निकायलाई CGAS मार्फत भुक्तानी भएकै बखत ती व्यक्ति तथा निकायबाट अग्रिम कर कट्टी गरिएको रकम र मूल्य अभिवृद्धि कर कट्टा गरिएको रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरूमा Electronic Fund Transfer (EFT) गरी कर राजस्वमा जम्मा हुने व्यवस्था गर्न Computerized Government Accounting System (CGAS)/Integrated Tax System (ITS) प्रणाली बीचमा अन्तर- आवद्धता गर्ने, Vehicle and Consignment Tracking System (VCTS), Integrated Tax System (ITS) र Automated System for Customs Data (ASYCUDA) बीच अन्तर आवद्धता कायम गरी स्वचालित रूपमा सूचना आदानप्रदान हुने व्यवस्था मिलाउने । गैरकर प्रशासनलाई प्रभावकारी बनाउन छाता कानूनको निर्माण गरी कार्यान्वयनमा ल्याउने जस्ता राजस्व प्रशासनमा सुधार हुन सकेमा हालको अवस्थामा देखिएको स्रोत चापको अवस्थालाई निराकरण गरी अर्थतन्त्रलाई चलायमान एवम् पुनरुत्थान गर्न सकिने अवस्था देखिन्छ ।

# अनुसूचीहरू

अनुसूची- १

## आर्थिक वर्ष २०७९/८० को राजस्वको लक्ष्य तथा असुली विवरण

रू.लाखमा

| क्र.सं. | राजस्व शीर्षक | आ.व.२०७९/८० को वार्षिक लक्ष्य | आ.ब. २०७९/८० को असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | **भंसार महशुल** | **३०५९४६८** | **१७१४८०९** | **५६.०५%** |
| | पैठारी | २५६५६०३ | १४२७४०७ | ५५.६४% |
| | निकासी | ५९५४ | ३५०१ | ५८.८०% |
| | पूर्वाधार कर | ३१४८३९ | २०५८५७ | ६५.३८% |
| | भन्सारको अन्य आय | २८७६४ | ३९२१ | १३.६३% |
| | कृषि सुधार शुल्क | १४४३०८ | ७४१२३ | ५१.३६% |
| २ | **मूल्य अभिबृद्धि कर** | **३९८४६७९** | **२८६६३१७** | **७१.९३%** |
| | उत्पादन, बिक्री, सेवा | १४०२०४१ | ११७५५४१ | ८३.८४% |
| | पैठारी | २५८२६३८ | १६९०७७६ | ६५.४७% |
| ३ | **अन्तःशुल्क** | **२१७२८२७** | **१४३०६८०** | **६५.८४%** |
| | आन्तरिक उत्पादन | १३७३५२६ | ११०८८३६ | ८०.७३% |
| | पैठारी | ७९९३०१ | ३२१८४४ | ४०.२७% |
| ४ | **शिक्षा सेवा शुल्क** | **१४७८०** | २००३२ | १३५.५४% |
| ५ | **आयकर** | **३४७५७९२** | **२५१८०९२** | **७२.४५%** |
| | आयकर | ३०७८२९३ | २१८८९०२ | ७१.११% |
| | ब्याज कर | ३९७४९९ | ३२९१९० | ८२.८२% |
| ६ | **अन्य कर** | २४६२१२ | १०६३५४ | ४३.२०% |
| | **कर राजस्व जम्मा** | **१२९५३७५८** | **८६५६२८४** | **६६.८२%** |
| ७ | **गैर कर जम्मा** | **१०७७७१२** | **९१५२६२** | **८४.९३%** |
| | **कूल राजस्व जम्मा** | **१४०३१४७०** | **९५७१५४६** | **६८.२१%** |
| ८ | **अन्य प्राप्ति** | ० | **५३३०२५** | **०.००%** |
| **जम्मा राजस्व/प्राप्ति** | | **१४०३१४७०** | **१०१०४५७१** | **७२.०१%** |

स्रोतः राजस्व व्यवस्थापन महाशाखा

अनुसूची-२

## आ.व. २०७८/७९ र २०७९/८० को राजस्व असुलीको तुलनात्मक विवरण

रू.लाखमा

| क्र.सं. | राजस्व शीर्षक | राजस्व संकलन | | परिवर्तन |
|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | प्रतिशत |
| **१** | **भंसार महशुल** | **२४१७८११** | **१८२११६३** | **-२४.६८** |
| | पैठारी | १८७३११७ | १४२७४०७ | -२३.८० |
| | निकासी | ४००६ | ३५०१ | -१२.६० |
| | पूर्वाधार कर | २४०५६६ | २०५८५७ | -१४.४३ |
| | भन्सारको अन्य आय | १९२७४ | ३९२१ | -७९.६६ |
| | कृषि सुधार शुल्क | ८८९३२ | ७४१२३ | -१६.६५ |
| | सडक मर्मत तथा सुधार दस्तुर | ११७९१६ | ७४३७५ | -३६.९३ |
| | सडक निर्माण तथा सम्भार दस्तुर | ७४००० | ३१९७९ | -५६.७९ |
| **२** | **मूल्य अभिवृद्धि कर** | **३१४२७९१** | **२८६६३१७** | **-८.८०** |
| | उत्पादन, विक्री, सेवा | ११५८४१९ | ११७५५४१ | १.४८ |
| | पैठारी | १९८४३७२ | १६९०७७६ | -१४.८० |
| **३** | **अन्तःशुल्क** | **१६६७७७७** | **१४३०६८०** | **-१४.२२** |
| | आन्तरिक उत्पादन | १०९३८९७ | ११०८८३६ | १.३७ |
| | पैठारी | ५७३८८१ | ३२१८४४ | -४३.९२ |
| **४** | **शिक्षा सेवा शुल्क** | **१२४०९** | **२००३२** | **६१.४४** |
| **५** | **आयकर** | **२६००८५४** | **२५१८०९२** | **-३.१८** |
| | आयकर | २३५३६७८ | २१८८९०२ | -७.०० |
| | ब्याज कर | २४७१७६ | ३२९१९० | ३३.१८ |
| **६** | **कर राजस्व जम्मा** | **९८४१६४२** | **८६५६२८३** | **-१२.०४** |
| **७** | **गैर कर जम्मा** | **८३७९४४** | **९१५२६२** | **९.२३** |
| | **कूल राजस्व जम्मा** | **१०६७९५८६** | **९५७१५४६** | **-१०.३८** |
| **८** | **अन्य प्राप्ति** | **४८४५९१** | **५३३०२५** | **९.९९** |
| **जम्मा राजस्व/प्राप्ति** | | **१११६४१७७** | **१०१०४५७१** | **-९.४९** |

स्रोतः राजस्व व्यवस्थापन महाशाखा

अनुसूची- ३

## आर्थिक वर्ष २०७९/८० को चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ कुल विनियोजन र खर्चको विवरण

रू.लाखमा

| क.सं. | विवरण | कूल विनियोजन | कूल खर्च | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु खर्च | ११८३२३५१ | ९९१६७६३ | ८३.८१ |
| २ | पुँजीगत खर्च | ३८०३८४५ | २३४६१९७ | ६१.६८ |
| ३ | वित्तीय व्यवस्था | २३०२१७७ | १९५२७३९ | ८४.८२ |
| | **कूल जम्मा** | **१७९३८३७३** | **१४२१५६९९** | **७९.२५** |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

अनुसूची- ४

## आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को कुल खर्चको तुलनात्मक विवरण

रू.लाखमा

| क.सं. | विवरण | आ.व.२०७८/७९ | आ.व.२०७९/८० | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | नगद खर्च | १२६२३५०३ | १३७९१९९१ | ९.२६ |
| २ | गैर नगद खर्च | ४७६५०५ | ४२३७०९ | (११.०८) |
| | **कूल जम्मा** | **१३१००००८** | **१४२१५६९९** | **८.५२** |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

अनुसूची- ५

## आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को तुलनात्मक खर्च विवरण

रू.लाखमा

| क.सं. | विवरण | आ.व.२०७८/७९ | आ.व.२०७९/८० | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु खर्च | ९५४३१६७.६१५ | ९९१६७६३ | ३.९१ |
| २ | पुँजीगत खर्च | २१६२१३०.८२२ | २३४६१९७ | ८.५१ |
| ३ | वित्तीय व्यवस्था | १३९४७०९.७३९ | १९५२७३९ | ४०.०१ |
| **कूल जम्मा** | | **१३१००००८** | **१४२१५६९९** | **८.५२** |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

## आर्थिक वर्ष २०७९/८० को आर्थिक वर्गीकरण अनुसार शीर्षकगत खर्चको विवरण

रू.लाखमा

| ख.सं.नं. | खर्च शीर्षक | नेपाल सरकार | वैदेशिक सहयोग नगद | नगद जम्मा | वस्तुगत तथा सोझै भुक्तानी | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | १२२७१२३ | २८३ | १२२७४०६ | ० | १२२७४०६ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | १३१२७ | ० | १३१२७ | ० | १३१२७ |
| २११२१ | पोशाक | ४७३६७ | ६ | ४७३७३ | ० | ४७३७३ |
| २११२२ | खाद्यान्न | १६८०३० | ० | १६८०३० | ० | १६८०३० |
| २११२३ | औषधी उपचार खर्च | २९५४ | ० | २९५४ | ० | २९५४ |
| २११३१ | स्थानीय भत्ता | ७६६० | ११ | ७६७० | ० | ७६७० |
| २११३२ | महगी भत्ता | ५६४९३ | ११ | ५६५०४ | ० | ५६५०४ |
| २११३३ | फिल्ड भत्ता | १०५ | ० | १०५ | ० | १०५ |
| २११३४ | कर्मचारीको बैठक भत्ता | १६७८ | ५३ | १७३१ | ५ | १७३१ |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३५४६ | ० | ३५४६ | ० | ३५४६ |
| २११३६ | वैदेशिक भत्ता | ८३४२ | ० | ८३४२ | ० | ८३४२ |
| २११३९ | अन्य भत्ता | १५३५५ | ५ | १५३६० | ० | १५३६० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ७७६ | ० | ७७६ | ० | ७७६ |
| २११४२ | पदाधिकारी अन्य सुविधा | ४०५२ | ० | ४०५२ | ० | ४०५२ |
| २११४९ | पदाधिकारी अन्य भत्ता | २८१ | ० | २८१ | ० | २८१ |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष | ९१८१ | ० | ९१८१ | ० | ९१८१ |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ११२८६ | १ | ११२८७ | ० | ११२८७ |
| २१२१४ | कर्मचारी कल्याण कोष | ३३ | ० | ३३ | ० | ३३ |
| २१२१९ | अन्य सामाजिक सुरक्षा खर्च | २१८ | ० | २१८ | ० | २१८ |
| २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृतभरण तथा | २ | ० | २ | ० | २ |
| २१२२३ | पदाधिकारीको योगदानमा आधारित बीमा कोष खर्च | १८ | ० | १८ | ० | १८ |
| २२१११ | पानी तथा बिजुली | १९९२८ | १४४ | २००७१ | ८१ | २००७१ |
| २२११२ | संचार महसुल | ८७४३ | ११८ | ८८६१ | १३ | ८८६१ |
| २२२११ | इन्धन (पदाधिकारी) | १५५८ | १ | १५५९ | ० | १५५९ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ३०५१० | ५२४ | ३१०३४ | २९ | ३१०३४ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १७७१३ | ३९५ | १८१०८ | ६३ | १८१०८ |
| २२२१४ | बीमा तथा नवीकरण खर्च | ५७८७ | १५४ | ५९४१ | १०१ | ५९४१ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन | ६२१६ | १३६ | ६३५१ | १४ | ६३५१ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ३७०६ | २६१ | ३९६७ | १८७ | ३९६७ |
| २२२९१ | अन्य सम्पत्तिहरूको सचालन तथा सम्भार खर्च | १०४२ | २१ | १०६३ | १४ | १०६३ |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २२०४१ | ८९७ | २२९३८ | २६० | २२९३८ |
| २२३१२ | पशुपक्षीहरूको आहार | १७३१ | ० | १७३१ | ० | १७३१ |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ३४९ | १३ | ३६१ | ० | ३६१ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | २२६१ | १८ | २२७८ | ० | २२७८ |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५१०५ | ३५१ | ५४५६ | २९ | ५४५६ |
| २२३१९ | अन्य कार्यालय सचालन खर्च | १०२० | २५ | १०४५ | ० | १०४५ |
| २२४११ | सेवा र परामर्श खर्च | ४५८८ | १५३४८ | १९९३६ | १०३९० | १९९३६ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सचालन खर्च | १८५७ | ५५० | २४०८ | १५ | २४०८ |
| २२४१३ | करार सेवा शुल्क | ५९१३० | १०९८ | ६०२२८ | ४१ | ६०२२८ |
| २२४१९ | अन्य सेवा शुल्क | १२८१३ | ४१७ | १३२२९ | २८५ | १३२२९ |
| २२५११ | कर्मचारी तालिम खर्च | ८१८६ | १००८ | ९१९४ | २२८ | ९१९४ |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी | ४४३३ | २२७५४ | २७१८७ | १९४७ | २७१८७ |
| २२५२१ | उत्पादन सामग्री / सेवा खर्च | ९७३० | २० | ९७५० | ६ | ९७५० |
| २२५२२ | कार्यक्रम खर्च | ८०७८८ | २१६६६ | १०२४५३ | ८९५५ | १०२४५३ |
| २२५२९ | विविध कार्यक्रम खर्च | ७०१८१ | १०९ | ७०२९० | ० | ७०२९० |
| २२६११ | अनुगमन, मूल्याकन खर्च | १०३३१ | १४०४ | ११७३५ | १२२ | ११७३५ |

| ख.सं.नं. | खर्च शीर्षक | नेपाल सरकार | वैदेशिक सहयोग नगद | नगद जम्मा | वस्तुगत तथा सोझै भुक्तानी | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| २२६१२ | भ्रमण खर्च | २६३७४ | ६२६ | २६९९९ | ३१४ | २६९९९ |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलका भ्रमण खर्च | ४३८ | ० | ४३८ | ० | ४३८ |
| २२६१९ | अन्य भ्रमण खर्च | ५६६ | ० | ५६६ | ० | ५६६ |
| २२७११ | विविध खर्च | २०११७ | ३०७ | २०४२४ | ११ | २०४२४ |
| २४१११ | वैदेशिक ऋणको व्याज | ८३९८९ | ० | ८३९८९ | ० | ८३९८९ |
| २४२११ | आन्तरिक ऋणको व्याज | ६४६३०६ | ० | ६४६३०६ | ० | ६४६३०६ |
| २५१११ | गैह्र वित्तीय संस्थानहरूलाई चालु सहायता | ५२०७ | ० | ५२०७ | ० | ५२०७ |
| २५११२ | गैह्र वित्तीय संस्थानहरूलाई पूँजीगत सहायता | २७४४ | ० | २७४४ | ० | २७४४ |
| २५२११ | गैह्र वित्तीय व्यवसायहरूलाई चालु सहायता | ७२ | २५६ | ३२८ | ० | ३२८ |
| २५२१२ | गैह्र वित्तीय व्यवसायहरूलाई पूँजीगत सहायता | ९५० | ० | ९५० | ० | ९५० |
| २५३१५ | अन्य सहायता | १२५ | ० | १२५ | ० | १२५ |
| २६२११ | अन्तराष्ट्रिय सदस्यता शुल्क तथा सहयोग | २८८७ | ० | २८८७ | ० | २८८७ |
| २६३३१ | समानिकरण अनुदान | १४६४५१५ | ० | १४६४५१५ | ० | १४६४५१५ |
| २६३३२ | सशर्त अनुदान (चालु ) | १६४७३०३ | १८७३१० | १८३४६१२ | ५ | १८३४६१२ |
| २६३३३ | विशेष अनुदान (चालु ) | १४६६२ | ० | १४६६२ | ० | १४६६२ |
| २६३३४ | समपुरक अनुदान | १०१२५२ | ० | १०१२५२ | ० | १०१२५२ |
| २६३३६ | सशर्त अनुदान ( पुजीगत) | ४२३०१६ | ४८७६१ | ४७१७७७ | ० | ४७१७७७ |
| २६३३७ | विशेष अनुदान (पुजीगत ) | ८६७८५ | ० | ८६७८५ | ० | ८६७८५ |
| २६४११ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई निःशर्त | २१७३ | १४१ | २३१३ | १४१ | २३१३ |
| २६४१२ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सशर्त | ५८१६०२ | ७७५४७ | ६५९१४९ | ३५४५ | ६५९१४९ |
| २६४१३ | अन्य संस्थालाई अनुदान' सशर्त | ५१७३३ | २०१२५ | ७१८५८ | ७४४ | ७१८५८ |
| २६४२२ | सरकारी निकाय, समिति, बोर्ड — पुजीगत सशर्त | १३७६०१ | ४२१५ | १४१८१६ | ५८४ | १४१८१६ |
| २६४२३ | अन्य संस्थालाई सशर्त पुजीगत अनुदान | १७९१९ | २२५३ | २०१७२ | ० | २०१७२ |
| २७१११ | सामाजिक सुरक्षा | ११००८३५ | ० | ११००८३५ | ० | ११००८३५ |
| २७११२ | अन्य सामाजिक सुरक्षा | ६५७१८ | ० | ६५७१८ | ० | ६५७१८ |
| २७२११ | छात्रवृत्ति | १५८५१ | ४३२ | १६२८४ | ० | १६२८४ |
| २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १८२४ | ० | १८२४ | ० | १८२४ |
| २७२१३ | औषधी खरिद खर्च | २१८०८ | १६९११ | ३८७१९ | १५०१९ | ३८७१९ |
| २७३११ | निवृत्त भरण तथा अशक्त वृत्ति | ७५०६१७ | ० | ७५०६१७ | ० | ७५०६१७ |
| २७३१२ | उपदान | १०७४० | ० | १०७४० | ० | १०७४० |
| २७३१३ | सेवा निवृत्तका संचित बिदा | ८३६०६ | ० | ८३६०६ | ० | ८३६०६ |
| २७३१४ | सेवा निवृत्तका औषधी उपचार | १२०७९७ | ० | १२०७९७ | ० | १२०७९७ |
| २७३१५ | मृत कर्मचारीका सुविधा तथा सहायता | २५४ | ० | २५४ | ० | २५४ |
| २८१४१ | जग्गाको भाडा | ९७ | ० | ९७ | ० | ९७ |
| २८१४२ | घर भाडा | २०७६३ | ७२९ | २१४९२ | ३६४ | २१४९२ |
| २८१४३ | सवारी साधन तथा मेशिनरी औजार भाडा | ७११२ | ७५ | ७१८७ | ३ | ७१८७ |
| २८१४९ | अन्य भाडा | ६४६ | २३ | ६६८ | ० | ६६८ |
| २८२११ | राजस्व फिर्ता | १६४३ | ० | १६४३ | ० | १६४३ |
| २८२१२ | न्यायिक फिर्ता | १०५० | ० | १०५० | ० | १०५० |
| २८२१९ | अन्य फिर्ता | १४८ | ० | १४८ | ० | १४८ |
| २८९११ | भैपरी आउने चालु खर्च | ३५ | ० | ३५ | ० | ३५ |
| ३११११ | आवासिय भवन निर्माण/खरिद | ११९३ | ० | ११९३ | ० | ११९३ |
| ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | २७९८५७ | १०३८७१ | ३८३७२८ | १४२६ | ३८३७२८ |
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १०८७ | १७६ | १२६३ | ५ | १२६३ |
| ३१११४ | जग्गा विकास कार्य | ४१ | ० | ४१ | ० | ४१ |
| ३११२१ | सवारी साधन | १३७६३ | ११७४ | १४९३८ | १९० | १४९३८ |
| ३११२२ | मेशिनरी तथा औजार | ७६०१० | ८४२९ | ८४४३९ | ७२५ | ८४४३९ |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ८७८० | २९० | ९०७० | १० | ९०७० |
| ३११३१ | पशुधन तथा बागवानी विकास खर्च | २३५ | १२ | २४६ | ० | २४६ |

| ख.सं.नं. | खर्च शीर्षक | नेपाल सरकार | वैदेशिक सहयोग नगद | नगद जम्मा | वस्तुगत तथा सोझै भुक्तानी | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| ३११३२ | अनुसन्धान तथा विकास सम्बान्ध खच | ९४४ | ५२१ | १४६५ | ० | १४६५ |
| ३११३४ | कम्प्युटर सफ्टवयर निमाण तथा खराद खच | ६७९५ | १२०५ | ८००० | ९७५ | ८००० |
| ३११३५ | पुजागत परामश | ३५३३७ | ३०७७१ | ६६१०८ | १५२२१ | ६६१०८ |
| ३११४१ | सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खच | २२०८० | ० | २२०८० | ० | २२०८० |
| ३११५१ | सडक तथा पूल निमाण | ४९९५४२ | ५१४८३३ | १०१४३७५ | ७०६१९ | १०१४३७५ |
| ३११५२ | रलमाग तथा हवाइ मदान निमाण | ५६१७ | १७४०४ | २३०२१ | ० | २३०२१ |
| ३११५३ | विद्युत सरचना निमाण | ६६७३ | ० | ६६७३ | ० | ६६७३ |
| ३११५४ | तटबन्ध तथा बाध  निमाण | ९३६३९ | १२२४८ | १०५८८७ | ८९७ | १०५८८७ |
| ३११५५ | सिचाइ सरचना निमाण | १४०४२७ | १४१८९ | १५४६१५ | ० | १५४६१५ |
| ३११५६ | खानपानी  सरचना निमाण | १२२१४६ | १६८८३ | १३९०२९ | ३३२९ | १३९०२९ |
| ३११५७ | वन तथा वातावरण सरक्षण | ६४०३ | १४३४ | ७८३७ | ७७५ | ७८३७ |
| ३११५८ | सरसफाइ सरचना निमाण | १८३६८ | १०६३४ | २९००२ | ९११३ | २९००२ |
| ३११५९ | अन्य सावजानक निमाण | १७२०४८ | ७०५८ | १७९१०६ | ० | १७९१०६ |
| ३११६१ | निमित भवनका सरचनात्मक सुधार खच | ६७५० | ३७४ | ७१२४ | ० | ७१२४ |
| ३११७१ | पूजागत सुधार खच सावजानक निमाण | ३०३२१ | ९३२ | ३१२५४ | १० | ३१२५४ |
| ३१४११ | जग्गा प्राप्ति खच | ५५६०३ | ० | ५५६०३ | ० | ५५६०३ |
| ३१४४१ | करार लीज तथा लाइसन्स खारद प्राप्ति खच | ० | १०१ | १०१ | ० | १०१ |
| ३२१४२ | सावजानक सस्थानमा ऋण लगानी | ३३२५० | २८८६७७ | ३२१९२७ | २६४६३५ | ३२१९२७ |
| ३२१५१ | सस्थानमा शयर लगानी | ११९२९० | १२२६५ | १३१५५५ | १२२६५ | १३१५५५ |
| ३२२५१ | वदशिक शयर लगानी | २१३० | ० | २१३० | ० | २१३० |
| ३३१९५ | ऋणपत्र माफत प्राप्त ऋण सावा भुक्तानी | ११५०९४८ | ० | ११५०९४८ | ० | ११५०९४८ |
| ३३२४२ | वदशिक ऋण सावा भुक्तानी | ३४६१८० | ० | ३४६१८० | ० | ३४६१८० |
| | **जम्मा** | **१२७४४७०८** | **१४७०९९१** | **१४२१५६९९** | **४२३७०९** | **१४२१५६९९** |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

## आर्थिक वर्ष २०७९/८० को नेपाल सरकार र बैदेशिक स्रोत तर्फको खर्चको विवरण

रू.लाखमा

| ख.सं.नं. | विवरण | जम्मा खर्च | नेपाल सरकार | नगद अनुदान | सोझै भुक्तानी अनुदान | सोधभर्ना हुने अनुदान | बस्तुगत सहायता | जम्मा अनुदान | नगद ऋण | सोझै भुक्तानी ऋण | सोधभर्ना हुने ऋण | जम्मा ऋण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१११ १ | पारिश्रमिक कर्मचारी | १२२७४०६ | १२२७१२३ | | | १३४ | | १३४ | | | १४९ | १४९ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | १३१२७ | १३१२७ | | | | | ० | | | | ० |
| २११२१ | पोशाक | ४७३७३ | ४७३६७ | १ | | २ | | ३ | | | ३ | ३ |
| २११२२ | खाद्यान्न | १६८०३० | १६८०३० | | | | | ० | | | | ० |
| २११२३ | औषधी उपचार खर्च | २९५४ | २९५४ | | | | | ० | | | | ० |
| २११३१ | स्थानीय भत्ता | ७६७० | ७६६० | | | १० | | १० | | | ० | ० |
| २११३२ | महंगी भत्ता | ५६५०४ | ५६४९३ | | | ५ | | ५ | | | ६ | ६ |
| २११३३ | फिल्ड भत्ता | १०५ | १०५ | | | | | ० | | | | ० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | १७३१ | १६७८ | १८ | ५ | २१ | | ४४ | | | ९ | ९ |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३५४६ | ३५४६ | | | | | ० | | | | ० |
| २११३६ | वैदेशिक भत्ता | ८३४२ | ८३४२ | | | | | ० | | | | ० |
| २११३९ | अन्य भत्ता | १५३६० | १५३५५ | | | ५ | | ५ | | | १ | १ |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ७७६ | ७७६ | | | | | ० | | | | ० |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | ४०५२ | ४०५२ | | | | | ० | | | | ० |
| २११४९ | पदाधिकारी अन्य भत्ता | २८१ | २८१ | | | | | ० | | | | ० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ९१८१ | ९१८१ | | | | | ० | | | | ० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ११२८७ | ११२८६ | | | ० | | ० | | | १ | १ |
| २१२१४ | कर्मचारी कल्याण कोष | ३३ | ३३ | | | | | ० | | | | ० |
| २१२१९ | अन्य सामाजिक सुरक्षा खर्च | २१८ | २१८ | | | | | ० | | | | ० |
| २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २ | २ | | | | | ० | | | | ० |
| २१२२३ | पदाधिकारीको योगदानमा आधारित बीमा कोष खर्च | १८ | १८ | | | | | ० | | | | ० |
| २२१११ | पानी तथा बिजुली | २००७१ | १९९२८ | | ८१ | १५ | | ९६ | | | ४८ | ४८ |
